सङ्क्रमणकालीन न्यायका लागि अन्तर्राष्ट्रिय केन्द्र

परिपूरणीय न्याय

“फराकिलो हृदयका साथ निर्धक्क अगाडि बढ्न”

नेपालको द्वन्द्वसँग सम्बन्धित मानवअधिकार ज्यादतीका पीडितहरूको परिपूरणीय न्यायसम्बन्धी आवश्यकता र आकाङ्क्षाहरूको बारेमा गरिएको एक अध्ययन

सेप्टेम्बर २०१४

आवरण तस्बिर : नेपालमा बेपत्ता पारिएका व्यक्तिका
आमाहरू (सन्तोष सिग्देल/आइसिटिजे)

परिपूरणीय न्याय

“फराकिलो हृदयका साथ निर्धक्क अगाडि बढ्न”

नेपालको द्वन्द्वसँग सम्बन्धित मानवअधिकार ज्यादतीका पीडितहरूको परिपूरणीय न्यायसम्बन्धी आवश्यकता र आकाङ्क्षाहरूको बारेमा गरिएको एक अध्ययन

सेप्टेम्बर २०१४

कृतज्ञता

यो अध्ययन प्रतिवेदन सङ्क्रमणकालीन न्यायका लागि अन्तर्राष्ट्रिय केन्द्र (आइसिटिजे) र वातावरण स्वास्थ्य र जनसङ्ख्या गतिविधिसम्बन्धी अनुसन्धान केन्द्र (कृपा) को संयुक्त प्रयासको परिणाम हो । यो प्रतिवेदनको प्रारम्भिक मस्यौदा कृपाका आनन्द तामाङ्ग, डा. महेश पुरी र रोमी गिरी र आइसिटिजे परामर्शदाता जोन टिनेलाले तयार गर्नुभएको हो । टिनेलाले नेपालमा सन् २००६ देखि संयुक्त राष्ट्रसङ्घ, अन्तर्सरकारी तथा गैरसरकारी सङ्गठनहरूमा काम गरेका छन् । आइसिटिजे-नेपालकी पूर्व प्रमुख लुसिया उइदर्सले यो प्रतिवेदनलाई अन्तिम स्वरूप दिनुभएको हो । उइदर्सले आइसिटिजे-नेपाल अघि एम्नेस्टी इन्टरनेशनल, चाइल्ड सोल्जर्स र नेपाल तथा अफगानिस्तानस्थित संयुक्त राष्ट्रसङ्घीय मिसनहरूमा काम गर्नुभएको छ । यस प्रतिवेदनमा उल्लिखित अनुसन्धान कार्य सम्भव बनाउन सहयोग गर्नुहुने नेपालस्थित बेलायती राजदूतावास, डेनमार्क राजदूतावास, शाही नर्वेली राजदूतावास, स्वीट्जरल्याण्ड राजदूतावास लगायत पीडितहरूको समूह र प्रतिनिधिहरू तथा पीडितका पक्षमा काम गर्ने गैरसरकारी सङ्गठनहरूप्रति आइसिटिजे आभार व्यक्त गर्दछ । यस अनुसन्धानमा सहभागी पीडितहरू, जिल्लास्तरीय सरकारी अधिकारीहरू र गैरसरकारी सङ्गठनका प्रतिनिधिहरूका साथै यस अध्ययनमा संलग्न अनुसन्धानकर्ताहरूलाई तालिम दिएर र सरकारको अन्तरिम राहत कार्यक्रमको तत्कालीन अवस्थाको बारेमा जानकारी दिनुभई सहयोग गर्नु भएकोमा शान्ति तथा पुनर्निर्माण मन्त्रालयको राहत तथा पुनर्स्थापना इकाइका प्रतिनिधिहरूलाई पनि आइसिटिजे हार्दिक धन्यवाद ज्ञापन गर्दछ । यो प्रतिवेदन तयार गर्न आइसिटिजेको नेपाल कार्यालयका कर्मचारीहरू विशेषगरी निरूपमा पौड्याल, भूपेन्द्र खनाल र निराजन थपलियाका साथै आइसिटिजेका परिपूरणीय न्याय र लैङ्गिक न्याय विशेषज्ञहरूले सहयोग गरेका थिए ।

अनुसन्धानकर्ताहरू

अनुसन्धानको खाका कृपा र जोन टिनेलाले संयुक्त रूपमा तयार गरेका थिए । यस अध्ययनको क्रममा क्षेत्रगत अनुसन्धान तथा सो अनुसन्धानबाट प्राप्त तथ्याङ्क सङ्कलन तथा विश्लेषण गर्ने काम कृपाले गरेको थियो । कृपाको अध्ययन टोलीमा माथि उल्लेख गरिएका प्रारम्भिक मस्यौदाकारहरूका अलावा अनुसन्धान अधिकृत बिनु लामा; अनुसन्धान सहयोगीहरू दिपक जोशी, श्याम पोखेल, शोफिका रेग्मी, ज्योत्स्ना तामाङ्ग र श्रृजना तामाङ्ग; फिल्ड सुपरिवेक्षकहरू बद्री दुलाल, उमेश गिरी, कमला कार्की, टिपी पौडेल, अचला श्रेष्ठ र पुनम श्रेष्ठ; फिल्ड अनुसन्धानकर्ताहरू राजिव चौधरी, जिनिता ढकाल, अजय महरा, सन्तोष मिश्र, गङ्गा पोखेल र पुनम शर्मा; र परियोजना सहायक कर्मचारीहरू देव चन्द्र महर्जन, राधिका सिं, सविना तामाङ्ग रहेका थिए । प्रत्येक अध्ययन जिल्लामा अनुसन्धानको खाका बनाउन र यसलाई कार्यान्वयन गर्नका लागि निम्न "द्वन्द्वपीडित सहजकर्ताहरू"ले महत्वपूर्ण भूमिका खेलेका थिए : भागीराम चौधरी (बर्दिया); भीम बहादुर नेपाली (जुम्ला); धर्म बहादुर चौधरी (कन्चनपुर); गिता रसाइली (काभ्रे);जस बहादुर राई (उदयपुर); रामकरण यादव (धनुषा); राम उजागिर चौधरी (कपिलवस्तु); रेनु कर्ण (सिराहा); सावित्री खड्का (बागलुङ); शर्मिला लामा (काभ्रे); र श्रीकुमारी रोका (रोल्पा)।

आइसिटिजेका बारेमा

ठूलो सङ्ख्यामा मानवअधिकार ज्यादतीहरू सामना गरेको समाजलाई जवाफदेहिता प्रवर्धन गर्न, सत्यको खोजी गर्न, परिपूरण प्रदान गर्न र विश्वसनीय संस्थाहरू निर्माण गर्नमा आइसिटिजेले सहयोग प्रदान गर्ने गर्दछ । पीडितका अधिकारलाई स्थापित गर्न र लैङ्गिक न्याय प्रवर्धन गर्न प्रतिबद्ध रहेका हामी फौजदारी अभियोजन, परिपूरणसम्बन्धी पहलहरू, सत्यको खोजी र संस्मरण तथा संस्थागत सुधार लगायतका सङ्क्रमणकालीन न्याय पद्धतिहरूमा विशेषज्ञ प्राविधिक सल्लाह दिने, नीति विश्लेषण गर्ने र तुलनात्मक अनुसन्धान गर्ने काम गर्दछौं । थप जानकारीका लागि, हेर्नुहोस् www.ictj.org

© २०१४ सङ्क्रमणकालीन न्यायका लागि अन्तर्राष्ट्रिय केन्द्र । सर्वाधिकार सुरक्षित । यो प्रकाशनको कुनै पनि भाग पुनर्उत्पादन गर्न, पुनर्प्राप्त गर्न मिल्ने ठाउँमा सङ्ग्रह गर्न वा कुनै पनि रूपमा वा कुनै पनि तरिका जस्तै विद्युतीय, यान्त्रिकीय, फोटोकपी गरेर, रेकर्ड गरेर वा पुरा उद्धृत नगरिकन प्रसार गर्न मिल्ने छैन ।

विषयसूची

कार्यकारी सार सङ्क्षेप १
१. परिचय ५
२. पृष्ठभूमी ७
सशस्त्र द्वन्द्वका क्रममा भएका मानवअधिकार ज्यादतीहरू र सरकारी प्रतिक्रियाहरू ७
अन्तरिम राहत कार्यक्रम १०
३. अनुसन्धान विधि १४
अध्ययन गरिएको जनसङ्ख्याको विवरण १४
अनुसन्धान साधनहरू १५
अनुसन्धानको चुनौती र सीमाहरू १७
४. द्वन्द्वका हानिहरू १८
हत्या गरिएका र बलपूर्वक बेपत्ता पारिएका पीडितहरूका परिवारहरूले भोगेका हानिहरू (अन्तरिम राहत कार्यक्रमबाट लाभान्वितहरू) १८
यातनापीडितहरूले भोगेका हानिहरू २२
हानिहरूको लैङ्गिक आयाम २६
जात, जनजाति, आर्थिक हैसियत र राजनीतिक आबद्धताको असर २९
५. अन्तरिम राहत कार्यक्रम, यसको असर र यसमा पहुँच ३२
अन्तरिम राहत कार्यक्रमअन्तर्गत प्राप्त भएका सुविधाहरू र सेवाग्राहीहरूको धारणा ३२
अन्तरिम राहत कार्यक्रममा पहुँच ३४
अन्तरिम राहत कार्यक्रमबाट बहिष्करणको असरहरू ३५
६. अन्तरिम राहत कार्यक्रमबाट लाभान्वितहरूको तत्कालीन र दीर्घकालीन आवश्यकताहरू ३७
तत्कालीन आवश्यकताहरू ३७
दीर्घकालीन आकाङ्क्षा तथा मागहरू ४४
७. यातनापीडितहरूका तत्कालीन तथा दीर्घकालीन आवश्यकताहरू ५०
यातनापीडित पुरुषहरूका तत्कालीन तथा दीर्घकालीन आवश्यकताहरू ५०
यातनापीडित महिलाका तत्कालीन र दीर्घकालीन आवश्यकताहरू ५७
८. हानि तथा सोको सम्बोधनका बारेमा स्थानीय सरकारी तथा गैरसरकारी संस्थाका सरोकारवालाहरूको प्रतिक्रिया ६०
द्वन्द्व सिर्जित हानिहरू तथा पीडितका अधिकार र आवश्यकताहरू ६१
हालसम्मको राहत कार्यक्रमउपरको धारणा ६१
आगामी आवश्यकता तथा परिपूरणको भावी स्वरूपसम्बन्धी धारणा ६२
९. निष्कर्ष ६४
आधारभूत सामाजिक आर्थिक आवश्यकताहरूको तात्कालिकता ६४
परिपूरणात्मक आवश्यकताको समग्र प्रकृति र अपेक्षाहरू ६५
पीडितको विवरण जान्नुको महत्त्व ६६
परिपूरणमार्फत द्वन्द्वका मूल कारणहरूको सम्बोधन ६७
सिफारिसहरू ७०
तत्कालीन उपायहरू ७०
विस्तृत परिपूरणसम्बन्धी सुझाव ७१

परिशिष्ट अ : अनुसन्धानमा सहभागीहरूको विवरण ७६
परिशिष्ट आ : अनुसन्धान साधनहरू र विधि ८०

सङ्क्षिप्त शब्दावलीको सूची

एएफ्	एड्भोकेसी फोरम (वकालत मञ्च)
एडब्लुसि	अकाउन्टेबेलिटी वाच कमिटी (जवाफदेहिता निगरानी समिति)
सिए	कन्स्टिट्युएन्ट असेम्ब्ली (संविधान सभा)
सिडिओ	चिफ डिस्ट्रिक्ट अफिसर (प्रमुख जिल्ला अधिकारी)
सिओआइडि	कमिसन अभ् इन्क्वाएरी अन डिसअपियरेन्स (बेपत्ता खोजविन आयोग)
सिपिए	कम्प्रिहेन्सिभ पिस अग्रिमेन्ट (विस्तृत शान्ति सम्झौता)
सिपिएन्एम्	कम्युनिस्ट पार्टी अफ नेपाल माओइस्ट (नेपाल कम्युनिस्ट पार्टी-माओवादी)
कृपा	सेन्टर फर रिसर्च अन इन्भारन्मेन्ट हेल्थ एण्ड पपुलेसन याक्टिभिटिज् (वातावरण स्वास्थ्य र जनसङ्ख्या गतिविधिसम्बन्धी अनुसन्धान केन्द्र)
डिएओ	डिस्ट्रिक्ट अड्मिनिस्ट्रेसन अफिस (जिल्ला प्रशासन कार्यालय)
डिडिसि	डिस्ट्रिक्ट डिभलप्मेन्ट कमिटी (जिल्ला विकास समिति)
इएस्इएस्	इम्प्लोएमेन्ट/सेल्फ इम्प्लोएमेन्ट सर्भिसिज् (रोजगार/स्वरोजगार सेवा)
एफ्इएस्	फोकस्ड इथ्नोग्राफिक स्टडीज् (लक्षित नृवंशविज्ञान अध्ययन)
हुरेक	ह्युमन राइट्स एण्ड रुरल इन्भारन्मेन्ट प्रोटेक्सन सेन्टर (मानवअधिकार र ग्रामीण वातावारण संरक्षण केन्द्र)
आइसिआरसि	इन्टरन्यासनल कमिटी अफ दी रेडक्रस (रेडक्रसको अन्तर्राट्रिय समिति)
आइसिटिजे	इन्टरन्यासनल सेन्टर फर ट्रान्जिसनल जस्टिस् (सङ्क्रमणकालीन न्यायका लागि अन्तर्राष्ट्रिय केन्द्र)
आइडिआइ	इन्डेफ्थ इन्टरभिउ (विस्तृत अन्तर्वार्ता)
आइडि	आइडेन्टीटी कार्ड (परिचय पत्र)
आइएच्एल्	इन्टरन्यासनल ह्युम्यानिट्यारियन ल (अन्तर्राष्ट्रिय मानवीय कानुन)
आइएच्आरएल्	इन्टरन्यासनल ह्युमन राइट्स ल (अन्तर्राष्ट्रिय मानवअधिकार कानुन)
एन्जिओ	नन गभर्नमेन्टल् अर्गानाइजेसन् (गैरसरकारी सङ्गठन)
इन्सेक	इन्फर्मल सेक्टर सर्भिस सेन्टर (अनौपचारिक क्षेत्र सेवा केन्द्र)
आइओएम	इन्टरन्यासनल अर्गनाइजेसन फर माइग्रेसन (अन्तर्राष्ट्रिय आप्रवासी सङ्गठन)
आइआरपी	इन्टरिम रिलिफ प्रोग्राम (अन्तरिम राहत कार्यक्रम)
एल्पिसि	लोकल पिस कमिटी (स्थानीय शान्ति समिति)
माहुरी होम	मधेसी ह्युमन राइट्स होम (मधेशी मानवअधिकार गृह)
एम्ओपिआर	मिनिस्ट्री अफ पिस एण्ड रिकन्स्ट्रक्सन (शान्ति तथा पुनर्निमाण मन्त्रालय)
एन्एपी	नेसनल याक्सन प्लान (राष्ट्रिय कार्य योजना)
एन्एफ्जिडि	न्यारेटिभ फोकस्ड ग्रुप डिस्कसन (कथानक लक्षित समूह छलफल)
एन्एच्आरसि	न्यासनल ह्युमन राइट्स कमिसन (राष्ट्रिय मानवअधिकार आयोग)
एन्पिआर	नेपाली रुपैयाँ
ओएचसिएचआर	अफिस अफ दी हाइ कमिसनर फर ह्युमन राइट्स (मानवअधिकार उच्चायुक्तको कार्यालय)
आरआरयु	रिलिफ एण्ड रिह्याबिलिटेसन् युनिट (राहत तथा पुनर्स्थापना इकाइ)
एस्जिबिभि	सेक्सुअल एण्ड जेण्डर बेस्ड भायोलेन्स (यौनिक तथा लैङ्गिक हिंसा)
एस्एस्आइ	सेमी-स्ट्रक्चर्ड इन्टरभिउ (अर्धसंरचित अन्तर्वार्ता)
टिआरसि	ट्रुथ एण्ड रिकन्सिलियसन कमिसन (सत्य तथा मेलमिलाप आयोग)
भिडिसि	भिलेज डिभलपमेन्ट कमिटी (गाउँ विकास समिति)
डब्लुसिओ	उइमीन एण्ड चिल्ड्रेन अफिस (महिला तथा बालबालिका कार्यालय)

कार्यकारी सारसङ्क्षेप

सन् २००८ मा नेपाल सरकारले सन् १९९६ देखि २००६ सम्म भएको आन्तरिक सशस्त्र द्वन्द्वका पीडितहरूलाई सहायता प्रदान गर्नका लागि एउटा राहत कार्यक्रमको सुरुआत गऱ्यो । त्यो अवधिदेखि दशौं हजार "द्वन्द्व प्रभावित व्यक्तिहरू"ले अन्तरिम राहत कार्यक्रम मार्फत नगद भुक्तानी, छात्रवृत्ति, औषधोपचारसम्बन्धी खर्चहरूको भुक्तानी, सम्पत्तिको हानि वा नोक्सानीको क्षतिपूर्ति र सीपमूलक तालिमहरू प्राप्त गरेका छन् ।

अन्तरिम राहत कार्यक्रम एउटा पहिलो प्रतिक्रिया थियो । यसलाई कहिल्यै एउटा विस्तृत परिपूरण कार्यक्रमको रूपमा लिइएको थिइएन र यो विस्तृत परिपूरण कार्यक्रम पनि होइन । बरु परिपूरण सिफारिस गर्ने जिम्मेवारी सन् २००६ को विस्तृत शान्ति सम्झौताको आवश्यकता बमोजिम स्थापना गरिनुपर्ने र चिर प्रतिक्षित सत्य निरूपण तथा मेलमिलाप आयोग (सत्य आयोग)मा रहने छ भन्ने आशा गरिएको छ । अन्तरिम राहत कार्यक्रम समापन हुँदै गर्दा र सत्य आयोग र योसँग सम्बन्धित बेपत्ता व्यक्तिहरूको छानबिनसम्बन्धी आयोग (बेपत्ता आयोग)को स्थापना सम्बन्धमा फेरी ध्यान पुगेको वर्तमान अवस्थामा परिपूरणसम्बन्धी अधिकारलाई कसरी नीति र व्यवहारमा व्याख्या गरिन्छ भन्ने महत्त्वपूर्ण सवालहरूको जवाफ दिनुपर्ने हुन्छ । यो प्रतिवेदनले यी नीतिगत छलफलहरूमा योगदान पुऱ्याउनेछ भन्ने अभिलाषा राखिएको छ ।

यो प्रतिवेदनसम्बन्धी अनुसन्धान दश वर्षे सशस्त्र द्वन्द्वको क्रममा राज्य र माओवादीबाट भएका मानवअधिकार ज्यादतीका ४०० भन्दा बढी पीडितहरूमाझ उनीहरूले भोगेका हानिहरूलाई सन्तोषजनक ढङ्गमा सम्बोधन गर्न के के गर्न आवश्यक हुन्छ भन्ने कुरा उनीहरूबाटै प्रत्यक्ष रूपमा थाह पाउने उद्देश्यका साथ गरिएको थियो । यसले उल्लङ्घनहरूबाट सिर्जित अल्पकालीन र दीर्घकालीन हानीहरू र पीडितहरूको चालु आवश्यकता तथा परिपूरणका उपायहरूसम्बन्धी उनीहरूको तत्कालीन आवश्यकता र दीर्घकालीन अपेक्षाहरूको अध्ययन गरेको छ ।

यो अनुसन्धानको निष्कर्षले सशस्त्र द्वन्द्वका क्रममा भएका मानवअधिकार ज्यादतीका पीडितहरूले भोगेका पीडाको मात्रा र उनीहरूले भोगेका शारीरिक, मानसिक, सामाजिक र आर्थिक जस्ता विविध हानिहरूको कठोर संझना दिलाउँदछ । यी हानिहरूको सम्बोधन गर्ने प्रभावकारी उपायहरूको अभावमा कसरी हरेक वर्ष बित्दै जाने क्रममा यी हानिहरूमा थप जटिलता र विविधता थपिन्छ भन्ने कुरामा पनि यो प्रतिवेदनले प्रकाश पारेको छ । अनुसन्धानमा सहभागीहरू, जसमध्ये धेरैजसो द्वन्द्व अघिनै पनि आर्थिक र सामाजिक रूपमा सुविधाहीन थिए, अहिले साधारणतया विषम अभावको अवस्थामा बाँचिरहेका छन् र आफ्नो आधारभूत आवश्यकताहरू पनि पूर्ति गर्न सकिरहेका छैनन् । यातनापीडितहरूले खासमा आफ्नो गिर्दो शारीरिक र मनोसामाजिक अवस्थाको बारेमा कुरा गरे र कुनै पनि हेरचाह नपाएकोमा आक्रोश र निराशा व्यक्त गरे । धेरै जसोले आफूसँग भएको थोरै श्रोत पनि औषधोपचार, बेपत्ता आफन्तको खोजी, कानुनी खर्च, र आधारभूत जीविकोपार्जन क्रममा सक्काएका छन् । जीविकासम्बन्धी आवश्यकता पुरा गर्नका लागि जमिन बेचिएको छ, ऋण लिइएको छ, र बालबच्चाहरूलाई स्कुलबाट झिकिएको छ ।

यसकारण सहभागीहरूलाई उनीहरूको तत्कालीन आवश्यकताहरूको बारेमा सोध्दा उनीहरूले सामाजिक

आर्थिक आवश्यकताहरूमा जोड दिनु आश्चर्यजनक हुँदैन । आर्थिक सहयोग, रोजगारी, निःशुल्क शिक्षा, निःशुल्क औषधोपचार सेवा, र आधारभूत आवश्यकताहरू ("गाँस, वास, र कपास") लाई दुई किसिमका उत्तरदाताहरू-मृतक तथा बलपूर्वक बेपत्ता पारिएकाहरूका आफन्तहरू (अन्तरिम राहत कार्यक्रमअन्तर्गतको क्षतिपूर्ति र अन्य राहतका लागि योग्य र सो सेवा प्राप्त गरेकाहरू) र यातनापीडितहरू (जसलाई अन्तरिम राहत कार्यक्रमबाट प्रभावकारी ढङ्गमा बहिष्कृत गरिएको थियो)-ले लगातार रूपमा उठाएका थिए ।[1]

अनुसन्धान क्रममा विभिन्न महत्त्पूर्ण कुराहरू देखा परे । उदाहरणका लागि सबै उत्तरदाताहरूले निःशुल्क औषधोपचारलाई तत्कालीन आवश्यकताको रूपमा लिए । तर यातना, बलात्कार, र अन्य प्रकारका यौनिक र लैङ्गिक हिंसाका पीडितहरूका लागि निःशुल्क औषधोपचार अझ उच्च प्राथमिकताको विषय थियो र उनीहरूले त्यसअन्तर्गत गम्भीर प्रकृतिका शारीरिक तथा मानसिक चोट र घाउको उपचारका लागि विशिष्टिकृत खालको हेरचाह पनि समावेश हुनुपर्ने कुरामा जोड दिए । आफ्नो आर्थिक, रोजगारीसम्बन्धी तथा शैक्षिक आवश्यकतासम्बन्धी प्राथमिकताहरुका बारेमा महिला र पुरुषहरुको बिचार थोरै भिन्न थियो । तर आधारभूत जीविका वा जीवनयापनसम्बन्धी आवश्यकताहरूको विषय भने सबैले उठाए जुन अत्यावश्यक हुनुका साथै मानवअधिकार ज्यादतीका पीडितका रूपमा मात्र नभै नेपाली नागरिकका हैसियतले पनि उनीहरूले अधिकारका रूपमा उपभोग गर्न पाउनुपर्दछ ।

यद्यपि, उत्तरदाताहरूले न्याय प्रदान गरिएको महसुस गर्न र आफूले भोगेको हानिको सम्बोधन गर्नका लागि भौतिक उपायहरू अपर्याप्त हुन्छन् भन्ने ठाने । पीडितका आवश्यकताहरू प्राथमिक रूपमा आर्थिक मात्र हुन् अर्थात यदि उनीहरूलाई पर्याप्त जीविकासम्बन्धी सहयोग दिने हो भने उनीहरूले विगतलाई बिर्सने छन् र क्षमा दिने छन् भनी कसै-कसैले दावि गरेभन्दा ठिक विपरित यो अध्ययनको निष्कर्षले भौतिक र अभौतिक आवश्यकताहरूबीचको अझ बढी एकीकृत सम्बन्ध र न्यायको समग्ररूपी अवधारणाको उजागर गरेको छ । अवसर प्राप्त भएको अवस्थामा उत्तरदाताहरूले परिपूरणको सवालमा "पीडकहरूलाई सजाय", सत्यको खोजी, बेपत्ता आफन्तको खोजी, मानवअधिकार ज्यादती लगायतबाट दीर्घकालीन सुरक्षा र संरक्षण, र सुशासनलाई सबलीकरण गर्ने अन्य उपायहरू लगायतका नैतिक तथा भौतिक हानिहरूलाई पनि सम्बोधन गर्न सक्ने खालका फराकिलो आकाङ्क्षाहरू व्यक्त गरे ।

अध्ययन क्रममा सहभागीहरूसँगको छलफलहरू भविष्यका "आशाहरू" वा "आकाङ्क्षाहरू"मा पुग्दा उनीहरूले यी र अन्य अभौतिक आवश्यकताहरूलाई अझ निरन्तर उठाए र बढी नै प्राथकितामा राखे । यद्यपि त्यहाँ सरल वर्गीकरण भने थिएन । बरु, सामाजिक र आर्थिक पुनःप्राप्तिका उपायहरू उनीहरूलाई मानवअधिकार उल्लङ्घनका पीडितका रूपमा स्वीकार तथा दृढतापूर्वक आत्मसात गर्ने (अर्थात, धेरैले उनीहरूलाई "शहीद" भनेजस्तो), अरु नागरिक सरह समान हैसियतमा पुनर्स्थापित गर्ने, र भविष्यमा हुन सक्ने हानिविरूद्ध संरक्षण सुनिश्चित गर्ने जस्ता उपायहरूसँग जोडिएका थिए । यसैगरी, सामाजिक र आर्थिक आवश्यकताहरू दीर्घकालीन आशा तथा आकाङ्क्षाहरूसम्बन्धी छलफलमा निरन्तर आइरहे जसले सहभागीहरूको आफ्ना लागि मात्र नभई उनीहरूका बालबालिकाहरू समेतको भविष्य प्राप्त गर्ने र स्थायी समाधानतिर जाने चाहनालाई इङ्गित गरिरहेको थियो । एकजना यातनापीडितले भने जस्तै पीडितहरू "फराकिलो हृदयका साथ निर्धक्क अगाडि बढ्न" त्यतिबेला मात्र हिंड्नेछन् जुनबेला उनीहरूको पहिचान हुन्छ र प्रतिष्ठा पुनर्स्थापित हुन्छ ।

यी फराकिला ढाँचाहरू बीचमा अनुसन्धान निष्कर्षले पीडित तथा उनीहरूका परिवारमा पर्ने हानिको प्रभावको प्रकृति र सीमालाई पीडितको सामाजिक जनसाङ्ख्यकीय स्वरूप र उनीहरूले बसोवास गरिरहेको सन्दर्भले पनि निर्धारण गर्दछ भन्ने देखाएको छ । यस्तो विविधताले फरक फरक आवश्यकताहरू सिर्जना गर्दछन् जसलाई सोही अनुरूपको सम्बोधन जरुरत पर्दछ ।

---

१ अन्तरिम राहत कार्यक्रममा द्वन्द्वको क्रममा भएको शारीरिक चोटको उपचारको खर्च क्षतिपूर्तिस्वरूप उपलब्ध गराउने प्रावधान रहेको छ, तर यातना र बलात्कार तथा यौनजन्य हिंसाका पीडितहरूलाई तथ्यगत आधारमै यो सुविधाबाट विमुख गराइएको थियो किनभने धेरैजसो उनीहरूले कुनै उपचार गराउन सकेका थिएनन् र यदि कसैले उपचार गराएकै थिए भने पनि उनीहरूले कागजपत्र र अन्य प्रमाणहरू पेश गर्न सकेका थिएनन् ।

लैङ्गिग विषयसँग सम्बन्धित निष्कर्षहरूले उदाहरणका लागि एकै स्वरूपको हिंसा भोगेको अवस्थामा पनि त्यस्तो हिंसाको कारण उत्पन्न हानिहरू कसरी लैङ्गिक दृष्टिकोणमा फरक हुन्छ भन्ने कुरा देखायो । यो अध्ययनमा सहभागी धेरैजसो महिला उत्तरदाताहरू गरिब र निरक्षर वा अर्धसाक्षर थिए र धेरैजसो सीमान्तीकृत समुदायका थिए । उनीहरूले मुख्यतया श्रीमान् वा परिवारको अन्य मुख्य कमाइ गरी ल्याउने सदस्यको क्षतिको परिणामस्वरूप ज्यादै ठूलो आर्थिक बोझ बोकीरहनुपरेको अवस्था र यसले गर्दा आफ्नो शारीरीक र मानसिक स्वास्थ्य गिर्दो अवस्थामा भएको बताए । यी कष्टहरूका अलावा लज्जा, सामाजिक कलङ्क र एकाकीपनको रूपमा तेश्रो बोझ थपिएको छ जुन साधारणतया उनीहरूका पुरुष समकक्षीहरूले अनुभव गरेका हुँदैनन् । यो सामाजिक असरले महिलाहरूलाई थप सीमान्तीकृत पार्दछ र उनीहरूको सहयोग खोज्ने र प्राप्त गर्ने सवालमा अवरोधको काम गर्दछ । बलात्कार र अन्य यौनिक तथा लैङ्गिक हिंसाका पीडितहरूको सवालमा विभेद थप मजबुत भएको छ र उनीहरूलाई अन्तरिम राहतमा बहिष्कृत गरिएकोले पीडा झन गहिरो भएको छ ।

थप अनुसन्धान गर्न आवश्यक भए पनि यस अध्ययनको निष्कर्षले जातमा आधारित हानि तथा आवश्यकताहरूको बीचमा यस्तै अर्न्तसम्बन्ध भएको तर्फ इङ्गित गर्दछ । नेपालमा जात श्रेणीक्रममा सबैभन्दा पुछारमा रहेका दलितहरू यस अनुसन्धानका उत्तरदाताहरूका अनुसार हानिको बढी जोखिममा, समस्यासँग जुध्न कम समर्थ र सहायता प्राप्त गर्न सफल हुन पनि निकै कम समर्थ हुन्छन् । केही जनजाति समूहहरू र कम आर्थिक श्रोत र कुनै राजनीतिक सम्पर्क नभएका समूहहरूका सवालमा पनि यस्तै निष्कर्ष सुझाइएको छ । यो अनुसन्धानमा लिङ्ग, जात, जनजाति र गरिबीको स्तरबीचको अर्न्तसम्बन्धलाई विशेष रूपमा अन्वेषण नगरिएको भए पनि कठिनाइमा थप वृद्धि भएको कुरा खुल्न आएको छ, उदाहरणका लागि दलित महिला र निश्चित जनजाति समूहका महिलाहरूले जात/जनजातिका आधारमा हुने र लिङ्गका अधारमा पनि हुने गरी दुई गुना विभेदको बोझ सामना गर्दछन् ।

अन्तरिम राहत कार्यक्रमले यसअन्तर्गत सेवा प्राप्त गर्न योग्य भएकाहरूलाई केही तत्कालीन सहायता प्रदान गरेको भए पनि यसले द्वन्द्वपीडितहरूले भोगेका सबै हानिहरूलाई सम्बोधन गर्न अझै सुरु गरेको छैन अर्थात ती पीडाहरूलाई सम्बोधन गर्न कुनै उल्लेखनीय योगदान गर्न सकेको छैन । बरु, सरकारले पीडितहरूको परि पूरणको अधिकारसम्बन्धी कुनै पनि सार्थक सोचलाई प्रभावकारी रूपमा सत्य आयोग स्थापनासँग सम्बन्धित कानुनमाथिको लम्बिएको सौदाबाजीमा धकेलिदिएको छ । उक्त आयोग स्थापनासम्बन्धी पछिल्लो कानुनलाई संयुक्त राष्ट्रसङ्घले आलोचना गरेको छ र पीडित तथा नागरिक समाजले पनि व्यापक रूपमा बहिष्कार गरेका छन् । यसै बीचमा पीडितका कतिपय आवश्यकताहरू यति गम्भीर छन् कि तिनको सम्बोधनमा अझै ढिला गर्ने हो भने यसले पीडितहरूको शारीरीक पीडालाई थप गर्दछ जसले उनीहरूलाई थप निराशा र आक्रोश दिनुका साथै वर्षहरू बित्दै जाने क्रममा ज्येष्ठ र कमजोर पीडितहरूको मृत्यु पनि हुनेछ ।

सत्य आयोग स्थापनासम्बन्धी विद्यमान अनिश्चितता र स्थापना भएपछि पनि सिफारिसहरू दिने अवस्थासम्म यसलाई पुग्न लाग्ने समय समेतको दृष्टिकोणमा परिपूरणसम्बन्धी उपायहरूलाई स्वायत्त रूपमानै अघि बढाउनु पर्दछ । यसमा पीडितहरूका आधारभूत आवश्यकताहरू प्रदान गर्न गम्भीर कदमहरू समावेश हुनुपर्दछ । यसका अलावा, सरकारले विस्तृत परिपूरण कार्यक्रमका लागि तयारी कदमहरू सुरु गर्नुपर्दछ । खासमा, पीडितहरूको परिपूरणसम्बन्धी आवश्यकता तथा आकाङ्क्षाहरू के छन् भनी विस्तृत रूपमा बुझ्न; लिङ्ग, जात, जनजाति, सामाजिक आर्थिक हैसियत र अन्य भिन्नताहरूबाट कसरी उनीहरू सूचित छन् भन्ने थाह पाउन; र यस्ता सुचकहरूलाई ख्यालमा राख्नका लागि कसरी परिपूरण कार्यक्रमको तर्जुमा र लागू गर्ने भन्ने बुझ्नका लागि वृहत परामर्शहरू आवश्यक पर्दछन् । यस्ता परामर्शहरूको परिणाम सत्य आयोगका सिफारिसहरू तयार हुने क्रममा आवश्यक जानकारी उपलब्ध गराउन र सिफारिस प्रकृयालाई द्रुत बनाउन र यदि सत्य आयोग गठन ढिला भएको अवस्थामा सरकारद्वारा सञ्चालित कार्यक्रमहरूलाई सहयोग र मार्गनिर्देशन गर्नमा प्रयोग गर्न सकिन्छ ।

अल्पकालीन वा दीर्घकालीन कुनै पनि खाले परिपूरणसम्बन्धी उपायका मुख्य तत्वहरूले द्वन्द्वसँग सम्बन्धित हानिहरूको नैतिक प्रकृतिलाई पहिचान गर्नुपर्दछ र यी उपायहरूलाई मानवीय सहायता भन्दा पनि अधिकारको

रूपमा तर्जुमा गरिनुपर्दछ। यो कुरालाई ध्यानमा राख्दै र यस अनुसन्धानको निष्कर्षको आधारमा यो प्रतिवेदनमा निम्नलिखित तत्कालीन उपायहरूसम्बन्धी विस्तृत सिफारिसहरू गरिएका छन् :

- **पीडितहरूको सबैभन्दा तीव्र सामाजिक आर्थिक आवश्यकताहरू निवारण गर्नका लागि अविलम्व परिपूरणको कार्यक्रम स्थापना गर्ने। यसका अलावा** १) सबैभन्दा बढी जोखिममा परेका पीडितहरूको आर्थिक आवश्यकता तथा उनीहरूको पुनर्स्थापनाको व्यवस्था गर्न क्षतिपूर्ति र अन्य आर्थिक सहयोग प्रदान गर्ने; २) जीवन जोखिमपूर्ण अवस्थामा रहेकाहरू वा कुनै काम गर्न नसक्ने भई थला परेकाहरू वा यस्तो परिणाम यौनिक वा लैङ्गिक हिंसाका कारण भएकाहरूलाई शल्यक्रिया लगायतका औषधोपचारसम्बन्धी सहायता प्रदान गर्ने; र ३) पीडितका सबै स्कुल जाने उमेर पुगेका बालबालिकाहरूलाई छात्रवृत्ति र आर्थिक सहयोग (यातायात, पोशाक, पुस्तकका लागि) उपलब्ध गराउने।

- **जमिन वा अन्य सम्पत्तिमा बेपत्ताका परिवार तथा जीवनसाथीहरूको कानुनी सरोकार प्राप्त गर्न सरकारी निर्देशन जारी गर्ने।**

- **अन्तरिम राहत कार्यक्रमअन्तर्गतको योजनामा आउन लागिरहेको मनोसामाजिक सहयोग कार्यक्रममा यातना र बलात्कार तथा यौनिक वा लैङ्गिक हिंसाका पीडितहरूलाई पनि समावेश गर्न सुनिश्चित गर्ने।**

*थप विस्तृत उपायहरू*को तर्जुमा र कार्यान्वयनमा सहयोगको लागि निम्न लिखित सिफारिसहरू गरिएको छ :

- **पीडितका द्वन्द्वले निम्त्याएका हानिहरू तथा सम्बन्धित आवश्यकता र आकाङ्क्षाका विशिष्टताहरूलाई सम्बोधन गर्ने खालका दीर्घकालीन परिपूरण उपायहरूको सुनिश्चित गर्न पीडितहरूसँग परामर्शहरू गर्ने**। यी परामर्शहरूका दौरानमा ध्यानमा राख्नुपर्ने सुचकहरूमा पीडितले भोग्नु परेको पीडाको प्रकृति; पीडित तथा परिवारमा यी हानिहरूले पुऱ्याएको दीर्घकालीन परिणाम; हानिहरूका लैङ्गिक असरहरू; र लिङ्ग, जात, जनजाति, आर्थिक अवस्था र राजनीतिक आबद्धताको प्रभावमा अवस्थालाई सामना गर्ने निजी क्षमताहरू आदि पर्दछन्।

- **पारदर्शी आधारमा सेवाग्राहीहरूलाई प्रत्येक क्रम र लाभको प्रकारमा प्राथमिकता निर्धारण गरी लाभ तथा उद्देश्यको सिलसिलेवार क्रम स्थापना गर्नुपर्दछ**, जसमा निम्न कुराहरू समावेश हुनुपर्दछः आर्थिक कठिनाइ निवारणका लागि जीवन निर्वाह सहयोग; दीर्घकालीन रोजगारी प्राप्त गर्नमा विद्यमान व्यावसायिक तालिमहरूको प्रभावकारीताको मुल्याङ्कनका आधारमा रोजगारीसम्बन्धी सहयोग; मानवअधिकार ज्यादतीका पीडितहरूका जीवित बालबालिकाहरू र अन्य बालबालिकाहरू जसको स्कुल शिक्षा हिंसाका कारण अवरुद्ध भएको थियो उनीहरूको हालको उमेर जुनसुकै भएपनि उनीहरूलाई शिक्षाको अवसर; मानवअधिकार ज्यादती र अन्य द्वन्द्वसँग सम्बन्धित हिंसाका कारण उत्पन्न शारीरिक र मानसिक बिमारीमा लक्षित स्वास्थ्य सेवा र हेरचाह।

- **सेवाग्राहीहरूको अवस्थालाई उनीहरूका विरुद्ध भएको मानवअधिकार उल्लङ्घनका कारण हानि भोगेका नागरिकहरूको रूपमा स्वीकार वा पहिचान गर्ने लगायत निम्न अभौतिक उपायहरूसँग भौतिक उपायहरूलाई जोड्नु पर्दछ** : पीडितहरूको सार्वजनिक स्वीकार र पहिचान; बेपत्ताहरूको अवस्थाको स्पष्टीकरण लगायत सत्यको खोजी; र अन्तर्राष्ट्रिय कानुनअन्तर्गतका गम्भीर अपराधहरूमा अभियोजनका सामञ्जस्यपूर्ण र सक्षम रणनीतिहरू कार्यान्वयनका लागि श्रोतको व्यवस्था। यस्तो नीतिको अभावमा फौजदारी मुद्दाहरू पछ्याउन चाहनेहरूलाई कानुनी सहयोगको व्यवस्था गर्नु पर्दछ।

- **परिपूरणको नीतिले कसरी द्वन्द्व र मानवअधिकार उल्लङ्घनका मूल कारणहरू सम्बोधन गर्नमा योगदान पुऱ्यान सक्दछ** र परिपूरणलाई सहयोग पुऱ्याउने ढङ्गमा कसरी वृहत्तर विकाससम्बन्धी योजनाहरू तर्जुमा गर्न सकिन्छ भन्ने विषयमा पीडितहरू, विकासे साझेदारहरू र अन्य सान्दर्भिक सरोकारवालाहरूसँग संवाद सुरु गर्ने।

१. परिचय

मानवअधिकारको गम्भीर उल्लङ्घन, युद्ध अपराध, वा मानवताविरुद्धको अपराधमा परिपूरण लगायत प्रभावकारी उपचारको अधिकारलाई अन्तर्राष्ट्रिय मापदण्डहरूमा स्थापित गरिएको छ। अन्तर्राष्ट्रिय मानवअधिकार कानुन र अन्तर्राष्ट्रिय मानवीय कानुनको गम्भीर उल्लङ्घनमा परिपूरण र उपचारको अधिकारसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय आधारभूत सिद्धान्त तथा मार्गनिर्देशन (अधारभूत सिद्धान्त, २००५)ले "अन्तर्राष्ट्रिय मानवअधिकार कानुन र अन्तर्राष्ट्रिय मानवीय कानुन, जो आ-आफ्ना मान्यतामा फरक भए पनि एक आपसमा परिपुरक छन्, अन्तर्गतका कानुनी दायित्वहरूको कार्यान्वयनका लागि विद्यमान कानुनी संयन्त्रहरू, तरिकाहरू, प्रक्रियाहरू र पद्धतिहरूको पहिचान गर्दछन्।"[२] आधारभूत सिद्धान्तले परिपूरणका पाँच अवयवहरू हुन्छन् भनी परिभाषित गरेको छ : १) प्रत्यास्थापना २) क्षतिपूर्ति ३) पुनर्स्थापना ४) सन्तुष्टि ५) पुनः नदोहोरिने प्रत्याभूति।[३]

परिपूरण कार्यक्रम वा कार्यक्रमहरूको वास्तविक स्वरूप प्रत्येक सन्दर्भ पिच्छे फरक हुन्छ। यद्यपि, सङ्क्रमणकालीन न्यायको सबैभन्दा बढी पीडित केन्द्रित अवयव भएकोले परिपूरणलाई पीडितहरूले भोगेको वास्तविक हानि र ती हानिहरूबाट उत्पन्न खास आवश्यकताहरूको बुझाइका आधारमा सूचित गरिनुपर्दछ। परिपूरणले सम्बोधन गर्ने भनी ठानिएका उल्लङ्घनहरू अक्सर अपूरणीय हुन सक्ने भएपनि (उदाहरणका लागि, बाबुआमा, छोराछोरी, वा दाजुभाइ/दिदीबहिनीको क्षति), पीडितहरूले पहिचान गरेका आवश्यकताहरू र उनीहरूको लागि जे कुराले न्याय अनुभूति गराउँछ त्यसअनुरूप सम्बोधन गर्ने खालका उपायहरू अवलम्वन गरिनु पर्दछ।

अन्तरिम राहत कार्यक्रम यस्ता सोचाइहरूमा आधारित भएर निर्माण गरिएको थिएन। बरु यसले मानवीय राहतको स्वरूप लिएको थियो जसअनुसार सशस्त्र द्वन्द्वका सबै नभए पनि केही वर्गका पीडितहरूमा समान रूपमा मुख्यतः आर्थिक लाभहरूको वितरण गरिएको थियो। खासमा, यातनापीडित, बलात्कार र अन्य यौनिक तथा लैङ्गिक हिंसाका पीडितहरूलाई प्रभावकारी ढङ्गबाट बहिष्कृत गरिएको थियो। सुरुका विषमताहरूको सम्बोधन गरिएपछि भने अन्तरिम राहतमा योग्य ठानिएकाहरूलाई भने सुविधाहरू तुलनात्मक रूपमा समतामूलक नै थिए। यद्यपि, उक्त सुविधाले ज्यादतीहरूबाट सिर्जित खास हानिहरूलाई भने सम्बोधन गरेन, न त उक्त सुविधाहरू पीडितहरूले आफ्नो आर्थिक अवस्था वा पहिचानका कारण हानि भोग्न सक्ने विभिन्न तरिकाहरू र सो विविधताबाट उत्पन्न हुने विविध आवश्यकताहरूलाई सम्बोधन गर्नका लागि मिल्ने हिसाबमा तयार गरिएको नै थियो।

यो प्रतिवेदनले अन्तरिम राहत भन्दा पर गएर पीडितहरूका निरन्तरका आवश्यकताहरू र आकाङ्क्षाहरूको बारेमा अध्ययन गरेको छ। यो अनुसन्धानमा दुई फराकिलो वर्गका पीडितहरूले सहभागिता जनाएका थिए :

---

२ प्रस्ताव, आधारभूत सिद्धान्तहरू, महासभा सङ्कल्प प्रस्ताव ६०/१४७, डिसेम्वर १६, २००५, अनुसूचीको अनुच्छेद ७।

३ यो मार्गनिर्देशनमा दिइएको परिपूरणसम्बन्धी परिभाषा सामान्यतया सङ्क्रमणकालीन न्यायका पद्धतिहरूसँग एकआपसमा मिल्ने खालका छन्, जसले फौजदारी न्याय, सत्य, परिपूरण र पुनःनदोहोरिने कुरासम्बन्धी अधिकार तथा कर्तव्यहरूलाई सम्बोधन गर्दछ।

१) बलपूर्वक बेपत्ता पारिएका वा हत्या गरिएका पीडितहरूका परिवारका सदस्यहरू भएको नाताले अन्तरिम राहत कार्यक्रमअन्तर्गतका सुविधाका लागि योग्य भएका द्वन्द्वपीडितहरू र २) अन्तरिम राहत कार्यक्रमले स्पष्ट रूपमा सम्बोधन नगरेका खासगरी यातनाका पीडितहरू । यो अनुसन्धानले यी दुई समूहमा मानवअधिकार ज्यादतीका कारण भएको असरहरू र यसको परिणामस्वरूप उत्पन्न हानिहरूको बारेमा अन्वेषण गरेको छ । यो अनुसन्धानले तत्कालीन आवश्यकताहरूको पहिचान गर्नुका साथै उत्तरदाताहरूलाई विस्तृत परिपूरण कार्यक्रममा उनीहरूको दीर्घकालीन आकाङ्क्षा तथा अभिलाषाका बारेमा सोच्ने अवसर पनि प्रदान गरेको थियो ।[४]

तत्कालीन आर्थिक आवश्यकताहरूको बढी दबाब रहने सन्दर्भमा ज्यादा सरलीकृत श्रेणीक्रम हटाउने प्रयासस्वरूप तत्कालीन वा अति जरुरी आवश्यकताहरू, दीर्घकालीन आकाङ्क्षा वा मागहरू र भौतिक वा अभौतिक आवश्यकताहरूबीको फरक तथा अन्तर्सम्बन्धको चित्रण गर्ने उद्देश्य अनुरूप अनुसन्धानका तरिकाहरू तर्जुमा गरिएको थियो । अनुसन्धानले हानि तथा आवश्यकताहरू वा आकाङ्क्षाहरूमा लैङ्गिक, र केही कम हदमा, जात, जनजाति, सामाजिक आर्थिक स्थिति, र राजनीतिक आबद्धताका आधारमा हुने भिन्नताहरूको बारेमा पनि अन्वेषण गरेको छ । यद्यपि, यी सूचकहरूबीचको सम्बन्धलाई पुरा रूपमा पहिचान गर्न भने थप अनुसन्धानको जरुरत पर्दछ ।

सङ्क्रमणकालीन न्यायका लागि अन्तर्राष्ट्रिय केन्द्र (आइसिटिजे) र वातावरण स्वास्थ्य र जनसङ्ख्या गतिविधिसम्बन्धी अनुसन्धान केन्द्र (कृपा)ले संयुक्त रूपमा तर्जुमा गरिएको यो अनुसन्धान गुणात्मक थियो । तसर्थ यसका निष्कर्षहरूले सबै द्वन्द्वपीडितहरूको तथ्याङ्कगत प्रतिनिधित्व गर्दैन । यद्यपि, भविष्यका परिपूरण नीतिहरूलाई सूचित गर्ने खालका विचारहरूको क्षेत्र तथा विषयवस्तुहरूका प्रकारका बारेमा यी निष्कर्षहरूले एउटा महत्त्वपूर्ण सङ्केत प्रदान गर्दछ । साथै यो अनुसन्धान प्रतिवेदन अन्तरिम राहत कार्यक्रम तथा परि पूरणसम्बन्धी नेपालमा भएका कामहरूमा मुख्यतया आइसिटिजे र अन्य संस्थाहरूबाट पनि भएको व्यापक अनुसन्धानमा आधारित भएर तयार गरिएको छ जसलाई उपयुक्त ठाउँमा उद्धृत गरिएको छ ।[५]

---

४ "aspiration" सँग ठ्याक्कै मिल्ने नेपाली शब्द छैन, तर अनुसन्धानको क्रममा "द्वन्द्वका हानिहरूलाई सम्बोधन गर्न आवश्यक पर्ने अरु कुराहरू" वा कसरी द्वन्द्वका हानिहरूलाई सम्बोधन गर्न सकिन्छ भन्ने "आशा" को रूपमा यसको आशय व्यक्त गरिएको थियो ।

५ उदाहरणका लागि हेर्नुहोस् : आइसिटिजे, "राहतका अतिरिक्त नेपालमा बेपत्ता पारिएका पीडितका श्रीमतीहरूको अधिकार र आवश्यकताको सम्बोधन" (२०१३); आइसिटिजे, "राहतदेखि परिपूरणसम्म : पीडितहरूको आवाजको सुनुवाइ" (२०११); एड्भोकेसी फोरम र आइसिटिजे, "द्वन्द्वले नेपाली महिलामा पारेको असर" (२०१०); आइसिटिजे, "नेपाली आवाजहरू : नेपालमा सत्य, न्याय, मेलमिलाप, परिपूरण र सङ्क्रमणसम्बन्धी धारणा" (२००८), www.ictj.org/publications

२. पृष्ठभूमि

सशस्त्र द्वन्द्वको क्रममा भएका मानवअधिकार ज्यादतीहरू र सरकारी प्रतिक्रिया

राज्यका सुरक्षाबल तथा तत्कालीन नेपाल कम्युनिस्ट पार्टी (माओवादी) (नेकपा(माओवादी))बीच नेपालमा भएको १० वर्षे (फाल्गुन २०५२ देखि मंसिर २०६३) द्वन्द्वले दशौं हजार मानिसहरूलाई प्रत्यक्ष र अप्रत्यक्ष रूपमा असर पाऱ्यो । गैरकानुनी हत्या, बलपूर्वक बेपत्ता पार्ने कार्य, स्वेच्छाचारी थुना, यातना, बलात्कार तथा अन्य यौनजन्य हिंसा, र क्रूर, अमानवीय, र अपमानजनक व्यवहारहरू व्यापक रूपमा द्वन्द्वरत सबै पक्षहरूबाट भएको थियो ।[६] मानवअधिकार उच्चायुक्तको कार्यालय (उच्चायुक्तको कार्यालय)का अनुसार अन्तर्राष्ट्रिय मानवअधिकार र मानवीय कानुनको गम्भीर उल्लङ्घनका ९,००० हाराहारीका घटनाहरू घटाइएको हुनसक्छ । यद्यपि यस्ता घटनाहरू र विशेषगरी यौनजन्य हिंसाका घटनाहरूको प्रतिवेदन ज्यादै कम भएको समस्याका बारेमा पनि व्यापक रूपमा स्वीकार गरिएको छ ।[७] धेरैले शिक्षा, स्वास्थ्य र आधारभूत सरकारी सेवाहरूमा अवरोध, विद्यमान आर्थिक कठिनाइमा थप समस्या, र असुरक्षा तथा डर भोग्नु पऱ्यो ।

दलितहरू (नेपालको जात श्रेणीक्रममा सबैभन्दा तल रहेका) र जनजाति समुदायका सदस्यहरू (जनजाति) मानवअधिकार ज्यादतीबाट असमानुपातिक रूपमा पीडित भएका थिए ।[८] उनीहरूमाथिको उत्पीडन लामो समयदेखिको जातीय र जनजातिका आधारमा हुने विभेदमा निहित रहको छ । सशस्त्र द्वन्द्वको सन्दर्भमा दलित र जनजातिहरू विशेषगरी मानवअधिकार ज्यादतीका भागीदार थिए किनभने एकातिर उनीहरूलाई राज्यले माओवादीप्रति सहानुभूति राखेको शङ्का गर्दथ्यो भने अर्कोतिर नेकपा-माओवादी र उसको सशस्त्र बलसँग आबद्ध हुन वा समर्थन गर्न उनीहरू चर्को दबाबमा पर्ने जोखिम पनि थियो ।[९] विभेदलाई सम्बोधन गर्ने

---

६ राज्यका तर्फबाट द्वन्द्वमा सहभागी मुख्य पक्षहरूमा नेपाल प्रहरी (प्रहरी), र सन् २००३ पछि, शाही नेपाली सेना (शाही सेना, जसलाई अहिले नेपाली सेना भनिएको छ), र अर्ध सैनिक सशस्त्र प्रहरी बल (सशस्त्र प्रहरी) थिए । नेकपा (माओवादी)को मुख्य सशस्त्र बलमा जनमुक्ति सेना (पीएलए) थियो, यद्यपि सशस्त्र मिलिसिया पनि अस्तित्वमा थियो ।

७ उच्चायुक्तको कार्यालय, "२०१२ नेपाल प्रतिवेदन,"

८ परम्परागत जातीय श्रेणीक्रमअनुसार ब्राम्हणहरू (पुरोहित र गुरुहरू) सबैभन्दा माथिल्लो श्रेणीमा रहन्छन्, त्यसभन्दा तल क्षेत्रीहरू (शासक तथा सिपाहीहरू) र त्यस मुनि वैश्यहरू (व्यापारीहरू) रहन्छन् । सबैभन्दा तलको श्रेणीमा भने दलितहरू (मजदूरहरू, जुत्ता सिलाउने व्यक्तिहरू, र सरसफाइ गर्ने व्यक्तिहरू) पर्दछन । सन् २००१ को जनगणनाअनुसार नेपालको कुल जनसङ्ख्याको १३ प्रतिशत दलितहरू रहेका छन् यद्यपि दलित जनसङ्ख्या यो भन्दा निकै माथि छ भन्ने पनि दाबी गरिन्छ । त्यसैगरी सन् २००१ को जनगणनामा ८२.७ लाख वा नेपालको कुल जनसङ्ख्याको ३७ प्रतिशत सहित त्रिचालीस जनजातिगत समूहहरूको गणना गरिएको थियो । यद्यपि, एउटा प्रारम्भिक अनुसूचीमा सूचीकृत गरिएअनुसार नेपालमा ६१ जनजाति समूहहरू थिए जसलाई पछि कानुनमा ५९ वटामा सिमित गरियो । विभिन्न जनजाति समूहहरूबीचमा धेरै विविधताहरू पनि छन् । नेपाल आदिवासी जनजाति महासङ्घ (नेफिन)का अनुसार नौ जनजाति समूहहरू "सङ्कट"मा, १२ "एकदमै सीमान्तीकृत", १९ "सीमान्तीकृत", १४ "सुविधाहीन", र दुई "विकसित तथा प्रगतिशील" रहेका छन् । हेर्नुहोस् www.nefin.org.np/list/Categorization-of-Indigenous-People-based-on-development-/5/95/6

९ हेर्नुहोस्, "मानवअधिकारको अवस्था र आफ्नो कार्यालयको गतिविधिहरू लगायत नेपालमा प्राविधिक सहयोगसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार उच्चायुक्तको प्रतिवेदन", संयुक्त राष्ट्रसङ्घ, महासभा, ६० औं सत्र, एजेन्डा आइटम नं

प्रयासहरूका बाबजुत पनि यी समूहहरूले नेपालका "अत्यन्त गरिब" बहुमतको प्रतिनिधित्व गर्दछन् र उनीहरू अझै पनि बहिष्करण तथा शोषणमा पर्ने जोखिम विद्यमान रहेको छ ।[१०]

विस्तृत शान्ति सम्झौता (२०६३) ले द्वन्द्वको अन्त्य गरायो र शान्ति प्रक्रियाको लागि रोडम्याप प्रदान गऱ्यो । यसमा "उच्चस्तरीय सत्य तथा मेलमिलाप आयोग"को स्थापना गरेर मानवअधिकार ज्यादतीका बारेमा सत्य अन्वेषण गर्ने, द्वन्द्वपीडितहरूलाई राहत प्रदान गर्ने र "दण्डहीनतालाई प्रोत्साहित नगर्ने" लगायत द्वन्द्वसँग सम्बन्धित अपराधहरूलाई सम्बोधन गर्ने जस्ता प्रतिबद्धताहरू समावेश थिए ।[११] यी प्रतिबद्धताहरूलाई अन्तरिम संविधान २०६३ मा पुनःदोहोऱ्याइएको छ जसमा द्वन्द्वसँग सम्बन्धित बलपूर्वक बेपत्ता पार्ने कार्यहरूको अनुसन्धान गर्न कार्यादेश प्राप्त अनुसन्धान आयोगको प्रतिवेदनको आधारमा पीडितका परिवारहरूलाई राहतको व्यवस्था गर्ने भन्ने प्रावधानको पनि समावेश गरिएको छ ।[१२] सर्वोच्च अदालतको फैसलाहरूले पीडितहरूको सत्य जान्न पाउने अधिकार, र न्यायिक उपचार खोज्ने पीडितहरूको अधिकारमाथि कुनै पूर्वाग्रह नराखी राहतका उपायहरू अवलम्वन गरिनुपर्ने लगायत उपचारको हकलाई मान्यता दिंदै यी प्रतिबद्धताहरूलाई थप मजबुत बनाएको छ ।[१३] यसका अलावा, नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अभिसन्धि र यातना तथा अन्य क्रूर, अमानवीय र अपमानजनक व्यवहार तथा सजायविरुद्धको महासन्धि लगायतका अन्तर्राष्ट्रिय मानवअधिकार सन्धिहरूको पक्ष राष्ट्र भएकाले, मानवअधिकार उल्लङ्घनका पीडितहरूलाई न्यायिक लगायतका प्रभावकारी उपचारहरू प्रदान गर्न नेपाल बाध्य छ ।

यी प्रतिबद्धताहरूको बाबजुत वास्तविक न्यायिक प्रक्रिया स्थापना गर्ने सवालमा धेरै अवरोध जारी छ र थोरै मात्र प्रगति भएको छ । सात वर्ष भन्दा बढीदेखि नीतिगत तहका छलफलहरूमा सत्य आयोग र बेपत्ता आयोग वा ती दुवैको सम्मिश्रणको कुनै संयन्त्र स्थापना गर्ने भन्ने कुराहरूले बढी ठाउँ लिएका छन् । यद्यपि, एकातिर राजनीतिक दल र सुरक्षा निकायहरू तथा अर्कोतिर पीडित समुदाय र नागरिक समाज दुवैलाई सन्तुष्ट पार्ने खालको कानुनमा सहमत हुन गरिएका प्रयासहरू विवाद तथा धेरै असफल प्रयत्नहरूले चित्रित भएका छन् ।[१४]

७३, UN Doc. A/60/359; र मानवअधिकार र विश्व न्याय केन्द्र, NYU School of Law, "रहस्यको हराइरहेको टुक्राः नेपालमा जातीय विभेद" (२००५), www.chrgj.org/docs/Missing%20Piece%20of%20the%20Puzzle.pdf

१० भण्डै आधा जति दलितहरू गरिबीको रेखामुनि बस्दछन्, र पहाडी जनजातिमा पनि गरिबीको भार राष्ट्रिय औसतभन्दा धेरै नै बढी छ । थप जानकारीका लागि हेर्नुहोस् : अन्तर्राष्ट्रिय विकास विभाग (डिफिड) र विश्व बैंक, "असमान नागरिकहरूः नेपालमा लैङ्गिक, जातीय र जनजातीय बहिष्करण", http://siteresources.worldbank.org/EXTSOCIALDEV/Resources/3177394-1168615404141/NepalGSEASummaryReport-part1.pdf

११ विस्तृत शान्ति सम्झौता, धारा ५.२.३ का अनुसार दुवै पक्षलाई युद्धको क्रममा बेपत्ता पारिएका वा हत्या गरिएका व्यक्तिहरूको परिचय सम्झौतामा हस्ताक्षर भएको ६० दिन भित्र सार्वजनिक गर्नु पर्ने हुन्छ । धारा ५.२.४ ले "राष्ट्रिय शान्ति तथा पुनर्स्थापनाआयोग स्थापना गर्ने र "विस्थापित र द्वन्द्व पीडितहरूलाई राहत र पुनर्स्थापनाकार्यक्रम सञ्चानल गर्ने" उल्लेख गरिएको छ । धारा ५.२.५ मा दुवै पक्षले "मानवअधिकारको गम्भीर उल्लङ्घन र मानवताविरुद्धको अपराधमा संलग्न भएका व्यक्तिहरूको बारेमा सत्य अनुसन्धान गर्न र समाजमा मेलमिलापको वातावरण बनाउन"का लागि एउटा उच्चस्तरीय सत्य आयोग स्थापना गर्न सहमती जनाएका छन् । धारा ७.१.३ ले "द्वन्द्व पीडित, यातना पीडित र बेपत्ताका परिवारहरूको राहत प्राप्त गर्ने अधिकार"के प्रत्याभूत गर्दछ । धारा ७.५.३ मा हस्ताक्षरकर्ताहरूद्वारा "द्वन्द्वको क्रममा घाइते भएकाहरूलाई औषधोपचार उपलब्ध गराउने र पुर्नस्थापनाको लागि काम गर्ने"कुरामा प्रतिबद्धता व्यक्त गर्दछन् ।

१२ अन्तरिम संविधानअन्तर्गतका जिम्मेवारीहरूमा "सशस्त्र द्वन्द्वको क्रममा मारिएकाहरूको परिवारलाई तथा यस क्रममा घाइते भई अपाङ्ग र अशक्त भएकाहरूलाई उचित राहत, सम्मान तथा पुनर्स्थापनाको व्यवस्था गर्ने" (धारा ३३(त)); "सशस्त्र द्वन्द्वको क्रममा बेपत्ता पारिएका व्यक्तिहरूको सम्बन्धमा गठित छानबिन आयोगको प्रतिवेदनका आधारमा त्यस्ता व्यक्तिहरूका पीडित परिवारहरूलाई राहत उपलब्ध गराउने" प्रावधान (धारा ३३(थ)); ". . .विस्थापितहरूको पुनर्स्थापना गर्न . . .विशेष कार्यक्रम सञ्चालन गर्ने. . . (धारा ३३ (द)); र " . . . उच्चस्तरीय सत्य निरूपण तथा मेलमिलाप आयोग गठन गर्ने . . . " (धारा ३३ (ध)) रहेका छन् ।

१३ उदाहरणको लागि हेर्नुहोस् : राजेन्द्र प्रसाद ढकाल (अधिवक्ता)को पक्षमा रविन्द्र प्रसाद ढकालविरुद्ध नेपाल सरकार (१८ जेठ २०६४), सर्वोच्च अदालत, र जुरी नेपाल र रामकुमार भण्डारी समेत विरुद्ध नेपाल सरकार (१८ पौष २०७१) ।

१४ २०६९ साल जेठ मा पहिलो संविधा सभाको विघटन हुनुपूर्व धेरै वर्षदेखि परामर्श र संसदीय पुनरावलोकनबाट गुज्रिएका सत्य आयोग तथा बेपत्ता आयोग स्थापनासम्बन्धी मस्यौदा विधेयकहरूलाई फिर्ता लिइयो । २०६९ चैत्रमा सत्य आयोग

पछिल्लो अवस्थामा २८ वैशाख २०७१ मा बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरूपण तथा मेलमिलाप आयोगको सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन (बेपत्ता तथा सत्य आयोग ऐन) राष्ट्रपतिद्वारा हस्ताक्षर भै कानुनमा परिणत भएको छ। यो ऐनमा समानान्तर सत्य आयोग र बेपत्ता आयोग स्थापना गर्नेसम्बन्धी प्रावधान रहेको छ। मुख्य राजनीतिक दलहरूले यो ऐनमा सहमति जनाएको भएपनि संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार उच्चायुक्त र अन्य राष्ट्रसङ्घीय विशेषज्ञहरू, र नेपालका पीडित र मानवअधिकार समुदायले यो कानुनको आलोचना गरेका छन् र परिमार्जन गर्नका लागि माग गरेका छन्।[१५] २३४ जना पीडितहरूले संयुक्त रूपमा यो कानुनको विरुद्ध सर्वोच्च अदालतमा मुद्दा पनि हालेका छन् जसको परिणाम यो प्रतिवेदन लेखिंदै गर्दाको अवस्थामा प्राप्त भइसकेको छैन। आइसिटिजेले पनि ऐनको बारेमा आफ्नो चासोहरू सार्वजनिक गरेको छ। व्यक्तिगत घटनाहरूको अनुसन्धान र पीडित तथा पीडकहरू बीचमा मेलमिलाप गराउने सम्बन्धमा अव्यवहारिक रूपमा भएको ध्यान, अन्तर्राष्ट्रिय कानुनअन्तर्गतका अपराधहरूमा पनि क्षमादानको सिफारिस गर्न सक्ने सम्भावना र यसको कारबाहीहरूमा पीडितहरूलाई दिइएको सङ्कुचित स्थान लगायतका बारेमा आइसिटिजेले चासो व्यक्त गरेको छ।[१६]

सत्य आयोग स्थापनासम्बन्धी प्रस्तुत गरिएका विभिन्न कानुनहरूमा परिपूरणसम्बन्धी प्रावधानहरू समावेश गरिएका छन्। पछिल्लो पटक ग्रहण गरिएको कानुनले पनि यसैगरी आयुक्तहरूलाई क्षतिपूर्ति, प्रतिस्थापना, पुनर्स्थापना र निःशुल्क शिक्षा र स्वास्थ्य सेवा लगायतका अन्य परिपूरणका उपायहरू; सीप विकास तालिम र रोजगारी; आवासमा सहयोग; र ऋणको रूपमा आर्थिक सहयोग आदिको सिफारिस गर्ने अधिकार दिएको छ।[१७] यद्यपि, औपचारिक सत्य निरूपणसम्बन्धी संयन्त्रहरूको स्थापनामा भएको ढिलो प्रगतिले परिपूरणमा पनि ढिलाइ भएको छ। यो प्रतिवेदनले देखाएजस्तै, यस्तो ढिलाइले पीडितहरूलाई थप अभावग्रस्तता र निराशामा धकेलेको छ।

सत्य आयोग तथा बेपत्ता आयोगमाथि लम्बिएको विवादले फौजदारी जवाफदेहीता लगायत अन्य क्षेत्रमा हुनुपर्ने प्रगतिमा पनि अवरोध भएको छ। एक पछि अर्को बनेका सरकारहरूले द्वन्द्वसँग सम्बन्धित मुद्दाहरू माफी

र बेपत्ता आयोग दुवैको काम एउटै आयोले गर्ने प्रावधान सहित बेपत्ता पारिएका व्यक्तिहरूको छानबिन, सत्य निरूपण तथा मेलमिलाप आयोगसम्बन्धी प्रतिस्थापन अध्यादेश जारी भयो। १८ पौष २०७१ को सर्वोच्च अदालतको फैसलाले अध्यादेशका आममाफी, फौजदारी अभियोजन, र फौजदारी मुद्दा दर्ता गर्ने ३५ दिने हदम्याद अन्तरिम संविधान, अन्तर्राष्ट्रिय मापदण्डहरू र न्यायका मान्य सिद्धान्तहरू विपरित भएको जनाउँदै उक्त अध्यादेशलाई सो अनुरूप हुनेगरी परिमार्जन गर्न आदेश जारी गरेको थियो।

१५ हेर्नुहोस् उच्चायुक्तको कार्यालयको प्रेस वक्तव्य, "नेपालः गम्भीर मानवअधिकार उल्लङ्घनहरूमा आममाफी दिने नयाँ प्रयासका विरुद्ध पिलेको चेतावनी," May 14, 2014, www.ohchr.org/EN/NewsEvents/Pages/DisplayNews.aspx?NewsID=14510&LangID=E; उच्चायुक्तको कार्यालय समाचार विज्ञप्ति, "नेपालः सत्यको खोजीसम्बन्धी कानुनले दण्डहीनतालाई थप मजबूत बनाउने खतरा, संयुक्त राष्ट्रसङ्घीय विशेषज्ञहरूले सचेत गराए," July 4, 2014, www.ohchr.org/en/NewsEvents/Pages/NewsSearch.aspx?NTID=PRS; जवाफदेहीता निगरानी समिति (AWC), प्रेस वक्तव्य , May 13 and July 13, 2014, यहाँ उपलब्ध छ http://twitdoc.com/view.asp?id=138379&sid=2YRV&ext=PDF&lcl=AWC-press-statement-on-TRC-Act-.pdf&usr=TJNepal&doc=225571118&key=key-USvPqtg2z4Qnb0iaL07J र http://twitdoc.com/view.asp?id=145489&sid=349D&ext=PDF&lcl=AWC-Statement-13-Jul-2014-ENG-.pdf&usr=TJNepal&doc=233952959&key=key-1oxhIFKDGj05eI8Y5jcE; "बेपत्ता पारिएका व्यक्ति छानबिन तथा सत्य निरूपण र मेलमिलाप आयोगसम्बन्धी विधेयकमा द्वन्द्वपीडित समुदायको चासो", April 27, 2014, *Himalayan Times* मा रिपोर्ट गरिएको, www.thehimalayantimes.com/fullNews.php?headline=Conflict+victims+concerned+over+endorsed+Bill&NewsID=413026); र "बेपत्ता पारिएका व्यक्तिहरूको छानबिन र सत्य निरूपण तथा मेलमिलाप आयोगसम्बन्धी विचाराधिन ऐनमा द्वन्द्वपीडितहरूको गम्भीर चासो," May 10, 2014.

१६ हेर्नुहोस् आइसिटिजेका सत्य र स्मृति कार्यक्रमका निर्देशक एडुवार्डो गोन्जालेज कुएभा को विचार, "सत्य भनियोस्ः सत्य आयोगले सबै सीमाहरूका बावजुत पनि पीडितहरूलाई राष्ट्रका सामु उनीहरूले कसरी पीडा भोगे भन्ने कुरा भन्ने प्लेटफर्म प्रदान गर्नु पर्दछ," May 21, 2014, www.ekantipur.com/2014/05/21/opinion/truth-be-told/389837.html.

१७ बेपत्ता भएका व्यक्तिहरूको छानबिन, सत्य निरूपण तथा मेलमिलाप आयोग ऐन, दफा २३, परिपूरणका लागि सिफारिस गर्ने।

वा फौजदारी अनुसन्धानको रूपमा "कारबाही"को सिफारिस गर्ने अधिकार प्राप्त संयन्त्रका रूपमा स्थापना हुने सत्य आयोगले सम्बोधन गर्ने भनी बताएका छन् । बेपत्ता तथा सत्य आयोग ऐनका अनुसार, बेपत्ता आयोग र सत्य आयोगले सिफारिस गरेका मुद्दाहरूको अभियोजनका लागि एउटा विशेष अदालतको स्थापना गरिने छ । यो आधारमा एक पछिका अर्का सरकारहरूले १,२०० भन्दा बढी जसमा धेरै जसो द्वन्द्वसँग सम्बन्धित फौजदारी मुद्दाहरूको अनुसन्धान फिर्ता गर्न आदेश दिएका छन् ।[१८] यो ढिलाइ तथा मुद्दा फिर्ताको एकीकृत असरले द्वन्द्वसँग सम्बन्धित अपराधहरू सम्बोधन गर्ने सरकारको तत्परतासम्बन्धी आत्मविश्वासमा ह्रास आउन, न्यायपालिकाको स्वतन्त्रतामा आँच पुग्न, र नेपालमा दण्डहीनता थप मौलाउनका लागि परेको छ ।

यसैगरी, द्वन्द्वकालमा धेरैजसो मानवअधिकार उल्लङ्घनमा जिम्मेवार रहेका सुरक्षाबलहरू लगायतको संस्थागत सुधार अगाडि बढ्न सकेको छैन । नेपाली सेनालाई लोकतान्त्रिकरण गर्ने भनी शान्ति सम्झौता र अन्तरिम संविधानमा जनाइएको प्रतिबद्धताहरूलाई बेवास्ता गरिएको छ ।[१९] सन् २०१२ मा सर्वोच्च अदालतले सुरक्षा निकाय लगायतका अधिकारीहरूको भर्ती, बडुवा र सरुवा गर्ने क्रममा छानबिन गर्नको लागि कानुनी प्रावधान तयार गर्न गरेको आदेशलाई अझै कार्यान्वयन गरिएको छैन ।[२०] यही क्रममा मानवअधिकार उल्लङ्घनमा संलग्न भएका हुन सक्ने प्रहरी र सेनाका सन्दिग्ध कर्मचारीहरू निर्वाध दुवै निकायमा सेवारत नै छन् ।

अन्तरिम राहत कार्यक्रम

अन्तरिम राहत कार्यक्रम नेपाल सरकारका तर्फबाट द्वन्द्वसँग सम्बन्धित मानवअधिकार ज्यादतीलाई सम्बोधन गर्ने सवालमा भएको अहिलेसम्मको सबैभन्दा मूर्त प्रतिक्रिया हो । यसले पीडितहरूको परिपूरणको अधिकारलाई सम्बोधन नगरेपनि विस्तृत शान्ति सम्झौता र अन्तरिम संविधानअन्तर्गतको द्वन्द्वपीडितहरूलाई राहत प्रदान गर्ने र पुनर्स्थापना गर्ने प्रतिबद्धताको पालना गर्ने सवालमा भएको पहिलो कदमको प्रतिनिधित्व गर्दछ ।

अन्तरिम राहतको नीतिगत उद्देश्य २०६३ मंसिर मा विस्तृत शान्ति सम्झौतामा हस्ताक्षर भएको बेलासम्म द्वन्द्वको कारणले हानि भोगेका जोसुकैलाई "आर्थिक सहयोग र राहत" उपलब्ध गराउने भनी उल्लेख गरिएको छ ।[२१] "पीडितहरू" भन्नाले हत्या गरिएका, अपहरणमा परेका, बलपूर्वक बेपत्ता पारिएका, विस्थापित भएका, वा सम्पत्तिको क्षति भोगेका व्यक्ति तथा तिनका परिवारका सदस्यहरू भनी परिभाषित गरिएको छ ।[२२] यो परिभाषाले यातना, बलात्कार र अन्य यौनजन्य हिंसाका पीडितहरूलाई बहिष्कार गरेको छ ।

फेब्रुअरी २०१४ सम्ममा अन्तरिम राहत कार्यक्रमअन्तर्गत जम्मा १२८,४२४ आवेदनहरूलाई योग्य ठानिएको थियो र जम्मा रु. ३.६५ अरब (झण्डै ३६.५ मिलियन अमेरिकी डलर) आर्थिक सहायतास्वरूप वितरण गरिएको छ ।[२३] यसमा मृतकका आफन्तहरूले पाएका एकमुष्ठ रकम (१४,२०१ ले प्राप्त गरेका); विधवाहरूका लागि (योग्य ठानिएका ९,००० मध्ये ४,५५२ ले प्राप्त गरेका) र बेपत्ता पारिएका व्यक्तिहरूका श्रीमतीहरूका लागि (१,००० योग्य ठानिएकोमा ६४८ ले प्राप्त गरेका) प्रत्यक्ष आर्थिक सहयोग; तीन जनासम्म बालबालिकाहरूका

---

१८ हेर्नुहोस् ट्रायल समेत, "नेपालको दोश्रो अद्यावधिक प्रतिवेदनको सवालमा मानवअधिकार समितिको लागि प्रश्नहरूको सूची ग्रहण गर्नका लागि लिखित जानकारी (CCPR/C/NPL/2)" (April 2013), www.trial-ch.org/fileadmin/user_upload/documents/CAJ/Nepal/NEPAL_REPORT_to_HRC_TRIAL.pdf.

१९ विस्तृत शान्ति सम्झौता, धारा ४.७, र भाग २०, अन्तरिम संविधान २०६३, सेनासम्बन्धी व्यवस्था, धारा १४४ (३-४) ।

२० *सुनिल रन्जन सिंह र दिपेन्द्र झा विरुद्ध प्रधानमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय समेत, रिट नं. ०६७-WO-११९८, २८ श्रावण २०१२, सर्वोच्च अदालत* । दुईजना अधिवक्ताहरूले द्वन्द्वकालमा धनुषा जिल्लाका पाँच जना विद्याथीहरूलाई बलपूर्वक बेपत्ता पार्ने कार्य र त्यसपछिको हत्यामा संलग्न भएको आशङ्का गरिएका कुवेर सिंह राणाको नेपाल प्रहरीको महानिरिक्षक पदमा भएको पदोन्नती फिर्ता गर्न माग गर्दै गरिएको रिट निवेदनको जवाफमा अदालतले सो आदेश जारी गरेको थियो ।

२१ अन्तरिम राहत दस्तावेज, १३ वैशाख २०६५ ।

२२ अन्तरिम राहत दस्तावेज, "मन्त्रिपरिषद्को निर्णयअनुसार द्वन्द्वपीडितहरूलाई आर्थिक सहयोग र राहतसम्बन्धी उपायहरू", १३ वैशाख २०६५ ।

२३ राहत तथा पुनर्स्थापना इकाइले २४ माघ २०७० मा आइसिटिजेको अनुरोधमा दिएको जानकारीअनुसार ।

लागि छात्रवृत्ति (८,००० भन्दा बढी बालबालिकाहरूले लाभ लिएका); "अङ्गभङ्ग" भएकाहरूलाई एकमुष्ठ सहायता (योग्य ठानिएका सबै ८,१९१ ले प्राप्त गरेका); र टुहुरा बालबालिकाहरूलाई आर्थिक सहयोग (योग्य ठानिएका सबै ६२० ले प्राप्त गरेका) पर्दछन् । यसमा सबैभन्दा धेरै सङ्ख्यामा अन्तरिम राहत प्राप्त गर्नेहरूमा द्वन्द्वकालमा विस्थापितहरू र सम्पत्ति गुमाएका वा सम्पत्ति क्षति भएका व्यक्तिहरू पर्दछन् ।[२४]

जुलाई २०११ देखि योग्य द्वन्द्वपीडितहरूले अन्तरिम राहतअन्तर्गतको रोजगार तथा स्वरोजगार (ESES) कार्यक्रबाट पनि लाभ लिएका छन् जसअन्तर्गत सीप विकास तालिम र रोजगारीमा लाग्ने जस्ता कुराहरू पर्दछन् ।[२५] ५४ जिल्लामा लागू गरिएको यो योजनाले विभिन्न सीपहरूका बारेमा १४,७७० व्यक्तिहरूलाई तालिम दिएको बताइएको छ ।[२६] यी तालिमहरू पश्चात कतिले सफलताका साथ रोजगारी पाएका छन् वा आफ्नै निजी व्यवसाय सुरुआत गरेका छन् भन्ने बारेमा कुनै जानकारी उपलब्ध छैन ।

सरकारले अगष्ट २०१३ मा अन्तरिम राहत कार्यक्रमको अन्तिम अवयव मनोसामाजिक परामर्श सेवा कार्यक्रमको लागि निर्देशिका जारी गरेको छ । आर्थिक श्रोत उपलब्ध भएको अवस्थामा सन् २०१४ को अन्त्य सम्ममा यो कार्यक्रमलाई कार्यान्वयन गर्ने लक्ष राखिएको छ ।[२७] यो कार्यक्रम "द्वन्द्व प्रभावित व्यक्तिहरू"लाई विभिन्न खाले मनोसामाजिक परामर्श सेवा र सहयोग प्रदान गर्नको लागि तर्जुमा गरिएको छ । जसअन्तर्गत, समुदायमा आधारित सामान्य सेवाहरू जस्तै समकक्षी सहयोगी समूहहरू, र परिवारमा पुनःघुलमिल हुनको लागि तालिमदेखि लिएर बढी गम्भीर मनोसामाजिक समस्यामा रहेकाहरू र विशेष औषधोपचार सेवा तथा दीर्घकालीन सहयोगको आवश्यकता भएकाहरूलाई विशेष सेवाहरू पर्दछन् ।

अन्तरिम राहत कार्यक्रम अल्पकालीन प्रतिक्रियाका दृष्टिकोणमा तुलनात्मक रूपमा छिटो प्रदान गरिएको र उपयोगी भएको भए पनि यसलाई अवधारणगत, सारभूत, र प्रक्रियागत आधारमा आलोचना गरिएको छ । आधारभूत रूपमा, अन्तरिम राहतले सेवाग्राहीहरूलाई न त मानवअधिकार उल्लङ्घनका पीडितको रूपमा व्यवहार गर्दछ न यी उल्लङ्घनहरूमा राज्यको जिम्मेवारीको स्वीकार नै गर्दछ (राज्य आफैंले उल्लङ्घन गरेर वा अरूले उल्लङ्घन गर्न लागेकोमा नरोकेर);[२८] तथापि, अधिकारको उल्लङ्घन भएको थियो र यसबाट हुने

---

२४ अन्तरिम राहतका लागि तथ्याङ्क सङ्कलनमा सहयोग गर्न शान्ति मन्त्रालयअन्तर्गत स्थापना गरिएको इकाइ द्वन्द्व प्रभावित व्यक्ति-परिवार तथा संरचनाको लगत सङ्कलन कार्यदलको तथ्याङ्कअनुसार ७९,५७१ विस्थापित पीडितहरू र १७,४८४ सम्पत्ति गुमाएका वा सम्पत्तिमा क्षति पुगेका पीडितहरूले राहत प्राप्त गरे । "कार्यदलको प्रतिवेदन" (नेपालीमा) http://116.90.236.110/cms/victims/reports/reportExternal.php.

२५ सशस्त्र द्वन्द्वको क्रममा पीडित भएका व्यक्तिहरूको लागि रोजगारी/स्वरोजगारी सेवा सञ्चालन गर्ने निर्देशिका २०६७ (२०११) ।

२६ कृषि, मेकानिक्स, सिकर्मी, शिल्प कला, पर्यटन, केशप्रशाधन/सौन्दर्य, सिलाइबुनाइ, क्याटरीङ्ग जस्ता क्षेत्रहरूमा सीपमूलक तालिम प्रदान गरिएको छ ।

२७ मनोसामाजिक परामर्श सेवा सञ्चालन निर्देशिका २०७० (२०१३) ।

२८ उल्लङ्घनहरूमा राज्य तथा विद्रोही पक्षहरूको तुलनात्मक जिम्मेवारीहरूको विस्तृत जानकारी दिन यहाँ सम्भव छैन, र एउटा छोटकरी सारांशले पर्याप्त हुन्छ । गैरराज्य पक्षबाट भएका उल्लङ्घनहरूमा राज्यको जिम्मेवारी उचित व्यवहार र संरक्षित अधिकारको प्रत्याभूति गर्नमा सबै मुनासिब कदमहरू चाल्नेसम्बन्धी प्रश्नमा सीमित रहन्छ । (उदाहरणका लागि हेर्नुहोस्, क्रिस्टिन चिन्किन, "सार्वजनिक/निजी आयामको आलोचना,*यहाँ,* 10(2) EUR. J. INT⊥L L. 387 (1999), लुइगी कन्डोरेली, अन्तर्राष्ट्रिय आतङ्कवादका कार्यहरूमा राज्यहरूको सम्बन्ध, 19 ISR. Y.B. H.R. 233, 241○42 (1989); र युरोपेली मानवअधिकार अदालतको ग्रान्ड च्याम्बरको निर्णय *माल्दोभन विरुद्ध रुमानिया,* (नं २) जुलाई १२, २००५, अनुच्छेद ९३-९८) । अर्को तर्फ, बिद्रोही पक्षहरू जो पछि सत्तामा आउँदछन् उनीहरू विद्रोही भएका बेलामा तिनले गरेका उल्लङ्घनमा उनीहरूलाई जिम्मेवार बनाउन सकिने छ (राज्यको दायित्वसम्बन्धी अन्तराष्ट्रिय कानुन आयोगको मस्यौदा धारा १० (२); आल्लम, "राष्ट्रिय स्वतन्त्रता आन्दोलन र अन्तर्राष्ट्रिय दायित्व," एम स्पिनेडी र बि. सीमा (सम्पादित), *संयुक्त राष्ट्रसङ्घको राज्यको जिम्मेवारीसम्बन्धी संहिता* (१९८७) पेज ३५-५६)), तर उनको अडानमा पनि केही सम्भावित कमीकमजोरीहरू रहेका छन् (हेर्नुहोस् *शर्ट विरुद्ध इरान,* १९८७ इरान-संयुक्त राज्य अमेरिका CTR, ६७) । आइसिटिजेको धारणा के छ भने नेपाल जस्तो युद्धरत दुवै पक्षले मानवअधिकार उल्लङ्घन गरेका तथा द्वन्द्वको समाप्ति पछि दुवै पक्षले

परिणामको क्षतिपूर्ति गर्ने जिम्मेवारी राज्यमा निहित हुन्छ भन्ने आधारमा परिपूरणलाई बुझिनु पर्दछ ।

यो कार्यक्रमको तर्जुमालाई पनि धेरै आलोचना गरिएको छ, खासगरि असमानता र कुनै खास समूहका पीडितहरू विशेषतः महिलाहरूलाई बहिष्कार गरेको सवालमा । सुरुमा मृतकका परिवार र बलपूर्वक बेपत्ता पारिएका व्यक्तिहरूको परिवारलाई उपलब्ध लाभहरूको बीचमा भएको असमानतालाई पछि सम्बोधन गरिएको थियो र बेपत्ताका श्रीमतीहरू र मृतकका हकमा विधवाहरूलाई बराबर एकमुष्ठ राहत रकम भुक्तानीको सुनिश्चित गरिएको थियो । यद्यपि, ज्यादै कमजोर आर्थिक अवस्था भएका र सहयोगको आवश्यकतामा रहेका धेरै परिवारहरूले सुरुमा मृतकका परिवारलाई दिइएको बढी नगद लाभ आफूले पनि प्राप्त गर्नका लागि भनी बेपत्ता पारिएका आफ्ना आफन्तहरूलाई मृत घोषणा गरेका थिए ।

यातना, बलात्कार र अन्य लैङ्गिक तथा यौनजन्य हिंसाका पीडितहरूको बहिष्करणलाई भने अझै सच्चाइएको छैन । सिद्धान्ततः शारीरिक चोट झल्काउने अवस्था भएमा औषधोपचारमा खर्च भएको रकमको पुनर्भुक्तानी गरिने भन्ने अपाङ्गता वा अशक्ततासँग सम्बन्धित अन्तरिम राहत कार्यक्रमका प्रावधानहरूले यातनापीडितहरूलाई समेट्न सक्दछ ।[२९] यद्यपि, वास्तवमा कमजोर ढङ्गमा ल्याइएको यो नीतिले तथ्यगत ढङ्गमा नै सबै नभए पनि धेरै जसो यातनापीडितहरूलाई बहिष्कृत गरेको छ किनभने यो सुविधा औषधोपचार प्राप्त नगरेकाहरूलाई उपलब्ध छैन, नेपाल बाहिर गएर औषधोपचार गराएका पीडितहरूले पनि यो सुविधा प्राप्त गर्न सक्दैनन् (नेपाल भित्र उपचार गराएको खर्च मात्र पुनर्भुक्तानी गरिन्छ), र बील वा औषधोपचार प्राप्त गरेर खर्च भएको जनाउने प्रमाणजन्य कागजहरू नभएका वा सो कागजातहरू हराएका व्यक्तिहरूले पनि यो लाभ हाँसिल गर्न सक्दैनन् । बलात्कार र अन्य यौनिक तथा लैङ्गिक हिंसाका पीडितहरू खासमा अझ बढी मारमा छन् किनभने लाज र सामाजिक कलङ्कको डरले उनीहरूलाई सहायताको खोजी गर्नमा पनि निकै कठिनाइ हुने गर्दछ । साथै उनीहरूले प्राप्त गरेको चोट र द्वन्द्वसँग सम्बन्धित अपराधहरूको बीचको सम्बन्ध स्थापित गराउन लैङ्गिक र यौनिक हिंसाका असरहरूका बारेमा तालिमप्राप्त र सो विषयमा संवेदनशील चिकीत्सक वा मेडिकल कर्मचारीहरू नभएमा असम्भव प्राय हुन्छ ।

सामान्यरूपमा भन्नु पर्दा अन्तरिम राहत कार्यक्रमअन्तर्गतका लाभहरू यातनाका दीर्घकालीन असरहरू सम्बोधन गर्न वा पीडितहरूलाई अक्सर आवश्यक पर्नसक्ने विशेषज्ञ सेवा र हेरचाह उपलब्ध गराउने उद्देश्यका साथ तर्जुमा गरिएको थिएन । यसका अलावा, अन्तरिम राहत कार्यक्रमको भौतिक चोटहरूलाई मात्र राहत दिने साँघुरो दृष्टिकोणले यातना तथा यौनजन्य हिंसाबाट हुने मनोसामाजिक असरहरूलाई समावेश गर्दैन । सरकारले यो बहिष्करणलाई नयाँ तर्जुमा गरिएको र कार्यान्वयनको क्रममा रहेको मनोसामाजिक परामर्श सहयोग कार्यक्रममा पुनःदोहोऱ्याउनुका साथै अझ थप बढावा दिएको छ जसअनुसार यो मनोसामाजिक सेवा अन्तरिम राहत कार्यक्रमअन्तर्गत योग्य भएकाहरूलाई मात्र उपलब्ध छ ।[३०]

अन्त्यमा, अन्तरिम राहत कार्यक्रमका कार्यविधिहरू एकदमै जटिल भएको, पारदर्शीताको अभाव भएको, गरिब

सत्ता र शक्ति चलाइरहेको परिवेशमा द्वन्द्वको क्रममा दुवै पक्षद्वारा भएको सबै उल्लङ्घनहरूलाई कम्तिमा पनि नीतिगत र तार्किक हिसावमा भन्ने हो भने कानुनी तवरमा राज्यको जिम्मेवारीको रूपमा ग्रहण गरिनु पर्दछ ।

२९ अन्तरिम राहत कार्यक्रम नीति दस्तावेज, "द्वन्द्वपीडितहरूलाई आर्थिक सहयोग र राहतका उपायहरू, मन्त्रिपरिषद् को फैसलाअनुसार", दफा २ "घाइतेहरूका लागि औषधोपचार," १३ वैशाख २०६५ ।

३० अन्तराष्ट्रिय आप्रवासी सङ्गठन (आइओएम), जसले मनोसामाजिक परामर्श कार्यक्रम कार्यान्वयनका लागि कार्यक्षेत्र निर्देशिका (फील्ड म्यानुअल) बनाउने जिम्मेवारी पाएको थियो, का अनुसार, यातना, बलात्कार र यौनिक तथा लैङ्गिक हिंसाका पीतिहरूले आधारभूत सामुदायिक सुविधाहरू प्राप्त गर्न सक्दछन् तर बढी गम्भीर मानसिक तथा शारीरिक समस्याबाट गुज्रिरहेका र दीर्घकालीन र विशिष्टिकृत सेवा तथा हेरचाह आवश्यक पर्ने पीडितहरूलाई विशिष्टिकृत सेवा कार्यक्रममा सिफारिस गर्न भने उनीहरू योग्य हुँदैनन् । यातना क्षतिपूर्ति प्राप्त गर्ने कानुनी संयन्त्र पनि छ तर यी बाटाहरू अदालतमा मुद्दा लाने क्रममा वादीले भोग्न सक्ने सम्भावित खतराका कारण वा अदालतहरूले क्षतिपूर्ति प्रदान गर्न भनी दिएका आदेशहरूको कार्यान्वयनमा भएको निरन्तरको असफलता लगायतले निष्प्रभावी भएका छन् ।

र दुर्गम इलाकाहरूमा बस्ने पीडितहरूको पहुँचमा कठिनाइ भएको, वा लिङ्ग, जात, जनजाति, वा कमजोर आर्थिक हैसियत भएका पीडितहरूले थप व्यवधान झेल्नुपरेका लगायत आधारहरूमा आलोचना गरिएको छ । विशेषतः मन्त्रिपरिषद्-पारित निर्देशिकाहरूमा निवेदन दिन र लाभ प्राप्त गर्नका लागि राखिएका विस्तृत र विभिन्न तह-तहमा पुरा गर्नु पर्ने आवश्यकताहरू द्वन्द्वपीडितहरूले सेवा प्राप्त गर्नमा सहयोग पुऱ्याउन मद्दत पुग्नेगरी तर्जुमा गरिएका थिएनन् ।[३१]

३१ अन्तरिम राहत कार्यक्रमको चासोका बारेमा विस्तृतरूपमा थाह पाउनका लागि, हेर्नुहोस्, आइसिटिजे, "राहतदेखि परिपूरणसम्मः पीडितहरूको आवाजको सुनुवाइ" (२०११), https://ictj.org/publication/relief-reparations-listening-voices-victims, र एड्भोकेसी फोरम, "विभेद र अनियमितताःनेपालको अन्तरिम राहतको दुखःद कथा" (२०१०), http://advocacyforum.org/downloads/pdf/publications/Discriminations_and_Irregularities_A_painful_tale_of_Interim_Relief_in_Nepal.pdf

३. अनुसन्धान विधि

अध्ययन गरिएको जनसङ्ख्याको विवरण

यो अनुसन्धानमा दुई मुख्य प्रकृतिका सहभागीहरूले भाग लिएका थिए: १) अन्तरिम राहत कार्यक्रमअन्तर्गतका सुविधाहरूका लागि योग्य भएका र सोबाट लाभान्वित द्वन्द्वपीडितहरू, र २) अन्तरिम राहत कार्यक्रममा भएको नीतिगत बहिष्करणका कारण यसबाट लाभ लिन नसकेकाहरू। "अन्तरिम राहत कार्यक्रमका लाभान्वितहरू"को फराकिलो दायरामा रहेका सहभागीहरूमा द्वन्द्वकालमा आफन्तहरू मारिएका वा बलपूर्वक बेपत्ता पारिएकाहरूको परिवारका सदस्य तथा नजिकका नातेदारहरू पर्दछन्। "अन्तरिम राहत कार्यक्रमबाट लाभान्वित नभएकाहरू" अन्तर्गतका सहभागीहरूमा यातना भोगेका पुरुष र महिला पीडितहरू थिए। महिला सहभागीहरूलाई खासमा उनीहरूले भोगेको बलात्कार वा अन्य लैङ्गिक तथा यौनिक हिंसाका आधारमा छनोट गरिएको थियो, यद्यपि उनीहरूमध्ये धेरैजसोले अतिरिक्त यातना, दुर्व्यवहार वा मानवअधिकार ज्यादतीहरू पनि भोगेका थिए। यो मापदण्ड चयन गर्नुमा, आंशिक रूपमा, पद्धतिगत चुनौतीको कारण (तल हेर्नुहोस्) पनि रहेको थियो, तर यसको उद्देश्य भने बेवास्ता गरिएका यी पीडितरूको दृष्यता बढाउनु र उनीहरूले भोगेका हानिहरू र सोबाट सिर्जित उनीहरूका आवश्यकताहरू र न्यायका लागि उनीहरूले राखेका अपेक्षाहरूका बारेमा विस्तृत बुझाइ हाँसिल गर्नु रहेको थियो।

अनुसन्धानमा सहभागी भएका ४१० द्वन्द्वपीडितहरूमा २७४ जना अन्तरिम राहत कार्यक्रमका लाभान्वितहरू (१२४ महिला तथा १५० पुरुष), मा ११४ जना पुरुष यातनापीडित र २२ जना महिला यातनापीडितहरू थिए। राज्य र माओवादीका तर्फबाट भएका गम्भीर अपराध, र दलित तथा जनजाति समुदायका पीडितहरूबीचमा सन्तुलन खोज्ने प्रयास पनि गएिको छ। साथै, अन्तरिम राहत कार्यक्रम सञ्चालन गर्न वा पीडितहरूलाई अन्य सहयोग गर्नमा सहभागी भएका जिल्लास्थित सरकारी र गैरसरकारी सरोकारलवालाहरूसँग पनि अन्तर्वार्ता लिइयो। यिनमा स्थानीय सरकारी अधिकारीहरू र स्थानीय शान्ति समितिका प्रतिनिधिहरू[३२] तथा केही निश्चित गैरसरकारी सङ्गठन (गैसस)[३३] हरू पनि समावेश छन्।

यो अनुसन्धानमा १० जिल्लाका सहभागीहरूले भाग लिएका थिए : सिराह र उदयपुर (पूर्वाञ्चल); धनुषा र काभ्रे (मध्यमाञ्चल); बागलुङ र कपिलवस्तु (पश्चिमाञ्चल); बर्दिया, जुम्ला र रोल्पा (मध्यपश्चिमाञ्चल) र कन्चनपुर (सुदुर पश्चिम)। यी जिल्लाहरूलाई नेपालको सामाजिक र सांस्कृतिक विविधता, मुख्य राजनीतिक प्रशासनिक (पूर्वदेखि पश्चिम) क्षेत्रहरू, भौगोलिक क्षेत्रहरू (हिमाल, तराई, पहाड), र द्वन्द्वले सबैभन्दा बढी

३२ स्थानीय शान्ति समिति (एलपिसि) हरूलाई सन् २००६ मा विस्तृत शान्ति सम्झौतामा हस्ताक्षर भएपछि स्थानीय स्तरमा शान्ति प्रक्रियालाई सघाउनका लागि अस्थायी संयन्त्रका रूपमा स्थापना गरिएको थिए। राजनीतिक दलहरू, नागरिक समाज, र पीडितका प्रतिनिधिहरूका प्रतिनिधिहरू समावेश हुने यो जिल्ला स्तरको अनिर्वाचित निकाय हो। अन्तरिम राहत कार्यक्रममा यिनको महत्त्वपूर्ण भूमिका रह्यो जसमा यी निकायहरूले निवेदकहरूको योग्यताको परिक्षण गरे र जिल्ला प्रमुख अधिकारीलाई सिफारिस गरे।

३३ उत्तरदाताहरूलाई प्रतिवेदनमा विस्तृत रूपमा उद्धरण गरिएको छ।

प्रभावित क्षेत्रहरू आदिलाई सकेसम्म धेरै प्रतिनिधित्व हुनेगरी छनोट गरिएको छ । यो छनोट प्रक्रियामा द्वन्द्वपीडित नेताहरू, मानवअधिकार सङ्गठनहरू, र नागरिक समाजका अन्य नेताहरूको उपस्थितिले सहभागीहरू पहिचान गर्न र आवश्यक परेमा कुनै अन्य सेवा सुविधाहरू उल्लेख गर्न सहयोग भएको थियो ।

प्रत्येक जिल्लामा उत्तरदाताहरू पहिचान गर्न र उनीहरूको सहभागीतामा सहयोग र सहजीकरण गर्नका लागि आइसिटिजे र कृपासँग एक जना "द्वन्द्वपीडित सहजकर्ता" ले काम गरेका थिए । काभ्रेमा भने दुई जना सहजकर्ताहरूलाई सहभागी गराइएको थियो । धेरै जसो सहजकर्ताहरू उनीहरू आफैं द्वन्द्वपीडितहरू थिए, यद्यपि यो अनुसन्धानमा उनीहरूले उत्तरदाताको रूपमा भने भाग लिएका छैनन् । सबै सहजकर्ताहरू जिल्ला स्तरमा सक्रिय रूपमा क्रियाशील छन् र कतिपय अवस्थामा त उनीहरूले पीडित सङ्गठनहरूको नेतृत्व पनि गरेका छन् र स्थानीय समूहमा काम गरेको वृहत अनुभवका साथै पीडित संजालमा राम्रो सम्पर्क स्थापित पनि गरेका छन् । राष्ट्रिय स्तरका पीडित नेतृत्वहरूसँगै यी सहजकर्ताहरूसँग अनुसन्धानको तर्जुमा गर्दा, निष्कर्षको विश्लेषण र व्याख्या गर्दा र सिफारिसहरू लेख्ने क्रममा थप परामर्श गरिएको थियो । (सहभागीहरूको थप विवरणका लागि परिशिष्ठ "अ" हेर्नुहोस्)

अनुसन्धानका लागि छनोट गरिएको १० जिल्लाहरूको नक्शा



अनुसन्धान साधनहरू

अनुसन्धान प्रश्नहरूमा छलफल गर्नका लागि आइसिटिजे र कृपाले संयुक्त रूपमा चार वटा गुणात्मक अनुसन्धान साधनहरूको विकास गरेका थिए जसलाई तल सङ्क्षेपमा उल्लेख गरिएको छ । अनुसन्धान तर्जुमा र कार्यान्वयनको थप विवरण परिशिष्ट आ मा र अनुसन्धान प्रश्नहरू अनलाइनमा यहाँ उपलब्ध छ : www.ictj.org/Nepal-Reparations-Report-Annex.pdf

- महिला यातनापीडितहरूसँगको **विस्तृत अन्तर्वार्ता** (**In-depth interviews (IDI)**) ।
- जिल्ला स्तरका सरकारी र गैससका प्रतिनिधिहरूसँग गरिएको **अर्धसंरचित अन्तर्वार्ता** (**Semi-structured interviews (SSI)**) ।
- **लक्षित नृवंशविज्ञान अध्ययन** (**Focused Ethnographic Study (FES)**), अन्तरिम राहत कार्यक्रमबाट लाभान्वित महिला तथा पुरुषहरू र यातनापीडित पुरुषहरूको प्राथमिकता तथा रुचिहरूलाई व्यवस्थित ढङ्गबाट आङ्कलन गर्नका लागि एक प्रकारको द्रुत मुल्याङ्कन प्रक्रिया ।

- **कथानक लक्षित समूह छलफल** (**Narrative focus group discussions (NFGD)**), काल्पनिक कथा र सो कथासँग सम्बन्धित प्रश्नहरू प्रयोग गरेर छलफल गर्ने विधि । यो विधि अन्तरिम राहत कार्यक्रमबाट लाभान्वित महिला तथा पुरुषहरू र यातनापीडित पुरुषहरूलाई उनीहरूको विशेष अनुभवसँग सान्दर्भिक हुनेगरी फरक फरक कथाहरूमार्फत प्रयोग गरिएको छ । कथाहरू तीन जना पात्रहरूका बारेमा केन्द्रित छ जसको सारांश तल उल्लेख गरिएको छ । (पुरा जानकारीका लागि, हेर्नुहोस् परिशिष्ट आ)

  १) ***माइली*** (अन्तरिम राहत कार्यक्रबाट लाभान्वित महिलाहरूको कथानक लक्षित समूह छलफलका लागि तयार पारिएको कथा) । माइली एकजना ३० वर्ष उमेरकी गरिब र दुर्गम गाउँकी महिला हुन् र उनका श्रीमान् २०६० सालदेखि बेपत्ता पारिएको छ । माइलीले श्रीमान्को अवस्था पत्ता लगाउन गरेका विविध प्रयासका बाबजुत पनि उनको अवस्थाको बारेमा अहिलेसम्म कुनै जानकारी प्राप्त हुन सकेको छैन । माइलीको स्वास्थ्य पनि कमजोर भएको छ । यद्यपि उनी र उनका बच्चाहरू इँट्टा कारखानामा काम गर्दछन् । उनीसँगै बसिरहेका उनका सासु ससुराले उनीहरूको छोरा बेपत्ता पारिनुको आरोप माइलीलाई लगाउँदछन् । उनलाई समाजले बहिष्कार गरेको छ र काममा पनि उनले पुरुष सहकर्मीहरूद्वारा उत्पीडन भोग्नु पर्दछ ।

  २) ***साइँला*** (अन्तरिम राहत कार्यक्रमबाट लाभान्वित पुरुषहरूको कथानक लक्षित समूह छलफलका लागि तयार गरिएको कथा) । साइँला एकजना ५० वर्षका गरिब र दुर्गम गाउँमा बसोवास गर्ने व्यक्ति हुन् । स्कुलमा पढाउने काम गर्ने उनको अविवाहित छोरोलाई २०६० सालमा बेपत्ता पारियो । अहिले १० वर्ष बितिसक्यो तर उनको छोराको अवस्था थाहा हुन सकेको छैन । तथापि साइँलाले उनको बारेमा खोजी जारी राखेका छन् । साइँलाकी श्रीमती उनीहरूको छोरा बेपत्ता हुनुमा उनीहरूको आफ्नै भाग्यलाई दोष दिन्छिन् र उनी बिरामी तथा मानसिक रूपमा उदास र दुःखी छिन् ।

  माइली र साइँला दुवैले द्वन्द्वपीडितले राहत पाउने कुरा थाहा पाए । मृतकका परिवारले भन्दा बेपत्ताका परिवारले कम राहत पाउने कुरामा बेखुसी भएपनि उनीहरू दुवैले राहत प्राप्त गर्नका लागि निवेदन दिए । दुवै जनालाई स्थानीय सरकारी कर्मचारी र छिमेकीहरूले उनीहरूका आ-आफ्ना आफन्त मृत घोषणा गरी निवेदन दिएमा बढी रकम क्षतिपूर्ति प्राप्त हुन्छ भनी विश्वस्त पारे र उनीहरूले त्यसै गरे । सरकारले अन्तरिम राहत कार्यक्रम पछि के गर्ने भन्ने बारेमा परामर्श पनि गरेको थियो, तर माइली र साइँला दुवैलाई यो परामर्शको बारेमा कुनै जानकारी छैन र उनीहरूले यो परामर्शमा भाग पनि लिएका छैनन् ।

  ३) ***काइँला*** (पुरुष यातनापीडितहरूको कथानक लक्षित समूह छलफलका लागि तयार गरिएको कथा) । काइँला एकजना प्राथमिक तहका शिक्षक हुन् र उनी आफ्नो परिवारसँग एउटा दुर्गम र गरिब गाउँमा बस्दछन् । २०५९ सालमा उनलाई केही हतियारधारी व्यक्तिहरूले नियन्त्रणमा लिएर लगेका थिए र नाम नखुलेको कुनै स्थानमा उनलाई झण्डै १० दिन बन्दी बनाएर राखिएको थियो । उनलाई त्यहाँ कुट्ने, उत्पीडन गर्ने र ज्यान लिने धम्की समेत दिइएको थियो । पछि उनलाई सडक किनारामा ल्याएर फालिएको थियो । उनले केही औषधोपचार गराए तर थप उपचार गराउने उनको आर्थिक अवस्था छैन । काइँलाकी श्रीमती बैंकमा धितो राखिएको जग्गा बैंकले लिलाम गरिदिने कुरामा एकदमै चिन्तित छिन् र दिनप्रतिदिन थप वेचैन बनिरहेकी छिन् । उनलाई अन्तरिम राहत कार्यक्रमअन्तर्गत उनीहरूले निवेदन दिन सक्दछन् भनी कसैले सल्लाह दिएका थिए तर काइँलाले औषधोपचार प्राप्त गरेका कागजातहरू सबै हराइसकेका छन् र उनीसँग आफूले प्राप्त गरेका शारीरिक चोट आदिलाई प्रमाणित गर्ने अरु कुनै कागजात पनि छैन । अन्तरिम राहत कार्यक्रम पश्चात के गर्ने भन्ने विषयमा सरकारले परामर्शहरू गरिरहेको छ तर काइँलालाई यसको बारेमा केही जानकारी छैन र उनले यस्तो कुनै कार्यक्रममा भाग लिएका पनि छैनन् ।

अनुसन्धानका सीमा तथा चुनौतीहरू

यो प्रतिवेदनका लागि गरिएको अनुसन्धान नेपालमा १० वर्षे द्वन्द्वले असर पारेका ७३ जिल्लाहरूमध्ये १० जिल्लामा मात्रै र मानवअधिकार ज्यादतीका हजारौं पीडितहरूमध्येबाट एउटा सानो नमुनामा मात्र गरिएको थियो । प्रयोजनात्मक छनोट आधारले जिल्लाहरूलाई सकेसम्म प्रतिनिधिमूलक बनाउन सुनिश्चित गर्नुका साथै अन्तर्राष्ट्रिय कानुनमा सबैभन्दा गम्भीर अपराधहरूको प्रतिनिधित्वको पनि सुनिश्चित गरेको छ । यद्यपि, थप विस्तृत र प्रतिनिधिमूलक जानकारीका लागि भने अझ बढी व्यापक र देशव्यापी परामर्शहरू गर्नु आवश्यक हुन्छ ।

यो अनुसन्धानलाई असर पारेका विशेष विषयहरूमा :

- ***हानि तथा आवश्यकताहरूको लैङ्गिक अध्ययन ।*** महिला यातनापीडितहरू (बलात्कार/यौनिक तथा लैङ्गिक हिंसाका पीडितहरूको रूपमा) छनोट गर्नका लागि तय गरिएका आधारहरूले मानवअधिकार दस्तावेजीकरणको महिलाहरूलाई यौनिक हिंसाका पीडितका रूपमा साँघुरो रूपमा हेर्ने प्रवृत्तिलाई सबलीकरण गर्ने खतरा रहेको थियो । तर वास्तवमा अन्तर्वार्ता गरिएका धेरै जसो महिलाहरूले बलात्कार/यौनिक तथा लैङ्गिक हिंसाका अलावा अरु उल्लङ्घनहरू पनि भोगेका थिए । सहभागीहरूको छनोटका लागि फराकिलो आधारहरूको प्रयोग गर्नलाई पहुँचको सवालले पनि अवरोध गऱ्यो । यद्यपि, यो अनुसन्धान प्रतिवेदनमा प्रयोग गरिएको साँघुरो परिभाषाको आधारमा महिला यातनापीडितहरूसँग पहुँच प्राप्त गर्न चुनौतीहरू पनि रहेका थिए र लक्षित ४० मध्ये २२ जनासँग मात्र अन्तर्वार्ता गर्न सफल भइयो । सामान्यतः, यो अनुसन्धानमा छलफल समूहलाई लिङ्गका आधारमा गरिएको विभाजन महिला तथा पुरुषहरूबीचका अनुभव र धारणाहरूको भिन्नता ग्रहण गर्ने कुराको सुनिश्चित गर्नका लागि प्रभावकारी भएको थियो । तथापि, अनुसन्धान साधनहरूले महिला र पुरुषहरूले दिएका फरक जवाफहरूको कारणको मुल्याङ्कनमा भने सँधै समर्थन गरेका थिएनन् ।

- ***जात र जनजातिको असरका बारेमा अनुसन्धान ।*** पीडितहरूले भोगेका हानिहरू र ती हानिबाट श्रृजना भएका आवश्यकता र आकाङ्क्षाहरूमा कसरी पीडितहरूका जात, जनजाति, आर्थिक अवस्था, र राजनीतिक आबद्धताले असर पारेका छन् भन्ने कुराको अन्वेषणमा सहयोग पुग्नेगरी अनुसन्धान साधनहरूको ढाँचा तयार गरिएको थियो । यद्यपि, यो अनुसन्धान विधिले (समय र श्रोतको कारण) विभिन्न जात, जनजाति र आर्थिक अवस्थाका प्रतिनिधिहरूसँग फरक फरक भेटघाट तथा बैठक गर्न भने सम्भव भएन । अनुसन्धानदाताहरूको मुल्याङ्कनमा तल्लो जात र कुनै कुनै जनजाति, र निम्न आर्थिक अवस्थाका प्रतिनिधिहरू कम स्पष्टभाषी थिए र परिणामस्वरूप अनुसन्धानले उनीहरूको विचार र अनुभवलाई पूर्ण रूपमा पकड्न सकेको छैन ।

- ***साक्षरता स्तर ।*** लक्षित नृवंशविज्ञान अध्ययनको प्रभावकारिता सहभागीहरूको साक्षरता स्तरमा भर पर्दछ भन्ने कुरामा सुरुदेखि नै ख्याल गरिएको थियो । वास्तवमा, अनुसन्धान टोलीले सोचेभन्दा उल्लेखनीय बढी समय सहभागीहरूलाई जवाफ लेख्नमा सहयोग गर्नमा खर्च गरे जसले छलफलको लागि उपलब्ध समय पनि सीमित भएको थियो । यद्यपि यी लक्षित नृवंशविज्ञान अध्ययनका निष्कर्षलाई यिनै विषयहरूमा गरिएको अलग कथानक लक्षित समूह छलफलसँग तुलना गर्न सकिन्छ । यी दुईबीचको तुलनालाई अझै पनि प्रभावकारी ढङ्गमा हेर्न सकिन्छ ।

४. द्वन्द्वका हानिहरू

हत्या गरिएका र बेपत्ता पारिएका व्यक्तिहरूको परिवारका सदस्यहरू र पुरुष यातनापीडितहरूमा परेका असर हरूलाई कथानक लक्षित समूह छलफल र लक्षित नृवंशविज्ञान अध्ययन अभ्यासहरू (सूचीकरण र श्रेणीकरण अभ्यासहरू)का माध्यमबाट अन्वेषण गरियो । नृवंशविज्ञान अध्ययन सत्रहरूमा, उत्तरदाताहरूलाई उनीहरूले भोगेका हानिहरूलाई सूचीकृत गर्न भनिएको थियो । सूचीकरण पश्चात प्राप्त भएका परिणामहरूलाई त्यसपछि कुनै एउटा हानिलाई उद्धृत गरिएको आवृत्ति पहिचान गर्न, र निजी सूचीहरूमा यदि कुनै एउटा हानि औसतमा सबैभन्दा उच्च तहमा श्रेणीकृत भएमा तिनलाई उच्च सान्दर्भिकता वा महत्त्व दिएर हानिहरूको प्रधानता पहिचान गर्नका लागि विश्लेषण गरिएको थियो । सूचीकृत हानिहरूलाई तीनको कठोरताको आधारमा श्रेणीकृत गर्नका लागि दोश्रो अभ्यास गरिएको थियो । विषयवस्तुहरूमा बढी विस्तृत छलफलहरू कथानक लक्षित समूह छलफलको क्रममा विभिन्न समूहहरूमा निम्नलिखित प्रश्नहरूमा आधारित रहेर भए : *"कथामा द्वन्द्वपीडितहरू को हुन् ? द्वन्द्वका कारण (साइँला, माइली वा काइँला) वा अन्य पीडितहरूले कस्तो प्रकारका हानिहरू भोगे?"* महिला यातनापीडितहरूको हकमा भने विस्तृत र प्रत्यक्ष अन्तर्वार्ता लिइएको थियो ।

हानिहरूको छलफलको क्रममा, उत्तरदाताहरूले अक्सर वास्तविक मानवअधिकार ज्यादतीहरू र तिनको परिणामलाई छुट्ट्याएनन् । सहभागीहरूको वयानलाई सही ढङ्गमा प्रतिविम्वित गर्न दुवै खालका हानिहरूलाई उही सूची (र श्रेणीक्रम) मा राखिएको छ । यद्यपि, प्रस्तुत छलफल र विश्लेषणले द्वन्द्वसँग सम्बन्धित मानवअधिकार ज्यादतीहरूको परिणामस्वरूप भएका तथा सोही कारणले बढी गम्भीर भएका हानिहरूका बारेमा जोड दिएको छ किनभने यिनै हानिहरूबाट कस्तो परिपूरणको आवश्यकता पर्दछ भन्ने कुराको जानकारी प्राप्त हुन्छ ।[३४]

उत्तरदाताहरूलाई विशेष मापदण्डका आधारमा छनोट गरिएको भएपनि (उनीहरू मृतक वा बलपूर्वक बेपत्ता पारिएका परिवारका सदस्य, अन्तरिम राहत कार्यक्रमअन्तर्गत लाभ प्राप्त गरेको व्यक्ति, वा यातनापीडितमध्ये कोही), धेरैजसो सहभागीहरुले प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा मानवअधिकार ज्यादती भोगेका थिए । यातनापीडितहरू त्यसमा पनि विशेषगरी महिला पीडितहरूमा यो उदाहरण बढी स्पष्ट देखिएको थियो (हेर्नुहोस् तल "यातनापीडितहरूले भोगेका हानिहरू" खण्ड) जसले पीडितहरूलाई एउटा मानवअधिकार ज्यादतीको आधारमा मात्र वर्गिकृत गर्न सकिन्छ भन्ने धारणलाई चिर्दै अक्सर एकजना पीडित व्यक्तिले भोगेका विविध हानिहरूलाई पनि सम्बोधन गर्न सक्ने खालको परिपूरण कार्यक्रमको महत्त्वलाई सबलीकरण गरेको छ ।

हत्या गरिएका र बलपूर्वक बेपत्ता पारिएका पीडितहरूका परिवारहरूले भोगेका हानिहरू (अन्तरिम राहत कार्यक्रमबाट लाभान्वितहरू)

लक्षित नृवंशविज्ञान अध्ययन छलफल क्रममा, मृतक र बेपत्ता पारिएका व्यक्तिहरूको परिवारहरूले मुख्य दुई हानिहरूको बारेमा बताए : १) आफ्नो परिवारको एक सदस्य (वा एक भन्दा बढी)को मृत्यु वा बलपूर्वक

३४ तथ्याङ्क सङ्कलन गर्दा दुई हानिहरूबीचमा स्पष्टसँग फरक छुट्ट्याउन बढी समय लागेको थियो । छलफललाई हस्तक्षेप गर्नुभन्दा अनुसन्धानदाताहरूले परिवारका सदस्य गुमाउनु पर्दाको अनुभव र त्यही कथानकमा पनि, दीर्घकालीन परिणामको बारेमा स्वतन्त्र रूपमा सहभागीहरूको विचार प्रवाह गर्न दिनुलाई रोजे ।

बेपत्ता लगायत, तर यति मात्र नभई, द्वन्द्वको क्रममा भएको शारीरिक र मनोसामाजिक ज्यादती; र २) यी ज्यादतीहरूबाट भएका तत्कालीन र दीर्घकालीन परिणामहरू ।

पुरुष उत्तरदाताहरूले जम्मा ४३ वटा र महिला उत्तरदाताहरूले ५३ वटा हानिहरूलाई सूचीकृत गरेका थिए । यी हानिहरूमा परिवारका सदस्यहरूका विरूद्ध वा कतिपय अवस्थामा आफैंविरुद्ध पनि भएको मानवअधिकार ज्यादती (हत्या, बलपूर्वक बेपत्ता, यातना, बलात्कार लगायत); यिनै हानिहरूसँग सम्बन्धित असुरक्षा वा डर; विस्थापन, घर तथा व्यवसायको विनाश, "घरायसी मुल्यवान वस्तुहरू"को चोरी जस्ता सम्पत्तिसँग सम्बन्धित हानि; बेरोजगारी र गाँस, वास तथा कपासको पर्याप्त व्यवस्था गर्न नसक्ने अवस्था लगातका आर्थिक र जीविकासम्बन्धी समस्याहरू; शिक्षा र स्वास्थ्य जस्ता आधारभूत सेवाहरू प्राप्त गर्नमा कठिनाइ; र सामाजिक अवस्था र पारिवारिक सम्बन्धमा परेका नकरात्मक असरहरू आदि थिए । लक्षित नृवंशविज्ञान अध्ययनको सबैभन्दा महत्त्वपूर्ण परिणामहरू तलको आँकडा १ र २ मा प्रस्तुत गरिएको छ जसमा सूचित जवाफहरूको आवृत्ति र तिनको प्रधानतालाई पनि दर्शाइएको छ ।[३५]

आँकडा १: अन्तरिम राहत कार्यक्रमबाट लाभान्वित महिलाहरूले भोगेका उच्च १० हानिहरू (प्रतिशत र प्रधानता)



आँकडा २: अन्तरिम राहत कार्यक्रमबाट लाभान्वित पुरुषहरू (प्रतिशत र प्रधानता)



३५ महिला र पुरुष जवाफहरूको पुर्ण सूचीहरूका लागि हर्नुहोस् अनुसूची तालिका १ र २, अनलाइनमा यहाँ उपलब्ध छ : www.ictj.org/Nepal-Reparations-Report-Annex.pdf

कथानक समूह छलफलमा सहभागीहरूले पनि उस्तै प्रकृतिको हानिहरू (हत्या वा बलपूर्वक बेपत्ता, शारीरिक चोट वा अपाङ्गता), मनोवैज्ञानिक हानि (मानसिक आघात, मानसिक गडबडी वा बिमारी), आर्थिक हानि (गरिबी वा आर्थिक वञ्चितीकरण र बेरोजगारी), सामाजिक हानिहरू (स्वास्थ्यमा असर, बालबच्चाको शिक्षामा खर्च गर्न नसक्नु, सामाजिक कलङ्क र विभेद) तथा सुरक्षामा कमी (भय, प्रतिशोधको डर) आदिको बारेमा उल्लेख गरे ।

महिला र पुरुष दुवै अन्तरिम राहत कार्यक्रमबाट लाभान्वितहरूका लागि, हत्या, बलपूर्वक बेपत्ता, र विस्थापन १० वटा सबैभन्दा बढी उद्धृत गरिएमध्येका हानिहरूमा पर्दछन् र गम्भीरताको आधारमा उच्च पाँच हानिहरूमध्येमा श्रेणीकृत छन् । पुरुष उत्तरदाताहरूले उनीहरू आफैंमा, परिवारका सदस्यहरूमा वा सम्पत्तिमा भएको भौतिक हानिहरूलाई बढी जोड दिन खोजेको देखियो । उदाहरणका लागि, पुरुष उत्तरदाताहरूमा एक तिहाइले परिवारका सदस्यहरूले भोगेको यातनाको उल्लेख गरे (३४.८ प्रतिशत), एक चौथाइले आफ्नो घर ध्वस्त भएको बारेमा कुरा गरे (२८.३ प्रतिशत), र पाँच भागमा एक भागले (२१.७ प्रतिशत) ले सम्पत्तिको क्षतिको उल्लेख गरे । हत्या, विस्थापन, बलपूर्वक बेपत्ता, आफन्तलाई दिइएको यातना, र सम्पत्तिको नाश वा हानिलाई गम्भीरताको आधारमा पुरुषहरूले क्रमश पहिलो, दोश्रो, चौथो, पाँचौं, नवौं, र दशौं स्थानमा राखे (तल हेर्नुहोस् तालिका १) ।

महिलाहरूले पनि यस्तै प्रकृतिको हानिहरूको उल्लेख गरे तर यो कम आवृत्तिमा र तल्लो श्रेणीक्रममा रहेको थियो । बरु, महिलाहरूले आर्थिक हानि, आफ्ना बालबालिकाहरूको शिक्षा र भलाइसँग सम्बन्धित हानिहरू, तथा सामाजिक हानिहरू (हेर्नुहोस् तल "हानिहरूको लैङ्गिक आयाम") मा बढी जोड दिए । यो फरकको वास्तविक कारणहरूको बारेमा छलफल नगरिएको भए पनि, उनीहरूले सामाजिक आर्थिक हानिमा बढी जोड दिनुको कारणमा, आंशिक रूपमा भएपनि, आफ्ना श्रीमान्हरू गुमाएपछि आफू नै परिवारको दुई छाक कमाइ खुवाउने स्थितिमा पुगेको अवस्थामा उनीहरूले भोग्नुपरेका विशेष चुनौतीहरू हुन सक्दछन् । सहभागीहरूका जवाफहरूले यी ज्यादतीहरूको कारण भोग्नुपरेको निरन्तर मानसिक आघातहरूलाई पनि इङ्गित गरे जुन बलपूर्वक बेपत्ता पार्ने कार्यसम्बन्धी अपराधको हकमा भने अन्तर्राष्ट्रिय विधिशास्त्रमा यसलाई पीडित आफन्तमा पुग्ने सघन मानसिक पीडा वा तनावको रूपमा स्वीकृत वा मान्यता प्राप्त छ र जुन आफैंमा छुट्टै मानवअधिकार उल्लङ्घन हुन पुग्दछ ।[३६] मानवअधिकार ज्यादतीका कारण महिला र पुरुष दुवैले बारम्बार "डर र त्रास" का साथै "मानसिक तनावमा" मा बस्नु परेको जनाए जसलाई अक्सर "यातना" पनि भनिन्छ ।

"डर र त्रास"मा बाँच्नु परेको कुरालाई झण्डै आधा सहभागी पुरुषहरूले उठाए र गम्भीरतामा उनीहरूले यसलाई तेश्रो श्रेणीक्रममा राखे, जबकी एक चौथाइ भन्दा बढी (२८.३ प्रतिशत) ले मानसिक तनाव ("यातना")लाई आठौं श्रेणीमा राखे । एक तिहाइ महिलाले मानसिक तनाव/"यातना" भोगेको प्रतिवेदित गरे (३२.९ प्रतिशत) र नकारात्मक असर वा हानिमा यसलाई चौथो श्रेणीमा राखे । कथानक लक्षित समूह छलफलमा भाग लिएकी सिराहा जिल्लाकी एकजना महिलाको शब्दमा, "मानसिक तनावले म केही गर्न र कतै जान सक्दिन । यसले गर्दा म अक्सर बिरामी पनि भइरहन्छु र गएका वर्षहरू यता यसले मलाई ज्यादै कमजोर गराइरहेको छ ।"

महिला तथा पुरुषहरू दुवैले वयान गरेका हानिहरूमा गम्भीर आर्थिक असरहरू पनि उच्च तहमा देखा परे । यो अनुसन्धानको निष्कर्षले द्वन्द्वसँग सम्बन्धित मानवअधिकार ज्यादतीका धेरै पीडितहरूले गुज्रनुपरेको तीक्ष्ण गरिबी र अन्तरिम राहत कार्यक्रमले यो गरिबी र अन्य हानिहरूलाई केही हदसम्म सम्बोधन गरेको कुरामाथि प्रकाश पारेको छ । एक तिहाइ महिला (३४.३ प्रतिशत) र एक चौथाइ भन्दा बढी पुरुषहरूले (२८.३ प्रतिशत) "गाँस, वास र कपास"को अभावका बारेमा उल्लेख गरे । "आर्थिक समस्या" लाई पनि बारम्बार उल्लेख

३६ संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार समितिले उदाहरणका लागि "छोरीलाई बेपत्ता पारिएको कारण र उनको अवस्था वा भाग्यस्थितिको अनिश्चितताका कारण आमामा उत्पन्न भएको मानसिक आघात र तनाव" ले बेपत्ता भएकी महिलाकी आमा आफैं पनि नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अभिसन्धिको धारा ७ को उल्लङ्घन हो भनी उल्लेख गरेको छ । यस्तै मानवअधिकार उल्लङ्घनहरूलाई अन्तर अमेरिकीय प्रणालीमा पनि यस्तै खाले मानवअधिकार उल्लङ्घनहरूलाई मान्यता दिइएको छ; उदारणका लागि हेर्नुहोस् : एलेना कुइन्टेरोस अलिमडा र मरिया देल कार्मेन अल्मिडा दे कुइनतेरोस विरुद्ध उरुग्वे, अन्तर-अमेरिकी अदालत, (१९८३), अनुच्छेद १४ ।

गरियो (३२.९ प्रतिशत महिलाले; १७.४ प्रतिशत पुरुषले) । पुरुषहरूले रोजगारी प्राप्त गर्नमा हुने कठिनाइका बारेमा पनि उल्लेख गरे (६.५ प्रतिशत) र, महिलाहरूले यो केही बढी हदमा उल्लेख गरे (१४.३ प्रतिशत) । महिला र पुरुष दुवैले आधारभूत गाँस, वास र कपास उपलब्ध गराउन नसक्नुलाई सातौं उच्च हानिमा राखे र सशस्त्र द्वन्द्वका कारण उत्पन्न अन्य "आर्थिक समस्याहरू"लाई उच्च ११ हानिहरूमा राखे ।

धेरै अवस्थामा पहिलेदेखि नै रहेका कठिनाइहरूलाई द्वन्द्वले झन बढाएको थियो । विस्थापन र भगाइले आर्थिक अवस्थामा अल्पकालीन विशृङ्खलन त भयो नै तर यसले दीर्घकालीन असर पनि पुऱ्यायो र अझ विशेषगरी द्वन्द्वअघि नै गरिबीमा रहेकाहरूलाई भने थप मारमा पाऱ्यो । यसैगरी, हत्या वा बलपूर्वक बेपत्ता पारिने कार्यद्वारा भएको कमाइ गरी ल्याउने मुख्य व्यक्तिको क्षतिले पहिल्यैदेखि नाजुक पारिवारीक आर्थिक अवस्थामा दुःखद् दीर्घकालीन परिणाम श्रृजना गरेको छ । सहभागीहरूका जवाफले यी हानिहरूको अनुभवमा सांस्कृतिक सन्दर्भले पनि प्रभाव पार्ने कुरा दर्शाएको छ । उदाहरणका लागि आफ्नो छोरा वा छोरीको क्षतिको असरलाई बाबुआमाहरूले छोराछोरीलाई बुढेसकालको सहाराको दृष्टिकोणमा रहेको साँस्कृतिक मूल्य गुमाउनु परेको रूपमा लिए ।

> यो यथार्थ र परम्परा दुवै हो कि छोराले कमाइ गर्छ र आफ्नो बाबुआमा र उसको छोराछोरीको हेरचाह गर्दछ । बाबुआमाले छोराबाट धेरै आस पनि गर्दछन् र छोरो बिनाको हाम्रो जीवन बेकार हुन्छ । छोरा भएको बाबुआमाले मात्र मायाको अनुभूति गर्न सक्दछन् र हामी उनीहरूको मायालाई महसुस गर्न सक्दछौं ।
>
> - *कपिलवस्तुका अन्तरिम राहत कार्यक्रमबाट लाभान्वित ५६ वर्षीय पुरुष (लक्षित नृवंशविज्ञान अध्ययन)*
>
> उनीहरू मरे वा जिउँदै छन् केही थाहा छैन । उनीहरूलाई लगिएदेखि फेरी फर्केर आएका छैनन्; न त उनीहरूबाट अहिलेसम्म कुनै चिठी नै आएको छ । मैले छोरा र बुहारी दुवै गुमाएको छु । परिवारमा कमाइ ल्याउने उनीहरू नै थिए । म अब बूढो भइसकें । तर मेरा कठिनाइहरू बढ्दो छन् ।
>
> - *७० वर्ष उमेरका अन्तरिम राहत कार्यक्रमबाट लाभान्वित बर्दियाका पुरुष सहभागी (लक्षित नृवंशविज्ञान अध्ययन)*

तालिका १ : अन्तरिम राहत कार्यक्रमबाट लाभान्वित महिला र पुरुषहरूले गरेको हानिहरूको श्रेणीकरण[३७]

	१	२	३	४	५
महिला	परिवारका सदस्य मारिएका	बालबालिकाहरूलाई शिक्षा दिनमा कठिनाइ	परिवारको सदस्य बेपत्ता पारिएको	मानसिक तनाव/"यातना"	विस्थापन
पुरुष		विस्थापन	डर/त्रासका साथ जिउनु	परिवारको सदस्य बेपत्ता पारिएको	परिवारको सदस्यलाई यातना दिइएको
	६	७	८	९	१०
महिला	गाँस, वास र कपास उपलब्ध गराउनमा समस्या	परिवारको सदस्यलाई यातना दिइएको	सामाजिक विभेद	परिवारबाट दुर्व्यवहार	बालबालिका हुर्काउनमा कठिनाइ
पुरुष	बालबालिकाहरूलाई शिक्षा दिलाउनमा समस्या	गाँस, वास र कपास उपलब्ध गराउनमा समस्या	मानसिक तनाव/"यातना"	घरको क्षति	सम्पत्तिको क्षति

३७ हेर्नुहोस् महिला र पुरुष उत्तरदाताहरूको पूर्ण श्रेणीक्रमको सूची अनुसूची तालिका ३ र ४ मा यहाँः www.ictj.org/Nepal-Reparations-Report-Annex.pdf

मानवअधिकार ज्यादतीको अन्तर्पुस्तागत असर पनि देखियो । मृतक तथा बेपत्ता पारिएका व्यक्तिका बालबालिकाहरूले भोगेका हानिको निरन्तर र सुस्पष्ट उदाहरण भनेको यी बालबालिकाहरू स्कुल छाड्न बाध्य हुनु हो जसले सम्पूर्ण नकरात्मक परिणाम सिर्जना गर्दछ र उनीहरूको जीवन अवसरहरूमाथि नै चुनौती खडा गर्दछ । बालबालिकाहरूलाई शिक्षा दिक्षा दिनमा भएको कठिनाइ महिला र पुरुष दुवैले गम्भीरता क्रममा उच्च छ हानिहरूमध्येमा राखे (पुरुषहरूले दोश्रो स्थानमा राखे भने महिलाहरूले छैठौं स्थानमा) ।[३८] लक्षित नृवंशविज्ञान अध्ययन अभ्यासहरूमा, आधा भन्दा बढी महिलाहरू (५१.४ प्रतिशत) र एक तिहाइ पुरुषहरू (३२.६ प्रतिशत)ले बालबालिकाहरूलाई शिक्षा दिनमा भएको कठिनाइको चर्चा गरे । कतिपय पुरुषहरूले "स्कुल शिक्षामा नै रुकावट वा गडबडी" भएको भनी चर्चा पनि गरे (१०.९ प्रतिशत) ।

> यदि मेरो श्रीमान् जीवित हुनुहुन्थ्यो भने हामीलाई हाम्रो जिन्दगीको कुनै पनि पक्षमा कुनै तनाव वा दुःख हुने थिएन । पैसा कमाउने नै उहाँ हुनुहुन्थ्यो, त्यही भएर अब बच्चाहरूको भविष्यमा पनि एकदमै असर परेको छ । जसरी पढ्नु पर्ने हो त्यसरी केटाकेटीहरूले पढ्नै सकेका छैनन् । र उनीहरूले बुबाबाट पाउने माया र हेरचाह पनि पाउन सकेका छैनन् ।
>
> - *४२ वर्षकी सिराहा जिल्लाकी अन्तरिम राहत कार्यक्रमबाट लाभान्वित महिला (लक्षित नृवंशविज्ञान अध्ययन)*

विशेषगरी महिलाहरूले केटाकेटीहरू टुहुरा भएको (१८.६ प्रतिशत महिला, ४.३ प्रतिशत पुरुष) र बालबालिकामा द्वन्द्वले नकरात्मक मनोवैज्ञानिक असर पारेको (१० प्रतिशत महिला, ४.३ प्रतिशत पुरुष) लगायत बालबालिकाहरूमा परेको फराकिला असरहरूको बारेमा लगातार पुरुषहरूले भन्दा बढी चर्चा गरिरहे ।

यातनापीडितहरूले भोगेका हानिहरू

महिला यातनापीडितहरू

विस्तृत अन्तर्वार्ताको क्रममा, महिला यातनापीडितहरूले विभिन्न हानिहरूको बारेमा बताए, जसमा सबैभन्दा महत्त्वपूर्णमध्ये यौनिक हिंसा, कुटाई, डरत्रास, र अन्य यातना, क्रूर, अमानवीय, वा अपमानजनक व्यवहारका कारण उत्पन्न शारीरिक र मनोवैज्ञानिक चोटहरू छन् । धेरैले अरु ज्यादतीहरू पनि भोगेको बताए । एउटा उदाहरणमा श्रीमान्लाई बलपूर्वक बेपत्ता पारिएको; अर्कोमा आमाको बम विष्फोटमा मृत्यु भएको; र अन्यमा सम्पत्तिसँग सम्बन्धित हानिहरू जस्तै लुटपाट र घरहरू ध्वस्त भएको आदिका बारेमा चर्चाहरू भए ।

अन्तर्वार्ता लिइएका २२ जना महिलाहरूमध्ये, १२ जनाले आफूलाई बलात्कार गरिएको बताए (चार वटा सामूहिक बलात्कारका घटनाहरू सहित) । अरुले बलात्कार प्रयास वा अन्य प्रकृतिका यौनिक हिंसाहरू जस्तै यौनिक उत्पीडन वा हैरानीका कार्यहरू, कुटपिट, धम्की, र गालि गलोजहरूबाट पीडित हुनु परेको बताए । धेरैजसो घटनाहरू घरमै र कहिलेकाहीँ त बालबच्चा लगायत परिवारका अन्य सदस्यहरूका सामुन्ने नै भएका थिए । तीनवटा घटनाहरूमा पीडितहरू ज्यादतीको घटना हुँदाको अवस्थामा बालिका नै थिए (१०, १२, र १५ वर्ष उमेरका) । चार जना उत्तरदाताहरूले आफूलाई प्रहरी वा सेनाको थुना स्थलमा, कुनै घटनामा त महिनौंसम्म पनि, हिरासतमा राखिएको र सो अवधिमा यातना, यौनजन्य हिंसा, कुटपिट र अन्य यातना र क्रूर, अमानवीय, र अपमानजनक व्यवहारको शिकार हुनु परेको भनी बताए ।

अन्य अध्ययनका निष्कर्षहरूसँग समनुरूप हुनेगरी अन्तर्वार्ता लिइएका बहुसङ्ख्यक महिलाहरूले पीडकहरू राज्यका सुरक्षा निकायसँग सम्बन्धित रहेको बताए ।[३९] नौवटा घटनाहरूमा सेनाको संलग्नता रहेको थियो, छ

---

३८ गम्भीरतका आधारमा स्कूले पढाई टुट्नुलाई कोही उत्तरदाताहरूले पनि उल्लेख गरे र यसलाई पुरुषहरूले १३ औं र महिलाहरूले २६ औं स्थानमा श्रेणीकृत गरे ।

३९ उच्चायुक्तको कार्यालयका अनुसार, अभिलेख गरिएका घटनाहरूले बहुसङ्ख्यक यौनिक हिंसाहरू राज्यका सुरक्षा निकायहरूले गरेको इङ्गित गरेको छ । उच्चायुक्तको कार्यालयको मुल्याङ्कनमा सुरक्षा निकायहरूले गरेका यौनिक हिंसाका घटनाहरू संस्थागत र व्यवस्थित ढङ्गमा भएका थिए वा थिएनन् भन्ने प्रमाणित गर्न पर्याप्त प्रमाणहरू

वटामा प्रहरी, र एउटामा माओवादी विरोधी भिजलान्ते समूह वा गाउँ सुरक्षा समितिका सदस्यहरूको संलग्नता रहेको थियो ।[४०] राज्यका निकाय वा बलहरूलाई पीडकका रूपमा पहिचान गरेका सबै १६ जना उत्तरदाताहरूले विश्वास गरे कि उनीहरू वा उनीहरूका परिवारका सदस्यहरू नेकपा-माओवादी पार्टीमा आबद्ध भएको शङ्काका कारण उनीहरूलाई ज्यादतीका लागि लक्षित गरिएको थियो । कतिपयले उनीहरूका आक्रमणकारीहरूले उनीहरूलाई मौखिक रूपमै नेकपा-माओवादी पार्टीलाई समर्थन गरेको वा सहानुभूति राखेको मौखिक आरोप पनि लगाए ।

> उनीहरू (सेनाका सदस्यहरू) मेरो घरमा प्रवेश गरे र माओवादीहरूको बारेमा सोधखोज गर्दै मैले कतै माओवादी त लुकाएर राखेको छैन भनेर केरकार गरे । जब मैले उनीहरूको आरोप अस्वीकार गरे त्यसपछि उनीहरूले ममाथि आक्रमण गरे । पछि उनीहरूमध्येका दुई जना ढोकातिर गए र म चिच्याउन लागेपछि अन्यले मलाई भइँमा लडाए । उनीहरूले मलाई निर्दयतापूर्वक नराम्ररी कुटे । उनीहरूले मेरो कपडाहरू खोले र मलाई पालै पालो बलात्कार गरे । बलात्कार गर्दा पनि उनीहरूले मलाई पाशविक तरिकामा कुटपिट गरे ।
>
> एकजना प्रहरी हाम्रो घरमा दुइपटक आयो र हामीहरूले बन्दुक लुकाइ राखेको छ भनी सोध्यो । एक दिन आमा पानी लिन जानुभएको र म मेरो नौ वर्षको भदासँग बसिरहेको बेलामा त्यही प्रहरी फेरी हतियारहरूको बारेमा सोधखोज गर्दै आइपुग्यो । उसले मलाई खाटतिर लिएर गयो र मेरो कपडा खोल्यो । उसले मलाई आक्रमण गर्नै लागिसकेको थियो । म "आमा! आमा!" भन्दै चिच्याएँ । जब उसले आमालाई आउँदै गरेको देख्यो त्यसपछि ऊ भाग्यो ।

तीन ओटा घटनाहरूमा, नेकपा (माओवादी)को सेना जिम्मेवार रहेको कुरा आयो । दुईजना महिलाहरूले मुखुण्डो लगाएका मानिस, तथाकथित माओवादीहरूद्वारा आफ्नो घरमा बलात्कार/यौनिक आक्रमणहरू, कुटपिट, धम्की दिने आदि गरिएको बताए भने तेश्रो महिलाले आफूलाई घरबाट जबर्जस्ती घिसारेर निकाली पर जङ्गलमा लगेर चार जना मानिसहरूले सामूहिक बलात्कार गरेको बताइन् । यी महिलाहरूले राज्यका सुरक्षा निकायहरूका लागि जासुसी गरेको भन्ने आशङ्काका आधारमा उनीहरूलाई लक्षित गरी यस्तो गरिएको भन्ने विश्वास गरे ।

यी ज्यादतीहरूका शारीरिक परिणामहरू गम्भीर छन् । अन्तर्वार्ता लिइएका महिलाहरूले बलात्कार वा अन्य मावअधिकार ज्यादतीको कारण उत्पन्न विविध शारीरिक चोट र अवस्थाहरूको बारेमा बताए । जसमा, आङ खस्ने (छ जना), महिनावारीसम्बन्धी समस्या (दुई जना), गर्भाशयोच्छेदन वा पाठेघरको शल्यक्रियाको आवश्यकता (दुई जना), हिंड्नमा समस्या (पाँच जना), दीर्घकालीन दुखाइ वा पीडा, र यातना वा दुर्व्यवहारको कारण भनिएका अन्य अशक्तताहरू जस्तै कान नसुन्ने (तीन जना) र आँखा देख्ने शक्ति वा दृष्टिमा कमी (दुई जना) लगायतका रहेका छन् । धेरै जना औषधोपचार गर्न सक्ने अवस्थामा छैनन् । कतिपयले भने ज्यादै ढिलो भएपछि र एकदमै धेरै निजी खर्च बेहोरेर केही उपचार गराएका छन् ।[४१]

> मलाई प्रहरीले हिरासतमा लिएको बेलामा म १४ वर्षकी थिएँ । यो सङ्कटकाल घोषणा भए लगत्तै हो । मैले ठानेको थिएँ कि उनीहरूले मलाई रिहा गर्नेछन्, तर मध्य रातमा

उपलब्ध छैनन्, यद्यपि माथिल्लो तहबाट अप्रत्यक्ष सहमति दिइएको हुन सक्दछ, जसले अवसरवादी यौनिक हिंसाका लागि दण्डहीनताको संस्कृती मौलाउनमा सहयोग गरेको हुन सक्दछ । हेर्नुहोस् उच्चायुक्तको कार्यालय, "२०१२ नेपाल द्वन्द्व प्रतिवेदन" ।

४० गाउँ सुरक्षा समितिहरू, जसलाई "प्रतिकार समिति" पनि भन्ने गरिन्थ्यो, तराईका कतिपय जिल्लाहरूमा रहेका थिए जसले नेकपा-माओवादीका विरुद्ध प्रतिनिधि प्रत्याक्रमण बलको रूपमा काम गर्दथ्यो । नागरिकहरू रहेको यो बललाई राज्यका सुरक्षा निकायहरूद्वारा हतियार दिने र तालिम दिने गरिएको थियो पनि भन्ने गरिएको छ । हेर्नुहोस्, उच्चायुक्तको कार्यालय, "नेपाल द्वन्द्व प्रतिवेदन" (२०१२) ।

४१ बलात्कारका कारण गर्भ बोकेको वा गर्भपात गर्नुपरेको बारेमा कुनै पनि उत्तरदाताहरूले उल्लेख गरेनन् । अन्तर्वार्ता गरिएको सानो समूहलाई यस्तो नभएर हो वा उनीहरूले यो विषयमा छलफल गर्न नचाहेर हो यसो हुनुको कारण थाह हुन सकेन ।

> उनीहरूले ममाथि आक्रमण गरे । त्यसपछि मलाई तीन महिनासम्म हिरासतमा राखियो । अहिले मेरा कुनै बङ्गाराहरू काम गर्दैनन्, यो हात धेरै दुख्छ । मेरो तिघ्रामा चक्कुले काटेर नुन खुर्सानी पनि दलिएको थियो । मेरो शरीरका कुनै पनि भागहरू राम्ररी काम गर्दैनन् । अहिले मेरो आफ्नो घर पनि छैन । मेरो घर बम पड्काएर ध्वस्त पारियो । मेरी आमा पनि त्यही विष्फोटमा मारिइनुभयो ।
>
> तिनीहरूले मलाई यहाँ कुटे (यौनाङ्गतिर देखाउँदै) । म गम्भीर घाइते भएँ । मैले छ महिनासम्म दिनहुँ औषधी सेवन गर्नु पर्‍यो । चार पाँच वर्षपछि म नेपालगन्ज गएँ जहाँ मलाई शल्यक्रिया गर्नुपर्छ भनी भने । शल्यक्रिया गर्नलाई पचास हजार रुपैयाँ लाग्यो ।

महिला उत्तरदाताहरूले दुर्बल बनाउने मनोवैज्ञानिक असरहरूको बारेमा पनि बताए । यी असरहरूमा उदासपन (*"निराशा"*, *"बोल्न मन नलाग्ने"*, *"कतै जान मन नलाग्ने"*), तनाव (*"पीर"*, *"चिन्ता भएको"*), स्मरणशक्तिमा क्षय (*"बिर्सिन थालेको"*, *"होस हराएको"*), डर (*"डर लाग्ने"*), र आत्महत्त्यासम्बन्धी सोचाइहरू (*"मर्न मन लाग्ने"*, *"बाँच्न मन नलाग्ने"*) आदिहरू पर्दछन् । दुई जना महिलाहरूले आत्महत्त्याको बारेमा सोचेको बताए, र एकजनाले भनिन् कि १० वर्षको उमेरमा कथित रूपमा माओवादीहरूबाट बलात्कृत भएकी उनकी छोरीले पछि आत्महत्त्या प्रयास गरेकी थिइन् । धेरै बालबालिकाहरूलाई उनीहरूकै सामुन्ने आमाहरूमाथि आक्रमण भएको देख्न बाध्य पारिएको कारण धेरैले आफ्ना बालबालिकाहरूमा परेको मानसिक असरहरूको बारेमा पनि चिन्ता व्यक्त गरे (*"छोराछोरीको दिमागमा के असर पर्ला,"* *"छोराछोरीले के सोच्लान्"*) । पर्याप्त सहायताको अभावमा यी महिलाहरू, र उनीहरूका परिवारहरूको पीडा यथावत रहेको छ ।

> म यो घटनापछि बिरामी परे, र यो बिमार झन झन नराम्रो हुँदै गयो । मैले तीन चार पटक कमला नदीमा गएर आत्महत्त्या प्रयास पनि गरें । तर प्रत्येक पटक आफ्ना छोराछोरीलाई सम्झेर हच्किएँ ।
>
> पहिला हाम्रो जीवन धेरै राम्रो थियो । अहिले मेरो श्रीमान् सँधै रिसाउनुहुन्छ । कहिलेकाहीँ झुण्डिएर वा विष खाएर आत्महत्त्या गरुँ जस्तो पनि लाग्छ । तर मेरा केटाकेटीको मायाले मलाई फेरी पनि बाँच्न प्रेरित गर्दछ ।

पुरुष यातनापीडितहरू

मानवअधिकार ज्यादतीहरूका कारण जारी दुःखद् असरहरू पुरुष यातनापीडितहरूमा पनि स्पष्ट थिए । आफ्नो कथा भन्दा कतिपय उनीहरू धेरै भावुक र उत्तेजित पनि भए । कोही खुलेर रोए भने कसैले रिस र आक्रोस व्यक्त गरे ।

सूचीकरण अभ्यासमा, ७५ वटा विभिन्न किसिमका हानिहरूको पहिचान गरिएको थियो । यहाँ पनि, द्वन्द्वकालीन शारीरिक र मनोवैज्ञानिक ज्यादतीहरूलाई यिनै ज्यादतीहरूका तत्कालीन वा जारी शारीरिक, मनोवैज्ञानिक, सामाजिक, र आर्थिक परिणामहरूसँग मिलाइएको थियो ।

हत्या गरिएका वा बेपत्ता पारिएका व्यक्तिका परिवारले भोगेकै जस्तो उनीहरूले पनि आर्थिक हानिहरू, जस्तै आर्थिक र रोजगारीसम्बन्धी समस्याहरू; सम्पत्तिको क्षति वा विनाश; बालबच्चाहरूलाई शिक्षा दिन लगायतमा कठिनाइ; र डर र त्रासमा बाँच्नु पर्ने लगायतका सुरक्षा समस्या आदिका बारेमा चर्चा गरे । यद्यपि, महिला यातनापीडितहरूमा जस्तै यहाँ पनि धेरैपटक दोहोऱ्याइएको र उच्च श्रेणीक्रममा राखिएको हानिहरूमा उनीहरूले वास्तविक रूपमा भोगेका यातना वा दुर्व्यवहारका अनुभवहरू र त्यसको परिणामस्वरूप उत्पन्न भएका तत्कालीन र दीर्घकालीन शारीरिक र मनोवैज्ञानिक चोटहरू पर्दछन् ।

आँकडा ३ : पुरुष यातनापीडितहरूले भोगेका उच्च १० हानिहरू (प्रतिशत र प्रधानता)[४२]



केही दुई तिहाइ उत्तरदाताहरूले यातनाबाट भएको शारीरिक र मानसिक समस्याहरूलाई सूचीकृत गरे : "स्वास्थ्य समस्या" (३९.१ प्रतिशत) र "मानसिक तनाव" (३२.६ प्रतिशत)। आधा भन्दा बढी सहभागीहरूले शारीरिक यातनाको अनुभवलाई उल्लेख गरे। एक चौथाइ भन्दा बढीले औषधोपचारको खर्चलाई (२६.१ प्रतिशत) भोगिएको हानिहरूमध्येमा राखे। उल्लेख्य धेरैले सम्पत्तिको क्षति, आर्थिक समस्याहरू, र कम रोजगारी वा वेरोजगारी लगायतका अरु आर्थिक हानिहरूलाई पनि उल्लेख गरे। यी हानिहरूलाई पनि झण्डै एक चौथाइले सूचीकृत गरेका थिए।

हानिहरूलाई श्रेणीकृत गर्ने क्रममा सबैभन्दा गम्भीरमा शारीरिक यातना, स्वास्थ्य समस्याहरू, मानसिक तनाव/यातना, र औषधोपचारको खर्च (क्रमशः पहिलो, दोश्रो, चौथो, र पाँचौ) आदिलाई श्रेणीकृत गरिएको थियो। यद्यपि, सम्पत्तिको क्षति, विस्थापन, वेरोजगारी, र आर्थिक समस्याहरू लगायतका सम्पत्ति र जीविकासम्बन्धी हानिहरू पनि उच्च १० श्रेणीक्रममा परे।

लक्षित नृवंशविज्ञान अध्ययनको परिणामलाई झण्डै ठ्याक्कै प्रतिध्वनित गर्दै कथानक लक्षित समूहका सहभागीहरूले "काइँला"को कथाका आधारमा उत्पन्न भएका हानिहरूलाई र आफैंले भोगको यातनाका अनुभवहरू जस्तै शारीरिक आक्रमण (शारीरिक यातना, "कुटपिट", गैरकानुनी थुना र "हत्कडी लगाइएको", अपहरण, र हत्या), मनोवैज्ञानिक हानि (मानसिक यातना, मानसिक आघात, अपमान, आक्रमण हुने डर), आर्थिक हानि (सम्पत्तिको क्षति, आगजनी र घरको विनाश, कामको क्षति आदिका कारण हुने आर्थिक कठिनाइ), र सामाजिक हानि (बालबच्चाको शिक्षामा अवरोध, विस्थापन, परिवारहरूको विछोड, विभेद, र सामाजिक कलङ्क)को रूपमा पहिचान गरे।

निजी पीडा भोगाइ र परिवारको आर्थिक अवस्थामा परेको असर दुवैको सन्दर्भमा उत्तरदाताहरूले यातनाबाट भएका शारीरिक र मानसिक चोटहरूलाई जोड दिए। बागलुङका कथानक लक्षित समूह छलफलका सहभागीका अनुसार, "हामीमध्ये धेरैले काम गर्ने शारीरिक र मानसिक क्षमता गुमाइसकेका छौं। फलस्वरूप हामीमध्ये धेरैले जागिर छाड्नु परेको छ।" कपिलवस्तुका अर्का एक जनाले उनको तीन वर्ष लामो हिरासतले कसरी उनको परिवारमा असर पाऱ्यो भन्ने कुरा यसरी बताए :

> म घरमा बसिरहको अवस्थामा मलाई प्रहरीले गिरफ्तार गऱ्यो। मलाई तीन वर्षसम्म मानसिक र शारीरिक यातना दिइयो। माओवादी र सरकारका बीच शान्ति सहमति भएपछि मलाई रिहा गरियो। जब म घर फर्किएँ, मैले परिवारलाई झन नाजुक आर्थिक अवस्थामा पाएँ। मेरा बालबच्चाहरूले स्कुल पढ्न जान पनि छाडेका थिए।

४२ पुरा सूचीको लागि हेर्नुहोस् अनुसूची तालिका ५ यहाँ, www.ictj.org/Nepal-Reparations-Report-Annex.pdf

तालिका २ : पुरुष यातनापीडितहरूद्वारा हानिको श्रेणीकरण[४३]

१	२	३	४ संयुक्त	५
शारीरिक यातना	स्वास्थ्य समस्याहरू	सम्पत्तिको क्षति	विस्थापन र मानसिक तनाव/"यातना"	औषधोपचारको आवश्यकता
६	७	८	९	१०
निवारक नजरवन्द	अपहरण	रोजगारी फेला पार्नमा समस्या/वेरोजगारी	आर्थिक समस्याहरू	गैरकानुनी थुना

धेरै उत्तरदाताका अनुसार औषधोपचार खर्चले पहिल्यैदेखिको कमजोर आर्थिक अवस्थालाई थप कमजोर बनाएको थियो । कपिलवस्तुका एकजना यातनापीडित पुरुषका अनुसार (कथानक लक्षित समूह छलफल) :

> मलाई सुरक्षा बलहरूले ज्यादै नराम्ररी यातना दिए । उनीहरूले मलाई माओवादीहरूलाई वास दिएको आरोप लगाए । मलाई गम्भीर चोट लागेको थियो र मैले चार लाख भन्दा बढी उपचारमा खर्चनु पर्‍यो । मैले हेरचाह गर्नु पर्ने मेरा दुईटी छोरी र चार छोराहरू छन् । मलाई कसैले सर सहयोग गरेको छैन । सबै बचत जति मैले उपचारमा सकिसके । म अब बालबच्चाहरूको बारेमा धेरै चिन्तित छु । मैले अब उनीहरूलाई कसरी पाल्नु र पढाउनु ?

अरु पुरुष यातनापीडितहरूले पनि बालबच्चाहरूको बारेमा चिन्ता व्यक्त गरे । खासगरी उनीहरूले आफूले भोगेको यातना वा अन्य मानवअधिकार ज्यादतीको असरले आफ्नो भावी पुस्ताको भलाइ तथा उनीहरूको प्रगतिसम्बन्धी भावी अवसहरूमा कसरी असर पारेको छ भन्ने कुरामा चासो व्यक्त गरे । बर्दियाका एकजना यातनापीडित पुरुषका अनुसार (कथानक लक्षित समूह छलफल) :

> मेरा बालबालिका बोल्दैनन् । उनीहरू हाम्रो नाजुक आर्थिक अवस्थाका कारण निराश भएका छन् । उनीहरूलाई काम गर्न पनि मन लाग्दैन । अरुलाई तुलना गरेर उनीहरू आफूलाई घटिया भन्ठान्छन् र हतोत्साहित हुन्छन् । यो मेरा लागि मात्र नभएर बालबच्चाहरूका लागि पनि जीवनभरीका लागि पीडा भयो ।

उत्तरदाताहरूलाई एउटै मानवअधिकार ज्यादतीको पीडितको रूपमा मात्र फेरी पनि प्रष्ट रूपमा विभाजन गर्न सकिएन, न त उनीहरूले १० वर्षको द्वन्द्व अवधिमा मात्र भएका हुन् भनी हानिहरूलाई अलग गर्न नै सकेका थिए । उत्तरदाताहरूमध्येका कोहीले आफ्नो परिवारका सदस्यको हत्या वा बलपूर्वक बेपत्ता पारिएको वा सम्पत्तिको क्षति वा विनाश गरिएको पनि अनुभव गरेका थिए । विशेषगरी २०६३ मंसिरको शान्ति सहमति अघि र पछि थुप्रै राजनीतिक हिंसाहरू भएको कपिलवस्तु जिल्लाका उत्तरदाताहरूले यी विभिन्न अवधिहरूमा भएका उथलपुथलबाट भएका हानिहरूबीचमा भएको भिन्नतालाई खुट्याउन कठिनाइ महसुस गरे ।

हानिहरूको लैङ्गिक आयाम

महिला र पुरुष दुवैले धेरैजसो उस्तै हानिहरूको बारेमा बताएका भए पनि यी दुई समूहहरूबीचमा केही महत्त्वपूर्ण भिन्नताहरू रहेका छन् जसलाई पहिले गरिएका अध्ययनहरूका निष्कर्षहरूले सबलीकरण गरेका छन् । यसमा महिलाहरूले भोग्नु परेका अतिरिक्त आर्थिक बोझहरू र मानवअधिकार ज्यादतीका नकारात्मक

४३ श्रेणीक्रमको पुरा सूचीको लागि हेर्नुहोस् अनुसूची तालिका ६ यहाँ, www.ictj.org/Nepal-Reparations-Report-Annex.pdf

सामाजिक परिणामहरू पर्दछन् जसलाई पुरुष पीडितहरूले भोग्नु नै परेको छैन वा एकदमै कम गम्भीर रूपमा मात्रै भोगेका छन् ।

अन्तरिम राहत कार्यक्रमबाट लाभान्वित महिला र पुरुष (हत्या गरिएका र बलपूर्वक बेपत्ता पाएका पीडितका परिवारका सदस्यहरू)ले सबैभन्दा महत्त्वपूर्ण चार वा पाँच द्वन्द्वका हानिहरूलाई धेरै रूपमा उस्तै तरिकाले श्रेणीकृत गरे, त्यसपछि भने अन्तरहरू देखा पर्दछन् (हेर्नुहोस् तालिका १, माथि) । शारीरिक र मानसिक हानिहरू, विस्थापन र तनावका बारेमा उल्लेख गरिसकेपछि, हत्या गरिएका वा बेपत्ता पारिएका व्यक्तिका महिला आफन्तहरूले उनीहरूका पुरुष समकक्षीहरूले उल्लेख नगरेका हानिहरूको पहिचना गरेका छन् : "सामाजिक विभेद", र "परिवारबाटै दुर्व्यवहार" (क्रमशः आठौं र नवौं स्थानमा श्रेणीकृत) । यसको विपरित यही हाराहारीमा पुरुषहरूले "मानसिक तनाव" र घर र सम्पत्तिको नाशलाई महत्त्व दिएका छन् । सामाजिक हैसियतसम्बन्धी हानिहरूलाई पुरुषहरूले विशेषगरी प्रतिष्ठाको क्षति र समाजले हेयको दृष्टिबाट हेर्ने सन्दर्भमा व्याख्या गरेका छन्, तर महत्त्वका हिसावमा यिनलाई धेरै नै तल श्रेणीकृत गरिएको छ (क्रमशः १७ औं र २४ औं स्थानमा) ।

हानिहरूको अनुभव तथा तिनको परिणाम र लिङ्गका बीच रहेको सम्बन्धका बारेमा पुरुष र महिला अन्तरिम राहत कार्यक्रमबाट लाभान्वित महिला र पुरुषहरूमा विस्तृत सहमति रहेको थियो । यस्तो दृष्टिकोणको दुर्लभ अपवाद बागलुङ र बर्दियाका कथानक लक्षित समूह छलफलका सहभागीहरू र कपिलवस्तुका केही महिला उत्तरदाताहरूबाट सुनियो, तर यी अवास्तविक भिन्नतालाई बुझ्न थप अनुसन्धानको आवश्यकता पर्दछ । सहभागीहरूले सामान्यतया महिलाहरूले लैङ्गिक हिंसा बढी भोग्नु परेको कुरालाई स्वीकार गरे र मृतक वा बेपत्ता पारिएकाहरूका श्रीमतीहरू तथा अन्य महिला आफन्तहरूले पुरुष आफन्तहरूको तुलनामा बढी गह्रुङ्गो आर्थिक बोझ उठाउनु परेको देखिएको छ ।

सहभागीहरूको विचारमा महिलाहरूले भोगेका आर्थिक कठिनाइहरूलाई निम्न साक्षरता स्तर र व्यवसायिक सीपहरूको अभावले थप जटिल बनाएको छ जसले गर्दा उनीहरूलाई कम आम्दानी हुने कामहरू गर्न वा कतिपय अवस्थामा कुनै काम नै नभएर अर्थोपार्जन गर्ने कुनै साधन नभएको अवस्थाबाट गुज्रनुपर्ने अवस्था हुन्छ । एउटा घटनामा, आफ्नो छोराको हत्या भएको काभ्रेकी एकजना बुढी महिलाले के बताइन भने छोराको हत्याका कारण उनका श्रीमान् मानसिक रोगी भएका छन् र परिणामस्वरूप धेरै महिनासम्म उनी बसपार्कहरूमा माग्ने काम गर्न बाध्य भएकी थिइन् । सिराहाकी २५ वर्षकी एकजना महिलाले उनलाई सासु ससुराले घरबाट कसरी निकालिदिए र कसरी उनी थुप्रै दिनसम्म मागेर बाँचिन् भन्ने कुरा बताइन् :

> जुन बेला मेरो श्रीमान् मारिइनुभयो, त्यो बेला म गर्भवती थिएँ । मलाई सासु ससुराहरूले घरबाट निकालिदिए र जाने ठाउँ कतै थिएन । मलाई एकजना छिमेकीले वास दिनुभयो । खाने कुरा केही नभएपछि मेरा सामु माग्नु भन्दा अर्को विकल्प थिएन, र मैले बच्चा जन्माएपछि पनि यही गर्नु पऱ्यो । मैले चार वा पाँच महिना मागेर बिताएँ ।

श्रीमान्को परिवारले सिराहाको एउटा महिलामाथि गरेको दुर्व्यवहार नौलो होइन । घरबाट निकालिएका वा दुर्व्यवहार, बहिष्करण, र एकाँकीपनका शिकार भएका कथानक लक्षित समूह छलफलका अन्य महिला सहभागीहरूले पनि यस्तै खाले सामाजिक हानिहरूको बारेमा बताए ।

> यदि एकजना महिलाले आफ्नो श्रीमान् गुमाइन् भने उनलाई घरमा अलिकति पनि सम्मान गरिन्न । उनको कुनै परवाह सम्म पनि गरिन्न । यदि एकजना पुरुषले श्रीमती गुमाए भने उनले बालबच्चाहरूलाई छाडेर अर्की महिलासँग बिहे गर्दछन् । तर महिलाले त्यसो गर्न सक्दैनन् । यदि एकजना महिलाले श्रीमान् गुमाइन् भने जस्तोसुकै भए पनि उनी श्रीमान्कै घरमा बस्छिन्, दुःख गर्छिन् र बालबच्चाहरू हुर्काउछिन् । एकजना पुरुषले यी सबै जिम्मेवारीहरू वहन गर्दैनन् र यस्तो गर्दा पनि गर्दैनन् । यदि यसरी जिम्मेवारी सम्हाल्न उसलाई गाह्रो भयो भने उ भारत जान्छ ।

- *कलिवस्तुकी अन्तरिम राहत कार्यक्रमबाट लाभान्वित ४० वर्षीय महिला (कथानक लक्षित समूह छलफल)*

मेरा सासु ससुराहरू र दाजुभाइहरूले मलाई धेरै दुर्व्यवहार गरे । मेरो श्रीमान् बित्नु भए पछि उनीहरूले मलाई जे मन लाग्यो त्यही जथाभावि नराम्रो नाम राखेर गाली गर्दथे । उनीहरूले काममा जानु अघि मलाई हेऱ्यो भने अशुभ हुन्छ भनी भन्ने गर्दछन् ।

- *उदयपुरकी अन्तरिम राहत कार्यक्रमबाट लाभान्वित ४५ वर्षीय महिला (लक्षित नृवंशविज्ञान अध्ययन)*

यी सामाजिक हानिहरू फराकिलो समुदायसम्म पनि फैलन्छन् । विवाहित महिलाहरूले लगाउने परम्परागत रातो सारीको सट्टा विधवा महिलाहरूले लगाउने सेतो कपडाहरू लगाउन र एकजना विधवाको रूपमा समाजमा व्यवहार गर्न र धार्मिक तथा साँस्कृतिक कार्यक्रमहरूबाट बहिष्कृत हुनुपर्ने लगायतका साँस्कृतिक दबावहरू बेपत्ता पारिएका व्यक्तिहरूका श्रीमतीहरूले भोग्नु परेको बारेमा अन्त पनि दस्तावेजीकरण गरिएको छ ।[४४] यो अनुसन्धानमा भाग लिएका महिलाहरूले पनि यस्तो अनुभवहरूको बारेमा बताए । यस्ता असहानुभूतिजनक वा वैरी व्यवहारले महिलाहरूको सीमान्तीकरण हुनुका साथै उनीहरूलाई सहायता खोज्ने काममा पनि निरुत्साहित गर्दछ ।

गाउँलेहरूले मलाई निन्दा गर्छन् । उनीहरू भन्छन्, "यसले चुरा र टीका लगाउँछे ।[४५] लोग्ने नभएपछि पनि यसलाई यी सबै कुराहरू किन लगाउन परेको हो?" उनीहरूले मेरा बारे नराम्रा कुराहरू पनि भन्ने गर्छन् र जब म कार्यक्रमहरूमा भाग लिन कतै जान्छु उनीहरू मलाई पैसाका लागि हिंडेको भन्ने आरोप पनि लगाउँछन् ।

- *बागलुङकी अन्तरिम राहत कार्यक्रमबाट लाभान्वित ३५ वर्षीय महिला, (लक्षित नृवंशविज्ञान अध्ययन)*

अध्ययन गरिएका जिल्लाहरूमा महिला सहभागीहरूले उस्तै खाले अनुभव र धारणाहरू बताएको भए पनि कुनै निश्चित साँस्कृतिक समुदायका महिलाहरूले आफ्नो अवस्था देशको अन्य भागका महिलाहरूको भन्दा बढी कठोर र दमनकारी भएको बताए ।

मधेसी समुदायको महिला भएको नाताले मलाई घर बाहिर जान दिइँदैन । यदि कुनै काममा वा तालिममा जानु पऱ्यो भने मेरा सासुससुरा र छिमेकीहरूले मलाई जान दिँदैनन् । यही कारणले मैले धेरै द्वन्द्वपीडितहरूसँग सम्बन्धित तालिममा भाग लिने अवसर गुमाएको छु ।

- *सिराहाकी अन्तरिम राहत कार्यक्रमबाट लाभान्वित २७ वर्षीय महिला (कथानक लक्षित समूह छलफल)*

महिला यातनापीडितहरूले यौनजन्य हिंसाका कारण उत्पन्न नकारात्मक सामाजिक असरहरूको बारेमा पनि बताए । र उनीहरूले बारम्बार "सामाजिक कलङ्क" र "आत्म सम्मान तथा सामाजिक प्रतिष्ठा गुमाउनु परेको" बारेमा उल्लेख गरिरहे ।[४६] यस्ता हानिहरू पुरुष यातनापीडितहरूको तुलनामा भिन्न रहेको छ जसले सामान्यतया

---

४४ थप जानकारीका लागि हेर्नुहोस् : एड्भोकेसी फोरम र आइसिटिजे, "द्वन्द्वले नेपाली महिलामा परेको असर" (२०१०); र आइसिटिजे, "राहतका अतिरिक्त नेपालमा बेपत्ता पारिएका पीडितका श्रीमतीहरूको अधिकार र आवश्यकताको सम्बोधन" (अगस्ट २०१३), www.ictj.org/publications

४५ निधारमा लगाइने रातो टीका र चुराहरू विवाहित महिलाहरूको परिचायक हो र विवाहित महिलाहरूले मात्र लगाउँछन् ।

४६ छलफलमा प्रयोग गरिएका नेपाली शब्दहरूमा : सामाजिक कलङ्क -"सामाजिक लाज्छना," "समाजबाट नराम्रो कुरा सुन्नु पर्ने," "हेला, समाजबाट गाली," "गलोज," र "बेइज्जती") र आत्मसम्मान र सामाजिक प्रतिष्ठा गुमाउनु परेको (समाजबाट इज्जत गुमाउनु पर्ने) ।

समुदायबाट सहानुभूति र सहयोग पाएको बताए ।

अधिकांश महिला यातनापीडितहरूले उनीहरूका परिवारहरू साधारणतया सहयोगी नै भएको बताए । यद्यपि, बलात्कार/यौनिक हिंसाबाट पीडित भएपछि श्रीमान्सँगको सम्बन्ध बिग्रिएको केही अपवादहरू पनि रहेका थिए । एउटा घटनामा एक जना उत्तरदातालाई उनका श्रीमान्ले उनीमाथि भएको ज्यादतीका बारेमा थाहा पाएपछि उनलाई त्यागिदिएका थिए । अर्को घटनामा सुरुमा श्रीमान्ले उत्तरदातालाई सेनाका सदस्यलाई यौन सम्पर्क गर्न दिएको भनेर आरोप लगाएका थिए, यद्यपि उनले पछि यसमा उनको दोष नभएको कुरा स्वीकार गरेर डाक्टरलाई देखाउन लगेका थिए ।

छिमेकीहरूबाट नकरात्मक प्रतिक्रिया साधारणतया भइ नै रहन्थे । विशेषगरी एकल भएको अवस्था वा परिवारबाट सहयोग नपाएको अवस्थामा रहेकाहरूले आफू वृहत्तर समुदायबाट नै दुर्व्यवहारको जोखिममा रहेको बताए । एकजनाले त उनलाई पीडकहरूसामु यौन प्रस्ताव राखेको झुटो आरोप लगाइएको पनि बताइन् । तल उल्लेख गरिएको टिप्पणीहरूले कतिपय यातनापीडित महिलाहरूले भोग्नुपरेको लाञ्छनाको प्रतिनिधित्व गर्दछ :

> जब मेरो श्रीमान्लाई गिरफ्तारी गरियो त्यसपछि हाम्रो छिमेकीहरूले हामीलाई फरक तरिकाले हेर्न थाले । उनीहरूले हाम्रो घरलाई "माओवादीको घर" भनेर नाम राखे । मानिसहरूले हामीलाई घृणा गरे र हाम्रो घर नजिक भएर हिंड्ने मानिसहरूले हामी माओवादीसँग आबद्ध भएको भनेर कुरा गर्दथे । उनीहरूले हाम्रो केटाकेटीहरूलाई उनीहरूको बुबाको बारेमा कुरा गरेर "यातना" पनि दिने गर्दथे ।
>
> - *महिला यातनापीडित (विस्तृत अन्तर्वार्ता)*
>
> जब म सेनाको हिरासतबाट मुक्त भएर घर फर्किएँ महिलाहरूले मलाई सेना, प्रहरी, र माओवादीहरूसँग सुतेको भन्ने आरोप लगाउन थाले । उनीहरूले मलाई कोठाभित्र लगेर मेरो लुगा फुकालेर मैले कतै गर्भपतन वा अन्य त्यस्तै नराम्रो केही त गरेको छैन भनी जाँचे । महिला भएर मैले अरु महिलाहरूबाट पनि सहानुभूति पाउन सकिन ।
>
> - *महिला यातनापीडित (विस्तृत अन्तर्वार्ता)*

जात, जनजाति, आर्थिक हैसियत र राजनीतिक आबद्धताको असर

यो अनुसन्धानले हानिहरूको लैङ्गिक असरहरूका अलावा मानवअधिकार ज्यादतीहरूको तत्कालीन र दीर्घकालीन परिणाममा जात, जनजाति, आर्थिक अवस्था र राजनीतिक आबद्धताको कुन हदसम्मको सम्बन्ध रहेको छ भन्ने पनि अन्वेषण गरेको छ । अघि नै उल्लेख गरिएअनुसार, (माथि हेर्नुहोस्, "अनुसन्धानका सीमा र चुनौतीहरू"), अनुसन्धानदाताहरूको विश्लेषणमा तल्लो जातीय समुदाय, फरक जनजातीय सुमदाय र निम्न आर्थिक अवस्थाहरूबाट प्रतिनिधित्व जनाएका सहभागीहरू समूह छलफलहरूमा खुलेर बोल्न सकेका थिएनन् । यद्यपि, यो अनुसन्धानको निष्कर्षले हानिहरूको सवालमा पीडितहरूको वास्तविक पृष्ठभूमी वा अवस्था तथा हानिहरूलाई सामना गर्ने उनीहरूको क्षमताको सान्दर्भिकतालाई सङ्केत गरेको छ ।

यदि कथानक पात्रहरू (माइली, साइँला र काइँला) दलितहरू भएको भए के उनीहरूले भोग्ने मानवअधिकार ज्यादतीहरूको प्रकृति फरक हुन्थ्यो भन्ने प्रश्नमा कथानक लक्षित समूह छलफलमा सहभागी भएकाहरू (बेपत्ता पारिएका व्यक्तिहरूको परिवार, मृतकका परिवार र पुरुष यातनापीडितहरू)ले मिश्रित प्रतिक्रिया दिए । सबैले नभए पनि केही सहभागीहरूले दलितहरूको निम्न आर्थिक र सामाजिक हैसियतले उनीहरूलाई ज्यादतीहरूमा बढी जोखिम बनाएको कुरालाई स्वीकार गरे । बागलुङका एकजना गैरदलित सहभागीले आफूलाई सुरक्षा निकायले हिरासतमा राखेको बेला दलित बन्दीहरूलाई हिरासतमा राखेको अन्य बन्दीहरूलाई भन्दा धेरै नै बढी गम्भीर रूपमा यातना दिइएको देखेको एउटा ठोस उदाहरण दिए ।

दुर्व्यवहार भोगिसकेको अवस्थामा सो दुर्व्यवहारका परिणामलाई सामना गर्ने सवालमा दलित पीडितहरूले

बढी समस्याहरू भोग्दछन् र दलित महिलाहरूले भोग्ने समस्या अझ बढी हुन्छ भन्ने कुरामा वृहत सहमति रहेको थियो । रोल्पा, सिराहा, र कपिलवस्तुका अन्तरिम राहतबाट लाभान्वित महिलाहरूले दलित महिलाले समुदायबाट कम सहानुभूति पाउँदछन् र शिक्षा तथा रोजगारी लिने सवालमा उनीहरूले विशेष विभेदको सामना गर्नु पर्दछ भन्ने विचार राखे । परिवार धान्न र बालबच्चाहरूलाई शिक्षा दिनका लागि ऋण पनि प्राप्त गर्न नसक्ने कारणले पनि केही हदसम्म दलित महिलाहरूको पीडा "दोब्बर हुने" धनुषा जिल्लाका सहभागीहरूले बताए ।

> यदि कोही दलित छ भने उसले अरुले भन्दा बढी नै समस्या र झमेलाहरू भोग्नु पर्ने हुन्छ । विभेदकारी व्यवहारले दलितहरूलाई अझै असर पारिरहेको छ ।
>
> - *काभ्रेकी अन्तरिम राहतबाट लाभान्वित २४ वर्षकी महिला (कथानक लक्षित समूह छलफल)*

> यदि साइँला दलित थिए भने उनले कसैबाट कुनै ध्यान पाउँदैन थिए । आफ्नै छिमेकीहरूबाट पनि पाउँने थिएनन् । दलितहरूले समस्या भोगेको बेलामा सबै जना उनीहरूबाट कोसौं पर भाग्दछन् । साइँलाले भोग्ने हानिहरू पनि निश्चित रूपमा फरक हुने थियो ।
>
> - *अन्तरिम राहत कार्यक्रमबाट लाभान्वित धनुषाका एक पुरुष पीडित (कथानक लक्षित समूह छलफल)*

काभ्रे र बर्दिया जिल्लाका महिला सहभागीहरू र धनुषाका पुरुष सहभागीहरू बाहेक कथानक लक्षित समूह छलफलका अधिकांश सहभागीहरू (बेपत्ता पारिएका व्यक्तिहरू र मृतकका परिवारहरू)ले द्वन्द्वको अनुभवमा जातीयता महत्त्वपूर्ण तत्व हो भन्ने ठानेनन् । यद्यपि, कुनै निश्चित जनजाति समुदायका सदस्यहरू मानवअधिकार ज्यादतीमा बढी नै जोखिमका रहेका हुने र सम्भवतः त्यसै कारण ती ज्यादतीहरूबाट उत्पन्न हुने हानिहरूमा पनि बढी नै जोखिममा रहने प्रमाणहरूसँग नमिल्नेगरी आएका उत्तरदाताहरूको बुझाइ वा धारणलाई बुझ्नका लागि थप अनुसन्धान गर्नु आवश्यक हुन्छ ।

जात र जनजातिसम्बन्धी अपरिवर्तनीय तत्वहरूको विपरित ज्यादतीहरूमा जोखिममा पर्न र ती जोखिमहरूबाट उत्पन्न हानिहरूलाई कम गर्न सहयोग जुटाउनमा राजनीतिक आबद्धतासँग सम्बन्धित चयनहरूलाई भने महत्त्वपूर्ण हुने भनी ठानियो । बागलुङ, जुम्ला र कपिलवस्तुका हत्या गरिएका र बेपत्ता पारिएका व्यक्तिहरूका आफन्तहरूले यसमा थप व्याख्या गर्दै वास्तविक वा काल्पनिक दुवै राजनीतिक आबद्धताले सबैलाई आक्रमणको निसाना बनाएको बारेमा उल्लेख गरे । द्वन्द्वको अन्त्यपछि भने राजनीतिक आबद्धता र यसबाट प्राप्त हुने जानकारी र प्रभाव अन्तरिम राहत कार्यक्रमअन्तर्गतको राहत लगायत शिक्षा (छात्रवृत्ति लगायत), रोजगारी, उच्च आम्दनी, र निवृत्तिभरण प्राप्त गर्नमा महत्त्वपूर्ण भएको भन्ने बुझियो । महिला र पुरुष यातनापीडितहरूले पनि उनीहरू पीडित हुनमा राजनीतिक आबद्धता एउटा महत्त्वपूर्ण तत्वका रूपमा रहेको विश्वास गरे :

> सेनाले मलाई कुटपीट गरे किनभने माओवादीहरू कहाँ बसेका छन् भन्ने कुरा मैले उनीहरूलाई ढाँटे भन्ने उनीहरूले ठाने । उनीहरूले मलाई राइफलको कुन्दाले कुटे, र यसको कारण म अहिले आंशिक रूपमा मात्र कान सुन्दछु । जीउ दुख्ने समस्याका कारण म कुनै पनि धार्मिक र अन्य कार्यक्रमहरूमा भाग लिँदिन तर मासिहरू मलाई यसरी कार्यक्रमहरूमा भाग नलिएकोमा आलोचना गर्ने गर्छन् ।
>
> - *बागलुङका ५० वर्षीय पुरुष यातनापीडित (कथानक लक्षित समूह छलफल)*

माओवादी विद्रोहीहरूद्वारा आफ्नो दाइ र भतिजाको हत्या गरिएको भनिएका अर्का एक जना पुरुष पीडितले भने :

> माओवादीहरूले मैले सेनाका लागि सुराकी गरेको आरोप लगाए । उनीहरूले मेरो दाहिने

> खुट्टा काटिदिए । मैले अस्पतालमा छ महिना बस्नुपर्‍यो, र मेरा बालबच्चाहरूले स्कुल छाड्नुपर्‍यो । पछि, मेरा बालबच्चाहरू विदेश गए, र मेरी श्रीमती पनि अर्को जिल्ला जानु पर्‍यो । म कुनै काम गर्न सक्दिन किनभने म लामो समयसम्म एकै ठाउँमा बस्नै सक्दिन । मलाई अझै खुट्टा सुन्निने जस्ता समस्याहरू छन् ।
>
> - *बागलुङका ५७ वर्षीय पुरुष यातनापीडित (कथानक लक्षित समूह छलफल)*

यसैगरी, खासगरी बर्दिया, कन्चनपुर, र काभ्रेका अधिकांश पुरुष यातनापीडितहरूले मानवअधिकार ज्यादतीबाट भोग्नु परेको असरको सामना गर्न सहयोगी बन्नमा राजनीतिक आवद्धता उपयोगी भएको ठाने । विशेषगरी उनीहरूले राजनीतिक दलहरूले आफ्ना सदस्यहरूलाई संरक्षण गर्छन् र राजनीतिक दलसँग आबद्ध हुनेले चिकित्सकीय हेरचाह लगायत अन्य सुविधा वा लाभहरूमा राम्रो पहुँच पाउँदछन् भन्ने टिप्पणी गरे । तर खासगरी कपिलवस्तु र उदयपुरका केही पुरुष यातनापीडितहरूले भने मानवअधिकारको उल्लङ्घन र यसबाट हुने परिणाम दुवैको दृष्टिकोणमा राजनीतिक आबद्धता असान्दर्भिक हुने स्पष्ट धारणा राखे । उनीहरुका अनुसार सबै यातनापीडितहरूलाई समान ढङ्गमा बेवास्ता गरिएको छ ।

५. अन्तरिम राहत कार्यक्रम, यसको असर र यसमा पहुँच

अन्तरिम राहत कार्यक्रमअन्तर्गत प्राप्त भएका लाभहरू र सेवाग्राहीहरूको धारणा

माथि उल्लेख गरिएका हानिहरूलाई अन्तरिम राहत कार्यक्रमले कति हदसम्म सम्बोधन गरेको छ भन्ने बुझ्न र उनीहरूले प्राप्त गरेको हुन सक्ने अन्य सहायताहरूका बारेमा जानकारी लिनको लागि अन्तरिम राहत कार्यक्रमका सेवाग्राहीहरूलाई उनीहरूले प्राप्त गरेका सहयोगका प्रकारहरू लेख्न र ती सहयोगलाई महत्त्वका आधारमा श्रेणीकृत गर्नका लागि भनिएको थियो । कथानक छलफलका क्रममा भएका समानान्तर छलफलहरूले कार्यक्रमप्रतिको उनीहरूको धारणालाई अन्वेषण गरेको थियो । यी छलफलहरू माइली र साइँलाको काल्पनिक कथानकसँग सम्बन्धित प्रश्नहरूमा आधारित रहेका थिए : *"के तपाइँहरूलाई अन्तरिम राहत कार्यक्रमको क्षतिपूर्तिले माइली/साइँलालाई सन्तुष्टि दिन्छ भन्ने लाग्छ ? वा के उनले/उसले र उनको/उसको परिवारले भोगेको हानिहरूलाई सम्बोधन गर्न अरु उपायहरूको पनि जरुरत पर्दछ ?"* वा *"के अन्तरिम राहत कार्यक्रमले माइली/साइँलालाई कुनै प्रकृतिको न्याय प्रदान गरेको छ ?"* उत्तरदाताहरूलाई लिङ्ग, जात, जाति, वा राजनीतिक आबद्धताले लाभहरू प्राप्त गर्नमा कुनै असर पार्छ वा पार्दैन भन्ने प्रश्न पनि सोधिएको थियो ।

हत्या गरिएका वा बेपत्ता पारिएका परिवार वर्गका अधिकांश सहभागीहरूले अन्तरिम राहतअन्तर्गतका फाइदाहरू प्राप्त गरेका थिए । यसअन्तर्गत उनीहरूले रु.३००,००० प्राप्त गरेका थिए जुन ९३.५ प्रतिशत पुरुष सहभागीहरूले र ८५.७ प्रतिशत महिला सहभागीहरूले प्राप्त गरेका थिए । ५५.७ प्रतिशत महिला सहभागीहरूले एकल महिला भत्ता रु. २५,००० पनि प्राप्त गरेका थिए । महिला र पुरुष उत्तरदाताहरू दुवैले सरकारबाट अरु साना आर्थिक सहयोगहरू पाएको पनि बताए । झण्डै आधा महिला सहभागीहरूले (४२.९ प्रतिशत) आफ्ना बालबच्चाहरूलाई छात्रवृत्ति प्राप्त भएको पनि बताए । यद्यपि यो सहयोगको जम्मा ८.७ प्रतिशत पुरुष सहभागीहरूले मात्र उल्लेख गरे । झण्डै एक तिहाइ महिला र पुरुषले व्यवसायिक तालिम प्राप्त गरेको पनि बताए (३२.९ प्रतिशत महिला, ३९.१ प्रतिशत पुरुष) ।

कतिपय उत्तरदाताहरूले गैरसरकारी संस्था (गैसस) र अन्यबाट पनि केही सहयोग प्राप्त गरेको कुरा बताए । यसमा रेडक्रसको अन्तर्राष्ट्रिय समिति (आइसिआरसि)ले प्रदान गरेको आर्थिक र अन्य भौतिक सहयोग र गैससहरूबाट प्राप्त साना स्तरका सहयोगहरू जस्तै सानो रकम, घरायसी सामान, पशुहरू, शैक्षिक खर्चहरू, औषधोपचार, परामर्श सेवा र मुद्दाहरूमा कानुनी सहयोग लगायतका विभिन्न सहयोगहरू आदि पर्दछन् । केही पुरुष र महिला दुवै सहभागीहरूले राजनीतिक दलहरूबाट पनि भौतिक र साङ्केतिक दुवै सहयोग प्राप्त गरेको बताए ।[४७]

आर्थिक र अन्य भौतिक हानिहरूमा दिइएको जोडसँग तादात्म्यता हुने गरि महिला र पुरुष दुवै उत्तरदाताहरूले आर्थिक सहयोग, छात्रवृत्ति, व्यवसायिक तालिम, र घरायसी सामान र पशुको रूपमा दिएको भौतिक सहयोगलाई महत्त्वपूर्ण ठानी उच्च श्रेणीमा राखे । खासगरी, अन्तरिम राहत कार्यक्रमअन्तर्गत र आइसिआर सिबाट प्राप्त भएको आर्थिक सहयोगलाई पुरुषहरूले उच्च तेश्रो श्रेणीमा र महिलाहरूले उच्च छैठौं श्रेणीमा

४७ पुरा सूचीका लागि हेर्नुहोस् अनुसूची तालिका ९ र १० यहाँ, www.ictj.org/Nepal-Reparations-Report-Annex.pdf

राखे । महिलाहरूका लागि, तीनको बालबच्चाहरूका लागि प्राप्त छात्रवृत्ति दोश्रो श्रेणीमा पर्‍यो भने पुरुषहरूका लागि यो छैठौं श्रेणीमा पर्‍यो । दुवै महिला र पुरुष उत्तरदाताहरूले अन्तरिम राहत कार्यक्रमअन्तर्गत प्राप्त भएको व्यवसायिक तालिमलाई पनि उच्च श्रेणीमा राखे (पुरुषहरूले दोश्रो र महिलाहरूले चौथो) ।

तालिका ३ : अन्तरिम राहत कार्यक्रमबाट लाभान्वित महिला र पुरुषहरूले प्राप्त गरेका सहायताहरूको श्रेणीकरण[४८]

श्रेणी	महिला	पुरुष
१	मृतक र बेपत्ता पारिएका व्यक्तिहरूको परिवारका लागि अन्तरिम राहत कार्यक्रमको सहयोग (रु. ३००,०००)	मृतक र बेपत्ता पारिएका व्यक्तिहरूको परिवारका लागि अन्तरिम राहत कार्यक्रमको सहयोग (रु. ३००,०००)
२	एकल महिलाहरूको लागि अन्तरिम राहत कार्यक्रमअन्तर्गतको भत्ता (रु.२५,०००)	अन्तरिम राहत कार्यक्रमअन्तर्गतको व्यवसायिक तालिम
३	अन्तरिम राहत कार्यक्रमअन्तर्गत केटाकेटीहरूका लागि शैक्षिक छात्रवृत्ति	रु. ७ देखि १०,००० सम्मको आइसिआरसिले प्रदान गरेको सहयोग
४	अन्तरिम राहत कार्यक्रमअन्तर्गतको व्यवसायिक तालिम	अन्तरिम राहत कार्यक्रमअन्तर्गत प्राप्त रु. ३,१००
५	घरायसी सामानको रूपमा गैससहरूबाट प्राप्त सहयोग	घरायसी सामानको रूपमा गैससहरूबाट प्राप्त सहयोग

सबै अध्ययन जिल्लाहरूमा गरिएका कथानक लक्षित समूह छलफल र लक्षित नृवंशविज्ञान अध्ययन दुवैमा सहभागीहरूले अन्तरिम राहत कार्यक्रमका बारेमा मिश्रित प्रतिक्रिया राखे । कथानक लक्षित समूह छलफलमा सहभागीहरूले अन्तरिम राहत कार्यक्रमले उनीहरूको "तत्कालीन आवश्यकताहरू पुरा हुन"मा सहयोग गरेको वा "घाउमा अलिकति भएपनि मलम लगाएको" भन्ने अर्थमा लिए । यसरी हेर्दा, अन्तरिम राहत कार्यक्रमलाई, कम्तिमा केही उत्तरदाताहरूले, उनीहरूको जरुरी आवश्यकताहरू पुरा गर्न, "हात मुखको समस्या समाधान गर्न" वा सांस्कृतिक र धार्मिक बाध्यताहरू पुरा गर्न सहयोग गरेको भन्ने अर्थमा लिएका छन् ।

> मैले छोरीलाई राम्रो घरमा बिहे गरेर पठाएँ । यदि सरकारले मलाई त्यो रकम नदिएको भए उनलाई सायद गरिब घरमा बिहे गरिदिनु पर्ने थियो जसका कारण उनले अरु समस्याहरू भोग्नु पर्ने हुन सक्दथ्यो । सरकारले त्यो सहयोग हामीले हात मुख जोड्ने समस्या समाधानको लागि दिएको थियो । अहिले हामी त्यही सहयोगका कारण जीवित छौं र त्यसकारण यो निश्चय नै एउटा राहत हो ।
>
> *- अन्तरिम राहत कार्यक्रमबाट लाभान्वित कपिलवस्तुकी ४० वर्षीया एक महिला (कथानक लक्षित समूह छलफल)*
>
> मैले तीन किस्तामा जम्मा रु. ३००,००० पाएँ जुन मैले मेरो औषधोपचार र श्रीमतीको दाहसंस्कार कार्यमा सकेँ ।
>
> *- रोल्पाका अन्तरिम राहत कार्यक्रमबाट लाभान्वित ४१ वर्षीय पुरुष (कथानक लक्षित समूह छलफल)*

के अन्तरिम राहत कार्यक्रमअन्तर्गतका लाभहरू सन्तोषजनक थिए भन्ने प्रश्नको जवाफमा केही महिला र पुरुष सहभागीहरूले यसलाई एउटा "न्यायोचित जवाफ"का रूपमा लिएका थिए र यसले उनीहरूले भोगेका हानिहरूको हकमा केही हदसम्मको "सन्तुष्टि" दिएको बताएका थिए । यद्यपि, अन्तरिम राहत कार्यक्रमलाई

४८ श्रेणीकरणको पुरा सूची हेर्नका लागि तालिका ९ र १० हेर्नुहोस् यहाँ, www.ictj.org/Nepal-Reparations-Report-Annex.pdf

सकारात्मक रूपमा लिएकाहरूले पनि दीर्घकालीन स्वास्थ्य सेवासम्बन्धी सहायता, बालबालिकाहरूको शिक्षामा सहयोग, रोजगारी, र निवृत्तिभरण आदिको आवश्यकताहरूलाई औँल्याए । धेरैले चाहीँ अन्तरिम राहत कार्यक्रमअन्तर्गतको नगद सहयोग अपर्याप्त भएको जनाए ।

अन्तरिम राहत कार्यक्रमले नै "न्याय" भएको हो भन्ने चाहिँ होइन भन्ने विषयमा भने विस्तृत सहमति रहेको थियो । धेरैका लागि यो एउटा सामान्य कुरा थियो : आर्थिक सहायताले गुमेका प्यारा आफन्तहरूको क्षतिपूर्ति गर्न दिन वा प्रतिस्थापन गर्न सक्दैन । हानिहरूको फराकिलो प्रतिउत्तरका रूपमा आर्थिक सहायतालाई यसले निश्चय नै अवरोध पुऱ्याउँदैन । यद्यपि, एउटा छुट्टै उपायको रूपमा भने यसलाई अपुग भएको मानिएको छ र कसैले त यसलाई विरोध र आक्रोशको भावनाले पनि लिएका छन् । कसैले अन्तरिम राहत कार्यक्रम पीडितहरूलाई न्याय खोज्ने कार्यबाट ध्यान अन्तै मोड्न ल्याएको भनेर पनि भने । कतिले त यसलाई "आँखामा छारो हाल्ने" काम भनेर पनि लिए, जसको अर्थ हुन्छ कि यो एउटा सतही जवाफ हो । अरुले चाहीँ "मुखमा बुझो लगाउने" काम भएको भन्ने शब्दावली प्रयोग गरे जसको अर्थ हुन्छ पीडितहरूलाई थामथुम पारेर उनीहरूको आवाज शान्त पार्नु ।

अन्तरिम राहत कार्यक्रममा पहुँच

अन्य अध्ययनले निकालेका निष्कर्षरू पुनःउल्लेख गर्दै, अन्तरिम राहत कार्यक्रमको सवालमा उत्तरदाताहरूले तीन मुख्य कुराहरूका बारेमा निराशा व्यक्त गरे :

- *ज्यादै लामो र जटिल प्रशासनिक प्रक्रिया ।* सहभागीहरूले अन्तरिम राहत कार्यक्रमका विभिन्न र बारम्बार संशोधन भइरहेका नीतिहरूअन्तर्गत राहतका लागि निवेदन दिँदाका बखत विभिन्न कागजातहरू बुझाइ रहनु पर्ने कठिन आवश्यकताहरूका बारेमा टिप्पणी गरे । उनीहरूले विभिन्न आवश्यक कागजातहरू (जस्तै मृत्यु, विवाह, र नागरिकताका प्रमाणपत्रहरू; बैंक खाता विवरण, विभिन्न सरकारी कार्यालयहरूका सिफारिस पत्रहरू; र प्रहरी प्रतिवेदन)का बारेमा गुनासो गरे । उदयपुरका एकजना पुरुष सहभागीका अनुसार, उनले अन्तरिम राहत प्राप्त गर्नुअघि सोका लागि आवश्यक प्रमाणजन्य कागजातहरू जुटाउन तीन वर्ष लाग्नुका साथै कैयौँ पटकसम्म जिल्ला सदरमुकाम धाइरहनु पऱ्यो ।

- *भ्रष्टाचार* । खासगरी महिला सहभागीहरूले भ्रष्टाचारको बारेमा व्यापक रूपमा कुरा उठाए । उनीहरू भ्रष्ट व्यवहारबाट बढी नै मारमा परेको प्रतित हुन्छ । (धनुषा र कपिलवस्तु जिल्लाहरूमा कथानक समूह छलफलमा सहभागी भएका पुरुषहरूले मात्र यो मुद्दालाई उठाए ।) सबैभन्दा बढी उल्लेख गरिएको समस्या भनेको उनीहरूको निवेदन अघि बढाउन उनीहरूले कर्मचारीहरूलाई पैसा तिर्नु परेको कुरा रहेको छ । १० मध्ये ९ अध्ययन जिल्लाका महिला उत्तरदाताहरूले यस्तो अभ्यास रहेको उल्लेख गरे, कुनै अवस्थामा त धेरै रकम पनि संलग्न रहेको थियो (एक जनाले त रु. १०,००० सम्म तिर्नु परेको बताइन्) । दुवै महिला र पुरुषहरूले भ्रष्टाचार वा निवेदन प्रमाणीकरण गर्ने कमजोर प्रक्रियाका कारण "नक्कली पीडितहरू"ले पनि लाभ लिएको बताए ।

- *लिङ्ग, जात र जनजातिमा आधारित विभेद ।* अन्तरिम राहत कार्यक्रमअन्तर्गतको लाभहरू प्राप्त गर्न कति सजिलो हुन्छ भन्ने कुरा निर्धारण गर्नमा लिङ्ग र जातको महत्त्वपूर्ण भूमिका रहेको पनि उल्लेख गरियो ।

  साँस्कृतिक र जातीय आधारमा लिङ्गसम्बन्धी धारणाहरू फरक फरक रहेको भए पनि अन्तरिम राहत कार्यक्रमबाट लाभान्वित केही महिलाहरूले माथि उल्लेख गरिएका भ्रष्ट व्यवहारको अलावा सरकारी अधिकारीहरूबाट भएको विभेद, शङ्का र पारिवारिक तनाव पनि सामना गर्नु परेको उल्लेख गरे । तराईका महिला सहभागीहरूले न्युन आत्मसम्मान र आत्मविश्वासको अभाव, शिक्षाको अभाव, सरकारी सेवाहरूको बारेमा जानकारी र पहुँचको अभाव, सार्वजनिक अधिकारीहरूलाई प्रभावमा पार्ने क्षमताको अभाव, र पुरुष केन्द्रित सार्वजनिक संस्थाहरूका कारण थप अवरोध भोग्नु परेको कुरा

उल्लेख गरे । यसको विपरित, मुख्यतया तामाङ्ग र मगर समुदायका सहभागीहरू भएको काभ्रे र रोल्पा जिल्लामा भने उत्तरदाताहरूले अन्तरिम राहत कार्यक्रमको सेवा प्राप्त गर्नमा महिला र पुरुषहरूले भोगेको अनुभवमा खासै फरक छैन भन्ने ठाने । यी निष्कर्षहरूले लैङ्गिक धारणा र अनुभवहरूको जटिलता तथा यिनलाई सामाजिक र साँस्कृतिक अवस्थाहरूले प्रभावित पार्ने तरिकाहरूको बारेमा सङ्केत गर्दछन्, यद्यपि यी भिन्नताहरूलाई पूर्ण रूपमा बुझ्नको लागि भने थप अनुसन्धान गरिनु पनि आवश्यक छ ।

अधिकांश पुरुष र महिला सहभागीहरूले अन्तरिम राहत कार्यक्रमको पहुँचमा जातले असर पारेको र दलितहरूले अन्तरिम राहतका लागि निवेदन दिन र सोअन्तर्गत लाभ प्राप्त गर्नमा निम्न शैक्षिक स्तर र आर्थिक तथा राजनीतिक प्रभावको अभावका कारण अरुले भन्दा बढी कठिनाइ झेल्न परेको कुरामा सहमति जनाए । यसको विपरित, बहुसङ्ख्यक अन्तरिम राहत कार्यक्रमअन्तर्गत लाभ लिएका बहुसङ्ख्यकले जनजाति समुदायका सदस्यहरूले अन्तरिम राहत प्राप्त गर्नमा दलितले भोगेको जस्तो विभेद भाग्नु नपरेको जनाए ।

साधारणतया उच्च आर्थिक हैसियत भएकाहरूले अन्तरिम राहत कार्यक्रमअन्तर्गतको लाभ प्राप्त गनर्का लागि आफ्नो प्रभाव प्रयोग गर्न सक्षम रहेको भनी लिइएको पाइयो । यसले घुस रकम दिने कुरा पनि बुझाउन सक्दछ, परिभाषाअनुसार नै पनि आर्थिक हैसियत भएकाहरू साधारणतया पुरुष वा उपल्लो जातकाहरू हुन्छन् जो आधिकारिक प्रक्रियाहरूमा पहुँच प्राप्त गर्न वा प्रक्रियाहरू छिचोल्नमा बढी सिपालु हुन्छन् । कतिपय अवस्थाहरूमा त निम्न आर्थिक र सामाजिक हैसियत भएकाहरूका लागि राहतका लागि निवेदन दिने र राहत प्राप्त गर्ने प्रक्रियाहरूले पहिल्यैदेखि नै विद्यमान असमानताहरूलाई थप मजबुत बनाएको छ ।

अन्तरिम राहत कार्यक्रमबाट बहिष्करणको असरहरू

मुख्यतया अन्तरिम राहत कार्यक्रमबाट लाभ प्राप्त नगेरका यातनापीडितहरूलाई पनि उनीहरूले हालसम्म प्राप्त गरेका सहायताको बारेमा सोधिएको थियो । कथानक लक्षित समूह छलफलका सहभागीहरूलाई *"काइँला र उनका परिवारले अन्तरिम राहत प्राप्त गर्नमा कस्ता खाले समस्याहरू भोगेका थिए ?"* र *"के अन्तरिम राहत कार्यक्रमअन्तर्गतका लाभहरूले काइँलाले भोगेको हानिहरूबाट भएका असरहरूलाई सम्बोधन गरेको थियो ?"* लगायतका विभिन्न प्रश्नहरू सोधिएको थियो । एक एक जना गरी लिइएको अन्तर्वार्तामा महिला यातनापीडितहरूलाई उनीहरूले पहिचान गरेको हानिहरूको सम्बोधनका लागि उनीहरूले वा उनीहरूको परिवारको सदस्यले कुनै सहयोग प्राप्त गर्न प्रयास गरेका थिए वा कुनै सहयोग प्राप्त गरेका थिए भनेर सोधिएको थियो ।

महिला र पुरुष दुवै यातनापीडितहरूले माथि उल्लेख गरेका कठिनाइहरूले अन्तरिम राहत कार्यक्रमबाट बहिष्करण गरिएका कारण पीडितहरूको स्वास्थ्य र जीविका लगायत उपचार नगरिएको, अक्सर शारीरिक र मनोवैज्ञानिक चोटहरूमाथि पर्न गएको गम्भीर परिणामहरूको बारेमा उजागर गर्दछन् । कथानक लक्षित समूह छलफलमा सहभागी भएका पुरुष यातनापीडितहरूले साधारणतया द्वन्द्वपीडितहरूले उस्तै उस्तै समस्याहरू भोगेका छन् भन्ने ठानेका भए पनि उनीहरूले स्पष्ट रूपमा रिसाउनुका साथै तितो महसुस गरिरहेका थिए । आर्थिक सहयोगको अभावमा आफूलाई ज्यादै आवश्यक परेको औषधोपचार सेवा प्राप्त गर्नमा पुगेको अवरोधले विद्यमान कठिनाइलाई कसरी झन् बढाएको छ भन्ने कुराका बारेमा पनि उनीहरूले बताए । धेरैले औषधोपचार खर्च पुनर्भुक्तानीका लागि दिएको निवेदन सफल भएको बताए पनि उनीहरूको जारी र पछि गर्नु पर्ने उपचारमा भने कुनै सहयोग उपलब्ध नभएको गुनासो गरे ।

> यदि हामीले पनि अन्तरिम राहत प्राप्त गर्न सकेको भए, हामीले अझ राम्रो औषधोपचार सेवा पाउन सक्ने थियौं । यदि उक्त सहयोग हामीले पनि पाएको भए अहिले हामी असल जीवन बाँचिरहेका हुने थियौं ।

- *बर्दियाका पुरुष यातनापीडित (कथानक लक्षित छलफल समूह)*

अन्तरिम राहत निर्देशिकामा २५ दिन भन्दा बढी हिरासतमा राखिएका व्यक्तिहरूले रु. २५,००० प्राप्त गर्छन् भनिएको छ । रु १० लाख सम्म औषधोपचारमा खर्च गरेका यातनापीडितहरूका लागि यो रकम केही पनि हैन ।

- *कञ्चनपुरका पुरुष यातनापीडित (कथानक लक्षित समूह छलफल)*

आवश्यक सबै कागजहरू हुँदा हुँदै पनि हामीलाई सरकारले प्रदान गरेको अन्तरिम राहत कार्यक्रबाट बहिष्करण गरियो । त्यो राहत प्राप्त गर्ने हामीहरूको अधिकार हो । सहयोगको आवश्यकतामा रहेका मानिसहरूलाई सहायतास्वरूप त्यो दिन सकिन्छ, तर यो हाम्रो अधिकार हो किनभने हामीहरू राज्यद्वारा पीडित भएकाहरू हौं ।

- *बर्दियाका पुरुष यातनापीडितहरू (कथानक लक्षित समूह छलफल)*

"के काइँला अन्तरिम राहत कार्यक्रमको लागि योग्य छन् र के यसले उनलाई न्याय दिन्छ ?" भन्ने खास प्रश्नको जवाफमा सबै पुरुष यातनापीडितहरूले यो कार्यक्रमअन्तर्गत अन्य पीडितहरूले पहिल्यै प्राप्त गरेका लाभहरू आफूले पाउने भए त्यसलाई स्वागत गर्ने बताए । तर सामान्य बुझाइ के रहेको छ भने यो नै न्याय प्राप्त गरेको बराबर भने हुँदैन वा केही सहभागीहरूले भने झैं यसले "आंशिक न्याय" मात्र प्रतिनिधित्व गर्ने छ ।

अन्तर्वार्ता लिइएका २२ जनामध्येका धेरैजसो महिला यातनपीडितहरूले मानवअधिकार सङ्गठनहरूबाट सहयोग खोजेका र उनीहरूका तत्कालीन विशेष आवश्यकताहरूमा सहायता, आर्थिक सहयोग, वा कतिपय अवस्थामा, कानुनी प्रक्रियामा साथ पाएका छन् । यद्यपि, अधिकांशले कुनै पनि स्वरूपको सहयोग पाएका छैनन् । केही थोरै अपवादहरू बाहेक, धेरैजसोले आफूले भोगेको ज्यादतीहरूका बारेमा आधिकारिक निकायहरूमा उजुरी पनि गरेका छैनन् । सहयोग नखोज्नुमा वा कानुनी रूपमा आफ्नो मुद्दा अघि नबढाउनुमा धेरै उत्तरदाताहरूले यसो गर्दा घटना सार्वजनिक भएमा यसले आफ्नो र परिवारको "बदनामी" निम्त्याउने डर नै मुख्य कारण भएको बताए । अन्य सहभागीहरूले भने सहयोगका लागि कहाँ जाने भन्ने बारे केही थाहा नभएर पनि यस्तो भएको हो भन्ने बताए ।

६. अन्तरिम राहत कार्यक्रमबाट लाभान्वितहरूका तत्कालीन र दीर्घकालीन आवश्यकताहरू

एउटै अनुसन्धान साधनहरू (नृवंशविज्ञान अध्ययनको सूचीकरण र श्रेणीकरण अभ्यासहरू र कथानक लक्षित समूह छलफलहरू) प्रयोग गरेर परिपूरणीय न्यायका सवालमा तत्कालीन आवश्यकताहरू र दीर्घकालीन आकाङ्क्षा वा अपेक्षाहरूको अन्वेषण गरिएको थियो । हानिहरूलाई सम्बोधन गर्नका लागि पहिलो साझा प्रश्न सोधिएको थियो (कथानक लक्षित समूह छलफलको हकमा, *"माइली/साइँलाका तत्कालीन आवश्यकताहरू के हुन् ?"*), र दोश्रो, यदि पहिचान भइसकेका तत्कालीन/जरुरी आवश्यकताहरू पुरा भएको भए, उनीहरूले भोगेको हानिहरूको सम्बोधनका लागि अरु के उपायहरू आवश्यक पर्दछन् (कथानक लक्षित समूह छलफलहरूमा, *यदि यी तत्कालीन र जरुरी आवश्यकताहरू पुरा भए भने, माइली र साइँला तथा उनीहरूका परिवारले भोगेका हानिहरूलाई सम्बोधन गर्न अरु के कुरा आवश्यक हुन सक्दछ?"*)

तत्कालीन र दीर्घकालीन आवश्यकताहरूबीचको फरकहरू बुझ्नका लागि सहभागीहरूका लागि सँधै त्यति सहज थिएन । यसका लागि उनीहरूले आफ्नो कल्पनालाई एक फड्को पर एउटा यस्तो अवस्थामा पुऱ्याउनु आवश्यक थियो जहाँ उनीहरूको जीविकासम्बन्धी र अन्य अति जरुरी आवश्यकताहरूको सम्बोधन भइसकेको होस् । तथापि, हानिहरूलाई सम्बोधन गर्नमा थप कुन उपायहरूले योगदान पुऱ्याउन सक्दछ भन्ने बारेमा सोच्ने अवसर उपलब्ध गराउँदा उनीहरूले भौतिक र अभौतिक आवश्यकता वा अपेक्षाहरूलाई दिएको प्राथमिकतामा आएको भिन्नता भने स्पष्ट थियो, जसलाई परिपूरण कार्यक्रम र सङ्क्रमणकालीन न्याय प्रक्रियाहरूको तर्जुमा गर्ने क्रममा सामान्यतः ज्यादा ध्यान दिइनु पर्दछ ।

तत्कालीन आवश्यकताहरू

हत्या गरिएका र बेपत्ता पारिएका परिवारहरूको तत्कालीन आवश्यकताहरूको बारेमा भएको लक्षित नृवंशविज्ञान अध्ययन र कथानक लक्षित समूह छलफल दुवैले तीनवटा साझा चरित्रहरूसहित समान परिणामहरू दिए । पहिलो, उत्तरदाताहरूले तत्कालीन सामाजिक आर्थिक उपायहरूलाई प्राथमिकता दिए । दोश्रो, तत्कालीन आवश्यकताहरूमा अभौतिक उपायहरू जस्तै न्यायिक र गैरन्यायिक जवाफदेहिता प्रकृयाहरू पनि पर्दछन् । र तेश्रो, तत्कालीन आवश्यकताहरूलाई केही हदसम्म लिङ्गले पनि प्रभावित पार्दछ ।

तत्कालीन भौतिक आवश्यकताहरू

लक्षित नृवंशविज्ञान अध्ययनका पुरुष र महिला सहभागीहरूले विभिन्न तत्कालीन आवश्यकताहरूको पहिचान गरेका छन् जसमा सामाजिक आर्थिक आवश्यकताहरू प्रमुख रहेका छन् । आधा भन्दा बढी सहभागीहरूले आधारभूत जीविकासम्बन्धी आवश्यकताहरूका बारेमा कुरा उठाउनुले दैनन्दिन जीवन बाँच्नमा उनीहरूले भोगेको कठिनाइलाई सङ्केत गर्दछ । अन्तरिम राहतले केही अति जरुरी आवश्यकताहरूलाई निवारण गरेको भएपनि अल्पकालीन आर्थिक सुरक्षा दिलाउन सकेको छैन भन्ने कुरालाई पनि पुनः जोड दिएको छ ।

सबैभन्दा ज्यादा बारम्बार उल्लेख गरिएको आर्थिक आवश्यकताहरूमा प्रत्यक्ष आर्थिक सहयोग, रोजगारी र "गाँस, वास, र कपास" पर्दछन् । आधा भन्दा बढी महिलाहरू (५५.७ प्रतिशत) र तीन चौथाइ पुरुषहरू (७१.७ प्रतिशत)ले पहिचान गरेको आर्थिक सहयोगमा विभिन्न खाले नगद सहयोगहरू जस्तै क्षतिपूर्ति, एकल महिलाहरूका लागि भत्ता, आर्थिक भत्ता, र अन्तरिम राहत कार्यक्रमअन्तर्गत उपलब्ध गराउन बाँकी लाभहरूको पूर्ण भुक्तानी पर्दछन् । झण्डै तीन चौथाइ महिला र पाँच भागको तीन भाग पुरुषहरूले रोजगारीलाई तत्कालीन आवश्यकताको रूपमा पहिचान गरे (७१.४ प्रतिशत महिला; ६०.९ प्रतिशत पुरुष), र आधाभन्दा केही कम महिला र आधा भन्दा केही बढी पुरुषहरूले "गाँस, वास, र कपास"लाई तत्कालीन आवश्यकता (महिला ४८.६ प्रतिशत; पुरुष ५६.५ प्रतिशत) को रूपमा लिए ।

उत्तरदाताहरूले अन्य किसिमका आर्थिक आवश्यकताहरूलाई पनि सूचीकरण गरे, तर ती आवश्यकताहरू अलि कम पटक र कम कम महत्त्वका साथ उल्लेख गरिएका थिए । त्यस्ता आवश्यकताअन्तर्गत व्यवसायिक तालिम (१२.९ प्रतिशत महिला; ६.५ प्रतिशत पुरुष), घर (१०.९ प्रतिशत पुरुषहरू) वा व्यवासाय (२.२ प्रतिशत पुरुषहरू)को पुनर्निर्माण, सरकारी/निजी सेवामा आरक्षण (१.४ प्रतिशत महिला), र यातायात सुविधाहरू (२.२ प्रतिशत पुरुषहरू) परे ।

आँकडा ४: अन्तरिम राहत कार्यक्रमबाट लाभान्वित महिलाहरूको उच्च १० तत्कालीन आवश्यकताहरू (प्रतिशत र प्रधानता)[४९]



आँकडा ५ : अन्तरिम राहत कार्यक्रमबाट लाभान्वित पुरुषहरूको १० तत्कालीन आवश्यकताहरू (प्रतिशत र प्रधानता)[५०]



४९ पुरा सूचीका लागि हेर्नुहोस् तालिका ११ यहाँ, www.ictj.org/Nepal-Reparations-Report-Annex.pdf

५० पुरा सूचीका लागि हेर्नुहोस् तालिका १२ यहाँ, www.ictj.org/Nepal-Reparations-Report-Annex.pdf

सहभागीहरूले आधारभूत सेवामाथिको पहुचको महत्त्वलाई पनि जोड दिए । समग्रमा, अन्तरिम राहत कार्यक्रमबाट लाभान्वित झण्डै तीन चौथाइ महिलाहरू र पाँच भागको चार भाग पुरुषहरूले निःशुल्क शिक्षालाई तत्कालीन आवश्यकताको रूपमा लिए र यो नै सबैभन्दा बढी बारम्बर उल्लेख गरिएको आवश्यकतामा पर्‍यो (७१.४ प्रतिशत, र ८२.६ प्रतिशत, क्रमशः) । स्वास्थ्य सेवामा पहुँचलाई पनि धेरैले पहिचान गरेका थिए, जसमा लक्षित नृवंशविज्ञान अध्ययनका एक तिहाइ भन्दा बढी पुरुष र महिला सहभागीहरूले औषधोपचार हेरचाहलाई तत्कालीन आवश्यकताहरूमा सूचीबद्ध गरेका थिए (३९.१ प्रतिशत र ४२.९ प्रतिशत) ।

श्रेणीकरण अभ्यास र कथानक लक्षित समूह छलफलका क्रममा पनि आर्थिक सहयोग, रोजगारी, निःशुल्क शिक्षा, र "गाँस, वास, कपास" मा उस्तै जोड पुनः त्यस्तै किसिमको जोड दिइएको थियो । अन्तरिम राहत कार्यक्रमबाट लाभान्वित महिला र पुरुषहरूले चारवटा महत्त्वपूर्ण आवश्यकताहरूलाई झण्डै झण्डै उस्तै हिसाबमा श्रेणीकृत गरे जसमा रोजगारी, आर्थिक सहयोग, तत्कालीन जीविकासम्बन्धी आवश्यकताहरू, र निःशुल्क शिक्षाले माथिल्लो दर्जा पाए (हेर्नुहोस् तालिका ३ तल) । निःशुल्क स्वास्थ्य सेवालाई महिलाहरूले पाँचौं स्थानमा र पुरुषहरूले छैटौं स्थानमा राखे । कथानक लक्षित समूह छलफलका सहभागीहरूले वृद्धहरूलाई निवृत्तिभरण दिनु पर्ने कुरालाई पनि उठाए जुन माग लक्षित नृवंशविज्ञान अध्ययनका सहभागीहरूले उठाएका थिएनन् ।

तालिका ४ : अन्तरिम राहत कार्यक्रमबाट लाभान्वित पुरुष र महिलाहरूले गरेको तत्कालीन आवश्यकताहरूको श्रेणीकरण[५१]

	१	२	३	४	५
महिला	रोजगारी	आर्थिक सहयोग	निःशुल्क शिक्षा	गाँस, वास, र कपास	निःशुल्क औषधोपचार सेवा
पुरुष	आर्थिक सहयोग	निःशुल्क शिक्षा	रोजगारी		"पीडकहरूलाई सजाय
	६	७	८	९	१०
महिला	परिचय पत्र	सत्यको खोजी	व्यवसायिक तालिम	सार्वजनिक स्वीकारोक्ति	"पीडकहरूलाई सजाय
पुरुष	निःशुल्क औषधोपचार सेवा		घरको पुर्नस्थापना	बेपत्ता आफन्तहरूको खोजी	सार्वजनिक स्वीकारोक्ति

उत्तरदाताहरूले शिक्षामा दिएको जोड विचारणीय छ । अन्तरिम राहत कार्यक्रमअन्तर्गत बेपत्ता पारिएका व्यक्तिहरू वा मृतकका आफन्तहरूले तीन जना सम्म बालबालिकाहरूको लागि छात्रवृत्तिमा निवेदन गर्न मिल्ने प्रावधान छ । यो लाभ अनुसन्धानमा सहभागी भएका उल्लेख्य सङ्ख्याका सहभागीहरूले प्राप्त गरेका छन् र महत्त्वका आधारमा पनि तुलनात्मक माथि नै राखिएको छ (महिलाहरूले तेश्रो र पुरुषहरुले छैठौं) (हेर्नुहोस् माथि "अन्तरिम राहत कार्यक्रमअन्तर्गत प्राप्त भएका लाभहरू र सेवाग्राहीहरूको धारणा") । यद्यपि, जवाफहरूले के देखाउँदछ भने यो एउटा चालु आवश्यकता हो । शिक्षामा सहयोग महिला र पुरुष दुवैका लागि माथिल्लो तीन महत्त्वपूर्ण आवश्यकताहरूमध्ये नै पर्दछ । तीन जना भन्दा बढी बालबालिकाहरू भएको ठूलो परिवारका बालबालिकाहरूलाई अन्तरिम राहत कार्यक्रमको व्यवस्थाले बहिष्करण गरेको र प्रदान गरिएको छात्रवृत्तिले पनि बालबालिकाहरूलाई स्कुल पठाउँदा लाग्ने वास्तविक खर्चहरू जस्तै पुस्तक, पोशाक

५१ पुरा श्रेणीकरणको सूची हेर्नुहोस् अनुसूची तालिका १३ र १४ मा यहाँ, www.ictj.org/Nepal-Reparations-Report- Annex.pdf

र यातायात आदिलाई नओगटेको भनी पीडित र तिनका परिवारहरूबाट आइसिटिजेले लगातार सुन्ने गरेको गुनासोलाई यस अध्ययनको निष्कर्षले प्रतिबिम्वित गर्दछ । छात्रवृत्तिको लागि योग्य हुने १८ वर्षे उमेर हदलाई पनि धेरैले आलोचना गरेका छन् किनभने यो लाभ उपलब्ध हुने बेलासम्म पीडितका धेरै बालबालिकाहरू पहिल्यै १८ वर्ष उमेर पुगिसकेका थिए भने अर्को तर्फ कथानक लक्षित समूह छलफलका कतिपय सहभागीहरूले भने जस्तो थप शिक्षाका लागि यो कार्यक्रमअन्तर्गत कुनै सहयोग छैन ।

जीविकासम्बन्धी आवश्यकताहरू पुरा गर्न नसकिने अवस्थामा छात्रवृत्तिहरू नै उपलब्ध भएपनि बालबालिकाहरूलाई शिक्षा दिनमा भन्दा पनि तिनको श्रममा प्राथमिकता दिइएको हुन्छ र पहिल्यैदेखि विद्यालय शिक्षा पुरा गर्न वा शिक्षा हाँसिल गर्नमा भएका असमानताहरूलाई मानवअधिकार ज्यादतीहरूले यसरी झन थप बढाउने काम गर्दछ भन्ने कुरातर्फ पनि सहभागीहरूका जवाफहरूले इङ्गित गरे ।[५२] आर्थिक र सामाजिक आवश्यकताहरू कसरी अर्न्तसम्बन्धित हुन्छन् र आर्थिक कठिनाइले आधारभूत खाद्य सुरक्षालाई मात्र नभएर आधारभूत सेवाहरूमाथिको पहुँचमा नै कसरी असर पार्दछन् भन्ने कुरालाई तलको टिप्पणीले प्रकाश पार्दछ ।

> मैले दुःखजिलो गरेर कमाइ बचाएको सबै पैसा परिवारलाई खुवाउनमा नै खर्च गरिरहेको छु । १८ वर्ष भएपछि मैले छोरालाई स्कुल पनि पठाउन सकिन । १८ वर्ष भन्दा मुनिकाहरूलाई प्रदान गरिने छात्रवृत्तिले हामीलाई अब कुनै सहयोग गर्दैन । मेरो छोरो अहिले परिवार धान्नकै लागि एउटा श्रमिकको रूपमा काम गर्दछ । मेरो भविष्यका लागि म छोराबाट केही आश गर्न सक्दिन । उ विश्वविद्यालयमा गएर पढ्न खुब चाहन्थ्यो ।
>
> - *कन्चनपुरकी अन्तरिम राहत कार्यक्रमबाट लाभान्वित महिला (कथानक लक्षित समूह छलफल)*

> यदि कुनै पीडितको परिवारको सदस्य बिरामी छ भने, उनीहरू उपचार गर्न सक्दैनन् किनभने उनीहरूको मुख्य अन्नदाता नै अब उनीहरूसँग छैन । हामी यो समस्या भोगिरहेका छौं । पीडितका परिवारलाई सरकारले स्वास्थ्य सेवा उपलब्ध गराउनु पर्दछ ।
>
> - *धनुषाकी अन्तरिम राहत कार्यक्रमबाट लाभान्वित एक महिला (कथानक लक्षित समूह छलफल)*

थप विस्तृत परिपूरणहरू प्रदान गर्नमा भएको ढिलाइले धेरैको जीवनमा कठिनाइहरू बढिरहेको छ । बेपत्ता आफन्तहरूको खोजीमा लागेको खर्च, औषधोपचारसम्बन्धी खर्चहरू, स्कुल शुल्क जस्ता आर्थिक बोझहरू बढिरहेका छन् । समय बित्दै जाने क्रममा यी र अरु खर्चहरूले पीडितहरूलाई थप ऋण र गरिबीमा धकेलेको छ ।

> हामीहरू पनि माइली जस्तै छौं । माइलीले जुन पीडा भोगेकी छन् हामी सबैले भोगेको पीडा त्यही नै हो । त्यतिबेलाको हाम्रो तत्कालीन चासो भनेको डर र खतरामा बसिरहनु परेको अवस्था थियो, र केही समयपछि हामीले बेपत्ता आफन्तहरूको खोजीमा पैसा खर्च गर्न थाल्यौं । तर पैसा बेकारमा खर्च भयो र भइरहेको छ, त्यसपछि गाँस र कपासका समस्याहरू भोगिरहेका छौं । हामीले घरमा कमाइ गरेर ल्याउने व्यक्ति पनि गुमायौं । यसरी हाम्रा श्रीमान्को बेपत्ताले पहाडै पहाडको समस्या झेलिरहेका छौं ।

---

५२ डिफिड/विश्व बैंकको सन् २००६ को प्रतिवेदनअनुसार, ४३ प्रतिशत पहाडे दलितहरू, ७६ प्रतिशत तराईका दलितहरू, र ४५ प्रतिशत पहाडे जनजातिहरू स्कुल गएका छैनन् जबकी तुलनात्मक रूपमा ३० प्रतिशत भन्दा कम बाहुन र क्षेत्रीहरू स्कुल गएका छैनन् । प्राथमिक र माद्यामिक तह पुरा गर्नेमा पनि दलितहरूको दर निकै कम छ । हेर्नुहोस् "असमान नागरिकहरू : नेपालमा लैङ्गिक, जातीय वा जनजातीय बहिष्करण" (२००६), http://siteresources.worldbank.org/EXTSOCIALDEV/Resources/3177394-1168615404141/NepalGSEASummaryReport-part1.pdf.

- *कन्चनपुरकी अन्तरिम राहत कार्यक्रमबाट लाभान्वित ३८ वर्षकी महिला (कथानक लक्षित समूह छलफल)*

यसकारण रोजगारीलाई पनि तत्कालीन आवश्यकताको रूपमा जोड दिइनु आश्चर्यको कुरा होइन किनकी रोजगारीले गरिबीबाट बाहिर निकाल्ने र थप सुरक्षित आर्थिक भविष्यतिर लैजाने एउटा बाटोको प्रतिनिधित्व गर्दछ । रोजगारीलाई महिला सहभागीहरूले सबैभन्दा उच्च प्राथमिकतामा राखे भने पुरुषहरूले यसलाई तेश्रो क्रममा राखे । दुवैले व्यवसायिक तालिमलाई उच्च श्रेणी पनि दिए (महिलाहरूले आठौं र पुरुषहरूले बाह्रौं) । उनीहरूले दिएको यस्तो जोडले सहभागीहरूमा आर्थिक सहयोग मात्र भन्दा पनि आफ्नो परिवारलाई स्वतन्त्र ढङ्गमा सहयोग गर्न सक्ने अवसरहरूका अपेक्षा रहेको इङ्गित गर्दछ । पर्याप्त आम्दानीको साधनको अभावमा उत्तरदाताहरूले आफ्नो बालबच्चाको शिक्षा वा अन्य खर्चको लागि आकस्मिक अवस्थाको सामना गर्ने उपायका रूपमा जग्गा बिक्रि गरेको उल्लेख गरे । कतिपयको लागि भने आकस्मिक अवस्थाको सामना गर्ने त्यस्तो कुनै आड वा भरोसा छैन ।

> परिवारका लागि पैसा आर्जन गर्न हामीलाई एउटा जागिरको खाँचो छ । यदि परिवारको कोही सदस्य रोजगार भए भने कम्तिमा पर्याप्त खाना जोहो गरेर भोक त कमी गर्न सकिने थियो ।
>
> - *काभ्रेकी अन्तरिम राहत कार्यक्रमबाट लाभान्वित एक महिला (कथानक लक्षित समूह छलफल)*
>
> मलाई जुन सुकै खाले भएपनि एउटा रोजगारी चाहिएको छ ता कि यसले मेरो आत्मविश्वास बढाओस् । मैले कुनै काम गर्न पाएँ भने बालबच्चाहरूलाई पनि शिक्षा दिन सक्ने थिएँ । बालबच्चाहरूको लागि केही जोहो गर्न सक्ने थिएँ । आफ्नै घर पनि बनाउन सक्ने थिएँ ।
>
> - *जुम्लाकी ३२ वर्षकी अन्तरिम राहत कार्यक्रमबाट लाभान्वित महिला (लक्षित नृवंशविज्ञान अध्ययन)*
>
> छोरालाई पढाउनका लागि मैले मेरो जमिने बेचेँ । उ अहिले शिक्षित छ, तर उसँग कुनै काम छैन । रोजगारी महत्त्वपूर्ण हुन्छ ।
>
> - *सिराहाकी ४० वर्षकी अन्तरिम राहत कार्यक्रमबाट लाभान्वित महिला (लक्षित नृवंशविज्ञान अध्ययन)*

तत्कालीन अभौतिक आवश्यकताहरू

जीविकासम्बन्धी आवश्यकताहरू र आधारभूत सेवाहरूमा पहुँचले तत्कालीन आवश्यकताहरूको सेरोफेरोका छलफलहरूमा बढी समय लिएको भए पनि, अभौतिक आवश्यकताहरूले पनि अल्पकालीन प्राथमिकताको रूपमा छलफलमा स्थान लिए । "पीडकहरूलाई सजाय", सत्यको खोजी, र सार्वजनिक स्वीकारोक्ति/पहिचानलाई नृवंशविज्ञान अध्ययनका उल्लेखनीय सङ्ख्याका महिला र पुरुष दुवै सहभागीहरूले उठाएका छन्, यद्यपि यसमा केही फरक बारम्बारता, प्रधानता, र श्रेणीकरण रहेको छ ।

फौजदारी अनुसन्धान र अभियोजनको रूपमा बुझिएको ""पीडकहरूलाई सजाय"लाई एक तिहाइ भन्दा बढी पुरुषहरू (३७ प्रतिशत) ले उठाए जबकि यसलाई ७.१ प्रतिशत महिलाहरूले मात्र उठाएका छन् । सत्यको खोजीलाई झण्डै पाँच भागको एक भाग पुरुषहरू (१७.४ प्रतिशत) र १० प्रतिशत महिलाहरूले उठाएका छन् । झण्डै ९ प्रतिशत पुरुष र ७ प्रतिशत महिलाहरूले सार्वजनिक स्वीकारोक्तिलाई प्राथमिकतामा सूचीकृत गरेका छन् । विचारणीय के छ यी तिन ओटै आवश्यकतालाई महिला र पुरुष दुवैले १० उच्च तत्कालीन आवश्यकताहरूअन्तर्गत श्रेणीकृत गरेका छन् । सत्यको खोजीमा पनि उत्तिकै जोड गरिएको छ (महिला र पुरुषले ७ औं श्रेणीमा राखेका, तर पुरुषहरूले पीडकलाई सजायमा बढी जोड दिएका छन्, जसलाई उनीहरूले

पाँचौं स्थान दिएका छन् जबकी महिलाले भने यसलाई दशौं स्थान दिएका छन् ।) यो विषयमा केही सहभागीहरूको बलियो धारणालाई तलको भनाइले प्रतिविम्बित गर्दछ :

> १० वर्षे द्वन्द्व माओवादी वा राज्य जोसुकैले गराएको भएपनि, गाउँका सोझा र निर्दोष पीडितहरूलाई झूठो आरोप लगाउँदै मारिएको थियो । जसले यसरी मानिसहरू मारे उनलाई *"आम माफी"* दिनुहँदैन । त्यस्तालाई आजीवन कारावास वा मृत्युदण्ड दिनु पर्दछ र उसको सबै सम्पत्ति जफत गरिनु पर्दछ । हामीलाई यही एउटा कुराले मात्र शान्ति दिन सक्दछ, र त्यसैले यो एकदमै गम्भीर आवश्यकताहरूमा पर्दछ ।
>
> - *कपिलवस्तुका अन्तरिम राहत कार्यक्रमबाट लाभान्वित २६ वर्षीय पुरुष (लक्षित नृवंशविज्ञान अध्ययन)*

सत्यको खोजीको सवालमा, लक्षित नृवंशविज्ञान अध्ययनका पुरुष सहभागीहरूले विशेष रूपमा बेपत्ता पारिएका व्यक्तिहरूको खोजीको बारेमा उल्लेख गरे (८.७ प्रतिशत) । महिलाहरूले प्रत्यक्ष रूपमा उल्लेख नगरिएको भए पनि, "सत्यको खोजी"को आवश्यकताको सवालमा यो कुरा अन्तर्निहित नै थियो । कथानक लक्षित समूह छलफलका महिला सहभागीहरूले पनि बेपत्ता पारिएका व्यक्तिहरूको खोजीको कुरालाई विशेषरूपमा उल्लेख गरे र उनीहरूको विचारमा लागि सत्यको खोजी र अन्य आवश्यकताहरूबीच सम्बन्ध रहेको छ । बेपत्ता पारिएका व्यक्तिहरूको श्रीमतीहरूको बारेमा आइसिटिजेले गरेको अनुसन्धान र बेपत्ता पारिएका व्यक्तिहरूको परिवारहरूसँगको जारी अन्तर्क्रियामा पनि यस्तै विचारहरू प्रकट भएका छन्, जसमा उनीहरूले निरन्तर रूपमा आफ्ना आफन्तहरूको अवस्था थाहा पाउन माग गरेका छन् ।[५३]

> यदि उहाँ (बेपत्ता व्यक्ति) जीवित हुनुहुन्न भने, हामीलाई कम्तिमा उहाँको मृत्युको प्रमाण वा मृत शरिर चाहियो । यदि उहाँ मृत हो भन्ने स्थापित भएको भए हामीसँग एउदै मात्र पीडा हुने थियो । पीडितहरूले आफ्ना प्रियजनहरू बेपत्ता भएको कारण श्रृजित मानसिक स्वास्थ्य समस्यालाई उपचार गराउँदैमा सम्पत्ति सकिसकेका छन् । सरकारले यस्ता बिरामीहरूको उपचारको व्यवस्था मिलाउनु पर्दछ । सकेसम्म छिटो क्षतिपूर्ति र अन्य सहयोगहरू प्रदान गर्नु पर्दछ । यी सबैका लागि घटनाहरूका वास्तविक सत्य तथ्यहरूको उजागर गरिनु पर्दछ ।
>
> - *धनुषाकी अन्तरिम राहत कार्यक्रमबाट लाभान्वित महिला (कथानक लक्षित समूह छलफल)*

लक्षित नृवंशविज्ञान अध्ययन र कथानक लक्षित समूह छलफलका सहभागीहरूले विशेष स्वरूपको स्वीकारोक्तिलाई तत्कालीन आवश्यकताको रूपमा पहिचान गरेका छन् । पुरुषहरूले पीडितहरूलाई शहीदका रूपमा पहिचान गरिनुपर्ने (६.५ प्रतिशत) र शहीदहरूको नाममा शालिकहरू बनाउनु पर्ने (यो पनि ६.५ प्रतिशत) आवश्यकताको पहिचान गरेका छन् र यिनलाई समग्रमा क्रमशः ११ र १२ औं स्थानमा राखेका छन् । महिला र पुरुष दुवैले "सार्वजनिक स्वीकारोक्तिलाई सामान्यत १० औं उच्च तत्कालीन आवश्यकताहरूमध्येमा श्रेणीकृत गरेका छन् (क्रमशः नवौं र दशौं) । स्मृति स्मारकहरू बनाउने कामलाई कथानक लक्षित समूह छलफलमा पनि उठाइएको थियो । द्वन्द्वमा छोरा मारिएकी एकजना आमाको शब्दमा :

> मेरो छोरालाई नौ वर्ष अघि मारियो र उ शहीद भयो । हरेक वर्ष त्यो दिन म मेरो छोराको नाममा ५०० रुपैयाँ, केही कचौरा, गिलास, प्लेट र प्रमाणपत्रहरू बाँड्दछु । मैले छोराको एउटा शालिक पनि बनाउन लगाएको छु, एउटा रुख रोपेर छोराको बारेमा एउटा सूचनापाटी राखेकी छु जहाँ मानिसहरू बसेर शितल लिन्छन् । यो मैले मेरो आफ्नै शान्तिका लागि

५३ हेर्नुहोस् आइसिटिजे, "राहतका अतिरिक्त नेपालमा बेपत्ता पारिएका पीडितका श्रीमतीहरूको अधिकार र आवश्यकताको सम्बोधन" (२०१३), https://ictj.org/sites/default/files/ICTJ-Briefing-Nepal-WivesofDisappeared-2013.pdf

> र मेरो छोराको आत्माको लागि पनि गरेको छु। म मानिसहरूले आर्थिक सहायता आदि इत्यादि मागेको बारेमा सुन्छु, तर जे गरे पनि मरेका व्यक्तिहरूको सम्झना गरिनु पर्दछ।
>
> *- जुम्लाकी एकजना अन्तरिम राहत कार्यक्रमबाट लाभान्वित ६५ वर्षीय महिला (कथानक लक्षित समूह छलफल)*

अघिल्लो भनाइले व्याख्या गरे जस्तै आधिकारिक मान्यता वा स्वीकृतिको अभावमा, केही पीडितका परिवार हरूले आफैं शालिकहरू बनाउने वा स्मरणसम्बन्धी अन्य कुन कामहरू सुरु गरेका छन्। कुन हदसम्म यो अभ्यास गरिएको छ यसको बारेमा स्पष्ट जानकारी छैन। यद्यपि, २०१३ डिसेम्बरमा आइसिटिजेले दाङ, मोरङ्ग, र सुनसरीमा गरेको दुईवटा अध्ययन भ्रमणमा यी अभ्यासहरू केही विस्तृत नै भएको पाइयो। हत्या गरिएका र बेपत्ता पारिएका व्यक्तिहरूको सम्झनामा बनाइएका यस्ता आठ वटा स्मृति स्मारकहरूको पहिचान गरियो। एउटा अपवाद बाहेक, सबै स्मारकहरू पीडित परिवारकै अगुवाइमा र बाहिरी कुनै पनि सहयोग बिना उनीहरूकै सहयोगमा निर्माण गरिएको थियो। यद्यपि, यो अनुसन्धानका सहभागीहरूका अनुसार यस्ता निजी कामहरूले पीडितहरूले आधिकारिक ढङ्गमा पाउनु पर्ने पहिचान वा सम्मानको प्रतिस्थापन गर्दैन। तलको भनाइमा भनिएजस्तै, सन्तुष्टि प्राप्त गर्ने विविध उपायहरूमध्ये सार्वजनिक स्वीकारोक्ति र पहिचान पनि एक हुन सक्दछ :

> उनीहरूको सम्झनामा एउटा शहीद उद्यान बनाउनु पर्दछ। पीडितहरूको सन्तुष्टिका लागि, राज्यले सत्य पत्ता लगाउन र पीडकहरूलाइ कारबाही गर्न जिम्मेवारी लिनु पर्दछ।
>
> - *अन्तरिम राहत कार्यक्रमबाट लाभान्वित सिराहाका एक पुरुष (कथानक लक्षित छलफल समूह)*

अन्य अभौतिक आवश्यकता वा मागहरूलाई पनि उठाइएको छ। महिला र पुरुष दुवैले सूचीकरण गरेका आवश्यकता वा मागहरूमा पीडितहरूका लागि परिच यपत्र (६.५ प्रतिशत पुरुषहरू र १४.३ प्रतिशत महिलाहरूले उल्लेख गरेका, र महिलाहरूले छैठौं र पुरुषहरूले बाह्रौं स्थानमा श्रेणीकृत) पनि पर्दछ। यो पीडितहरूको दीर्घकालीन माग हो जुन यो प्रतिवेदनमा माथि उल्लेख गरिएको विद्यमान अन्तरिम राहत कार्यक्रमअन्तर्गतका सुविधाहरू प्राप्त गर्ने सवालमा निवेदन दिने बेलामा पीडितहरूले झेल्ने गरेका प्रशासकीय उल्झन र प्रमाणसम्बन्धी कागजातहरू जुटाउनु पर्ने झण्झटीला आवश्यकताहरूको सन्दर्भमा सान्दर्भिक छ। परिचय पत्रले सुविधाहरूउपरको पहुँचमा सुधार ल्याउन र महिलाहरूले सरकारी अधिकारीहरूलाई भेट्दा अक्सर भोग्ने गरेका विभेदहरूको जोखिम न्यूनिकरण गर्न कसरी सहयोग गर्न सक्छ भन्ने कुरा अन्य अनुसन्धानहरूले औंल्याएका छन्।[५४]

सरकारले परिचय पत्र दिने कदम पनि उठाएको छ जसका लागि उसले सन् २०१२ मा मृत्युवरण गरेका र बेपत्ता पारिएका व्यक्तिहरूलाई सरकारी सेवा सुविधाहरू पाउन सजिलो होस् भन्ने उद्देश्यका साथ निर्देशिका जारी गरेको थियो। (यो कदमले यातना र यौनिक तथा लैङ्गिक हिंसा लगायतका अन्य मानवअधिकार ज्यादतीहरूलाई भने समेटेको थिएन।) यद्यपि, पीडित सङ्गठनहरूका प्रतिनिधिहरूले सर्वोच्चमा कानुनी चुनौती खडा गरेपछि र नेपालको सर्वोच्च अदालतले अगष्ट २०१३ मा अन्तरिम आदेश जारी गरे पछि यो प्रक्रिया रोकिएको थियो।[५५] सर्वोच्च अदालतले मुद्दा सन् २०१४ अगष्टमा सुनुवाइ हुने मिति तय गरेको थियो, तर हाललाई यसको सुनुवाइ सन् २०१४ डिसेम्वरका लागि सरेको छ। यसैबीचमा, नया आएको बेपत्ता तथा सत्य

---

५४ ऐजन।

५५ २०७० श्रावण ९ मा सर्वोच्च अदालमा दायर गरिएको रिट निवेदनले परिचय पत्रमा राखिएको शब्दावलीको प्रयोगलाई चुनौती गरेको छ जसअनुसार सन् १९९६ देखि २००६ सम्म भएको नेपालको सशस्त्र द्वन्द्वलाई "जनयुद्ध" भनी जनाइएको छ जुन शब्दावली सामान्यतया माओवादीसँग जोडिएको जसलाई माओवादीबाट भएका ज्यादतीहरूबाट पीडित भएकाहरूले इन्कार गरेका छन्। यो निवेदनले यो शब्दावली परिवर्तन गरि "सशस्त्र द्वन्द्व"का पीडितहरू भनी परिवर्तन गर्न माग गरेको छ, जुन बढी तटष्थ शब्दावलीको रूपमा मानिन्छ र अन्तरिम संविधान लगायत अन्य आधिकारीक दस्तावेजहरूमा पनि प्रयोग भएको छ।

आयोगसम्बन्धी ऐनमा पनि पीडितहरूलाई परिचय पत्र जारी गर्ने भन्ने प्रावधान रहेको छ ।[५६]

तुलनात्मक रूपमा कम उल्लेख भएको भए पनि केही उत्तरदाताहरूले मानवअधिकार ज्यादतीको पुनरावृत्ति नहुन सहयोग पुऱ्याउने वा निवारक उपायहरूका बारेमा पनि उल्लेख गरे । उदाहरणका लागि लक्षित नृवंशविज्ञान अध्ययनका पुरुष सहभागीहरूले "मानवअधिकारमा सचेतना जगाउने" (२.२ प्रतिशत) र "देशभरी विधिको शासन स्थापना गर्ने" (२.२ प्रतिशत) भन्ने उल्लेख गरे । कथानक लक्षित समूह छलफलमा, केही महिलाहरूले हानि "पुनःनदोहोरिने" कुरा सुनिश्चित गर्नु पर्ने कुरालाई उठाए, र धेरैले "सुरक्षा" र "मेलमिलाप"लाई पनि उठाए ।[५७] कथानक लक्षित समूह छलफलका पुरुष सहभागीहरूले पनि "शान्ति र एकता"को बारेमा पटक पटक उल्लेख गरेका थिए ।

> नागरिकलाई सुरक्षा प्रदान गर्नु राज्यको प्रमुख जिम्मेवारी हो । यदि राज्यले शान्ति सुरक्षा स्थापना गर्न सकेको भए द्वन्द्व सुरु नै हुने थिएन, र हामीले यति धेरे समस्या भोग्नु पर्ने थिएन । त्यसैले देशमा शान्ति र सुरक्षा हाम्रो एउटा प्रमुख आवश्यकता हो ।
>
> - *सिराहाकी एकजना अन्तरिम राहत कार्यक्रमबाट लाभान्वित महिला (कथानक लक्षित समूह छलफल)*

दीर्घकालीन आकाङ्क्षा तथा मागहरू

माथि भनिएझैं सहभागीहरूले तत्कालीन र दीर्घकालीन आकाङ्क्षाहरूको बारेमा गहिरो भिन्नता देखाएका छैनन् । यद्यपि, परिणामहरूले तत्कालीन र दीर्घकालीन आवश्यकताहरू बीचमा निरन्तरता र परिवर्तनका साथै एउटा सामान्य प्रवृत्तिलाई देखाएका छन् । मुख्य फरक भनेको अभौतिक उपायहरूमा दिएको जोड हो । निष्कर्षहरूले विभिन्न धारणाहरू पनि सङ्केत गरेका छन् जसमा केही लैङ्गिक भिन्नताहरू, र महत्त्वपूर्ण रूपमा, तत्कालीन सामाजिक आर्थिक आवश्यकताहरू र दीर्घकालीन अभौतिक आकाङ्क्षाहरूबीचको सम्बन्ध पनि पर्दछन् ।

दीर्घकालीन अभौतिक आकाङ्क्षाहरू

दीर्घकालीन आवश्यकताहरू वा परिपूरणीय न्यायको आकाङ्क्षालाई पहिचान गर्न लगाउँदा अन्तरिम राहत कार्यक्रमबाट लाभान्वित महिला र पुरुष दुवैले अभौतिक उपायहरूलाई तत्कालीन आवश्यकताहरूलाई भन्दा बढी बारम्बारता सहित सूचीकरण गरे र तिनलाई उच्च श्रेणीमा राखे । दश ओटा सबैभन्दा बारम्बार उल्लेख गरिएका आकाङ्क्षाहरूमा, महिला र पुरुषहरू दुवैले पहिल्यै तत्कालीन आवश्यकताहरूका रूपमा पहिचान भइसकेका विविध उपायहरूको उल्लेख गरे । यिनमा सार्वजनिक/आधिकारिक स्वीकारोक्ति, जसलाई आधा भन्दा बढी पुरुषहरू (पुरुषहरू ५२.२ प्रतिशत, महिलाहरू १४.३ प्रतिशत)ले सूचीकरण गरे; सत्यको खोजी, जसलाई झण्डै एक तिहाइ महिलाहरू (महिलाहरू ३१.४ प्रतिशत, पुरुषहरू १०.९ प्रतिशत)ले सूचीकरण गरे; र "पीडकहरूलाई सजाय," जसलाई यो पटक बढी बारम्बारताका साथ महिलाहरूले उल्लेख गरेका थिए (महिला २२.९ प्रतिशत, पुरुषहरू १०.९ प्रतिशत) । १९.६ प्रतिशत पुरुषहरूले द्वन्द्वपीडितहरूका लागि परिचय पत्रको बारेमा उल्लेख गरे (६.५ प्रतिशतले यसलाई तत्कालीन आवश्यकताको रूपमा सूचीकरण गरे) ।

तत्कालीन आवश्यकताका रूपमा विशेष रूपमा देखा नपरेका वा देखा पर्दै नपरेका आवश्यकताहरू दीर्घकालका लागि भने प्राथमिकताका रूपमा अघि आए । "शान्ति"लाई पाँच भागको एक भाग पुरुष र महिलाहरू (१९.६ प्रतिशत र १८.६ प्रतिशत क्रमशः)ले उल्लेख गरेका थिए । पाँच भागको एक भाग महिलाहरू (२० प्रतिशत)ले दीर्घकालीन आकाङ्क्षाका रूपमा "पुनः नदोहोरीने" कुरालाई विशेष रूपमा उल्लेख गरे । व्यक्तिगत सुरक्षा, डर र त्रासबाट उन्मुक्ति, र थप मानवअधिकार ज्यादतीहरूविरुद्धको संरक्षण का साथै सामाजिक, आर्थिक सुरक्षा लगायतका विविध कुराहरू समेतलाई जनाउने "सामाजिक सुरक्षा"लाई १७.४ प्रतिशत पुरुषहरूले उठाए, यद्यपि

५६ बेपत्ता व्यक्तिहरूको छानबिन, सत्य निरूपण तथा मेलमिलाप आयोग ऐन २०७१, धारा १३ (च) ।

५७ पुनःनदोहोरिने भन्नका लागि सहभागीहरूले "द्वन्द्व फेरी नदोहारियोस्" वा "फेरी द्वन्द्व नहोस्" भनी उल्लेख गरेका थिए ।

मात्र ८.६ प्रतिशत महिलाहरूले यो कुरालाई उठाएका थिए ।

आँकडा ६ : अन्तरिम राहत कार्यक्रमबाट लाभान्वित महिलाहरूको उच्च १० दीर्घकालीन आकाङ्क्षाहरू (प्रतिशत र प्रधानता)[५८]



अभौतिक आवश्यकता वा आकाङ्क्षाहरूमा दिएको जोडको परिवर्तन श्रेणीकरणमा पनि झल्किएको छ । केही निश्चित सामाजिक आर्थिक आवश्यकताहरूलाई उच्च श्रेणीमा राखिएकै भए पनि, तत्कालीन आवश्यकताहरूको सम्बोधन भएपछि पुरुषहरूको लागि सार्वजनिक स्वीकारोक्ति सबैभन्दा महत्त्वपूर्ण माग बन्यो र भौतिक आवश्यकताहरू भन्दा पनि अघि आयो । सार्वजनिक स्वीकारोक्तिलाई महिलाहरूले पनि दीर्घकालीन आकाङ्क्षाका रूपमा तुलनात्मक हिसावमा उच्च श्रेणीमा (पाँचौं उच्च) राखेका छन् ।

अधिकांश उत्तरदाताहरूले स्वीकारोक्तिलाई "शहीद घोषणा"को अर्थमा व्यक्त गरे, र प्राप्त जवाफहरूले के इङ्गित गर्दछ भने एउटा उद्देश्यका लागि बलिदान गरेको रूपमा गरिएको स्वीकारोक्ति मानवअधिकार उल्लङ्घनका पीडितहरूको रूपमा दिइएको स्वीकारोक्ति भन्दा धेरै महत्त्वपूर्ण हुन सक्दछ ।[५९] पुरुष सहभागीहरूले शहादतले भावि पुस्तालाइ पीडितले गरेको बलिदान र द्वन्द्वका घटनाहरूको बारेमा सम्झन एउटा माध्यमको काम गर्ने र आफ्नो परिवारका प्रिय सदस्यलाई राज्यले गरेको सम्मान र पहिचानले आत्मसन्तुष्टि दिने कुरा उल्लेख गरे । सम्भावित साङ्केतिक उपायहरूका ठोस उदाहरणमा सार्वजनिक सुविधाका ठाउँहरू (सार्वजनिक उद्यान, स्कुल, सभा कक्ष, सडक, पुल आदि) शहीदको नामअनुसार नामाकरण गर्ने वा उनीहरूको स्मारक बनाउने आदि पर्दछन् । अन्तरिम राहत कार्यक्रमअन्तर्गत लाभान्वित एकजना पुरुषको तल उल्लिखित टिप्पणी सार्वजनिक स्वीकारोक्तिसँग सम्बन्धित छ :

> सरकारले हाम्रो छोरालाई मृत भनेर घोषण गऱ्यो, र अब सरकारले उसलाई शहीद घोषणा गर्नु पर्दछ । गाउँमा उसको नाममा एउटा शालिक बनाउनु पर्छ । यसले हामीलाई सन्तुष्टि दिन्छ ।

---

५८ पुरा सूचीका लागि हेर्नुहोस् अनुसूची तालिका १५ यहाँ, www.ictj.org/Nepal-Reparations-Report-Annex.pdf

५९ "शहीद" राज्यका विरुद्ध सन् १९४० र १९६० मा प्रजातन्त्रका लागि भएका सङ्घर्षहरूको सन्दर्भमा र सन् १९९० को जनआन्दोलनको सन्दर्भमा प्रयुक्त भएको शब्दावली हो यद्यपि यो शब्दावली सन् १९९६ देखि २००६ सम्मको सशस्त्र द्वन्द्वको अवधिमा बढी स्थापित भयो जुन बेला माओवादीहरूले यो शब्दावली आफ्ना मारिएका कार्यकर्ताहरू वा राज्यद्वारा मारिएका वा बेपत्ता पारिएकाहरूलाई जनाउन प्रयोग गरिन्थ्यो । पछि, यसलाई विभिन्न राजनीतिक दलहरूले पनि प्रयोग गरेका छन् खासगरि पीडितहरूलाई सम्मान गर्न र पहिचान दिन र यसरी प्रदान गरिने शहादतताबाट फाइदा लिनका लागि । नेपालमा शहादतसम्बन्धी थप जानकारीका लागि हेर्नुहोस्, मेरी लकम्ते टिलुइन, "शहीदहरू र नेपालका जनयुद्धका जीवित शहिदहरू", *साउथ एसिया मल्टिडिसिप्लिनरी याकडेमिक जर्नल (२०१०)*, http://samaj.revues.org/3018#tocto1n2

- *अन्तरिम राहत कार्यक्रमबाट लाभान्वित धनुषाका ५५ वर्षीय पुरुष (कथानक लक्षित समूह छलफल)*

आँकडा ७ : अन्तरिम राहत कार्यक्रमबाट लाभान्वित पुरुषहरूको उच्च १० दीर्घकालीन आकाङ्क्षाहरू (प्रतिशत र प्रधानता)[६०]



सार्वजनिक स्वीकारोक्ति (पीडतिहरूलाई शहीद घोषणा गरेर वा शहीदहरूको सम्झनामा शालिकहरू बनाएर व्यक्त गरिएका समेत) महिला सहभागीहरूका लागि पनि दीर्घकालीन आकाङ्क्षाका हिसाबमा धेरै महत्त्वपूर्ण हुन आयो, यद्यपि यसलाई उनीहरूले पुरुषले दिएकै प्राथमिकता भने दिएनन् । तथापि, तलको टिप्पणीले गुमाइएको कुरालाई सार्थक हुन दिनमा पहिचान वा सार्वजकि स्वीकारोत्तिको महत्त्वलाई दर्शाउँदछ ।

> राज्यले यदि मेरो श्रीमालनलाई शहीद घोषणा गरेमा हामी सन्तुष्ट हुन्छौं । हामी त्यसपछि रिसाउने छैनौं । हामीलाई के आभाष हुने छ भने मेरो श्रीमानको रगत व्यर्थमा खोलामा बगेर खेर गएन ।
>
> - *अन्तरिम राहत कार्यक्रमबाट लाभान्वित जुम्लाकी ३२ वर्षीय महिला (लक्षित नृवंशविज्ञान अध्ययन)*
>
> सशस्त्र द्वन्द्वका क्रममा मारिएका वा बेपत्ता पारिएकाहरूको जन्म र मृत्यु मिति सहितको स्मारक बनाउनु आवश्यक छ । यसका साथै गाविसमा सार्वजनिक उद्यान पनि बनाउनु पर्छ । यसले मलाई खुसी बनाउने छ, र भावी पुस्ताहरूले पनि उनीहरूलाइ सम्झने छन् ।
>
> - *अन्तरिम राहत कार्यक्रमबाट लाभान्वित कन्चनपुरका २५ वर्षीय पुरुष (लक्षित नृवंशविज्ञान अध्ययन)*

तालिका ५ : अन्तरिम राहत कार्यक्रमबाट लाभान्वित महिला र पुरुषहरूका दीर्घकालीन आकाङ्क्षाहरूको श्रेणीकरण[६१]

(टिप्पणी : "तत्कालीन आवश्यकताहरू"को श्रेणीकरणलाई कोष्ठकमा देखाइएको छ)

६० पुरा सूचीका लागि हेर्नुहास् अनुसूची तालिका १६ यहाँ, www.ictj.org/Nepal-Reparations-Report-Annex.pdf

६१ पुरा श्रेणीकरणको लागि हेर्नुहोस् तालिका १७ र १८ यहाँ, www.ictj.org/Nepal-Reparations-Report-Annex.pdf

	१	२	३	४	५
महिला	आर्थिक सहयोग (रोजगारी)	रोजगारी (आर्थिक सहयोग)	सत्यको खोजी (नि:शुल्क शिक्षा)	शान्ति (गाँस, वास, र कपास)	सार्वजनिक स्वीकारोक्ति (नि:शुल्क स्वास्थ्य सेवा)
पुरुष	सार्वजनिक स्वीकारोक्ति (आर्थिक सहयोग)	रोजगारी (नि:शुल्क शिक्षा)	नि:शुल्क शिक्षा (रोजगारी)	आर्थिक सहयोग (गाँस, वास, र कपास)	नि:शुल्क औषधोपचार हेरचाह (पीडकहरूलाई सजाय)
	६	७	८	९	१०
महिला	पीडकहरूलाई सजाय (परिचय पत्र)	पुन: नदोहोरिने (सत्यको खोजी)	व्यवसायिक तालिम (व्यवसायिक तालिम)	नि:शुल्क शिक्षा (सार्वजनिक स्वीकारोक्ति)	नि:शुल्क औषधोपचर हेरचाह (पीडकहरूलाई सजाय)
पुरुष	शान्ति (नि:शुल्क स्वास्थ्य सेवा)	परिचय पत्र (सत्यको खोजी)	सामाजिक सुरक्षा (आवासको पुनर्स्थापना)	सत्यको खोजी/बेपत्ता पारिएकाहरूको खोजी (बेपत्ता पारिएकाहरूको खोजी)	व्यवसायिक तालिम (सार्वजनिक स्वीकारोक्ति)

पुरुषहरूले शान्ति, परिचय पत्र, र सत्यको खोजीलाई क्रमशः छैटौं, सातौं र नवौं स्थानमा श्रेणीकृत गरे । पीडकहरूलाई सजाय, जसलाई पुरुषहरूले तत्कालीन वा जरुरी आवश्यकताहरूमा पाँचौं स्थानमा श्रेणीकृत गरेका थिए, दीर्घकालीन आकाङ्क्षाको सन्दर्भमा भने एघारौं स्थानमा झरेको छ ।

महिला सहभागीहरूले दीर्घकालीन आकाङ्क्षाका रूपमा "पीडकहरूलाई सजाय" दिनुपर्ने कुरालाई बढी प्राथमिकतामा राखे । उनीहरूका लागि सजाय एउटा निवारक वा निरोधक उपायको रूपमा र एउटा अपराध भएको कुराको स्वीकारोक्ति तथा मृतकको प्रतिष्ठाको पहिचान दुवै भएको भन्ने अर्थमा बुझिएको देखिन्छ । काभ्रे जिल्लाकी एक महिलाको शब्दमा :

> पीडकलाई सजाय गर्नाले द्वन्द्वपीडितलाई एक प्रकारको मानसिक राहत पुग्दछ । यसले द्वन्द्वपीडितको परिवारहरूलाई सन्तुष्टि दिन्छ । यदि पीडकहरूलाई सजाय गरियो भने, उनीहरूले भविष्यमा पुनः अपराध गर्ने छैनन् ।
>
> - *काभ्रेकी अन्तरिम राहत कार्यक्रमबाट लाभान्वित एक महिला (विस्तृत अन्तर्वार्ता २) (लक्षित नृवंशविज्ञान अध्ययन)*

सत्यको खोजीलाई महिलाहरूले तत्कालीन आवश्यकताका रूपमा पहिल्यै प्राथमिक रूपमा पहिचान गरिसकेका छन् । यसलाई उनीहरूले दीर्घकालीन सन्दर्भमा झन् बढी महत्त्वपूर्ण रूपमा लिए (महिलाहरूले सत्यको खोजीलाई तेश्रो स्थान दिए जब कि पुरुषहरूले यसलाई नवौं स्थान दिए) । शान्तिका लागि योगदान दिन र भविष्यमा हुन सक्ने बदलाका गतिविधिहरूविरुद्ध संरक्षण दिनमा सत्यको भूमिकाको सन्दर्भमा महत्त्वपूर्ण धारणाहरू राखिएका छन् । एक जना बेपत्ता पारिएका व्यक्तिका श्रीमतीको अनुसार :

> राज्यमा शान्ति र अमनचैन स्थापना गर्नका लागि सत्यको खोजी गर्नु एकदमै महत्त्वपूर्ण हुन्छ । हाम्रा केटाकेटीहरूले तिनका बुबालाई कसरी र किन बेपत्ता पारिएको थियो भन्ने

> थाह पाउने छन् । यदि सत्य थाह पाउन सकेनन् भने उनीहरूले पनि केही नराम्रो गर्न बेर लाउँदैनन् ।
>
> - *बर्दियाकी अन्तरिम राहत कार्यक्रमबाट लाभान्वित एकजना महिला (कथानक लक्षित समूह छलफल)*

कन्चनपुरकी एकजना महिलाले पनि तल यस्तै भनाइ राखेकी छन् । उनले बेपत्ता पारिएका श्रीमतीहरूले भोगेका सामाजिक कलङ्कलाई सम्बोधन गर्न सत्यको खोजीको महत्त्वलाई दर्शाउँदै सामाजिक आर्थिक आवश्यकताहरू वा भौतिक आवश्यकताहरूलाई अभौतिक आवश्यकताहरू जस्तै सत्यको खोजीबाट अलग गर्न हुने कठिनाइका बारेमा पनि प्रकाश पारेकी छन् ।

> माइलीका आवश्यकताहरू उनका बालबालिकाहरू हुर्काउने र तिनलाई शिक्षा दिने सन्दर्भमा मात्र नभएर उनको श्रीमान्को खोजीसँग पनि सम्बन्धित छन् । उनी रात दिन आफ्नो श्रीमान् को नाम जपेर बसेकी छिन् । समाजले उनलाई हेयको भावनाले हेर्दछ र सिर्फ श्रीमान् नभएको कारण उनलाई नराम्रो नाम दिन्छ । यही नै मुख्य समस्या हो । र यसको समाधान भनेको उनको श्रीमान्को अवस्थाको बारेमा सत्य पत्ता लगाउनु नै हो । सत्य पत्ता लगाएर उनको श्रीमान् मरेका हुन् वा जिउँदा छन् भनी यकिन गर्ने जिम्मेवारी राज्यको हो ।
>
> - *कन्चनपुरकी अन्तरिम राहत कार्यक्रमबाट लाभान्वित एकजना २९ वर्षीय महिला (कथानक लक्षित समूह छलफल)*

साधारणतया, श्रीमान् वा अन्य परिवारका सदस्यहरू गुमाएका महिला उत्तरदाताहरूले मानवअधिकार ज्यादतीको पुनरावृत्तिलाई रोक्ने उपायहरूको आवश्यकतामा र आफ्ना बालबच्चाहरूलाई सुरक्षित भविष्य प्रदान गर्ने बारेमा ध्यान केन्द्रित गर्न खोजे । यद्यपि महिला र पुरुष दुवैले देशको भावि विकासको लागि शान्ति महत्त्वपूर्ण हुने भन्दै शान्ति प्रतिको आकाङ्क्षा पनि व्यक्त गरे, जसअनुसार शान्तिलाई उनीहरूले क्रमशः चौथो र छैठौं श्रेणीमा राखे ।

अन्त्यमा, मृतक र बेपत्ता पारिएका व्यक्तिहरूका महिला आफन्तहरूले पहिचान गरेका मनोवैज्ञानिक हानिहरू (मानसिक तनाव/"यातना") र सामाजिक हानिहरू (सामाजिक विभेद र परिवारबाट दुर्व्यवहार)को प्रतिविम्बित गर्दै, कथानक लक्षित समूह छलफलका महिला सहभागीहरूले पुनःप्राप्तिको पुनर्स्थापकीय आयामहरूमा पुरुषहरूले भन्दा बढी ध्यान केन्द्रित गर्न खोजे । यसमा मनोसामाजिक परामर्श, समुदायबाट बढी सहयोग, समाजमा अलि बढी गतिशीलता, आधिकारिक क्षमा याचना, र हानिहरूको पुनरावृत्ति रोक्ने प्रयासहरू आदि पर्दछन् । परिपूरणका विभिन्न उपायहरूबीचको सम्बन्धलाई पुनःऔंल्याउँदै केही उत्तरदाताले परिवार, समाज, र वृहत्तर समाजमा आफ्नो स्थान पुनर्स्थापित गनर्का लागि पीडितका हानिहरूको राज्यद्वारा भएको आधिकारिक स्वीकाराक्ति वा मान्यता एउटा महत्त्वपूर्ण तत्वका रूपमा रहने बताए । रोल्पाकी एक जना महिलाको शब्दमा :

> मलाई सबैले "हेला गर्छन्" र दबाब दिन्छन् । यदि सरकारले मलाई सम्मान् गर्ने हो भने समाजले मलाई नराम्रो व्यवहार गर्ने थिएन ।
>
> - *रोल्पाकी अन्तरिम राहत कार्यक्रमबाट लाभान्वित ३८ वर्षीया महिला (लक्षित नृवंशविज्ञान अध्ययन)*

दीर्घकालीन भौतिक आकाङ्क्षा तथा मागहरू

"जरुरी आवश्यकताहरू पुरा भएपछि हानिहरू सम्बोधन गर्नका लागि अरु के चाहिन्छ ?" भन्ने प्रश्नको जवाफमा सहभागीहरूले अभौतिक आवश्यकताहरूमा बढी ध्यान दिएको भए पनि आर्थिक र अन्य भौतिक आवश्यकताहरूलाई पनि निरन्तर उठाइरहे । महिला र पुरुष दुवैले जीविकासम्बन्धी "गाँस, वास, र कपास"को आवश्यकताहरूलाई कम बारम्बारतामा उठाएका थिए र यसलाई श्रेणीकरण पनि केही तल नै गरेका थिए ।

यसो हुनुमा सायद जीविकासम्बन्धी आवश्यकताहरू पुरा हुन्छन् नै भन्ने मान्यतामा आधारित भएकोले पनि हुन सक्दछ । यद्यपि, तत्कालीन भनेर पहिचान गरिएका अन्य सामाजिक आर्थिक आवश्यकताहरू परिपूरणीय न्यायका लागि दीर्घकालीन आकाङ्क्षाका रूपमा देखा परि नै रहे । यिनमा खासगरी आर्थिक सहयोग, रोजगारी, व्यवसायिक तालिम, निःशुल्क शिक्षा, र निःशुल्क स्वास्थ्य सेवा पर्दछन् । महिला र पुरुषहरूबीचमा यी आवश्यकताहरूको श्रेणीकरण केही हल्का फरक देखिए जसमा लैङ्गिक भूमिका र महिलाहरूले र त्यसमा पनि विशेषगरी विधवा वा बेपत्ता पारिएका व्यक्तिहरूका श्रीमतीहरूले बेहोर्नु पर्ने अतिरिक्त बोझलाई समेत झल्काउने खालको उपचारमा केन्द्रित दीर्घकालीन आकाङ्क्षाहरूलाई महिलाहरूले व्यक्त गरे ।

अगाडि उल्लेख गरिएजस्तै महिलाहरूले भौतिक आवश्यकताहरू पुरा भएपश्चात क्षतिपूर्तिहरूका अभौतिक पक्षहरू (सत्य निरूपण, शान्ति, सामाजिक पहिचान तथा सजाय) जसले उनीहरूलाई समाजमा पूर्णरूपमा पुनर्स्थापित गर्न सकोस्, त्यस्ता विषयहरूलाई पुरुषहरूले भन्दा बढी महत्त्व दिँदै र पटक-पटक उल्लेख गरे । उनीहरूले दीर्घकालीन रूपमा आर्थिक सुरक्षा कायम गर्ने भौतिक आकाङ्क्षाहरूलाई पनि बढी जोड दिए । अन्तरिम राहत कार्यक्रमका आधाभन्दा ज्यादा महिला लाभान्वित (५२.९ प्रतिशत)ले आर्थिक सहायताको निरन्तरतालाई दीर्घकालीन आकाङ्क्षाका रूपमा सबैभन्दा उच्च प्राथमिकतामा राखे । अन्तरिम राहत कार्यक्रमका लाभान्वित पुरुषहरूले पनि आर्थिक सहायतालाई उल्लेख गरेको भएतापनि करिब एक चौथाइ (२८.३ प्रतिशत)ले मात्र र त्यो पनि न्यून तहमा (चौथो) राखे । महिला तथा पुरुष दुवैले रोजगारीलाई दोस्रो सबैभन्दा महत्त्वपूर्ण दीर्घकालीन आकाङ्क्षाका रूपमा उल्लेख गरे । शिक्षा तथा स्वास्थ्य सेवामा सहायतामा दुवैको समर्थन जारी रह्यो, तर पुरुषहरूले त्यस्ता सेवाहरूको दीर्घकालीन पहुँचमा बढी जोड दिए र तिनिहरूलाई क्रमशः तेस्रो र पाँचौ दर्जा दिए जसलाई महिलाहरूले अभौतिक प्राथमिकताभन्दा मुनि नवौँ र दशौँ स्थानमा राखेका थिए ।

भौतिक अथवा अभौतिक लाभहरूमा समानताको बिषय विशेषगरी महिलाहरूले उठाएका थिए । तत्कालको आवश्यकताका रूपमा उल्लेख भएतापनि यो मूख्यतः दीर्घकालीन आकाङ्क्षाका रूपमा चित्रित रहेको थियो । समानतालाई विभिन्न वर्गका पीडितहरूबीच समान लाभ सुनिश्चित गर्ने विषयसँग मात्र लक्षित नगरी द्वन्द्वका दुवै पक्षहरूहरूलाई समेत लक्षित गरिएको थियो । "किसानका श्रीमतीहरू" तथा "कर्मचारीका आफन्तहरू" बीचको भिन्नता पनि उल्लेख गरिएको थियो र त्यो भिन्नतालाई सशस्त्र द्वन्द्वका कारण मारिएका वा बेपत्ता पारिएका मृतक तथा बेपत्ताहरूका विपन्न आफन्तहरू तथा सुरक्षा फौजहरूका सदस्यहरूका आफन्तहरू बीचको भिन्नताका रूपमा बुझिएको थियो । [६२]

६२ शहीदहरू (मृतक)का परिवारहरू तथा बेपत्ता पारिएका व्यक्तिहरूको परिवारहरूलाई समान लाभ हुनुपर्ने भन्ने विषयलाई १४औँ दर्जामा दीर्घकालीन आकाङ्क्षाका रूपमा अंकित गरिएको थियो; राज्य तथा माओवादी बलद्वारा पीडित बनाईएकाहरूको बीचको समानता १५औँ; तथा "किसानका श्रीमतीहरू" तथा "कर्मचारीका आफन्त" बीच समान लाभलाई १८औँ दर्जामा राखिएको थियो ।

७. यातनापीडितहरूका तत्कालीन तथा दीर्घकालीन आवश्यकताहरू

परिपूरणीय न्यायका लागि यातनापीडितहरूका तत्कालीन आवश्यकताहरू र तिनीहरूका दीर्घकालीन आकाङ्क्षा वा अपेक्षाहरू समान विधिहरूको प्रयोग गरी निर्क्यौल गरिएका थिए : पुरुषहरूका लागि लक्षित नृवंशविज्ञान अध्ययन र कथानक लक्षित समूहे छलफल (काइँलाको काल्पनिक वृत्तान्तको प्रयोग गर्दै) तथा महिलाहरूका लागि विस्तृत अन्तर्वार्ताहरू ।

महिला तथा पुरुष दुवैले तत्कालीन एवं दीर्घकालीन आवश्यकता तथा मागहरूको श्रृंखला पहिचान गरे । तथापि यातनापीडितहरूलाई मृतक तथा बेपत्ता पारिएका व्यक्तिहरूको आफन्तहरूबाट भिन्न देखाउने पक्ष भनेको यातनापीडितहरूको यातना तथा अन्य दुर्व्यवहारको परिणामस्वरूप सिर्जित शारीरिक तथा मनोवैज्ञानिक चोटहरूको तत्कालीन उपचारसम्बन्धी आवश्यकता हो । कसैकसैले स्वास्थ्य उपचारका लागि खर्च गर्न केही सहायता जुटाउन सफलता पाएका भए पनि अन्यले थोरै वा कुनै पनि स्वास्थ्य सेवा प्राप्त गरेका छैनन् । लामो समयसम्म उनीहरूलाई त्यस्तो परिपूरणबाट वञ्चित गराउनाले उनीहरूको स्वास्थ्य स्थिति झनझन खस्कदैं जान्छ र उनीहरू तथा उनीहरूको परिवारहरूको आर्थिक सामाजिक स्थिति विग्रदैं जान्छ ।

धेरै आधारभूत सामाजिक आर्थिक आवश्यकताहरूका गहनताका बाबजुद यस अध्ययनमा सहभागी यातनापीडितहरूले पनि न्यायमा आर्थिक सहायता तथा अन्य प्रकारका भौतिक सहयोग बाहेकका अन्य धेरै कुराहरू समावेश रहेको बताए । मृतक तथा बेपत्ता पारिएकाहरूको परिवारले झैं तत्कालीन आवश्यकता तथा दीर्घकालीन आकाङ्क्षाका रूपमा "पीडकहरूलाई कारबाही", सत्य निरूपण तथा प्रतिष्ठाको पुनर्स्थापना र मेलमिलाप, शान्ति तथा सुरक्षाका वृहत्तर लक्ष्यहरू औँल्याएका भए पनि महिला तथा पुरुषहरूका प्राथमिकतामा भिन्नता थियो । तथापि, भ्रष्टाचारविरुद्धका उपायहरू र "इमानदारिता" तथा "विश्वसनीयता" का लागि सार्वजनिक अधिकारीहरूको परीक्षण जस्ता सुशासनका लागि सहयोगी उपायहरूको पहिचान गर्ने क्रममा भने यातनापीडित पुरुषहरू विशिष्ट देखिएका थिए ।

यातनापीडित पुरुषहरूका तत्कालीन तथा दीर्घकालीन आवश्यकताहरू

तत्कालीन आवश्यकताहरू

यातनापीडित पुरुषहरूका तत्कालीन मागहरूमा धेरैजसो मागहरू सामाजिक-आर्थिक मागहरू थिए र कुल आठ मागमध्ये सबैभन्दा धेरै दोहोरिएका छ मागहरू भौतिक आवश्यकताहरूसँग सम्बन्धित थिए । लक्षित नृवंशविज्ञान अध्ययनका झण्डै दुई तिहाइ (७३.९ प्रतिशत) सहभागीहरूले आर्थिक सहायतालाई तत्कालीन आवश्यकताका रूपमा पहिचान गरे भने त्यसलाई पछ्याउँदै ६७.४ प्रतिशत सहभागीले निःशुल्क स्वास्थ्य उपचार पहिचान गरेका थिए र यसै कारणले यी दुईको प्रधानता कायम रहेको थियो (०.५५) । बालबालिकाका लागि निःशुल्क शिक्षा, रोजगारी तथा "गाँस, वास र कपास" लाई पनि उल्लेख गरिएको थियो तर त्यो मृतक तथा बेपत्ता पारिएकाका आफन्तहरूको तुलनामा कमैले उल्लेख गरेका थिए । निःशुल्क शिक्षालाई २३.९

प्रतिशत सहभागिहरूले, रोजगारीलाई १७.४ प्रतिशतले तथा "गाँस, वास र कपास"लाई १३ प्रतिशतले सूचीबद्ध गरेका थिए ।

यी आवश्यकताहरू तत्कालीन आवश्यकताहरूको सूचीमा यही प्राथमिकतामा उल्लेख भएका थिए र यीमध्ये उच्च पाँच स्थानका आवश्यकताहरू सामाजिक-आर्थिक आवश्यकता थिए । आर्थिक सहायता (यसअन्तर्गत राहत समेत), निःशुल्क चिकित्सकीय सेवा, ऋण चुक्ता गर्दा सहुलियत, रोजगारी गुमेबाट भएको घाटा न्यूनीकरण गर्नका लागि पेन्सन र क्षतिपूर्तिमा निकै ज्यादा जोड दिइएको थियो । आर्थिक सहायतालाई चिकित्सकीय उपचारको बिषयसँग पनि निकै नजिकबाट जोडी उल्लेख गरिएको थियो । सहभागीहरूका अनुसार उनीहरूको आर्थिक अवस्थाका कारण प्रायः चिकित्सकीय उपचार धान्न नसकिने हुन्छ । केही घटनामा उपचार खर्चका कारण यातनापीडितहरू थप ऋणतर्फ धकेलिएका छन् । उनीहरूमध्ये धेरैले भोग्नुपरेको त्यस्तो निराशाजनक स्थितिलाई कञ्चनपुर तथा बागलुङ जिल्लाका सहभागीहरूले यसरी बताएका थिए ।

> मैले आफूले भोगेको शारीरिक यातनाको उपचार गर्नका लागि तीन लाख रुपैयाँ भन्दा ज्यादा (ने.रु. ३००,०००, करीब ३,००० अमेरिकी डलर) खर्च गरिसकेको छु । म अब थप उपचार खर्च व्यहोर्न सक्दिन, चिकित्सकले भनेको औषधीसमेत किन्न असमर्थ छु । मेरो मृगौला सङ्क्रमित भएको छ । मसँग मेरो कम्मरको हड्डीमा लागेको चोटको उपचार गर्नका लागि पैसा छैन । मेरो लागि मर्नु नै ठिक हुन्छ ।
>
> - *कञ्चनपुरका यातनापीडित पुरुष (कथानक लक्षित समूह छलफल)*
>
> अहिलेसम्म मलाई कसैले सहायता गरेको छैन । मैले चारवटा शल्यक्रिया गराइसकेको छु । हाम्रो आँला चक्कुले काटिँदा समेत त पीडा हुन्छ भने तपाईँहरू सोच्न सक्नुहुन्छ कि म कति पीडाबाट गुज्रिरहेको छु । म शल्यक्रियाबाट त बाँचे तर मेरो ढाडमा अझै पनि पीडा हुन्छ, मेरा नशाहरू सुन्निन्छन् र म ठाडो भएर बस्न सक्तिन । मलाई चिकित्सकीय उपचारको आवश्यकता छ ।
>
> - *बागलुङका यातनापीडित पुरुष, उमेर ५७* (लक्षित नृवंशविज्ञान अध्ययन)

आँकडा ८ : यातनापीडित पुरुषहरूका तत्कालीन प्रमुख दश आवश्यकताहरू (प्रतिशत तथा प्रधानता)[६३]



६३ पुरा सूचीका लागि तालिका १९ हेर्नुहोस् यहाँ, www.ictj.org/Nepal-Reparations-Report-Annex.pdf

निःशुल्क शिक्षा, रोजगारीमा सहायता तथा जीविकासम्बन्धी आवश्यकताहरू (गाँस, वास र कपास) क्रमशः तेस्रो, चौथो र पाँचौ श्रेणीमा राखिएका थिए। तथापि, ती विभिन्न आवश्यकताहरूबीच फेरी पनि स्पष्ट सम्बन्ध देखिएको थियो र केहीले त्यसलाई प्राथमिकतामा राख्नमा कठिनाइ महसुस गरेका थिए। त्यस्ता सहायता नभएमा उनीहरूको अवस्था झनै विग्रदैँ जाने डर समेत व्यक्त गरिएका थिए।

> हाम्रो शारीरिक अवस्था धेरै नाजुक भएका कारण काम पाउनका लागि हामी अरुसँग प्रतिस्पर्धा गर्न सक्दैनौँ। राज्यले हाम्रा क्षमताहरू पहिचान गरी हामीलाई कामको व्यवस्था गर्नैपर्छ। अन्यथा, हाम्रो परिवारको स्थिति खस्कँदै जानेछ।

- *कञ्चनपुरका यातनापीडित पुरुष (कथानक लक्षित समूह छलफल)*

> हामीजस्ता यातनापीडितहरूका मूलभूत आवश्यकताहरू भनेको खाना, वास र कपडा हुन्। हामीलाई चिकित्सकीय उपचारको पनि आवश्यकता छ। राज्यले हाम्रा छोराछोरीहरूका लागि निःशुल्क शिक्षा उपलब्ध गराउनै पर्दछ। राहत तत्काल उपलब्ध गराउनै पर्छ।

- *उदयपुरका यातनापीडित पुरुष (वर्णनात्मक लक्षित समूहको छलफल)*

यातनापीडित पुरुषहरूले तत्कालीन आवश्यकताहरूको समूहमा थोरैपटक एवं अन्तरिम राहत कार्यक्रमका पुरुष लाभार्थी समकक्षीहरूले भन्दा कम महत्त्वको स्थानमा राखेतापनि अभौतिक उपायहरूलाई समेत उल्लेख गरे। उदाहरणका लागि, "पीडकहरूलाई सजाय" आठौँ स्थानमा रहेको थियो भने यसलाई १०.९ प्रतिशत यातनापीडित पुरुषहरूले सिफारिस गरेका थिए जबकी यसलाई अन्तरिम राहत कार्यक्रमका ३७ प्रतिशत पुरुष लाभार्थीहरूले, छैठौँ स्थानमा राखेका थिए। तथापि, यातनापीडित पुरुषहरूले कानुनी प्रतिनिधित्व (जसलाई उनीहरूले कानुनी कार्यालयको स्थापनासम्बन्धी आवश्यकताका रूपमा स्पष्ट पारेका थिए)लाई पनि विशिष्ट रूपमा उठाएका थिए र त्यसलाई उनीहरूले १०औँ स्थानमा राखेका थिए। केहीका लागि, न्यायिक उपचार सन्तुष्टि पाउनका लागि अत्यावश्यक देखिएको थियो।

> हामी दोषीलाई मार्न सक्थ्यौँ तर उसलाई कानुनबमोजिम कारबाही गरिनु पर्दछ। यातनापीडितका रूपमा हामीले अपराधीहरूलाई कारबाहीमार्फत न्याय पाउनेछौँ।

- *कपिलवस्तुका यातनापीडित पुरुष (कथानक लक्षित समूह छलफल)*

> यदि दोषीलाई सजाय भएमा हामी सन्तुष्ट हुने थियौँ। हामी निर्दोष थियौँ जसलाई पीडित बनाइयो, तर कसुरदारहरू अझै पनि खुसीसाथ जीन्दगी बिताइरहेका र स्वतन्त्र रूपमा काम गरिरहेका छन्। हामीले कुनै पनि प्रकारको सहायता प्राप्त गरेका छैनौँ। यदि हामीलाई पैसा वा सेवा दिइएता पनि तिनीहरूले हामीलाई बाँच्नका लागि मात्र सहायता गर्नेछ, तर सबैलाई सत्य ज्ञात हुने छैन। सबैलाई सत्यता अवगत गराउनका लागि पीडकहरूलाई समानरूपमा कारबाही गरिनुपर्दछ।

- *बर्दियाका यातनापीडित पुरुष (कथानक लक्षित समूहको छलफल)*

दीर्घकालीन आवश्यकताहरूसँगको सम्बन्धमा न्यायको विषयमा थप चर्चा हुँदा अदालतहरूको भूमिका तथा न्यायको अर्थका सम्बन्धमा विभिन्न विचारहरू प्रकट भए (तल हेर्नुहोस्ः दीर्घकालीन आकाङ्क्षा तथा आवश्यकताहरू)।

अन्य वृहत्तर आकाङ्क्षाहरू पनि तत्कालीन आवश्यकताका रूपमा उल्लेख गरिएका थिए। यसअन्तर्गत "शान्ति" लाई १५.२ प्रतिशत सहभागीहरूले उल्लेख गरेका थिए जुन समग्रमा छैठौँ स्थानमा रहेको थियो।

आधिकारीक स्वीकारोक्तिलाई सूचीबद्ध नगरिएको भएतापनि परिचयपत्र जसलाई आधिकारीक स्वीकारोक्तिका रूपमा मानिन्छ, तत्कालीन आवश्यकताका रूपमा नवौँ स्थानमा रहेको थियो । स्वीकारोक्तिको महत्त्वको विषय कथानक लक्षित समूह छलफल कार्यक्रममा पनि उठेको थियो जसमा सुरक्षित र प्रतिष्ठित रूपमा बाँच्ने वातावरण सुनिश्चित गर्ने उपायहरूअन्तर्गत पीडितहरूले व्यहोरेका हानिहरूलाई राज्यले आत्मसात गर्नुपर्ने आवश्यकताको उठान गरिएको थियो । यस सम्बन्धमा, अन्तरिम राहत कार्यक्रमअन्तर्गत यातनापीडितहरूलाई एक निश्चित समूहका रूपमा समावेश गर्न नसक्नुले सीमान्तीकरण को भावनालाई अझ सुदृढ बनाएको छ र उपचारको प्रकृयालाई अवमूल्यन गरेको छ ।

> हामीले कुनै पनि राहत पाएका छैनौँ । हामीजस्ता मानिसहरूका लागि अझैसम्म पनि पुनर्स्थापनाका कुनै कार्यक्रम अगाडि बढाइएका छैनन् । हामी कसरी पुनर्स्थापित हुन सक्छौँ ?
>
> - *काभ्रेका यातनापीडित पुरुष (कथानक लक्षित समूह छलफल)*

यातनापीडित पुरुषहरूका दीर्घकालीन आवश्यकता तथा आकाङ्क्षाहरू

यातनापीडित पुरुषहरूका तत्कालीन आवश्यकता तथा भविष्यका आकाङ्क्षाहरूको तुलना गर्दा मृतक तथा बेपत्ताहरूका आफन्तहरूको जस्तै देखिन्छ। विशेषतः पीडितहरूको प्राथमिकता भौतिक उपायहरूबाट अभौतिक उपायहरूतर्फ उन्मुख थियो, जसमा दीर्घकालीन सामाजिक आर्थिक सहायताको निरन्तरताको अपेक्षासमेत समावेश थियो ।

रोजगारी, निःशुल्क शिक्षा, निःशुल्क स्वास्थ्य सेवा, आर्थिक सहायता (नियमित नगद भत्ता, क्षतिपूर्ति र अन्य प्रकारका आर्थिक राहत समेत) र जीविकासम्बन्धी आवश्यकताहरू (गाँस, वास र कपास)ले दीर्घकालीन रूपमा आकाङ्क्षा प्रकट गरिएका प्रमुख १० उपायअन्तर्गत निरन्तरता पाईरहे (क्रमशः प्रथम, तृतीय, चौथो, पाँचौ र सातौँ)। यीनै दीर्घकालीन आकाङ्क्षाहरू नै बारम्बार उठाइएका थिए । आधा सहभागीहरूले रोजगारीलाई उल्लेख गरे (५० प्रतिशत), करिब एक तिहाइले निःशुल्क शिक्षाको सिफारिस गरे (३९.१ प्रतिशत) भने करिब एक चौथाइले आर्थिक सहायता (२६.१ प्रतिशत) र एक चौथाइभन्दा अलिकति मात्र कमले निःशुल्क चिकित्सकीय उपचार (२३.९ प्रतिशत) उल्लेख गरे । १५.२ प्रतिशत उत्तरदाताहरूले गाँस, वास र कपासको सहायताको निरन्तरता अपेक्षा प्रकट गरे । तत्कालीन आवश्यकताको रूपमा उल्लेख नगरिएको व्यवसायिक तालिम दीर्घकालीन मागका रूपमा आठौँ स्थानमा परेको थियो र १३ प्रतिशत सहभागीहरूले त्यसलाई पहिचान गरेका थिए ।

कथानक लक्षित समूह छलफलले यी प्राथमिकताहरूको पुनःपुष्टि गऱ्यो र तीनको पछाडिका औचित्यहरूमाथि प्रकाश पाऱ्यो । सबैभन्दा उच्च श्रेणीमा राखिएको आकाङ्क्षा रोजगारीका बारेमा लामो छलफल भएको थियो र सहभागीमध्ये केहीले हानिहरू सम्बोधन गर्न र भविष्यमा सुरक्षा प्रदान गर्न आयआर्जनलाई अत्यावश्यक उपायका रूपमा हेरेका थिए । केही उत्तरदाताको भनाइमा शान्ति र स्थायित्वमा योगदान पुऱ्याउनका लागि पनि रोजगारीलाई महत्त्वपूर्ण रूपमा लिइएको हुन्छ ।

> तपाइँलाई सत्य भन्नु पर्दा, जिन्दगी जिउन अझै निकै लामो छ । कामबिना परिवार पाल्न साँच्चै नै निकै कठिन हुन्छ । यदि हामीसँग रोजगारीका अवसरहरू भएका भए जीवनयापन गर्न सहज हुने थियो । २० वर्ष सेवा गरिसकेपछि हामीले पेन्सन पाउँथ्यौँ । त्यसैकारणले हामीहरूले रोजगारीका अवसरहरू पाउनुपर्दछ र त्यसपछि हाम्रा चाहनाहरू पुरा हुनेछन् ।
>
> - *सिराहाका यातनापीडित पुरुष (लक्षित नृवंशविज्ञान अध्ययन)*

> यदि सबै नागरिकलाई रोजगारी सुनिश्चित गरिएको भए द्वन्द्व निश्चय पनि अन्त्य हुने थियो ।
>
> - *जुम्लाका यातनापीडित पुरुष (लक्षित नृवंशविज्ञान अध्ययन)*
>
> हाम्रो देशका नागरिकहरू निकै गरिब छन् । त्यसैले सबैका लागि एउटा घर-एउटा रोजगारीको अवसरको व्यवस्था हुनुपर्दछ ।
>
> - *जुम्लाका यातनापीडित पुरुष (लक्षित नृवंशविज्ञान अध्ययन)*

आँकडा ९ : यातनापीडित पुरुषहरूका दीर्घकालीन दश प्रमुख आकाङ्क्षाहरू (प्रतिशत तथा प्रधानता)[६४]



आर्थिक सहायता एवं हानिको परिपूरणका लागि क्षतिपूर्तिको भूमिकाका सम्बन्धमा पनि छलफल भएको थियो । तर केही उत्तरदाताका लागि यातनाका कारणले भएका शारीरिक वा मानसिक चोटहरूले काम गर्न अप्ठ्यारो वा असम्भव नै भएको थियो र उनीहरूको चोटहरूका गम्भीरताका कारण उनीहरूका नोक्सानको क्षतिपूर्तिका लागि कुनै माध्यम भएनभएको बारे प्रश्न गर्न बाध्य पारेको थियो ।

> यातनाका कारण मेरो शरीरको एउटा भागमा पक्षघात भएको छ । म चल्न सक्दिन र मलाई कुनै पनि काम गर्नका लागि सहायता गर्ने व्यक्तिको आवश्यकता पर्दछ । मेरो जीवनभर मलाई अरुको सहायताको खाँचो पर्नेछ । यस्तो पीडाका लागि कुनै पनि क्षतिपूर्ति छैन ।
>
> - *कपिलवस्तुका यातनापीडित पुरुष (कथानक लक्षित समूह छलफल)*
>
> म करातेँको राष्ट्रिय प्रतिस्पर्धी थिएँ । जब माओवादीहरूले मलाई मेरो घरमा आक्रमण गरे, त्यसबेला म एक अन्तर्राष्ट्रिय प्रतिस्पर्धामा देशको प्रतिनिधित्व गर्न लागेको थिएँ । त्यस आक्रमणका कारण म शारीरिक रूपमा अशक्त भएँ र मैले मेरो खेलकुदलाई निरन्तरता दिन सकिँन । मेरो जीवन बर्बाद भयो । मैले भोगेको नोक्सानीलाई क्षतिपूर्तिले सम्बोधन गर्न सक्दैन ।
>
> - *बागलुङका यातनापीडित पुरुष (कथानक लक्षित समूह छलफल)*

६४ पुरा सूचीका लागि अनुसूची तालिका २१ हेर्नुहोस् यहाँ, www.ictj.org/Nepal-Reparations-Report-Annex.pdf

तथापि आर्थिक सहायता अथवा "क्षतिपूर्ति"लाई धेरैजसो उत्तरदाताद्वारा अत्यावश्यकीय बस्तुका लागि खर्च गर्न र प्रायसः विशिष्टिकृत स्वास्थ्योपचारका लागि वा केहीले ऋण तिर्न, ऋण तिर्न नसकेका कारण गुमेका जमिन निखन्न, विद्यालयको शुल्क तिर्न तथा अन्य आर्थिक समस्याहरू हल गर्नका लागि महत्त्वपूर्ण भनी हेरीएको थियो । आर्थिक सुरक्षातर्फ उन्मुख गर्ने किसिमको भौतिक सहायतालाई केही उत्तरदाताले वृहत्तर एवं दीर्घकालीन पुनर्स्थापनाका लाभहरू एवं स्वाभिमान र प्रतिष्ठा पुनर्स्थापित गर्ने किसिमको उपायको रूपमा पनि हेरेका थिए ।

> द्वन्द्वपिडीतहरूको स्वाभिमान, तिनिहरूको सामाजिक पुनर्स्थापना, हौसला तथा आर्थिक सशक्तिकरण सबैले नै सहयोग गर्दछन् । मौद्रिक क्षतिपूर्तिले शारीरिक एवं मनोबैज्ञानिक हानि सम्बोधन गर्नमा पनि सहायता गर्न सक्दछ ।
>
> - *काभ्रेका यातनापीडित पुरुष (कथानक लक्षित समूह छलफल)*

प्रतिष्ठाको पुनर्स्थापनाको आवश्यकतालाई भने अन्य उपायहरू, विशेषगरी राज्य तथा वृहत समाजद्वारा यातनापीडितहरूलाई मानवअधिकार उल्लङ्घनका पीडितको रूपमा स्वीकारोक्तिसँग जोडेर हेरिएको थियो । तर, यातनापश्चात बाँचेका पुरुषहरूले मृतक तथा बेपत्ताहरूका आफन्तहरूले जस्तो शहादतको सन्दर्भमा पहिचानउपर छलफल गरेनन् बरु गलत कार्यका कारण तिनीहरू पीडित भएका हुन् भनी स्वीकार गरिनुपर्ने कुरामाथि जोड दिए । काभ्रे जिल्लाका एकजना यातनापीडितको शब्दमाः

> यातनापीडितहरूका लागि गरिनुपर्ने सबैभन्दा पहिलो काम भनेको उनीहरूको पहिचानलाई मान्यता दिनु हो र निजको प्रतिष्ठा पुनर्स्थापित गर्नका लागि राज्यले उसलाई यातनापीडित भनी उल्लेख गरी आदर गर्नुपर्दछ । त्यसपछि गर्नुपर्ने कार्य भनेको यातनापीडितले पूर्ण स्वाभिमानका साथ बस्न सक्ने र समाजमा आफू द्वन्द्वपीडित भनी चिनिँदा गर्व महसुस हुने वातावरण निर्माण गर्नु हो । उसले समाजमा छाति खोलेर बिना कुनै त्रास वा तनाव हिँड्न सक्ने वातावरण निर्माण गर्ने जिम्मेवारी राज्यको हो ।
>
> - *काभ्रेका यातनापीडित पुरुष (कथानक लक्षित समूह छलफल)*

तालिका ६: यातनापीडित पुरुषहरूले गरेका तत्कालीन आवश्यकताहरू तथा दीर्घकालीन आकाङ्क्षाहरूको श्रेणीकरण[६५]

श्रेणी	तत्कालीन आवश्यकताहरू	दीर्घकालीन आकाङ्क्षाहरू
१	आर्थिक सहयोग	रोजगारी
२	निःशुल्क स्वास्थ्य सेवा	शान्ति
३	निःशुल्क शिक्षा	निःशुल्क शिक्षा
४	रोजगारी	निःशुल्क स्वास्थ्य सेवा
५	गाँस, वास र कपास	आर्थिक सहयोग
६	शान्ति	पीडकहरूलाई सजाय
७	सम्पत्ति फिर्ता	गाँस, वास र कपास
८	पीडकलाई सजाय	व्यवसायिक तालिम
९	द्वन्द्वपीडितहरूका लागि परिचय पत्र	मेलमिलाप
१०	कानुनी प्रतिनिधित्व (कानुनी सहायता कार्यालय खोलेर) (सार्वजनिक स्वीकारोक्ति)	राजनीतिक स्थिरता र द्वन्द्वपीडितहरूका मुद्दासमेत समावेश गरी संविधान लेखन (व्यवसायिक तालिम)

६५ पुरा सूचीका लागि अनुसूची तालिका २० र २२ हेर्नुहोस् यहाँ, www.ictj.org/Nepal-Reparations-Report-Annex.pdf

औपचारिक स्वीकारोक्तिलाई पनि न्यायको वृहत वुझाइको एक पक्षका रूपमा उल्लेख गरिएको थियो । उदाहरणका लागि कथानक लक्षित समूह छलफलका धैरैजसो सहभागीहरूले के भएको थियो भन्ने बारेमा सत्य तथ्य बाहिर ल्याउनु र "दोषीलाई सजाय गर्नु" को महत्त्वका बारेमा जोड दिए । लक्षित नृवंशविज्ञान अध्ययनका एक चौथाइभन्दा कम सहभागीहरूले (१५.२ प्रतिशत) ले उल्लेख गरेको भएतापनि यातनापीडितपुरुषहरूले सजायलाई तत्कालीन आवश्यकताका रूपमा आठौँ स्थान दिए भने दीर्घकालीन आकाङ्क्षाका रूपमा छैटौँ स्थानमा राखे । केहीं सहभागीहरूका लागि भने फौजदारी अभियोजन स्पष्टतः एक महत्त्वपूर्ण उपायका रूपमा रहेको छ ।

> उनीहरूले मजस्तो निर्दोष किसान तथा उनीहरूलाई केही पनि नगरेका अन्य छिमेकीहरूलाई पिटे । त्यसैकारण हामीजस्ता व्यक्तिलाई हानि पुऱ्याउने यस्ता व्यक्तिहरूलाई चाँडोभन्दा चाँडो अभियोजन गरिनुपर्दछ ।

- *उदयपुरका यातनापीडित पुरुष उमेर ३१ (लक्षित नृवंशविज्ञान अध्ययन)*

> सरकारले अहिलेसम्म दोषीहरूलाई सजाय गर्न केही पनि गरेको छैन । त्यस्ता दोषीहरू हामीसँगै समुदायमा बसिरहेका छन् र उनीहरू यताउती हिड्ँन स्वतन्त्र छन् । उनीहरूलाई अविलम्ब अनुसन्धानको दायराभित्र ल्याइनुपर्दछ र उनीहरूउपर अभियोजन गरिनुपर्दछ ।

- *उदयपुरका यातनापीडित पुरुष उमेर ५१ (लक्षित नृवंशविज्ञान अध्ययन)*

> न्याय पाउनका लागि प्रमुख जिल्ला अधिकारी (सिडिओ) तथा अदालतमा अनिवार्यरूपमा जानुपर्ने हुन्छ । तर हामीसँग आफू द्वन्द्वपीडित भएको प्रमाणित गर्नका लागि कागजातहरू नभएकाले हामी त्यँहा जान सक्दैनौँ । त्यसैले हामीले न्याय पाउदैनौँ ।

- *कपिलवस्तुका यातनापीडित पुरुष (कथानक लक्षित समूह छलफल)*

केही उत्तरदाताहरूलाई औपचारिक फौजदारी प्रकृयामाथि कमै विश्वास रहेको देखियो । केहीले त्यसले के नतिजा दिन्छ भन्ने बारेमा शङ्का पनि व्यक्त गरे । औपचारिक फौजदारी प्रकृयाको साटो उनीहरूले "सामाजिक न्याय" वा मेलमिलापमाथि बढी जोड दिए । तथापि यी अवधारणाहरूको खास अर्थ के हो वा तिनीहरूलाई उत्कृष्ट ढंगबाट कसरी कार्यान्वयन गर्न सकिन्छ भन्ने बिषयमा भने ब्यापक छलफल गरिएन । तथापि, न्यायसम्बन्धी आफ्नो व्यक्तिगत धारणामा समेत अभियोजन नपर्ने यातनापीडितहरूका माझमा समेत न्याय भौतिक प्रतिकृयासँग मात्र सम्बन्धित छैन बरु पीडितउपर भएको हानि स्वीकार गर्ने तथा उत्तरजीवीहरूको सामाजिक एवं आर्थिक पुनर्स्थापनामा सहायता गर्ने उपायहरू आवश्यक हुन्छन् भन्ने स्पष्ट देखियो ।

> अदालतहरूले वास्तविकता बुझ्न नसक्ला, तर समाजले बुझ्छ । अदालतले प्रमाणका आधारमा मात्र बुझ्दछ जुन हामीसँग छैन । त्यसैले हामीजस्ता पीडितका लागि सामाजिक न्याय अझ राम्रो हुन्छ ।

- *बागलुङका यातनापीडित पुरुष (कथानक लक्षित समूह छलफल)*

> हाम्रो लागि कानुन नै छैन भने हामी किन अदालत जानुपर्‍यो ? हामी सबै यातनापीडित हौँ र समाजले यो कुरा राम्रोसँग बुझेको छ । तर हामीले कसरी उजुरी हाल्न सक्छौँ ?

- *बर्दियाका यातनापीडित पुरुष (कथानक लक्षित समूह छलफल)*

> यदि अन्य संस्थाहरूले हामीलाई क्षतिपूर्ति प्राप्त गर्नमा सहायता गर्दछन् र समाजमा इज्जतका साथ बस्नका लागि सहयोग गर्दछन् भने न्यायका लागि सधैँ अदालतमै जानुपर्ने आवश्यकता छैन ।

- *काभ्रेका यातनापीडित पुरुष (कथानक लक्षित समूह छलफल)*

> मानिसलाई के लाग्दछ भने उनीहरू अदालत गएमा न्याय पाउन सक्छन्, तर पीडक र पीडित दुवैका लागि समाजभित्रै सामाजिक मेलमिलाप मार्फत सो विवाद मिलाउनु उत्तम हुन्छ ।

- *उदयपुरका यातनापीडित पुरुष (कथानक लक्षित समूह छलफल)*

धेरै यातनापीडित पुरुषहरूले सरकारी तथा प्रशासनिक निकायहरू सुदृढ बनाउने विभिन्न उपायहरूका बारेमा पनि उल्लेख गरे । तत्कालीन आवश्यकताका रूपमा उल्लेख गरेतापनि यी उपायहरू मुख्यतः दीर्घकालीन आकाङ्क्षाहरूका रूपमा चित्रित थिए । त्यस्ता उपायअन्तर्गत विशेष रूपमा "सुशासनको विकास" (१६औँ स्थान); भ्रष्टाचार दुरुत्साहन तथा विश्वासिलो प्रशासकीय निकाय गठन (१५औँ); भ्रष्टाचारको अन्त्य (१६औँ); र सरकारी कर्मचारीहरूको इमान्दारिता र विश्वसनीयता निर्धारण गर्नका लागि सम्परीक्षण प्रकृयाको स्थापना (१६औँ) समावेश थिए ।

यातनापीडित महिलाका तत्कालीन र दीर्घकालीन आवश्यकताहरू

यातनापीडित महिलाहरूसँगको विस्तृत अन्तर्वार्ताले पनि तत्कालीन आवश्यकता र दीर्घकालीन आकाङ्क्षासम्बन्धी समान विषयहरूको अन्वेषण गऱ्यो । उत्तरदाताहरूलाई उनीहरूले व्याख्या गरेअनुरूपका हानिहरूद्वारा सिर्जित उनीहरूका आफ्ना तथा उनीहरूका परिवारका तत्कालीन आवश्यकताहरू; उनीहरूका तत्कालीन आवश्यकताहरू सम्बोधन भएको मानी आगामी व्यवस्थाहरूका बारे उनीहरूका अपेक्षाहरू; कस्ता प्रकारका कार्यहरूले उनीहरूलाई सन्तोष महसुस हुन्छ; र त्यस्ता कार्यहरू लागू गराउनका लागि को जिम्मेवार हुनुपर्दछ भन्ने बारेमा प्रश्नहरू सोधिएका थिए ।

अन्तर्वार्ताको नतिजाले अन्य प्रकारका उत्तरदाताहरूसँगको समानता तथा भिन्नता देखायो । यातनापीडित महिलाहरूले उनीहरूका सबै आवश्यकताहरूलाई तत्कालीन आवश्यकताका रूपमा उल्लेख गरी दीर्घकालीन अपेक्षाहरूका बारेमा सोद्धा त्यसैलाई दोहोऱ्याउदै उनीहरूको तत्कालीन र दीर्घकालीन आवश्यकताहरूबीच खासै भिन्नता नभएको देखाए र यो प्रवृत्ति अन्य प्रकारको उत्तरदाताको तुलनामा यो समूहमा ज्यादा देखियो । यसै कारणले गर्दा तत्कालीन र दिर्घकालीन दुवै आवश्यकताहरूलाई तल एउटै अंशमा समेटिएको छ । तथापि, अन्य प्रकारका पीडितहरूमा जस्तै यस समूहमा पनि उनीहरूको तत्कालीन आवश्यकताभन्दा परको आकाङ्क्षा वा आवश्यकताको बारेमा उल्लेख गर्न लगाउँदा अभौतिक अपेक्षाहरू नै प्रमुखताका साथ उल्लेख भएको थियो ।

अन्य सबै अनुसन्धान सहभागी सरह नै यस समूहमा पनि सबैभन्दा धेरै बारम्बार उठाइएका आवश्यकताहरू (तत्कालीन र दीर्घकालीन दुवै) सामाजिक-आर्थिक आवश्यकताहरू थिए । यातनापीडित महिलाहरूका मागहरू उनीहरूका पुरुष समकक्षीहरूले चित्रित गरेका मागसँग लगभग दुरुस्तै मिल्ने थिए । त्यसअन्तर्गत उनीहरूले आर्थिक सहायता जसमा विशेषगरी मासिक नगद भत्ता तथा ऋण चुक्ता गर्नका लागि सहायताको बिषय उठाएका थिए, जिवनयापनका आधारभूत आवश्यकताहरू (गाँस, वास र कपास), निःशुल्क स्वास्थ्य सेवा, निःशुल्क शिक्षा र रोजगारी आदि पहिचान गरे । उत्तरदाताहरू राज्यद्धारा गरिएको उपेक्षाप्रति आक्रोशित पनि थिए भने केहीले राज्यका सुरक्षाबलहरूका सदस्यहरूलाई उनीहरूलाई भन्दा बढी हेरचाह भइरहेको भनी रोष समेत व्यक्त गरे । एक महिलाको शव्दमा :

> हामीले नेपाली सेना र प्रहरीले पाउनेजस्तै समयमै निःशुल्क उपचार पाउनुपर्दछ । हामी पनि सेना र प्रहरीजस्तै यस राज्यका नागरिक हौँ । उनीहरूले महिनावारी तलव पाउँछन् । हामीले चाहीँ किन निःशुल्क उपचार पनि पाउन सक्दैनौँ ?

सबै महिलाहरूले चिकित्सकीय उपचारलाई एक आवश्यकताका रूपमा जोड दिएका थिए, जुन कुनै अनौठो कुरा थिएन । उनीहरूले भोगेका शारीरिक तथा मानसिक हानिहरूका बावजुद केहीले उपचार पाएका थिएनन् । अन्य केहीले स्वास्थ्योपचारका लागि ऋण लिएका वा सम्पत्ति बेचेका थिए जसको परिणामस्वरूप उनीहरू थप गरिबी र ऋणमा डुबेका छन् (यातनापीडित पुरुषहरूको जस्तै) । धेरै महिलाहरूले उनीहरूको आवश्यकताका गहनताका बारेमा बताए :

> मेलै मेरो स्वास्थोपचारका लागि ऋण लिएको थिएँ जुन मैले अहिलेसम्म तिरेको छैन । सरकारले हामीलाई ऋण चुक्ता गर्नका लागि सहयोग गर्न सक्दछ । पैसाको अभावका कारणले मैले् शल्यक्रिया गर्न सकिन् । कुनै पनि दिन जग्गाधनीले हामीलाई उसको जग्गा छोड्नका लागि भन्नेछ भनेर म सँधै त्रसित छु । शायद उनीहरू (सरकार)ले हामीलाई दिनको एकपटक खानाका लागि सहयोग गर्न सक्नेछन् ।
>
> म बिरामी छु र पैसाको अभावले गर्दो उपचार गराउन सक्दिन । हाम्रो परिवारमा हाम्रा स-साना बच्चाहरू छन् र उनीहरूलाई हुर्काउन धेरै गाऱ्हो छ । आउने दिनमा उनीहरूलाई स्कुलमा पढ्न पठाउन अझ कठिन हुनेछ । मेरा श्रीमान् पनि अशक्त हुनुहुन्छ र हामीलाई खुवाउने कोही छैन । हाम्रा समस्याहरूबाट राहत पाउनुको साटो हामीमाथि थप समस्याहरू परिरहेका छन् । सरकारले हामीलाई सहायता गर्नका लागि धेरै गर्नुपर्दछ । हामी काम गर्ने र आफूलाई खुवाउने अवस्थामा छैनौँ ।

एक दलित महिलाले उनी तल्लो जातकी महिला भएकाले भोग्नु परिरहेका निश्चित कठिनाइहरूका बारेमा वर्णन गरिन् :

> दलित भएकी कारणले म गरिब र अनपढ पनि छु । मलाई कसरी र कहाँ सहायता खोज्ने भन्ने थाहा छैन । म निकै पीडामा छु । म बिरामी छु र मसँग उपचार गर्ने पैसा छैन । मलाई पर्याप्त खाना पाउन पनि गाह्रो भएको छ ।

आर्थिक तथा चिकित्सकीय सहायताको अति आवश्यक भएको स्पष्ट भएतापनि यातनापीडित महिलाहरूले समग्रमा उनीहरूका लागि न्याय भनेको के हो भन्ने सम्बन्धमा पनि स्पष्ट पारे । बाइस मध्ये दश महिलाहरूले अभियोजन (पीडकलाई कारबाही, सजाय), सत्य निरूपण तथा भविष्यमा मानवअधिकार उल्लङ्घनलाई रोक्ने विषयलाई उल्लेख गरे । यस्ता बिषयहरूमा विशेषतः बहुल मानवअधिकार उल्लङ्घनका घटनाहरूबाट पीडित महिलाहरूले जोड दिएका कुरा अनुसन्धानकर्ताहरूले जानकारिमा लिए ।

धेरै यातनापीडित पुरुषहरूले झैँ केही महिलाहरूले फौजदारी न्यायलाई आन्तरिक शान्ति र सन्तुष्टि प्राप्त गर्न आवश्यक र उनीहरूको प्रतिष्ठा र सम्मान पुनर्स्थापित गराउने माध्यमका रूपमा लिएका थिए । तथापि, उनीहरूका पुरुष समकक्षी सरह नै केहीले नेपालमा यस्तो सम्भव हुनेछ भन्ने कुरामा शङ्का व्यक्त गरे ।

> उनीहरूले मेरो सारा शरीर हेरे, हमला गरे र मेरो इज्जत लुटे । यस्तो अवस्थामा मैले कसरी न्याय पाउन सक्छु ? म चाहन्छु कि ती तीन मानिसहरूलाई सजाय होस् । तब मैले केही राहत पाउन सक्छु । म उनीहरूलाई सजाय भएको सुन्न एकदमै व्यग्र छु ।
>
> मेरो लागि न्याय भनेको ममाथि बलात्कारको प्रयास गर्ने व्यक्तिको पहिचान गर्ने, उनीहरूले किन त्यस्तो गर्ने प्रयास गरे भन्ने बारे अनुसन्धान गर्ने र उनीहरू को थिए भन्ने पत्ता लगाउने हो । यी कुराहरूउपर अनुसन्धान हुनुपर्दछ र उनीहरूलाई फाँसी दिइनुपर्दछ । त्यसपछि मात्र मैले शान्ति पाउँनेछु । तर दुर्भाग्य, अपराधीहरू एक दिनका लागि थुनामा राखिन्छन् र दोस्रो दिन छाडिन्छन् । हामी जस्ता मानिसले कसरी न्याय पाउँछन् ?
>
> यदि मलाई यस्तो गर्ने ती व्यक्तिमाथि अभियोजन गरिएको भए म सन्तुष्ट हुने थिएँ । तर

> मेरो लागि केही पैसा पाउनु पनि महत्त्वपूर्ण छ जसमार्फत हामीले हाम्रो जीवनयापनका लागि आम्दानी गर्न सकियोस् ।

केही महिलाहरूको व्यक्त गरेका तथ्यहरूको छानबिन तथा सार्वजनिकीकरणसम्बन्धी आकाङ्क्षासँग जवाफदेहीताको चाहना निकट रूपमा जोडिएको थियो । विशेषतः उनीहरूले आफूले भोगेका गम्भीर अपराधहरूको अभिलेखीकरण, अनुसन्धान, सत्यको सार्वजनिकीकरण तथा पीडकहरूका पहिचानका बारेमा कुरा गरे । एक जनाको भनाइमा :

> मेरो समुदायका सबै, मेरो परिवार, मेरो श्रीमान्, तिनीहरू सबैले मेरो निन्दा गरे तर उनीहरूलाई बास्तवमा के भएको थियो भन्ने थाहा छैन । सरकारले त्यस्ता कार्य गर्नका लागि को को जिम्मेवार छ भन्ने कुराको अनुसन्धान गर्नुपर्दछ जसले गर्दा सत्य प्रकट गर्न सकिन्छ र ती व्यक्तिहरूलाई सजाय गर्न सकिन्छ ।

केहीले इच्छाएका सत्य निरूपण र अभियोजनको आकाङ्क्षालाई पीडितहरूका गोपनियता कायम गर्ने विषयसँग सावधानीपूर्वक सन्तुलित गर्नुपर्दछ । अन्तर्वार्ता लिइएका २२ जना महिलाहरूमध्ये अधिकांशले आफ्ना श्रीमानहरूलाई उनीहरूमाथि भएका बलात्कार वा अन्य दुर्व्यवहारका बारेमा बताएका थिए । तर, आफूमाथि भएको त्यस्तो व्यवहारको सार्वजनिक जानकारीले बदनामी र सामाजिक दोषारोपण हुनसक्ने भयले करिब आधाले मात्र परिवारका सदस्यहरू वा छिमेकीहरूलाई सोबारे बताएका थिए ।

> जब मैले मेरो इज्जत गुमाइसकेको छु भने म कसरी अरुलाई मेरो अनुभव व्यक्त गर्न सक्छु ? यदि मैले कोहीसँग सहायता मागे भने उनीहरूले मेरो बारेमा कुरा काट्नेछन् र मलाई तिरस्कार गर्नेछन् ।
>
> मेरो बहिनी, नन्द, बाबु कसैलाई पनि यो घटनाका बारेमा थाहा छैन । यो कुरा थाहा भएमा उनीहरूको बदनामी हुनेछ । यदि यसको बारेमा अरु कसैले थाहा पाएमा मेरो श्रीमानले मलाई छोडिदिन्छु भन्नुभएको छ ।
>
> प्रहरीले मलाई यस्तो गऱ्यो भनेर म कहाँ भन्न जाने? मेरो कुरा कसले सुन्छ? यदि अरुहरूले थाहा पाए भने मलाई नै दोष लगाउनेछन् र मलाई "रण्डी" (छाडा चरित्र भएकी महिला) भन्नेछन् ।

एक उत्तरदाताका अनुसार भविष्यमा त्यस्ता दुर्व्यवहारका घटनाहरूको रोकथाम गर्नु कुनै पनि भौतिक सहायता गर्नु भन्दा पनि वा त्यो सरह नै महत्त्वपूर्ण हुन्छ । उनका शव्दहरू पुनः दोहोरिन नदिनका लागि अवलम्बन गरिने उपायहरूको अभावमा व्यक्तिविशेषलाई उपलब्ध गराइने भौतिक सहायतालाई अपर्याप्त ठानिन सकिनेछ भन्ने कुराको द्योतक हुन् :

> हामी पीडित थियौँ तर अबदेखी हामी के चाहन्छौँ भने त्यस्ता घटना र द्वन्द्व फेरी दोहोरिन हुँदैन र त्यस्तो पीडा कसैले पनि भोग्नु हुँदैन । न हाम्रा भावी पुस्ता न हाम्रा आमा तथा बहिनीहरू कसैले पनि त्यस्ता पीडा भोग्नु हुँदैन । यो मेरो पहिलो नम्बरको माग हो । हामी जसोतसो बाँच्न सक्छौँ, चाहे हामीलाई राहत मिलोस् वा नमिलोस् ।

८. हानि तथा सोको सम्बोधनका बारेमा स्थानीय सरकारी तथा गैरसरकारी संस्थाका सरोकारवालाहरूको प्रतिक्रिया

परिपूरणका कार्यक्रमहरू प्रभावकारी हुनका लागि ती कार्यक्रमहरूले पीडित र तिनका परिवारसँग उनीहरूको आवश्यकताहरूका बारेमा तथा के भयो भने न्याय हुन्छ वा न्याय स्थापनामा योगदान हुन्छ भन्ने बारेमा उनीहरूको धारण बुझेको हुनुपर्छ । तथापि परिपूरणको योजना तथा वितरणमा अन्य थुप्रै सरोकारवालाहरूको पनि संलग्नता रहेको हुन्छ र उनीहरूको सहायता र सहकार्य अत्यावश्यक हुन्छ । उदाहरणका लागि, स्थानीय सरकारका अधिकारीहरूले अन्तरिम राहत कार्यक्रमको व्यवस्थापनमा मूख्य भूमिका खेलेका छन् भने गैरसरकारी संस्थाहरू कार्यक्रममा पीडितहरूको पहुँच बढाउन र निवेदनका जटिल प्रकृयाहरू पहिल्याउनमा सहयोग गर्न सहायक भएका छन् । उनीहरूले पीडितलाई आर्थिक र अन्य भौतिक सहायता एवं मुद्दा चलाउनका लागि कानूनी सहयोग जस्ता प्रत्यक्ष सहयोग पनि उपलब्ध गराएका छन् ।

अन्तरिम राहत कार्यक्रम एवं परिपूरणसम्बन्धी कुनै पनि आगामी कार्यक्रममा सक्रिय भूमिका भएको वा चासो रहेको संस्थाहरूका रूपमा उनीहरूसँग पनि पीडितहरूबाट जस्तै उनीहरूले व्यहोरेका हानि, अन्तरिम राहत कार्यक्रमको असर (सकरात्मक र नकरात्मक दुवै), थप राहत अथवा क्षतिपूर्ति आवश्यक छ वा छैन र यदि छ भने कस्तो स्वरूपको राहत वा परिपूरण आवश्यक हुन्छ भन्ने विषयहरूमा धारणाहरू मागिएको थियो । जिल्ला प्रशासन कार्यालयहरू, जिल्ला विकास समितिहरू र महिला तथा बालबालिका कार्यालयहरूका[६६] जिल्लास्तरीय सरकारी प्रतिनिधिहरू, राष्ट्रिय मानवअधिकार आयोगजस्ता आधिकारीक निकायका प्रतिनिधिहरू, स्थानीय शान्ति समितिका प्रतिनिधिहरू[६७] तथा पीडितहरूसँग स्थानीय स्तरमा कार्य गरिरहेका गैरसरकारी संस्थाका कर्मचारीहरू[६८] गरी ५५ जना सँग अर्ध-संरचित अन्तर्वार्ता लिइएको थियो ।

---

६६ अन्तरिम राहत कार्यक्रमअन्तर्गत अधिकांश निवेदनहरू प्रमुख जिल्ला अधिकारी प्रमुख रहेका जिल्ला प्रशासन कार्यालयमा पेश गरिन्छन् र प्रमुख जिल्ला अधिकारी ती निवेदनहरू प्रमाणित गर्ने र तिनीहरूलाई शान्ति तथा पुर्ननिमार्ण मन्त्रालयको तथ्यांक संकलन कार्यदलमा आगामी कारवाहीका लागि पेश गर्नका लागि जिम्मेवार हुन्छन् । प्रमुख जिल्ला अधिकारी सम्बन्धित स्थानीय सरकारी विभागहरू (जस्तैः जिल्ला शिक्षा कार्यालय, जिल्ला स्वास्थ्य सेवा कार्यालय) लाई राहत वितरणका लागि भुक्तानी दिने वा अख्तियारी दिने कार्य गर्नका लागि पनि जिम्मेवार हुन्छ ।

६७ स्थानीय शान्ति समितिलाई शान्ति तथा पुनर्निर्माण मन्त्रालयले लागू गरेका कार्याक्रमहरूको निरीक्षण गर्ने र नेपाल सरकारले द्वन्द्वबाट प्रभावित व्यक्तिहरूलाई राहत वितरणको प्रयोजनका लागि तथ्याङ्क सङ्कलन गर्ने कार्यका लागि गठन गरेको कार्यदललाई आवश्यक सहयोग गर्ने कार्यादेश हछ । स्थानीय शान्ति समितिको सम्बन्धको शर्तहरू हेर्नुहोस्: http://cprpnepal.org/wp-content/uploads/2011/08/ToR_LPC_Eng_Feb-2009.pdf । वास्तवमा स्थानीय शान्ति समितिको भूमिकालाई पीडितहरूको नाम सिफारिस गर्ने र केहीमा उनीहरूको दावीलाई समर्थन गर्ने निवेदनमा सहायता गर्ने कार्यमा सीमित गरिएको थियो ।

६८ एड्भोकेसी फोरम (एएफ), मानवअधिकार तथा ग्रामीण वातावरण संरक्षण केन्द (हुरेक), अनौपचारिक क्षेत्र सेवा केन्द (इन्सेक) र मधेशी मानव अधिकार गृह ।

द्वन्द्व सिर्जित हानिहरू तथा पीडितका अधिकार र आवश्यकताहरू

अधिकांश उत्तरदाताहरू द्वन्द्वका क्रममा भएका मानवअधिकार दुरूपयोगको श्रृंखलाका बारेमा जानकार थिए र उनीहरूले हत्या, मानसिक एवं शारीरिक यातना, बलपूर्वक बेपत्ता पार्ने कार्य तथा सम्पत्तिको क्षति तथा विस्थापन आदिलाई अति गम्भीर क्षतिका रूपमा उल्लेख गरे । यद्यपि, यौनजन्य र लैंगिक हिंसाका पीडितहरूको अदृश्यतासम्बन्धी चासोलाई पुनःपुष्टि गर्दै तुलनात्मक हिसाबमा केही कम उत्तरदाताले (५५ मध्ये १८) बलात्कार र यौनजन्य हिंसालाई द्वन्द्वसँग सम्बन्धित उल्लङ्घनका रूपमा उल्लेख गरेका थिए ।

मानवअधिकार उल्लङ्घनबाट पीडितहरूमा परेको दीर्घकालीन नकरात्मक असरहरूलाई सामान्य रूपमा स्वीकारिएको भएतापनि सहभागीहरूको प्रतिक्रियाले सामाजिक आर्थिक हानिहरूको गम्भीरता तथा तथा परिणामस्वरूप पीडितहरूले भोगिरहेका वञ्चितिकरणसम्बन्धी बुझाइ अपूर्ण रहेको सङ्केत गर्दछ । सरकारी तथा गैर सरकारी निकायका सबैजसो उत्तरदाताहरूले हानिहरूका प्रकारमा मनोवैज्ञानिक तनाव (५५ मध्ये ५२); शारीरिक चोट (५५ मध्ये ४३); र सामाजिक कठिनाइहरू जस्तै भेदभाव, पृथकिकरण र सीमान्तीकरण (५५ मध्ये ४२) लाई पहिचान गरे । अन्तर्वार्ता लिइएकामध्ये धेरैजसोले बालबच्चा पढाउने, स्वास्थ्य सेवा लिने र रोजगारीमा भएको हानिलाई सम्बोधन गर्ने जस्ता निश्चित समस्याहरूलाई उल्लेख गरेतापनि करिब एक चौथाइले मात्र "नैतिक" तथा आर्थिक हानि उल्लेख गरेका थिए । यसरी पीडितहरूसँग निकट सम्पर्कमा रहेर काम गर्नेहरूकै बीचमा व्याप्त उल्लङ्घनहरूका असरहरूका बारेको अपूर्ण बुझाइका कारण परिपूरण तथा सङ्क्रमणकालीन न्यायका अन्य उपायहरूको योजना बनाउँदा पीडितहरूको अनुभव तथा धारणाहरू प्रतिबिम्वित हुने सुनिश्चितताका लागि उनीहरूसँगको प्रत्यक्ष परामर्शको महत्त्वलाई दर्साउदँछ ।

धेरै पीडितहरूले भोग्नुपरेका पीडाको मात्राका बारेमा सीमित बुझाइ रहेको भएतापनि पीडितहरूका आवश्यकताहरूलाई जरुरी विषयका रूपमा सम्बोधन गरिनुपर्छ भन्ने कुरामा आम सहमति थियो । अन्तर्वार्ता लिइएका ५५ जनासरोकारवालाहरूमध्ये कपिलवस्तुका जिल्ला स्तरीय अधिकारी एकजनाले मात्र हानिहरूलाई अहिले सम्बोधन गर्न नहुने सुझाव दिएका थिए । तर उनले पनि क्षतिपूर्ति उपलब्ध गराउन सकिने कुरा भने स्वीकार गरे । धेरैजसो उत्तरदाता (५५ मध्ये ५२) ले द्वन्द्वका पीडितहरूलाई उपचार दिने दायित्व सरकारको रहेको कुरा उल्लेख गर्दै आगामी उपायहरूको आधार अधिकारको उल्लङ्घन हुन पर्ने विचार व्यक्त गरे ।

हालसम्मको राहत कार्यक्रमउपरको धारणा

अधिकांश उत्तरदाताहरूलाई अन्तरिम राहत कार्यक्रमका बारेमा विस्तृत जानकारी वा राहतअन्तर्गत दिइएका लाभहरू के के हुन भन्ने कुरा विस्तृत रूपमा थाहा नभएपनि सरकारले पीडितहरूका लागि आर्थिक सहायता प्रदान गरेको भन्ने जानकारी थियो (यस प्रश्नको जवाफ दिन सहमत ५३ मध्ये ५१ जना) । परिपूरणीय छात्रवृत्ति (५३ मध्ये ३८), व्यवसायिक तालिम (५३ मध्ये २९) र सहुलियतपूर्ण चिकित्सकीय सेवा (५३ मध्ये १९) का बारेमा केही कम उत्तरदाताहरू जानकार रहेको देखियो । तथापि उत्तरदाताहरू उक्त कार्यक्रमका सीमाहरूबारे सामान्यतः जानकार थिए र तीमध्ये धेरैले पीडित उत्तरदाताहरूले उठाएका विषयहरूलाई दोहोऱ्याए । ४६ जना उत्तरदाताहरूले अन्तरिम राहत कार्यक्रमले द्वन्द्वपीडितका आवश्यकताहरू प्रभावकारी वा पूर्णरूपमा सम्बोधन नगर्ने उल्लेख गरे भने छ जना सरोकारवालाहरू (तीन स्थानीय सरकारी अधिकारी, दुई गैरसरकारी संस्था प्रतिनिधि र एक स्थानीय शान्ति समितिका प्रतिनिधि) ले अन्तरिम राहत कार्यक्रम पीडितका आवश्यकताहरू सम्बोधन गर्न पर्याप्त छ भन्ने धारणा व्यक्त गरे ।

अन्तरिम राहत कार्यक्रम अपर्याप्त रहेको विचार व्यक्त गरेका सहभागीहरूले उक्त कार्यक्रमको व्यवस्था तथा प्रकृयाहरूका बारेमा निम्नलिखित चासोहरू उठाएका थिएः

- *क्षतिपूर्तिका सीमाहरू :* बहुमत उत्तरदाताहरूले (५५ मध्ये ३९) अन्तरिम राहत कार्यक्रमअन्तर्गत उपलब्ध गराइएको क्षतिपूर्ति रकम अपर्याप्त रहेको विचार व्यक्त गरेका थिए । अधिकांश उत्तरदाताहरूले आर्थिक क्षतिपूर्तिमा ज्यादा जोड दिइएको भन्दै सोको आलोचना गर्दै के पीडितले

भोगेका हानि तथा नोक्सानीलाई सम्बोधन गर्न आर्थिक क्षतिपूर्ति मात्र पर्याप्त हुन्छ भनी प्रश्न गरेका थिए । बर्दिया जिल्लाका वरिष्ठ सरकारी प्रतिनिधिका शब्दमा, "राहतको रकम . . . मानवको जीवनको तुलनामा धेरै कम छ" ।

- *यातनापीडितहरूको बहिष्करण :* धेरै उत्तरदाताहरूले अन्तरिम राहत कार्यक्रमले यातनापीडितहरूलाई पर्याप्त रूपमा सम्बोधन नगरेको तथा उक्त कार्यक्रमले अशक्तता भएका पीडितहरूलाई सहायता गर्न इन्कार गरेको विषयप्रति चासो व्यक्त गरे ।

- *व्यवसायिक तालिमपश्चात सहयोगको अभाव :* पीडितहरूलाई नयाँ सीपहरूसहितका व्यवसायिक तालिमहरू दिइएको भएता पनि स्रोतको सीमीतताका कारण उनीहरूका लागि रोजगारी सुनिश्चित गर्न नसकिएको स्थितिप्रति सरकारी अधिकारीहरू विशेष रूपमा चिन्तित थिए ।

- *प्रकृयाको जटिलता तथा राजनीतिक अवरोध :* सरकार, स्थानीय शान्ति समिति तथा गैर सरकारी संस्थाका बहुमत प्रतिनिधिहरूले पीडितहरूले जसरी नै निवेदन प्रकृया तथा राहत प्राप्त गर्ने प्रकृया अत्यधिक जटिल एवं लामो भएको धारणा व्यक्त गरे । साथै, राजनीतिक प्रभाव अथवा हस्तक्षेपबाट उत्पन्न जोखिम तथा त्यस्ता राहतका लागि अयोग्य नक्कली दावेदारहरूले पनि राहत प्राप्त गरेको सम्बन्धमा पनि चासोहरू व्यक्त भएका थिए ।

तथापि, पीडित उत्तरदाताहरूले जस्तै अन्य सरोकारवालाहरूले पनि अन्तरिम राहत कार्यक्रमले केही तत्कालीन आवश्यकताहरू, विशेष रूपमा जिवनयापनका आवश्यकताहरूलाई सम्बोधन गरेको कुरालाई स्वीकार गरे ।

आगामी आवश्यकता तथा परिपूरणको भावी स्वरूपसम्बन्धी धारणा

"पीडितहरूले उनीहरूको अधिकारको हनन् भएबापत राज्यबाट के के अपेक्षा गर्नुपर्दछ ?" भन्ने प्रश्नको जवाफमा विविधता थियो । स्थानीय सरकारी अधिकारीहरू, स्थानीय शान्ति समितिका सदस्यहरू तथा गैरसरकारी संस्थाहरूले पहिचान गरेका आगामी कार्यक्रमहरू पीडितहरू स्वंयमले पहिचान गरेका कार्यक्रमहरूसँग धेरैजसो अवस्थामा मेल खाए र अन्तर्वार्ता लिइएकाहरूले द्वन्द्वपीडितहरूका लागि उच्च सहानुभूति व्यक्त गरिनुपर्ने सुझाव पनि दिए ।

उत्तरदाताहरूले रोजगारीमा सहायता, शैक्षिक अवसर, उल्लङ्घनका घटनाहरूका बारेमा सत्यको निक्यौल, सम्भव भएको स्थानमा बहाली तथा पुनर्स्थापना, साङ्गठनिक सुधार तथा दोषीहरूलाई जवाफदेही बनाउने उपायहरूबारे सुझाव दिए । केही उत्तरदाताले द्वन्द्वका कारणले अनाथ भएका बालबालिकाको अवस्थाबारे प्रकाश पारे । राज्यका प्रतिनिधिहरू तथा गैर सरकारी संस्थाका धारणामा भिन्नताहरू थिए । उदाहरणका लागि अन्य उत्तरदाताहरूले समेत उठाएको भए पनि स्थानीय सरकारी प्रतिनिधिहरूले रोजगारी प्रवर्धनमा राज्यको भूमिकाका बारेमा विशेषरूपमा प्रकाश पारेका थिए (५५ मध्ये २१ ले)। गैरसरकारी संस्थाका प्रतिनिधिहरूले जवाफदेहीतासँग सम्बन्धित र त्यसमा पनि विशेष रूपमा फौजदारी अनुसन्धान तथा दोषीहरूको अभियोजन (५५ मध्ये १७ जनाले उठान गरेका) एवं सत्य निरूपणसम्बन्धी उपायहरू उल्लेख गरेका थिए ।

राज्यद्वारा गरिने सार्वजनिक स्वीकारोक्ति महत्त्वपूर्ण छ वा छैन भन्ने प्रश्नको जवाफमा दुईजना उत्तरदाताबाहेक सबै उत्तरदाताहरूले त्यो आवश्यक भएको विचार व्यक्त गर्दै किन त्यस्तो स्वीकारोक्ति आवश्यक हुन्छ भन्ने बारेमा विभिन्न विचारहरू व्यक्त गरे । त्यस्तो स्वीकारोक्तिले पीडितहरूलाई सन्तुष्टि र न्यायको आभाष दिलाउने, पीडितहरूसँगको सामाजिक एकता सुदृढ बनाउने, सामाजिक लाञ्छना कम गर्ने, सत्य स्थापना र दोषीहरूलाई सजाय गर्नमा सहयोग गर्ने, पुनः द्वन्द्व दोहोरिनबाट रोक्ने र भावी पुस्ताहरूलाई सकरात्मक सन्देश दिने लगायतको विचार उनीहरूले व्यक्त गरे । तथापि, दुई सहभागीहरूले भने पुरानो घाउ बल्झिने जोखिम तथा पीडितहरूका अनुभव सार्वजनिक भएपश्चात उनीहरूमाथि हुने सम्भावित खतराका बारेमा चासो व्यक्त गरे ।

परिपूरणीय न्यायको पक्षपाती हुदाँहुदैँ पनि अधिकांश सहभागीहरूले परिपूरण उपलब्ध गराउनमा ठूला अवरोधहरू रहेको विचार व्यक्त गरेका थिए । केही सहभागीहरूले पीडकहरू शक्तिशाली पदहरूमा रहेकाले अभियोजनमा बाधा उत्पन्न भैरहेकोतर्फ स्पष्टरूपमा सङ्केत गरे भने अन्य केही सहभागीहरूले सार्वजनिक स्रोतको अभाव, राजनीतिक अस्थिरता तथा न्याय प्रदान गर्न खोजिएमा थप विभाजनको जोखिम र राज्यप्रति द्वन्द्वपीडितहरूको विश्वास हराएको बिषयहरू उल्लेख गरे । तथापि लगभग सबै उत्तरदाताहरू (५५ मध्ये ४९) द्वन्द्वपीडितहरूले राज्यबाट न्यायको अपेक्षा गर्नुपर्छ भन्ने कुरामा सहमत थिए । केही उत्तरदाताहरूले न्यायलाई निकै व्यापक रूपमा, व्यक्तिविशेषको आर्थिक अवस्थामा सुधार (जस्तै क्षतिपूर्ति, व्यवसायिक तालिमका साथै रोजगारी लक्षित सहायताको निरन्तरता र जग्गा तथा सम्पत्ति फिर्ता) का साथै द्वन्द्वपीडितहरूको सम्मानमा योगदान पुऱ्याउने र मेलमिलापका लागि अनुकूल शान्तिपूर्ण अवस्था सुनिश्चित गर्ने उपायहरू समेत समेट्ने गरी बुझेका थिए ।

९. निष्कर्ष

आधारभूत सामाजिक-आर्थिक आवश्यकताहरूको तात्कालिकता

सहभागीहरूले आफू स्वयं वा उनीहरूका परिवारका साथै "माइली", "साइँला" र "काइँला" जस्ता काल्पनिक पात्रहरूले भोगेका हानिहरूको विवरणले द्वन्द्वसँग सम्बन्धित मानवअधिकार उल्लङ्घनका ध्वंशात्मक तथा निरन्तर असरहरूमा प्रकाश पार्दछन् । उनीहरूको शारीरिक एवं मानसिक अवस्थामा ह्रास आएको, सीमित स्रोतहरूको उपभोग भैसकेको र सामना गर्ने क्षमता नष्ट भएकाले पर्याप्त सहायता वा केही अवस्थाहरूमा त कुनै पनि किसिमको सहायताको अभावमा द्वन्द्वपीडितहरूको अवस्था समयसँगसँगै झन खराब बनेको छ ।

अनुसन्धानका सहभागीहरूले जीविकासम्बन्धी आवश्यकताहरू तथा उनीहरूको जीवनयापन पुनर्स्थापित हुनुपर्ने कुरामा तथा यातनापीडितका हकमा चिकित्सकीय उपचार तथा मनोवैज्ञानिक सहायता अत्यावश्यक रहेको कुरामा दिएको जोडले पीडितहरूले उपचार प्राप्त गर्नका लागि सत्य निरूपण तथा मेलमिलाप आयोगको सिफारिस कुर्नुपर्ने आवश्यकताका बारेमा पनि गम्भीर चासोको उठान गर्दै परिपूरण उपलब्ध गराउनमा थप ढिलाइ गर्न नहुने स्पष्ट पार्दछ ।

अर्जेन्टिना, चिली र दक्षिण अफ्रिकाको परिपूरण कार्यक्रमका महत्त्वपूर्ण उदाहरणहरू हेर्दा सत्य निरूपण आयोगका सुझावहरूको पालना गर्ने हो भने परिपूरणहरू थप सुनियोजित र वृहत हुन्छन् एवं व्यापक जनसमर्थन प्राप्त गर्दछन् भन्ने देखिनसक्छ । तर, सत्य निरूपण आयोग र परिपूरणबीचको यस्तो सम्बन्ध न त पूर्ण रूपमा साँचो हो न त सत्य आयोग र परिपूरणबीच देखिएको वास्तविक सम्बन्धले यो तर्कको समर्थन गर्दछ । यी देशहरूमा सत्य निरूपण आयोगहरूले परिपूरणलाई उत्प्रेरित गरे, तर परिपूरणको वास्तविक कार्यक्रम भने अन्ततः पीडित तथा नागरिक समाज परिचालन एवं परिपूरण उपलब्ध गराउने संस्थाहरूको कार्यको उपज थियो ।

सत्य निरूपण आयोगको गैरउपस्थितिमा अथवा त्यस्ता संस्थाहरूले तिनीहरूको कार्य पुरा नगरिसकेको अवस्थामा समेत परिपूरणका कार्यक्रमहरू लागू भएका उदाहरणहरू पनि धेरै छन् (कोलम्बिया, इन्डोनेसिया, फिलिपिन्स, टिमोर-लिस्टे र ट्युनिसिया) ।[६९] यस्ता कार्यक्रमले, सीमाका बाबजुद, पीडितहरूको अत्यावश्यक

६९ कोलम्बियाले सन् २०११ मा पीडितहरूका लागि परिपूरण तथा जमिन फिर्तासम्बन्धी कानुन लागू गऱ्यो जुन शान्ति वार्ता चालु रहँदै गर्दा र त्यसअन्तर्गत सत्य निरूपणको प्रकृति र क्षेत्रका बारेमा छलफल चलिरहेका बेला कार्यान्वयन भयो । इन्डोनेसियाको आचे प्रान्तमा पीडित तथा लडाकुहरूका लागि पुनःर्स्थापना कार्यक्रम लागू गरिएको थियो जब कि त्यहाँ सत्य निरूपण आयोगको स्थापना गर्ने विधेयक सन् २०१३ मा मात्र प्रस्ताव गरिएको थियो । फिलिपिन्समा सन् २०१३ को एक कानुनले सन १९७२-१९८६ को मार्कोस तानाशाहीका पीडितहरूका लागि परिपूरण कार्यक्रम स्थापित गऱ्यो जसअन्तर्गत सत्य वयान गर्ने त्यस्तो प्रकृया समावेश गरिएको छ जसमा पीडित र उत्तरजीवीहरूले राज्यसँग उनीहरूको अनुभवहरूलाई अभिलेखीकरण गर्न र संस्मरण कार्यमा प्रयोग गर्नका लागि आग्रह गर्न सक्दछन् । टिमोर-लिस्टेमा सत्य निरूपण आयोगको प्रकृया सँगसँगै एक अविलम्ब क्षतिपूर्ति कार्यक्रम लागू गरिएको थियो । हालसालै, ट्युनिसियाले सत्य तथा निष्ठा आयोगको निर्माण गर्ने कानुन अनुमोदन हुनुअगावै क्षतिपूर्तिका विभिन्न कार्यक्रमहरू लागू गरेको छ ।

आवश्यकताहरूको सम्बोधन गर्नमा वा सत्य निरूपण तथा जवाफदेहिताका अवसरहरू कायम राख्ने वा सिर्जना गर्नमा सहयोग गरेका छन् ।

अन्तरिम राहत कार्यक्रमले यसमा भएका त्रुटिहरूका बाबजुद सत्य निरूपण आयोग नभएको अवस्थामा पनि पीडितहरूलाई तुलनात्मक रूपमा शीघ्रतापूर्वक सहायता प्रदान गर्न सम्भव छ भनी देखाएको छ । यद्यपि शीघ्रताको नाममा परामर्श नगरिनु हुँदैन र अन्तरिम राहत कार्यक्रमको तर्जुमा तथा व्यवस्थापनका दौरान सामना गरिएका समस्याहरूबाट पाठ सिक्न र त्यसलाई लागू गर्न अझै बाँकी छ । प्रस्तावित सत्य निरूपण तथा मेलमिलाप आयोगभन्दा अगावै पीडितहरूमध्ये सबैभन्दा जोखिममा रहेका समूहको सबैभन्दा अत्यावश्यक आवश्यकताहरू सम्बोधन गरिनुपर्ने स्पष्ट छ ।

परिपूरणीय आवश्यकताहरूको समग्र प्रकृति र अपेक्षाहरू

धेरै सहभागीहरू दैनिक जीवनयापनका चुनौतीहरूमा तल्लीन भएको भएतापनि उनीहरूलाई अति आवश्यक भन्दा बाहिरका आवश्यकताहरूका बारेमा छलफल गर्ने अवसर उपलब्ध गराउँदा उनीहरूले दिएका जवाफहरूले त्यस्ता धारणाहरू उद्घाटित भए जुन नेपालमा पीडितहरूका मागहरूलाई प्रायः सामाजिक आर्थिक मागका रूपमा सीमित गर्ने छलफलसँग असङ्गत छन् । अनुसन्धानका निष्कर्षले यो अति सरलीकरण गरिएको देखाउँछ । त्यसका विपरित, गहन छलफलका लागि अवसर उपलब्ध गराउँदा सहभागीहरूले उनीहरूको विचारमा न्याय के हो भन्ने बारेमा समग्र दृष्टिकोणहरू प्रस्तुत गरे र उनीहरू वा परिवारका सदस्यहरूमाथि गरिएका मानवअधिकार उल्लङ्घनहरूका उपचारका लागि आवश्यक विधिहरूका बारेमा वृहत्तर उपायहरू पेश गरे । पीडितहरूको आवश्यकता तथा अपेक्षासम्बन्धी उनीहरूको परिभाषालाई नकार्नु भनेको उनीहरूको अधिकार मात्र नकार्नु नभइ उनीहरूको आफ्नो र नेपालकै भविष्य निर्धारणमा उनीहरूको आवाज समेत नकार्नु हो ।

बहुमत उत्तरदाताहरूका लागि अभौतिक आवश्यकताहरू निकै महत्त्वपूर्ण थिए र ती आवश्यकताहरू सुदूर भविष्यका लागि स्थगित हुनसक्ने अथवा क्षतिपूर्ति वा अन्य कुनै प्रकारको भौतिक सहायतासँग साँटफेर गर्न सकिने आवश्यकताको रूपमा हेरिएको थिएन । त्यसको साटो, पीडितहरूको स्वाभिमान पुष्टि गर्ने, उनीहरूलाई पहिचान प्रदान गर्ने र थप हानिविरुद्ध उनीहरूको संरक्षण गर्ने जस्ता उपायहरू पुनः प्राप्तिको महत्त्वपूर्ण पाटो हो । विभिन्न वर्गका उत्तरदाताहरूले जोड दिने कुरामा भिन्नता हुनसक्ने भएतापनि सत्य निरूपण, "पीडकलाई सजाय" र सार्वजनिक स्वीकारोक्ति जस्ता अभौतिक उपायहरूलाई दीर्घकालीन आकाङ्क्षाका रूपमा उच्च प्राथमितकतामा राखिएको थियो भने महत्त्वपूर्ण सङ्ख्याका सहभागीहरूले तिनीहरूलाई तत्कालीन आवश्यकताका रूपमा समेत मानेका थिए ।

पीडितहरूले उनीहरूका आवश्यकताहरूलाई प्राथमिकतामा राख्दा विवेकपूर्वक निर्णय लिन्छन् भन्ने अध्ययनको निश्कर्षहरूले देखाउँदछन् । जीवननिर्वाहका लागि दैनिक सङ्घर्षको सामना गर्नु परेको अवस्थामा उनीहरूले अभौतिक उपायहरूभन्दा सामाजिक आर्थिक उपायहरूमा बढी जोड दिने सम्भावना हुन्छ । तसर्थ, आर्थिक क्षतिपूर्तिले पीडितहरूले भोगेका हानिहरूको पूर्ण पुनर्स्थापना गर्न सक्दैन वा न्यायको माग पुरा गराउन सक्दैन भन्ने सामान्य धारणा भएतापनि, थोरै सहायता मात्र उपलब्ध गराइएको अवस्थामा आर्थिक क्षतिपूर्ति नै उनीहरूको प्राथमिक मागका रूपमा रहन्छ किनभने त्यसले बालबच्चालाई खुवाउने, उनीहरूलाई शिक्षा प्रदान गर्ने, स्वास्थ्योपचारको खर्च भुक्तान गर्ने र अन्य आकस्मिक कठिनाइहरू सम्बोधन गर्ने कार्य सम्भव बनाउँदछ ।

त्यसैगरी, नेपाल जस्तो फौजदारी न्यायप्रणाली कमजोर रहेको र त्यस्तो न्यायप्रणालीमा गरिबहरूको पहुँच नभएको ठाउँमा पीडितहरूले सफल अभियोजन हुने सम्भावना र त्यस्ता अभियोजनहरूले उनीहरूको अवस्थामा परिवर्तन ल्याउन सक्छ भन्ने कुरामा कमै मात्र आशा गर्दछन् । त्यससम्बन्धी धारणाहरूमा विविधता पनि हुन

सक्दछ । निष्कर्षहरूले फौजदारी न्याय प्रकृयाको मूल्य मान्यता र भूमिकाहरूका बारेमा विचारहरूको भिन्नता दर्शाउँदछ जुन द्वन्द्वपश्चातको अवस्थामा असामान्य होइन । महत्त्वपूर्ण पक्ष के हो भने फौजदारी मुद्दा अघि बढाउन चाहने पीडितहरूलाई त्यसो गर्नका लागि अवसर र सहायता उपलब्ध गराइनु पर्छ र राज्यले पनि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानुनअनुरूप गम्भीर प्रकृतिका मानवअधिकार उल्लङ्घनका घटनाका लागि जिम्मेवार व्यक्तिहरूका बारेमा स्वतन्त्र रूपमा अनुसन्धान गर्ने र दोषीउपर कारबाही गर्ने कानुनी कर्तव्यको पालना गर्नुपर्छ ।

पीडितहरूको विवरण बझ्नुको महत्त्व

मानवअधिकार हनन्का कारण अनुभव गरिएका धेरैजसो हानिहरू सबै चार वर्गका सहभागीहरूका लागि समान थियो भने केही हानिहरू भने हनन्का घटनाहरूको प्रकृतिअनुसार निश्चित किसिमका थिए । तथापि, पीडितको हो भन्ने कुराले पनि हानिको प्रकृति र सीमा कसरी निर्धारण गर्न सक्छ भन्ने समेत निष्कर्षहरूले देखाउँदछ । हानिको अनुभव र सामना गर्नसक्ने क्षमतामा रहेको विविधता लिङ्गको सम्बन्धमा सबैभन्दा स्पष्ट रूपमा दर्साइएको थियो । तथापि जाति र जातियता पनि वास्तविक हनन्मा थप जोखिम सिर्जना गर्नमा सम्बद्ध रहेको देखाइएको थियो र धेरै घटनाहरूमा त्यसको परिणामस्वरूप अरुले भन्दा बढी हानि भोग्नुपरेको थियो । उत्तरदाताहरूमध्ये अधिकांशले विशेषगरी दलितहरूमा सामना गर्ने सामर्थ्य न्यून भएको र उनीहरूले सहायता प्राप्त गर्नमा ज्यादा अवरोधहरूको सामना गर्नुपरिरहेको मानेका थिए ।

त्यसकारण दलित महिलाहरूका साथसाथै निश्चित आदिवासी समुदायका महिलाहरू दोहोरो रूपमा पीडित हुन सक्दछन् । निष्कर्षहरूले देखाएअनुसार महिलाहरूले पुरुषकै सरह उल्लङ्घन भोगेको अवस्थामा पनि त्यसबाट सिर्जित हानिहरू अत्यधिक हुने र त्यसको थप सामाजिक पक्ष (लाज, दोषारोपण, सीमान्तीकरण, बहिष्करण)ले आर्थिक कठिनाइलाई तीव्र बनाउन, पारिवारिक र सामुदायिक सम्बन्धमा नकारात्मक असर पार्न, मानसिक स्वास्थ्यमा खलल पार्न र महिलाहरूलाई थप गरिबी तथा सीमान्तीकरणतर्फ धकेल्न सक्छ ।

महिलाहरूले भोगेका हानिहरूले फरक वा भिन्न प्राथमिकताका आवश्यकताहरूको उठान पनि गर्नसक्छ । उदाहरणका लागि, यस प्रतिवेदनका लागि अन्तर्वार्ता लिइएका सबै यातनापीडित महिलाहरूलाई स्पष्टरूपमा विशेषज्ञ चिकित्सकीय सेवाको आवश्यकता थियो । तर, अन्य महिला सहभागीहरूले जस्तै यी महिलाहरूले पनि उनीहरूको परिवार तथा समुदायमा उनीहरूको स्थान पुनर्स्थापित हुनुपर्ने र उनीहरूलाई बहिष्कार होइन कि उपचार पाउन योग्य अपराधबाट पीडितका रूपमा पहिचान हुनुपर्ने आवश्यकता बारे बोले ।

सरकारले द्वन्द्वबाट प्रभावित महिला तथा बालिकाहरूलाई राहत र उपचारका लागि निश्चित उपायहरू आवश्यक पर्ने स्वीकार गरेको छ । नेपालको पाँच वर्षे "संयुक्त राष्ट्रसङ्घ सुरक्षा परिषद प्रस्ताव १३२५ र १८२० कार्यान्वयन राष्ट्रिय कार्ययोजना" (२०११-२०१६) मा परिपूरणसम्बन्धी निश्चित व्यवस्थाहरू समावेश छ ।[७०] नेपालले हालसालै संयुक्त राष्ट्रसङ्घीय महिलाको अवस्थासम्बन्धी आयोगको सन् २०१३ मार्चको सत्रमा यौनजन्य तथा लैङ्गिक विभेदमा आधारित हिंसा लगायत महिला तथा बालिकाहरूविरुद्ध गरिने हिंसाको सम्बोधन गर्ने कार्यलाई प्राथमिकता दिनका लागि महिलाको न्यायमा पहुँचमा भएका अवरोधहरू हटाउने, पीडकहरूलाई कारबाही गर्ने र यौनिक तथा प्रजनन स्वास्थ्य जस्ता स्वास्थ्य सेवाहरूलाई सस्तो र सहज बनाउने

७० संयुक्त राष्ट्रसङ्घ सुरक्षा परिषद् प्रस्ताव नं. १३२५ र १८२० कार्यान्वयन राष्ट्रिय कार्ययोजना, नेपाल सरकारद्वारा फेब्रुअरी १, २०११ मा अनुमोदित । उक्त कार्ययोजनाको ढाँचा ७.३.४. ले राहत र उपचारअन्तर्गत द्वन्द्वबाट प्रभावित महिला तथा बालिकाहरूका लागि लैङ्गिकरूपमा संवेदनशील स्वास्थ्य, शिक्षा, शारिरीक, वित्तिय तथा आर्थिक उपचारात्मक कार्यक्रम समावेश गरेको छ । ढाँचा ७.३.२. संरक्षण र रोकथामअन्तर्गत यौनजन्य तथा लैङ्गिक हिंसाउपर अनुसन्धान गर्न, द्वन्द्वसँग सम्बन्धित बलात्कारका घटनामा अभियोजन सम्भव बनाउनका लागि कानुनमा सुधार गर्न तथा आफ्नो मुद्दा अदालतसमक्ष लैजान महिलाहरूलाई कानुनी सहायता उपलब्ध गराउनका लागि सरकारलाई प्रतिबद्ध गराउँदछ ।

कुरामा पुनःप्रतिबद्धता व्यक्त गरेको छ । [७१]

यस्ता तथा अन्य प्रतिबद्धताहरूका बाबजुद सशस्त्र द्वन्द्वका क्रममा भएका मानवअधिकार हनन्का पीडित महिलाहरूका अधिकार र लिङ्गमा आधारित आवश्यकताहरूको निरन्तर उपेक्षा भएको छ । यौनजन्य तथा लैङ्गिक विभेदमा आधारित हिंसाबाट पीडित भएकाहरूको कुरा गर्दा, अन्तरिम राहत कार्यक्रम तथा हाल योजनामा रहेको मनोसामाजिक कार्यक्रमबाट उनीहरूलाई बाहिर पार्ने विभेद हो । धेरै महिलाहरू र विशेष गरी यौनजन्य तथा लैङ्गिक विभेदमा आधारित हिंसाका उत्तरजीवीहरू सामाजिक रूपमा चिनिन नचाहन सक्दछन् साथै उनीहरू आफ्ना लागि वकालत गर्ने हैसियतमा छैनन् भन्ने तथ्य उनीहरूको लागि केही नगर्नु पछाडिको तर्क हुनसक्दैन । वास्तवमा अन्तर्वार्ता लिइएका महिलाहरू मानवअधिकार हनन्का कारण उनीहरूले भोगेका हानि सम्बोधनका लागि राज्य नै जिम्मेवार छ भन्ने कुरामा अडिग छन् । बरु यसले बलात्कार तथा यौनजन्य हिंसाबाट पीडित लगायतका महिलाहरूको पहुँच रहने परिपूरण कार्यक्रमहरू तयार पार्नु र त्यस्तो कार्यक्रम तयार पार्दा उनीहरूको गोप्यताको सम्मान हुने तथा उनीहरूलाई पुनः पीडित नतुल्याउने तथा थप हानि नगर्ने व्यवस्था गरिनुको महत्त्वलाई दर्साउँदछ ।

बलात्कार वा यौनजन्य हिंसाका पीडितका रूपमा सार्वजनिक रूपमा पहिचान नखुल्ने गरी सेवा सुविधाहरूमा पहुँच उपलब्ध गराउने परिपूरण कार्यक्रम तर्जुमा गर्ने चुनौतीलाई अन्य राष्ट्रहरूमा विभिन्न तरिकाबाट सम्बोधन गरिएका छन् । उदाहरणका लागि, पीडितहरूको निन्दा नहोस् र पहिचान नखुलोस् भन्नका लागि उनीहरूसँग कार्य गरिरहेका र त्यसैकारण उनीहरूले विश्वास गरेका गैरसरकारी संस्थाहरूले महिलाहरूको पहिचान तथा दर्ता गर्ने कार्यमा सघाएका छन् र यसले गर्दा उनीहरूले आफूलाई चिनाउन आवश्यक पर्दैन । यौनजन्य तथा लैङ्गिक विभेदमा आधारित हिंसाका पीडितहरूलाई उनीहरूको पहिचान खुल्ने गरी अन्य महिलाहरूबाट अलग्गै नराखिने किसिमको प्रकृयाहरू तर्जुमा गरिएका छन् । बलात्कारपश्चात जन्मिएका बच्चाहरूका आमाहरूले मृतकका विधवा पत्नीहरू वा बेपत्ता भएकाहरूका पत्नी सरह लाभका लागि आवेदन दिन सकुन् भनी तटस्थ शव्दहरू जस्तै "एकल आमा" प्रयोग गरिएको छ । महिलाहरूको आवश्यकताहरू उनको परिवारको आवश्यकताहरूका कारण गौण नहोस् र विभिन्न सेवाहरू प्राप्त गर्नका लागि पटपटक आउन नपरोस् भन्नका लागि महिलाहरूलाई उनीहरूका बच्चाहरूले राहत पाउने समय र स्थानमै सेवा पाउने व्यवस्था गरि सहयोग र उनीहरूको पहुँच सुनिश्चित गरिएको छ ।

नेपालमा भने यसको विपरीत भएको छ । महिलाको गोपनीयता संरक्षण गर्नुको साटो अन्तरिम राहत कार्यक्रमबाट उनीहरूको बहिष्करणले उनीहरूका अनुभवहरूलाई सम्बोधन गर्नु निकै लज्जास्पद छ भन्ने निहित सङ्केत गरी उनीहरूउपरको दोषारोपणलाई बढावा दिएको छ । सामाजिक र सांस्कृतिक दबाबप्रति संवेदनशील रहँदै तर पनि हानिलाई सहयोग वा सुदृढ नगर्ने किसिमबाट सहायता प्रदान गर्न सम्भव छ भन्ने अन्य राष्ट्रहरूका उदाहरणहरूले देखाउँदछन् । तथापि यसको अर्थ चुनौतीहरूको अवमूल्यन भने होइन ।

परिपूरणमार्फत द्वन्द्वका मूल कारणहरूको सम्बोधन

बाँच्नका लागि आवश्यक आधारभूत आवश्यकतादेखि दीर्घकालीन आत्मनिर्भरता र सुरक्षालाई सहयोग गर्ने उपायहरूसम्मको स्पष्ट श्रङ्खलालाई हेर्दा धेरै सहभागीहरू द्वन्द्वपूर्वको आफ्नो सामाजिक आर्थिक हैसियतमा फर्किने मात्र इच्छा राख्दैनन् बरु सुधारिएको, थप सुरक्षित अवस्थाको आकाङ्क्षा राख्दछन् जहाँ उनीहरूलाई मानवअधिकार उल्लङ्घन हुने जोखिमको अवस्थामा पुऱ्याउने अवस्थाहरूको सम्बोधन होस् । त्यसैगरी, बालबालिकाहरूउपर भएका हानिहरूका बारेमा पटकपटक व्यक्त गरिएका चासोहरू तथा उनीहरूको शिक्षाका

७१ महिलाको अवस्थासम्बन्धी संयुक्त राष्ट्रसङ्घीय आयोग, मार्च ४-१५, २०१३, अङ्गिकार गरिएका निष्कर्षहरू, सयुंक्त राष्ट्रङ्घ दस्तावेज, E/2013/27 ।

लागि लगातार रूपमा उठाइएका सहयोगको मागहरूले आगामी पुस्ताले सुधारिएको जीवन उपभोग गर्ने र उनीहरूका अभिभावकहरूविरुद्ध भएका मानवअधिकार उल्लङ्घनका असरहरू भोग्न बाध्य नहुने सुनिश्चित गर्नुको महत्त्वलाई दर्साउँदछ ।

पहिचान गरिएका आवश्यकताहरू धेरै हदसम्म पीडित र तिनका परिवारहरूसँग सम्बन्धित छन् । तथापि केही सहभागीहरूले गाउँहरूमा सेवाका व्यवस्था (विद्युत, खानेपानी, ढल, विद्यालय, सार्वजनिक पुस्तकालयहरू)[७२] र सुरक्षित एवं सुदृढ वातावरण लगायतका वृहत फाइदाहरू हुने उपायहरूको सुझाव पनि दिए । यस अनुसन्धानमा विस्तृतरूपमा अन्वेषण नगरिएको भएतापनि व्यक्तिकेन्द्रित परिपूरणका उपायहरूबाट कसरी थप सामूहिक लाभहरू लिन सकिन्छ र त्यसले कसरी सामूहिक हानिहरूलाई सम्बोधन गर्नसक्छ भन्ने बारेमा थप विचार गर्नु आवश्यक छ ।

परिपूरणको पारम्परिक अवधारणा अधिकारहरू व्यक्तिसँग सम्बन्धित हुने हुनाले उल्लङ्घनको उपचार व्यक्तिगत तहमा गरिनुपर्छ भन्ने मान्यतामा आधारित छ । तथापि, मुलतः नागरिक तथा राजनीतिक अधिकारको उल्लङ्घनमा केन्द्रित परिपूरणले पनि सामान्यतः सेवाहरू तथा सामानहरूमा पहुँच (जस्तै स्वास्थ्य, शिक्षा वा आवास)लाई समावेश गरेका छन् जसले वास्तविक उल्लङ्घनका कारण उत्पन्न केही भौतिक असरहरूलाई सम्बोधन गर्दछन् र सोही समयमा पीडितहरूलाई आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारहरूको उपभोग गर्न दिनका लागि योगदान गरेका छन् । हालसालैका अन्तर्राष्ट्रिय मापदण्ड तथा सन्धिहरूमा सामूहिक परिपूरणका बारेमा उल्लेख गरिएका छन् ।[७३]

सङ्क्रमणकालीन न्यायको परिप्रेक्ष्यमा परिपूरणको अधिकार तथा सबैलाई उपलब्ध हुनुपर्ने आर्थिक सामाजिक तथा साँस्कृतिक अधिकारसम्बन्धी धारणामा अन्तर्निहित समस्याहरू छन् ।[७४] तर लक्षित आर्थिक सहायतले द्वन्द्वपीडित तथा समान स्तरको गरिबी तथा बहिष्करणमा परेका अन्यका बीच तनाव तथा विभाजन हुनससक्ने जोखिम पनि रहन्छ । अन्तरिम राहत कार्यक्रमबाट राहत प्राप्त गरेका केहीले उल्लेख गरेअनुसार, पीडित नभएकाहरूलाई बहिष्करणमा पार्दै पीडितहरूले अनुचित रूपमा फाईदा पाएको भनी हेरिँदा लाभ प्राप्तिले असन्तुष्टि पैदा गर्न र सीमान्तीकरणलाई थप सुदृढ गर्नसक्छ ।

---

७२ विरलै रूपमा उठान गरिएको तथा निम्न प्राथमिकतामा रहेको भएतापनि यस्ता खाले आवश्यकताहरू अन्तरिम राहत कार्यक्रमका पुरुष र महिला लाभार्थीहरू तथा यातना उत्तरजीवी पुरुषहरूले उठाएका थिए ।

७३ उपचार तथा परिपूरणसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय आधारभूत सिद्धान्त तथा दिशानिर्देश (२००५) ले भाग ५, परिच्छेद ८ मा "अन्तर्राष्ट्रिय मानवअधिकार कानुनको व्यापक उल्लङ्घन वा अन्तर्राष्ट्रिय मानवीय कानुनको गम्भीर उल्लङ्घन हुने कार्य वा अकार्य मार्फत व्यक्तिगत वा सामूहिक रूपमा शारीरिक वा मानसिक चोट, भावनात्मक पीडा, आर्थिक क्षति वा उनीहरूको मौलिक हकको उल्लेखनीय हनन् भएका" पीडितलाई उल्लेख गरेको छ । रोम विधानको धारा ७५ ले अन्तर्राष्ट्रिय फौजदारी अदालतलाई परिपूरण उपलब्ध गराउने अधिकार प्रदान गर्दछ भने अदालतको कार्यविधि तथा प्रमाणसम्बन्धी नियमावलीको नियम ९७ ले "व्यक्तिगत आधारमा वा उपयुक्त देखिएको अवस्थामा सामूहिक आधारमा वा दुवैका आधारहरूमा परिपूरण" उल्लेख गरेको छ ।

७४ मानवअधिकार उच्चायुक्तको कार्यालयको सन् २०१४ को प्रतिवेदन, "सङ्क्रमणकालीन न्याय र आर्थिक, सांस्कृतिक तथा सामाजिक अधिकार" ले यस्ता समस्याहरू दर्शाउने केही सैद्धान्तिक दुविधाहरू समेटेको छ । हेर्नुहोस् : मानवअधिकार उच्चायुक्तको कार्यालय, "सङ्क्रमणकालीन न्याय र आर्थिक, सांस्कृतिक तथा सामाजिक अधिकार" (२०१४), http://www.ohchr.org/Documents/Publications/HR-PUB-13-05.pdf

धेरै राज्यहरूले परिपूरणका सम्बन्धमा त्यस्ता मौलिक दृष्टिकोणहरू अवलम्बन गरेका छन् जसले असमानता तथा सशस्त्र द्वन्द्वमा योगदान पुऱ्याएका अन्य कारक तत्वहरूको सम्बोधनको प्रयास गर्दछन् ।[७५] नेपालमा यस्तो मौलिक दृष्टिकोण भनेको, सङ्क्रमणकालीन न्यायका लागि अन्तर्राष्ट्रिय केन्द्रले पहिले पनि उल्लेख गरेझै, पीडितहरूले भोगेका "मानवअधिकार हननका वृहत श्रङ्खलाका जड कारणहरू पहिचान गरी जानकारी दिने र सोको उपचारमा योगदान गर्ने" किसिमको परिपूरण नीतिको अवलम्बन हुनसक्छ ।[७६] यसो गर्ने एउटा उपाय भनेको पीडितहरूका दीर्घकालीन आवश्यकताहरूलाई सम्बोधन गर्ने परिपूरण कार्यक्रमहरूलाई तल्ला जाति, दुगर्म, भूमिहीन र विपन्न समुदायहरू वा उनीहरू बसोवास गर्ने क्षेत्रहरूका वृहत्तर जनसङ्ख्याप्रति लक्षित विकासका कार्यक्रमहरूसँग संयोजन गर्नु हो । यसो गर्ने क्रममा विकासकर्ताहरू (सरकार, दाताहरू तथा विकासका निकायहरू)ले समग्र सामाजिक सेवा वा आर्थिक विकास कार्यक्रमअन्तर्गत विशिष्टिकृत सेवाहरूलाई समावेश गरेर वा ती सेवाहरू वा कार्यक्रमहरूअन्तर्गत मानवअधिकार वा मानवीय कानुनको उल्लङ्घनद्वारा गम्भीर जोखिममा पारिएका व्यक्ति वा परिवारहरूलाई प्राथमिकता दिँदै पीडितहरूका विशिष्ट आवश्यकताउपर ध्यान दिन सक्दछन् ।

७५ उदाहरणका लागि, पेरुमा सत्य निरूपण आयोग (*Comisión de la Verdad y Reconciliación*, CVR) ले परिपूरणका विभिन्न कार्यक्रमहरू सिफारिस गऱ्यो जुन समग्रमा व्यक्तिगत रूपमा भोगेका अपराधहरू (जस्तै नागरिक तथा राजनीतिक अधिकारको हनन्)मा उपचार प्रदान गर्नुका साथै गहन सामाजिक आर्थिक विभेदहरूलाई सम्बोधन गर्ने तथा ऐतिहासिक रूपमा सीमान्तीकृत समुदायका बासिन्दाहरूलाई पूर्ण नागरिकताका लागि आवश्यक अवस्था उपलब्ध गराउनेतर्फ लक्षित रहेका थिए । हेर्नुहोस्, सङ्क्रमणकालीन न्यायका लागि अन्तर्राष्ट्रिय केन्द्र, पेरुमा परिपूरणः सुझावदेखि कार्यान्वयनसम्म, जून २०१३, https://ictj.org/publication/reparations-peru-recommendations-implementation

७६ हेर्नुहोस्, सङ्क्रमकालीन न्यायका लागि अन्तर्राष्ट्रिय केन्द्र जानकारीपत्र "नेपालमा राहत, परिपूरण तथा द्वन्द्वका मूल कारण" (२०१२), http://ictj.org/sites/default/files/ICTJ-Nepal-Reparations-2012-English.pdf

सिफारिसहरू

तल उल्लिखित सिफारिसहरू पहिलो चरणमा सङ्क्रमणकालीन न्यायका लागि अन्तर्राष्ट्रिय केन्द्रले जरुरी ठानेका विवेकशील परिपूरणीय कार्यक्रमहरूमा केन्द्रित रहेको छ । यी सिफारिसहरूपश्चात विस्तृत परिपूरण कार्यक्रमसम्बन्धी सिफारिसहरू उल्लेख गरिएको छ जसका लागि आवश्यक आधार सत्य निरूपण तथा मेलमिलाप आयोगको स्थापना हुनुअगावै तयार गरिनुपर्छ । यी सुझावहरू यस प्रतिवेदनका लागि गरिएको अनुसन्धानमा सहभागी पीडितहरूले व्यक्त गरेका धारणाहरू एवं सङ्क्रमणकालीन न्यायका लागि अन्तर्राष्ट्रिय केन्द्रले नेपालमा गरेका पूर्व अनुसन्धानहरूमा आधारित छन् । यी सुझावहरू पूर्ण छैनन् तर सरकार, पीडित प्रतिनिधिहरू, नागरिक समाज तथा दाताहरूमाझ नीतिगत छलफल तथा आवश्यक परेमा थप परामर्श गर्ने आधार खडा गर्नतर्फ लक्षित रहेका छन् ।

तत्कालीन उपायहरू

१. **पीडितका अति जरुरी सामाजिक आर्थिक आवश्यकताहरू पूर्ति गर्नका लागि अन्तरिम राहत कार्यक्रम विस्तार गर्ने वा छुट्टै परिपूरण कार्यक्रम लागू गर्ने र यी उपायहरू लागू गर्ने क्रममा हानिहरूको स्वीकारोक्तिका लागि साङ्केतिक स्वरूपहरूलाई समावेश गर्ने ।** आकस्मिक कार्यक्रम गम्भीर आवश्यकताहरूको शीघ्र मुल्याङ्कनमा आधारित हुनुपर्दछ र अति जोखिममा रहेका पीडितहरूप्रति लक्षित हुनुपर्छ । सेवा सुविधा उपलब्ध गराइँदा सुविधा प्राप्तकर्ताहरूलाई सामान्यरूपमा "द्वन्द्वपीडित" का रूपमा मात्र नलिई स्पष्ट रूपमा उत्तरजीवी तथा मानवअधिकार उल्लङ्घनका पीडितहरू भनी स्वीकार गरिनुपर्दछ । तत्कालीन वा दीर्घकालीन दुवै किसिमका परिपूरण कार्यक्रमहरू स्पष्टरूपमा परिभाषित एवं भेदभावरहित मापदण्डअनुरूपको हुनुपर्दछ । तत्कालीन कार्यक्रमअन्तर्गत न्यूनतम रूपमा समावेश हुनुपर्ने विषयहरू निम्नानुसार रहेका छन् :

- अति जोखिममा रहेका पीडितहरू (उदाहरणका लागि ज्येष्ठ नागरिकहरू, एकल महिलाहरू, एकल आमाहरू, अनाथहरू, विशेष आवश्यकता भएका बालबालिकाहरू, शारीरिक एवं मानसिक अशक्तता भएका पीडितहरू)को आधारभूत आर्थिक आवश्यकता तथा पुनर्स्थापनाका लागि क्षतिपूर्ति तथा अन्य आर्थिक सहायता । आफ्नो जात, जातियता वा आर्थिक अवस्थाका कारण पहिले नै वञ्चितीकरणमा परेका हुनसक्ने व्यक्तिहरूको पहिचान गर्नमा विशेष ध्यान दिइनुपर्दछ ।

- जीवन जोखिमको स्थितिमा रहेका, शारीरिक अवस्थाले गर्दा काम गर्न वा आफूलाई सहायता गर्न नसक्ने अवस्थामा रहेका वा यातना अथवा यौनजन्य हिंसाका कारणबाट त्यस्तो भएकाहरूलाई शल्यक्रिया लगायतको चिकित्सकीय सहायता ।

- परिवारको खर्च व्यहोर्ने असक्षमताका कारण विद्यालय जान छोडेका वा चालु अन्तरिम राहत कार्यक्रम निर्देशिकाअन्तर्गत शैक्षिक सुविधा पाउनबाट वञ्चित भएका विद्यालय जाने उमेरका बालबालिकाहरूको लागि छात्रवृत्ति र अन्य खर्चहरू (यातायात, विद्यालय पोशाक, विद्यालयका पाठ्यपुस्तक लगायत) मा सहयोग ।

२. **बेपत्ता पारिएका व्यक्तिका श्रीमती तथा परिवारको जमीन वा अन्य सम्पत्तिउपरको कानुनी हक बेपत्ता पारिएका व्यक्तिलाई मृत घोषित गर्न बाध्य नगराइ सुनिश्चित गर्नका लागि तत्काल कदम चाल्नुपर्ने ।** बेपत्ता पारिएका व्यक्तिका श्रीमती तथा परिवारको आर्थिक तथा सामाजिक जोखिम कम गर्ने अल्पकालीन उपायका रूपमा बेपत्ता भएका व्यक्तिको सम्पत्तिको स्वामित्वको हक हस्तान्तरण गर्न उक्त व्यक्ति मृत घोषणा गरिनु नपर्ने व्यवस्था गर्ने सरकारी निर्देशिकाहरू जारी गरिनुपर्दछ ।

दीर्घकालीन उपायका रूपमा "जन्म, मृत्यु तथा अन्य व्यक्तिगत घटना दर्ता ऐन, २०३३", मा "बलपूर्वक बेपत्ता

बनाइएको" घटनालाई देवानी परिणाम मृत्यु सरह नै हुनेगरी "व्यक्तिगत घटना" का रूपमा समावेश गर्ने लगायत सम्बद्ध कानूनहरूको पुनरावलोकन आवश्यक छ । यस्तो संशोधनले नातेदारहरूलाई उत्तराधिकारीका रूपमा चिनिन सक्षम बनाउँदछ र विशेषगरी पीडितका पत्नी/छोराछोरीलाई अपूताली, निवृत्तिभरण, बन्धकी, बैंकिङ्ग, बालबच्चाको संरक्षकत्व, विवाहको विघटन, चल तथा अचल सम्पत्तिको कार्यान्वयन एवं मोहियानी हकको कार्यान्वयन तथा पूर्ण नियन्त्रणमा सक्षम बनाउँदछ ।

३. **विभेदलाई थप सुदृढ हुन नदिनका लागि र यातनापीडित एवं यौनजन्य तथा लिङ्गमा आधारित हिंसाका पीडितहरूलाई आवश्यक सहायता उपलब्ध गराउनका लागि अन्तरिम राहत कार्यक्रमअन्तर्गत तयारी भैरहेको मनोसामाजिक सहायता कार्यक्रमको पुनरावलोकन गर्नुपर्दछ र यातनापीडितहरू एवं यौनजन्य तथा लिङ्गमा आधारित हिंसाका उत्तरजीवीहरूलाई समावेश गरिनुपर्दछ।** उपलब्ध गराइने सेवाहरूले पीडितहरूका निश्चित तत्कालीन तथा दीर्घकालीन आवश्यकतालाई सम्बोधन गर्दछ भन्ने सुनिश्चित गर्नका लागि यातनापीडित महिला तथा पुरुषहरू तथा यौनजन्य तथा लिङ्गमा आधारित हिंसाका पीडितहरूसँगको गहन परामर्शमा सेवाहरूको यथार्थ योजना निर्धारण गरिनुपर्दछ । त्यस्ता सेवाहरूमा गोपनीयताको संरक्षण गर्दै, यथासम्भव विस्तृत सहभागिता कसरी सुनिश्चित गर्ने भन्ने स्थापित गर्नका लागि समेत पीडित तथा अन्य सरोकारवालाहरूसँगको गहन छलफल आवश्यक हुन्छ ।

विस्तृत परिपूरणसम्बन्धी सिफासिहरू

सत्य निरूपण तथा मेलमिलाप आयोग स्थापना भएको अवस्थामा थप विस्तृत परिपूरणका लागि दिइएको निम्नलिखित सुझावहरूले परिपूरण सिफारिस गर्ने निर्दिष्ट भूमिकाका बारेमा सुसूचित हुनमा सहयोग गर्नेछ । तथापि राहत कार्यक्रमको सुरुवातका लागि स्रोतहरूको परिचालन तथा सामर्थ्यको विकासजस्ता तयारी चरणहरू आवश्यक हुन्छन् र त्यसका लागि सत्य निरूपण तथा मेलमिलाप आयोगसँग निर्भर रहनु पर्दैन, तत्काल सुरुवात गरिनुपर्दछ । विस्तृत परिपूरणका लागि प्राथमिकताको सचेत निर्धारण, अनुक्रम निर्धारण तथा लाभहरूमा लक्षित रहँदै गरिने परामर्श पनि आवश्यक हुन्छ र त्यस्ता परामर्शहरू तत्काल सुरु गर्न सकिन्छ । यी कुराहरूको समर्थन र सहयोगार्थ लागि सङ्क्रमणकालीन न्यायका लागि अन्तर्राष्ट्रिय केन्द्रले निम्नलिखित सिफारिसहरू गर्दछ :

४. **दीर्घकालीन परिपूरणका उपायहरूले द्वन्द्वसिर्जित हानि तथा उत्तरजीवीहरूका सम्बन्धित आवश्यकता तथा आकाङ्क्षाहरूको विशिष्टतालाई पर्याप्त रूपमा सम्बोधन गर्न सक्ने गरी पर्याप्त विस्तृत छ भन्ने कुरा सुनिश्चित गर्न पीडितहरूसँग परामर्शहरूको आयोजना गर्ने ।** अध्ययनका निष्कर्षहरूले परिपूरण द्वन्द्वपीडितहरूको आवश्यकता तथा आकांक्षासम्बन्धी विश्वव्यापी धारणामा आधारित हुन सक्दैनन् भन्ने कुरा पुष्टि गर्दछ । बरु त्यसको साटो परिपूरणले विभिन्न सम्बन्धित पक्षहरूमा आधारित निम्नलिखित लगायतका हानि तथा आवश्यकताका विविध असरहरूलाई सम्बोधन गर्नुपर्दछ :

- शारीरिक अवस्थाको प्रकार वा भोगिएका अन्य उल्लङ्घनहरू तथा त्यसबाट सिर्जित निश्चित हानिहरू (उदाहरणका लागि, गैरकानुनी हत्याका कारण कमाउने व्यक्तिका नहुनु, आर्थिक वञ्चितीकरण, सामाजिक विभेद, बेपत्ता बनाइएका कारण सिर्जित कानुनी अनिश्चितता तथा मनोवैज्ञानिक आघात, यातनासिर्जित शारीरिक तथा मानसिक चोट आदि)
- यस्ता हानिहरूका कारण उत्तरजीवीहरू तथा पीडितहरूका परिवारहरूमा परेको दीर्घकालीन असरहरू
- बलात्कार/यौनजन्य तथा लिङ्गमा आधारित हिंसा समावेश भएको लैङ्गिक दुर्व्यवहार तथा आगामी हानिहरू र अन्य मानवअधिकार उल्लङ्घनका लैङ्गिक असर दुवैसँग सम्बन्धित रहेका लैङ्गिक भिन्नता

- जात, जातियता, आर्थिक हैसियत तथा राजनीतिक आबद्धताबाट प्रभावित सामना गर्न सक्ने व्यक्तिगत क्षमता

पीडितका परिपूरणसम्बन्धी आवश्यकता तथा अपेक्षाहरू र यो प्रतिवेदनमा अघि उल्लेख गरिसकिएका चरहरूले हानिका प्रकृति तथा विस्तारमा पार्ने प्रभाव तथा ती चरहरूबीचको सम्बन्धलाई अझ निश्चित रूपमा निर्धारण गर्न पीडितहरूमाझ राष्ट्रिय सर्वेक्षण वा परामर्श गर्नुपर्दछ। यस्तो सर्वेक्षण वा परामर्श सत्य निरूपण तथा मेलमिलाप आयोगको स्थापना हुनुभन्दा अगाडि सुरु गर्न सकिन्छ र यसका निष्कर्षहरूलाई सत्य निरूपण तथा मेलमिलाप आयोगका परिपूरण वा अन्य नीति निर्माणमा सहयोगका लागि प्रयोग गर्न सकिन्छ। आगामी परिपूरण कार्यक्रमको रचना र सञ्चालनमा सहयोग पुऱ्याउनका लागि अन्तरिम राहत कार्यक्रमले पीडितहरूका आवश्यकताहरूलाई कुन हदसम्म सम्बोधन गरेको छ भन्ने कुराको समीक्षा गर्ने एक स्वतन्त्र मुल्याङ्कन पनि आवश्यक हुन्छ। त्यस्तो मुल्याङ्कनको अन्तिम प्रतिवेदन संविधानसभामा पेश गर्नुपर्दछ र पीडितहरू, दाताहरू र अन्य सरोकारवालाहरूलाई सार्वजनिक रूपमा उपलब्ध गराउनुपर्दछ।

५. **लाभहरूको अनुक्रम तथा प्रत्येक अनुक्रम तथा लाभको प्रकारअन्तर्गत सेवाग्राहीहरूलाई प्राथमिकता प्रदान गर्नका लागि मापदण्डको स्थापना गर्ने।** विस्तृत परिपूरणले पहिल्यै सीमित रहेका स्रोतहरूलाई पक्कै पनि थप सङ्कुचित बनाउनेछ। त्यसले अनुक्रम निर्धारण आवश्यक बनाउँछ र त्यसअन्तर्गत अत्यावश्यक आवश्यकताहरू (माथि उल्लिखित)को प्राथमीकीकरण बाहेक थप विस्तृत परिपूरणको प्राथमिकता पहिचान, र राज्यले कुनै निश्चित अवधि (उदाहरणका लागि १० वर्ष) मा निश्चित कार्यक्रमहरू लागू गर्ने जनाउँदै सोको लागि बहुवर्षीय बजेटको प्रतिबद्धता समेत गर्नुपर्ने हुन्छ। यस अनुसन्धानमा उत्तरदाताहरूले पहिचान गरेका आवश्यकता एवं आकांक्षाहरूका आधारमा प्राथमिकताअन्तर्गत निम्नलिखित व्यवस्थाहरू समावेश हुनुपर्दछ :

- ***रोजगारी/जीवनयापन सहायता:*** सहभागीहरूले अत्यावश्यक आर्थिक कठिनाइहरूको निवारणका लागि तत्कालीन सहायता समावेश भएका भौतिक आवश्यकताहरू तथा दीर्घकालीन आर्थिक स्वतन्त्रता एवं सुरक्षाको आकाङ्क्षा समावेश दीर्घकालीन कार्यक्रमहरू व्यवसायिक तालिम तथा रोजगारी लगायत) पहिचान गरे। प्रस्थान बिन्दुका रूपमा सरकारले अन्तरिम राहत कार्यक्रमअन्तर्गतको रोजगार तथा स्वरोजगार कार्यक्रमको मुल्याङ्कन गरी त्यसले सहभागीहरूको दीगो रोजगारी वा स्वोरोजगारीमा कुन हदसम्मको परिणाम देखाएको छ भन्ने लगायत कार्यक्रमको प्रभावकारीता जाँच्नुपर्दछ। सेवाग्राहीहरूको धारणालाई कार्यक्रमको मुल्याङ्कनको आधार बनाइनु पर्दछ र उनीहरू तथा अन्य पीडितहरूसँग (अन्तरिम राहत कार्यक्रमबाट वञ्चितहरू) दीर्घकालीन रूपमा आर्थिक सुरक्षा प्रदान गर्ने किसिमको रोजगारी अथवा जीवनयापनमा सहायता खोज्नका लागि सहयोग गर्ने प्रशिक्षण तथा प्राविधिक, आर्थिक एवं अन्य सहायतासम्बन्धी निश्चित आवश्यकताहरूका बारेमा परामर्श गरिनुपर्दछ।

- ***शिक्षा*** : मानवअधिकार उल्लङ्घनका पीडितहरूका बालबालिकाहरूको शिक्षाका लागि उपलब्ध गराइएको सहयोग सबै उत्तरजीवी बालबालिका तथा हिंसाका कारण विद्यालय शिक्षा रोकिएका अन्य सबैलाई, उनीहरूको हालको उमेर जतिसुकै भएतापनि, उपलब्ध गराइनुपर्छ। यस्तो सहायताअन्तर्गत विद्यालय शुल्क/ट्युशन; विद्यालयका सामग्री तथा पोशाक; परीक्षा शुल्क तथा विद्यालयले लिने अन्य शुल्कहरू र आवश्यक अवस्थामा विद्यार्थी आवास, खाना तथा यातायात शुल्क समावेश हुनुपर्दछ। छोराछोरीलाई काममा लगाउनका लागि विद्यालयबाट निकाल्नबाट अभिभावकहरूलाई दुरुत्साहन गर्न सेवाग्राही अभिभावहरूका लागि क्षतिपूर्ति उपलब्ध गराइँदा विद्यालय जाने उमेरका सबै बालबालिकाहरूलाई प्राथमिक अथवा माध्यमिक विद्यालयमा भर्ना गर्नुपर्ने शर्त तय गरिनुपर्दछ।

ठूला बालबालिका वा वयस्क युवाहरूलाई सहायता गर्नका लागि थप शिक्षा लिन चाहनेहरूका लागि विश्वविद्यालय वा क्याम्पसहरूमा छात्रवृत्ति उपलब्ध गराउन सकिन्छ । विद्यालय जाने उमेर सकिएका व्यक्तिहरूका लागि वयस्क शिक्षा वा अन्य व्यवसायिक प्रशिक्षण कार्यक्रमहरू आवश्यकताअनुरूप लागू गरिनुपर्दछ ।

- **स्वास्थ्य सेवा** : मानवअधिकार हनन् वा द्वन्द्वसँग सम्बन्धित अन्य हिंसाहरूका कारण शारीरिक वा मानसिक रोगहरूबाट ग्रसित पीडितप्रति लक्षित स्वास्थ्य उपचार सेवाहरूमा आधारभूत स्वास्थ्य सेवा समावेश गरी सबै द्वन्द्वपीडितहरू तथा उनीहरूका परिवारहरूलाई, सार्वजनिक स्वास्थ्य सञ्जालमार्फत उपलब्ध गराइनु पर्दछ । त्यसरी सेवा उपलब्ध गराउँदा बालबालिका, महिला, प्रौढ तथा कमजोर बनाउने चोट तथा रोग भएकाहरूलाई प्राथमिकता दिइनुपर्दछ । दीर्घकालीन विशेषज्ञ उपचार आवश्यक पर्नेहरू र त्यसमा पनि विशेषगरी यातना, बलात्कार तथा अन्य प्रकारका यौनजन्य तथा लिङ्गमा आधारित हिंसाका उत्तरजीवीहरूलाई त्यस्तो सेवा उपलब्ध गराइनुपर्दछ ।

  मनोसामाजिक सहायता कार्यक्रमअन्तर्गत योजना बनाउँदा भावनात्मक सहायता प्रदान गर्न तथा समुदायमा मानवअधिकारको हननूबाट हुने हानिहरूका बारेमा व्यापक जनचेतना जगाउनका लागि सामुदायिक कार्यक्रमहरूको विकास गर्न सकिन्छ । स्वास्थ्य प्रवर्द्धन एवं स्वास्थ्यसेवा सञ्जाल संरचनाको संरक्षण तथा सुधार गर्ने शिक्षा तथा बाह्य पहुँच कार्यक्रमहरूले पनि पीडित तथा वृहत्तर समाजलाई विशेष लाभ प्रदान गर्न सक्दछ । यौनजन्य हिंसाबाट पीडित महिलाहरूविरुद्ध व्याप्त पूर्वाग्रह सम्बोधन गर्नका लागि विशेष सार्वजनिक शिक्षा कार्यक्रमहरूको विकास गर्न सकिन्छ ।

६. **अधिकार उल्लङ्घन भएका नागरिकको रूपमा सेवाग्राहीहरूको अवस्था स्वीकार गर्ने तथा उनीहरूको प्राथमिक अभौतिक आवश्यकताहरूलाई सम्बोधन गर्ने उपायहरूसँग भौतिक सुविधाहरूलाई संयोजन गर्ने ।** भौतिक र अभौतिक आवश्यकताहरूबीचको सम्बन्ध अध्ययनका निष्कर्षहरूले स्पष्टसँग स्थापित गरेको छ, जसअनुसार पीडितहरूको न्याप्रतिको अपेक्षा सम्बोधन गर्न दुवै किसिमका आवश्यकताहरूको संयोजन जरुरी हुन्छ । वास्तवमा परिपूरणले कुन मात्रामा भौतिक एवं अभौतिक दुवै आवश्यकताहरूलाई सम्बोधन गर्छ भन्ने कुरा नै अन्ततः महत्त्वपूर्ण प्रमाणित हुनसक्छ, उदाहरणका लागि क्षतिपूर्तिको रकम । सहभागीहरूले विभिन्न विधिहरूको पहिचान गरेका थिऐ, जसमध्ये केही उपायहरू परिपूरण कार्यक्रमको एक पाटो बन्नुपर्दछ भने अन्यलाई समानान्तर सङ्क्रमणकालीन न्याय प्रकृयाका रूपमा लिइनुपर्दछ ।

- **सार्वजनिक मान्यता वा स्वीकारोक्ति**लाई धेरै उत्तरदाताहरूले तत्कालीन आवश्यकताका रूपमा पहिचान गरेका थिए र विशेषरूपमा मृतक तथा बेपत्ताका पुरुष आफन्तहरूले दीर्घकालीन आवश्यकता अन्तर्गत उच्चतम प्राथमिकताका रूपमा लिएका थिए । सहभागीहरूले सार्वजनिक मान्यता वा स्वीकारोक्तिको स्वरूप कस्तो हुनुपर्छ भन्ने बारेमा ठोस सुझावहरू दिएका थिए । तर स्मरण प्रयासहरू समावेशी रहेको तथा त्यसले राजनीतिक वा सामाजिक विभाजन सुदृढ गर्ने वा सिर्जना गर्नेछैन भन्ने सुनिश्चित गर्नेतर्फ ध्यान दिँदै, कुनै निश्चित, स्थानीय साङ्केतिक उपाय निधार्रण गरी सहमत हुन पीडितहरू र उनीहरू बस्ने समुदायसँग थप विस्तृत परामर्श आवश्यक हुन्छ ।

  भावी परिपूरण नीतिहरूमा सम्पूर्ण मानवअधिकार पीडितहरूको वार्षिक स्मरणोत्सव वा आधिकारीक क्षमायाचना जस्ता सामान्य धारणाहरूलाई समावेश गरिनुपर्दछ । परिचयपत्रले सुविधाहरूमा पहुँच पुऱ्याउन सहयोग गर्ने व्यवहारिक उद्देश्य पुरा गर्नुका साथसाथै पीडितहरूलाई उपलब्ध गराइएको सेवालाई भिक्षा वा दान नभइ उपचार र परिपूरण पाउने अधिकारको सम्बोधनका रूपमा पहिचान गर्दै पीडितहरूका लागि आधिकारिक स्वीकारोक्तिको एक स्वरूपको प्रतिनिधित्व पनि गर्न सक्छ । तर, तिनीहरूले यो उद्देश्य तब मात्र पुरा गर्न सक्दछन् जब तिनीहरूलाई राजनीतिक रूपमा तटस्थ मानिन्छ

र पारदर्शी एवं वस्तुनिष्ठ मापदण्डका आधारमा वितरण गरिन्छ । द्वन्द्वका क्रममा मानवअधिकार तथा मानवीय कानुनको उल्लङ्घनमा प्रत्यक्षरूपमा संलग्न राज्य, राजनीतिक दल तथा सरकारी निकायहरूको प्रतिनिधित्व गर्नेहरूले त्यस्ता उल्लङ्घनहरूका लागि औपचारिक क्षमायाचना गर्नेतर्फ ध्यान दिनुपर्दछ र राज्यको तर्फबाट तथा संस्थागत उत्तरदायित्व स्वीकार गर्नुपर्दछ ।

- त्यसैगरी ***सत्यको खोजी***लाई तत्कालीन आवश्यकता एवं दीर्घकालीन आकाङ्क्षा दुवैका रूपमा पहिचान गरिएको थियो । एक विश्वसनीय तथा स्वतन्त्र सत्य निरूपण तथा मेलमिलाप आयोग एवं बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोगले धेरै तरिकामार्फत यो मागलाई सम्बोधन गर्दछ । तथापि सत्यको खोजीका केही तत्वहरू स्वतन्त्ररूपमा र सम्भवत उक्त निकायहरू स्थापित भएपश्चात तिनीहरूले गर्ने कार्यमा योगदान पुऱ्याउने गरी अगाडी बढ्न सक्दछन् । विशेषतः सरकारले परिवार हरूबाट मृत्युपूर्वका जानकारीहरू सङ्कलन गर्न, गाडेका ठाउँहरूको पहिचान गर्न एवं उक्त स्थानको संरक्षण गर्न तथा शव उत्खनन् गर्नका लागि विधिविज्ञान विज्ञहरूले नेतृत्व गर्ने एक विशिष्टिकृत निकाय वा खोजी समूह स्थापना गरी बेपत्ताहरूका अवस्था र ठेगानाबारे स्पष्ट पार्नका लागि तत्काल कार्य गर्नुपर्दछ ।

- ***अभियोजन रणनीति तर्जुमा तथा कार्यान्वयनका लागि स्रोतको व्यवस्था गर्ने ।*** धेरै सहभागीहरूले पीडकहरूलाई कारबाही गर्नुपर्ने इच्छा व्यक्त गरे । अन्तर्राष्ट्रिय कानुनअन्तर्गतका गम्भीर अपराधहरूमाथि अनुसन्धान गर्ने र अभियोजन गर्ने जिम्मेवारी राज्यमा निहित हुन्छ जसले सुसङ्गत तथा प्रभावकारी अभियोजन रणनीतिहरू लागू गर्नका लागि विश्वसनीय मापदण्डको विकास गर्नुका साथै स्रोतहरू व्यवस्था गर्नुपर्दछ । त्यस्तो नीति नबनेसम्म फौजदारी मुद्दा चलाउन चाहने व्यक्तिहरूलाई मुद्दा चलाउनका लागि कानुनी सहायता उपलब्ध गराइनुपर्दछ । क्षतिपूर्ति वा अन्य प्रकारका राहत वा परिपूरण प्राप्त गर्नका लागि त्यस्तो दावि छोड्नुपर्ने शर्त कुनै पनि अवस्थामा राखिनु हुँदैन ।

७. **द्वन्द्वको मूल कारणलाई सम्बोधन गर्नका लागि परिपूरणको सम्भावनाहरूलाई बढाउने ।** यस अध्ययनले धेरै पीडित तथा उत्तरजीवीहरूले परिपूरणको रूपमा न्यायमा पहुँच राजनीतिक शक्ति र केही हदसम्म नेपाली समाजको लैङ्गिक एवं जातिय श्रेणीक्रममा भएको उनीहरूको हैसियतमा निर्भर रहेको भनी ठान्ने गरेको पायो । परिपूरणसम्बन्धी नीतिहरूमा द्वन्द्वपूर्व कायम रहेको असमानताको स्वरूप र सरंचनागत गरिबीलाई सुदृढ बन्नबाट रोक्ने र सम्भव भएसम्म द्वन्द्वका कारणहरूलाई सम्बोधन गर्नमा योगदान पुऱ्याउने स्पष्ट उद्देश्य हुनुपर्दछ । ठोस रूपमा यी नीतिहरूले राज्यका सेवाहरूमा पीडितहरू/परिवारहरूको पनि बढी विशेषाधिकार पाएका नागरिकहरूले उपभोग गरे (अथवा नीजि आपूर्तिकर्ताहरूबाट सेवाहरू लिन सके) जसैगरी समान पहुँचको सुनिश्चित गर्नमा सहायता गर्नेछन् । साथै, यी नीतिहरूले आधारभूत सेवाहरूमा तल्लो जातका वृहत्तर जनसङ्ख्या वा अन्य सुविधाहीन समूहहरूको पहुँच उपलब्ध गराई सम्भावित तनावहरू कम गर्नमा मद्दत गर्न सक्दछन् । यसका लागि कार्यक्रम तर्जुमा तथा कार्यान्वयनका क्रममा विद्यमान असमानता तथा गरिबीको ढाँचा लगायत निम्नलिखित पक्षहरूका बारेमा ध्यान दिनुपर्छ :

- मानवअधिकार हननको जोखिम सिर्जना गर्ने निश्चित अवस्थाहरू जसलाई यदि प्रभावकारी रूपमा सम्बोधन गरिएमा भेदभाव तथा सीमान्तीकरण न्यूनिकरण गर्नमा योगदान पुग्न सक्दछ ।

- द्वन्द्वसिर्जित हानिका सामाजिक आर्थिक असरहरू, जुन आफैंमा मानवअधिकारको उल्लङ्घन हुन सक्दछ ।

- सहायताउपरको पहुँचमा महिलाहरू, निम्न जात वा जातिय समूहका व्यक्तिहरू वा निम्न सामाजिक आर्थिक हैसियत भएकाहरूले भोगेका अवरोधहरू ।

- मानवअधिकार उल्लङ्घनका जोखिम र वृहत बेफाइदाहरू कम गर्ने तथा सामाजिक विभाजनका जोखिमहरूको न्यूनीकरण गर्ने अवसरहरूको बढोत्तरी गर्ने माध्यमका रूपमा पिडीतहरूका लागि क्षतिपूर्ति, शिक्षा, रोजगारी, चिकित्सकीय सेवा तथा अन्य परिपूरणीय उपायहरू र वृहत समुदायलाई लाभान्वित गर्ने उद्देश्यसहितको वृहत्तर सामाजिक आर्थिक रणनीतिबीचको सम्बन्ध ।

८. **अन्तरिम राहत कार्यक्रमबाट सिकेका पाठहरू तथा पीडितहरूसँगको थप परामर्शको आधारमा, सुविधाका लागि आवेदन दिने र सुविधाहरू प्राप्त गर्ने कार्यविधि तर्जुमा गर्दा परिपूरण (तत्कालीन वा दीर्घकालीन)मा जुनसुकै लिङ्ग, आर्थिक तथा सामाजिक हैसियत वा भौगोलिक अवस्थितिका सबै पीडितहरूको सहज पहुँच सुनिश्चित गरिनुपर्दछ ।**

परिशिष्ट अ : अनुसन्धानमा सहभागीहरूको विवरण

द्वन्द्वपीडितहरू

यस अनुसन्धानमा जम्मा ४१० जना पीडितहरू सहभागी भएका थिए। यिनमा अन्तरिम राहत कार्यक्रमबाट लाभ लिएकाहरू २७४ जना (१२४ जना पुरुष र १५० जना महिला), ११४ जना यातनापीडित पुरुषहरू, र २२ जना महिला यातनापीडितहरू (सुरुमा ४० जना लक्ष गरिएकोमा) थिए। अन्तरिम राहत कार्यक्रमबाट लाभान्वित १२४ जना पुरुषहरूमा, ७३% राज्यका प्रतिनिधिहरू (पुलिस, सेना, वा राज्यद्वारा समर्थित भिजलान्तेहरू) द्वारा पीडित "राज्य पीडित" थिए भने २७% माओवादी सेना वा बलहरूबाट पीडित "माओवादी पीडित" थिए। अन्तरिम राहत कार्यक्रमबाट लाभान्वित महिलाहरूमा भने ८०% राज्य पीडित र २०% माओवादी पीडित थिए; पुरुष यातापीडितहरूमा ७०% राज्य पीडितहरू र ३० प्रतिशत माओवादी पीडितहरू रहेका छन्। महिला यातनापीडितहरूमा ७३% राज्यपीडितहरू छन् भने १३.५% माओवादी पीडित छन्। बाँकी पीडितहरूले उनीहरूका पीडकहरूलाई पहिचान गर्न सकेका थिएनन्।

तल्लो जातीय समूह (दलितहरू) र जनजाति समुदायको प्रतिनिधित्वलाई पनि सुनिश्चित गर्ने प्रयास गरिएको थियो, यद्यपि दलितहरूको हकमा यो पूर्णरूपमा उपलब्धी हाँसिल गर्न सकिएको थिएन। अन्तरिम राहत कार्यक्रमबाट लाभान्वित समूहका पीडितहरूमा (महिला र पुरुष) झण्डै ९ प्रतिशत उत्तरदाताहरू दलितहरू थिए र ३४ प्रतिशत जनजाति समुदायका थिए। पुरुष यातनापीडितहरूको समूहमा, ८.७ प्रतिशत दलितहरू थिए र ३१ प्रतिशत जनजाति समुदायका थिए। महिला यातनापीडितहरूको समूहमा २२ प्रतिशत दलितहरू र ५० प्रतिशत जनजाति सुमदायका थिए।

तालिका ७: द्वन्द्वपीडित सहभागीहरूको लैङ्गिक विभाजन

सहभागीहरूको प्रकार	कथानक लक्षित समूह छलफल	लक्षित नृवंशविज्ञान अध्ययन	विस्तृत अन्तर्वार्ता	जम्मा
अन्तरिम राहत कार्यक्रमबाट लाभान्वितः पुरुष	७८	४६	-	१२४
अन्तरिम राहत कार्यक्रमबाट लाभान्वितः महिला	८०	७०	-	१५०
यातनापीडितहरू : पुरुष	६८	४६		११४
यातनापीडितहरूः महिला	-	-	२२	२२
जम्मा सहभागी सङ्ख्या				४१०

तालिका ८: अन्तरिम राहत कार्यक्रमबाट लाभान्वित महिला र पुरुष सहभागीहरूको सामाजिक जनसाङ्ख्यीकीय विवरण

विशेषताहरू	कथानक लक्षित समूह छलफल				लक्षित नृवंशविज्ञान अध्ययन			
	अन्तरिम राहत कार्यक्रमबाट लाभान्वित पुरुषहरू		अन्तरिम राहत कार्यक्रमबाट लाभान्वित महिलाहरू		अन्तरिम राहत कार्यक्रमबाट लाभान्वित पुरुषहरू		अन्तरिम राहत कार्यक्रमबाट लाभान्वित महिलाहरू	
	सङ्ख्या	%	सङ्ख्या	%	सङ्ख्या	%	सङ्ख्या	%
उमेर								
१९ वर्ष सम्म	३	३.८	-	-	१	२.२	१	१.४
२०-२९	१७	२१.८	९	११.३	९	१९.६	७	१०.०
३०-३९	११	१४.१	३२	४०.०	१४	३०.४	२६	३७.१
४० +	४७	६०.३	३९	४८.८	२२	४७.८	३६	५१.४
सबै उमेर	७८	१००.०	८०	१००.०	४६	१००.०	७०	१००.०

तालिका ८, क्रमशः

मध्यक उमेर	४५.०		३८.५		३८.०		४०.०	
शिक्षा								
अशिक्षित / अनौपचारिक शिक्षा	६	६.६	५८	७२.५	१३	२८.२	४८	६८.६
प्राथमिक	२४	३०.८	११	१३.८	६	१३.०	७	१०.०
माध्यमिक	३६	४६.२	६	७.५	१८	३९.१	१४	२०.०
उच्च शिक्षा	१२	१५.४	५	६.३	९	१९.६	१	१.४
वैवाहिक अवस्था								
अविवाहित	८	१०.३	३	३.८	२	४.३	२	२.९
विवाहित	७०	८९.७	५	६.३	३५	७६.१	३२	४५.७
विधवा/विदुर	-	-	५९	७३.८	१	२.२	२८	४०.०
नखुलाइएको	-	-	१३	१६.३	८	१७.४	८	११.४
बालबालिकाहरूको सङ्ख्या								
छैन	११	१४.१	४	५.०	४	८.७	४	५.७
१	८	१०.३	१४	१७.५	३	६.५	८	११.४
२	२२	२८.२	१७	२१.३	६	१३.०	१६	२२.९
३	१६	२०.५	१८	२२.५	१३	२८.३	१८	२५.७
३+	२१	२६.९	२७	३३.८	१२	२६.१	१६	२२.९
नखुलाइएको	-	-	-	-	८	१७.४	८	११.४
औसत बालबालिका	३.०		२.९		३.३		२.९	
पेशा								
कृषि	५५	७०.५	३९	४८.८	३२	६९.६	३९	५५.७
जागिरे	३	३.८	२	२.५	३	६.५	५	७.१
व्यवसाय	६	७.७	५	६.३	२	४.३	६	८.६
श्रम	३	३.८	६	७.५	३	६.५	४	५.७
गृहिणी	-	-	२७	३३.८	-	-	१५	२१.४
विद्यार्थी	९	११.५	१	१.३	३	६.५	१	१.४
बेरोजगार	-	-	-	-	१	२.२	-	-
वृद्ध उमेर	-	-	-	-	१	२.२	-	-
अशक्त	-	-	-	-	-	-	-	-
अन्य	२	२.६	-	-	१	२.२	-	-
जात/जनजाति								
ब्राह्मण/क्षेत्री	२८	३५.९	२९	३६.३	११	२३.९	२९	४१.४
जनजातिहरू	२१	२६.९	२३	२८.८	२३	५०.०	२७	३८.६
तराई मुल	२०	२५.६	२४	३०.०	४	८.७	७	१०.०
दलितहरू	८	१०.३	२	२.५	७	१५.२	७	१०.०
अन्य	१	१.३	२	२.५	१	२.२	-	-

तालिका ९: पुरुष यातनापीडितहरूको सामाजिक आर्थिक विवरण

विशेषताहरू	कथानक लक्षित समूह छलफल		लक्षित नृवंशविज्ञान अध्ययन	
	सङ्ख्या	%	सङ्ख्या	%
उमेर				
१९ वर्ष सम्म	-	-	-	-
२०-२९	६	८.८	१	२.२

तालिका ९, क्रमशः

३०-३९	१६	२३.५	११	२३.९
४० +	४६	६७.६	३४	७३.९
सबै उमेर	६८	१००.०	४६	१००.०
मध्यक उमेर	४२.०		४८.५	
शिक्षा				
अशिक्षित/अनौपचारिक शिक्षा	५	७.४	६	१३.०
प्राथमिक	२५	३६.८	६	१३.०
माध्यमिक	२२	३२.४	२४	५२.२
उच्च शिक्षा	१६	२३.५	१०	२१.७
वैवाहिक अवस्था				
अविवाहित	२	२.९	२	४.३
विवाहित	५५	८०.९	४४	९५.७
विधवा/विदुर	-	-	-	-
नखुलाइएको	११	१६.२	-	-
बालबालिकाहरूको सङ्ख्या				
छैन	२	२.९	३	६.५
१	१	१.५	१	२.२
२	१२	१७.६	९	१९.६
३	९	१३.२	११	२३.९
३+	३३	४८.५	२२	४७.८
नखुलाइएको	११	१६.२	-	-
औषत बालबालिका	३.९		३.९	
पेशा				
कृषि	४४	६४.७	२८	६०.९
जागिरे	९	१३.२	१०	२१.७
व्यवसाय	४	५.९	३	६.५
श्रम	२	२.९	-	-
अशक्त	-	-	१	२.२
अन्य	९	१३.२	४	८.७
जात/जनजाति				
बाहुन/क्षेत्री	२५	३६.८	२४	५२.२
जनजातिहरू	२१	३०.९	१४	३०.४
तराई मुल	१४	२०.६	४	८.७
दलितहरू	६	८.८	४	८.७
अन्य	२	२.९	-	-

तालिका १०: महिला यातनापीडितहरूको सामाजिक जनसाङ्ख्यीकीय विवरण

ID	उमेर	शिक्षा	जात / जनजाति	वैवाहिक अवस्था	बालबालिकाको सङ्ख्या	पेशा	जिल्ला
१	२५	कक्षा ४/प्राथमिक तह	दलित	विवाहित	१	गृहिणी	बागलुङ
२	४०	कक्षा ४/प्राथमिक तह	क्षेत्री	श्रीमान् बेपत्ता	३	कृषि	बागलुङ
३	२७	कक्षा ९/माध्यमिक तह	मगर	विवाहित	१	गृहिणी	रोल्पा

तालिका १०, क्रमशः

४	५०	निरक्षर	क्षेत्री	विवाहित	८	गृहिणी	कपिलवस्तु
५	३०	निरक्षर	थारु	विवाहित	२	कृषि	कन्चनपुर
६	२७	निरक्षर	थारु	विवाहित	२	कृषि	कन्चनपुर
७	३८	अनौपचारिक शिक्षा	थारु	विवाहित	३	कृषि	कन्चनपुर
८	४०	निरक्षर	थारु	विवाहित	६	कृषि	कन्चनपुर
९	३७	निरक्षर	थारु	विवाहित	३	कृषि	कन्चनपुर
१०	४०	निरक्षर	थारु	विवाहित	२	कृषि	कन्चनपुर
११	३२	निरक्षर	थारु	विधवा	३	दैनिक ज्यालादारी श्रमिक	बर्दिया
१२	३५	निरक्षर	थारु	विवाहित	२	फुटपाथे व्यापारी	बर्दिया
१३	४५	अनौपचारिक शिक्षा	थारु	विवाहित	३	सानो पसले	बर्दिया
१४	४८	साक्षर	बाहुन	विवाहित	३	गृहिणी	उदयपुर
१५	३०	निरक्षर	दनुवार	विवाहित	२	कृषि	उदयपुर
१६	३९	अनौपचारिक शिक्षा	बाहुन	विवाहित	४	कृषि	उदयपुर
१७	२८	कक्षा ९/माध्यमिक तह	क्षेत्री	विवाहित	२	सिलाइबुनाइ	उदयपुर
१८	७०	निरक्षर	तराई दलित	विवाहित	३	तरकारी पसल व्यवसाय	सिराहा
१९	२०	निरक्षर	तराई दलित	विवाहित	४	गृहिणी	सिराहा
२०	२६	निरक्षर	तराई दलित	विवाहित	२	गृहिणी	सिराहा
२१	५२	निरक्षर	तराई दलित	विधवा	३	दैनिक ज्यालादारी श्रमिक	सिराहा
२२	२५	कक्षा ५/प्राथमिक तह	तेली साह	विवाहित	१	गृहिणी	सिराहा

स्थानीय सरकारी र गैसस साझेदारहरू

अन्तरिम राहत कार्यक्रम सञ्चालन गर्न वा पीडितहरूलाई अन्य सहयोग पुऱ्याउन संलग्न भएका जम्मा ५५ जिल्लास्तरीय सरकारी र गैरसरकारी साझेदारहरूसँग अन्तर्वार्ता गरिएको थियो । यिनमा स्थानीय सरकारी अधिकारीहरू, स्थानीय शान्ति समितिका प्रतिनिधिहरू, र केही छानिएका गैरसरकारी सङ्गठनहरू पर्दछन् ।

तालिका ११:

उत्तरदाताहरूको प्रकार	
स्थानीय सरकारी अधिकारीहरू	२२
स्थानीय शान्ति समितिका सदस्यहरू	१४
गैसस प्रतिनिधिहरू	१९
जम्मा	५५

परिशिष्ट आ : अनुसन्धान साधनहरू र विधि

अनुसन्धान साधनहरू

अनुसन्धानमा चार वटा गुणात्मक अनुसन्धान साधनहरू प्रयोग गरिएका थिए :

१) **विस्तृत अन्तर्वार्ताहरू** (**आइडिआइ**)। विस्तृत अन्तर्वार्ताहरू महिला यातनापीडितहरूसँग गरिएको थियो। यो अनुसन्धानमा उनीहरूको सहज र गोपनीय सहभागीतालाई सुनिश्चित गर्न बेग्लै र उनीहरूलाई मिल्ने हिसाबले बनाइएको विधिको तर्जुमा गरिएको थियो। किनभने यो उद्देश्य नियमित कथानक लक्षित समूह छलफल वा लक्षित नृवंशविज्ञान अध्ययनका अभ्यासहरूले प्राप्त हुने थिएनन् (हेर्नुहोस् तल)। विस्तृत अन्तर्वार्ताहरू महिला अन्तर्वार्ताकारहरूद्वारा गरिएको थियो। यो अनुसन्धान सामग्रीलाई परिणामहरू दाँज्न सकियोस् भन्ने उद्देश्यले सकेसम्म अन्य अध्ययन समूहहरूसँग मिल्ने बनाइएको थियो।

२) **अर्धसंरचित अन्तर्वार्ताहरू** (**एसएसआइ**)। जिल्लास्थित सरकारी र गैरसरकारी साझेदारहरू लगायत मानवअधिकार रक्षकहरू र वकिलहरूसँग एक एक गरी द्वन्द्व, यसको प्रभाव, अन्तरिम राहत र अधिकार तथा न्याय र अन्य सेवाहरूमा पहुँचको सन्दर्भमा द्वन्द्वपीडितहरूले सामना गरेको वर्तमान अवस्थाको बारेमा खुला प्रश्नहरू प्रयोग गरेर अन्तर्वार्ता लिइएको थियो।

३) **लक्षित नृवंशविज्ञान अध्ययन** (**एफइएस**)। लक्षित नृवंशविज्ञान अध्ययन उत्तरदाताहरूको रुची र प्राथमिकतालाई व्यवस्थित ढङ्गमा मापन गर्ने एउटा द्रुत मुल्याङ्कन कार्यविधि हो। यो अध्ययनमा दुईवटा एक आपसमा सम्बन्धित लक्षित नृवंशविज्ञान अध्ययन साधनहरूलाई प्रयोग गरिएको थियो : स्वतन्त्र सूचीकरण (बारम्बारता स्थापना गर्न), र दर्जा निर्धारण/श्रेणीकरण (प्राथमिकता स्थापना गर्न)। स्वतन्त्र सूचीकरण अभ्यासबाट एउटा निश्चित विषय विभिन्न विषयहरूको सूचीमा कुन स्थानमा देखा पऱ्यो भन्ने आधारमा कम वा बढी "प्रधान" (जसको अर्थ हुन्छ, बढी महत्त्वको) भएको निष्कर्ष निकालिएको छ। लक्षित नृवंशविज्ञान अध्ययन सत्रहरू अन्तरिम राहत कार्यक्रमबाट लाभान्वित पुरुष तथा महिलाहरू र पुरुष यातनापीडितहरूसँग लिइएको थियो। उत्तरदाताहरूले लक्षित नृवंशविज्ञान अध्ययन वा कथानक लक्षित समूह छलफलमध्ये एउटामा मात्रै भाग लिएका थिए।

४) **कथानक लक्षित समूह छलफल** (एनएफजिडि)। कथानक लक्षित समूह छलफलहरू एउटा काल्पनिक कथामा आधारित थिए। विषयवस्तु र सन्दर्भहरूको परिचय दिनका लागि कथाहरूको प्रयोग गरिएको थियो जसको आधारमा थुप्रै अनुवर्ती प्रश्नहरू सोधिएको थियो। कथामा उल्लेख गरिएको तेश्रो पक्षको सन्दर्भमा आफ्ना विचार तथा धारणा राख्ने र त्यही बेला आफ्नै निजी अनुभव तथा दृष्टिकोण पनि भन्ने अवसर प्रदान गर्दै सहभागीहरूलाई संवेदनशील विषयहरूमा सहभागी गराउन र छलफल गर्नका लागि उत्प्रेरित गर्न यो विधि प्रयोग गरिएको थियो। कथानक लक्षित समूह छलफलहरू अन्तरिम राहत कार्यक्रमबाट लाभान्वित पुरुष तथा महिलाहरू र पुरुष यातनापीडितहरूसँग प्रत्येकका लागि फरक फरक कथाहरूको प्रयोग गरेर गरिएको थियो। (कथानक लक्षित समूह छलफलहरूमा प्रयोग भएका पुरा कथाहरू तल हेर्नुहोस्।)

तयारी तालिम र अनुसन्धान साधनहरूसम्बन्धी मार्गनिर्देशन

सङ्क्रमणकालीन न्यायका लागि अन्तर्राष्ट्रिय केन्द्र (आइसिटिजे) र वातवारण स्वास्थ्य र जनसङ्ख्या गतिविधिहरूसम्बन्धी अनुसन्धान केन्द्र (कृपा)द्वारा कृपाको कार्यालयमा २०७० साल वैशाख ६ देखि ११ गतेसम्म संयुक्त तालिम कार्यशालाको आयोजना गरिएको थियो। तालिमले अनुसन्धान विधि र सङ्क्रमणकालीन न्यायका अवधारणासम्बन्धी प्राविधिक विशेषज्ञता प्रदान गरेको थियो। यो तालिममा १० जिल्लाका ११ द्वन्द्वपीडित सहजकर्ताहरू र कृपाका १८ जना अनुसन्धानकर्ताहरू सहभागी थिए।

अध्ययनको उद्देश्यका बारेमा बताउन, परिपूरणसम्बन्धी अवधारणहरूका बारेमा आधारभूत जानकारी गराउन तथा कृपाका अनुसन्धानकर्ताहरूलाई यी विषयमा जानकार गराउन, अनुसन्धान साधनहरूको परिचय गराउन तथा उक्त साधनहरूका बारेमा तालिम गराउन र अनुसन्धानकर्ताहरू र द्वन्द्वपीडित सहजकर्ताहरूको सल्लाह र सुझावको आधारमा अनुसन्धानको ढाँचालाई थप चुस्त बनाउन र कार्यान्वयन गर्नका लागि उक्त तालिमको आयोजना गरिएको थियो। यो तालिमको अर्को थप र महत्त्वपूर्ण उद्देश्य भनेको द्वन्द्वपीडित सहजकर्ताहरू, जसले पीडितका यथार्थहरूको अनुभवको बारेमा बताए, र अनुसन्धानकर्ताहरूबीच पारस्परिक विश्वास र समझदारीको निर्माण गर्नु हो ताकि अनुसन्धानकर्ताहरू यो संवेदनशील र जटिल विषयमा अनुसन्धान गर्ने दौरानमा हुने चुनौतीहरूलाई राम्ररी बुझ्न र मनन गर्न सकुन्। यो तालिममा काठमाडौंमा रहेका पीडित समुदायका स्वेच्छाकर्मीहरू माझमा मार्गनिर्देशक अभ्यासहरू पनि गरिएको थियो। यी अभ्यासहरूमा

आधारित भएर पहिलो जिल्ला काभ्रेमा २०७० साल असार २६ देखि श्रावण १ गतेसम्म गरिएको कार्यान्वयनका आधारमा अनुसन्धान साधनहरूलाई थप परिष्कृत गरिएको थियो ।

यो सुरुवाती तालिमलाई आइसिटिजे न्युयोर्कका विशेषज्ञहरूसँग २०७० साल असार २४ देखि २६ सम्म गरिएको तीन दिने अर्न्तक्रियाले पुरा गरेको थियो । अनुसन्धान टोलीले शान्ति तथा पुनर्निमाण मन्त्रालयको राहत तथा पुनर्स्थापना इकाइका प्रतिनिधिको सहभागीताबाट पनि लाभ लिएका थिए, जसले अन्तरिम राहत कार्यक्रमका बारेमा सङ्क्षिप्त जानकारी दिएका थिए ।

अनुसन्धान साधनहरूलाई पूर्वपरीक्षण गरिएको थियो र कार्यक्षेत्रमा प्रयोग गर्नुपूर्व परिमार्जन गरिएको थियो । अन्तिम अनुसन्धान साधनहरूलाई नेपाली र मैथिली भाषामा अनुवाद गरिएको थियो । यसक अतिरिक्त अनुसन्धाकर्ताहरूको सहजताका लागि अनुसन्धान साधनहरूमा प्रयोग गरिएका मुख्य शब्दावलीहरूको कार्यगत परिभाषासम्बन्धी एउटा सन्दर्भ सामग्री विकास गरिएको थियो ।

कथानक लक्षित समूह छलफलका कथाहरू

अन्तरिम राहत कार्यक्रमबाट लाभान्वित महिलाहरूका लागि तयार गरिएको कथा

भाग १ – द्वन्द्वसँग सम्बन्धित हानि

माइली गरिब र दुर्गम गाउँकी ३० वर्षकी महिला हुन् । उनी आफ्ना स-साना चार जना छोराछोरी र सासु ससुरासँग संयुक्त परिवारमा बस्छिन् । २०६० सालमा एक दिन बाहिर गएका उनका श्रीमान् घरमा फर्किएनन् । माइलीले उनको श्रीमान्को खोजी गरी नै रहिन् । छिमेकीहरूले त्यस दिन माओवादी र नेपाली सेना दुवै त्यो क्षेत्रमा भएको कुरा सुनाएका थिए । आफ्नो श्रीमान्को खोजी गर्न माइली १ वर्ष सम्म महिनौँ पिच्छे प्रहरी, सेना, सिडिओ लगायत सबैतिर धाइरहिन् । तर उनलाई कसैले पनि केही बताउन सकेनन् । झण्डै १० वर्ष पछि, माइलीका बालबच्चाहरू काम गरिरहेका छन् किनभने माइलीसँग आफ्ना बच्चाहरूलाई पढाउने पैसा छैन । उनी बिरामी छिन् तर डाक्टरलाई जँचाउन जाने उनको क्षमता छैन । उनले बालबच्चाहरूलाई खुवाउन-पियाउन आफूसँग भएका गाईवस्तु तथा गरगहना समेत बेचिसकिन् र अहिले उनी एउटा इँटा भट्टामा काम गर्छिन् । उनका सासु ससुराले उनलाई अशुभ भएको आरोप लगाउँछन् । हरेक पटक इँट्टा कारखानामा काम गर्न जाँदा सँगै काम गर्ने पुरुष साथीहरूबाट उनी दुर्व्यवहारको शिकार हुन्छिन् । छिमेकीहरूले पनि उनलाई विधुवाको भेष धारण गर्नु भनी अपमान गर्ने र दवाव दिने गर्छन् । तर उनी हालसम्म पनि आफ्नो श्रीमान् जिउँदै रहेको कुरामा विश्वास गर्छिन् र सिंदुर र रातो टिका लगाउँछिन् । उनी श्रीमान्को खबर सुन्नलाई पर्खिबसेकी छिन् ।

भाग २ – अन्तरिम राहत कार्यक्रम

नेपाल सरकारले २०६५ सालमा द्वन्द्वपीडितहरूका लागि राहत प्रदान गर्ने योजनाको घोषणा गऱ्यो । सुरुमा त माइली खुसी भइन् तर पछि उनले बेपत्ता पारिएका व्यक्तिहरूका श्रीमतीहरूले त विधुवा महिलाहरूले भन्दा धेरै कम रकम प्राप्त गर्ने कुरा थाह पाएपछि उनी दुःखी भइन् । त्यस माथि पनि उनले त आफ्नो श्रीमान् पीडित थिए भन्ने कुरा प्रमाणित गराउनु परेको थियो । धेरै दुविधायुक्त कागजी काम कारबाही र गाउँबाट जिल्ला सदरमुकाम जाने आउने महँगो यात्रा र कति पटक बिना कुनै काम फर्किनु पर्ने कारणले उनलाई आफ्नो श्रीमान् पीडित भएको प्रमाणित गर्न धेरै लामो समय लाग्यो । कहिलेकाहीँ त पुरुषहरूको प्रतिक्रियाले उनले अप्ठ्यारो पनि महसुस गरीन् । सिडिओ र छिमेकीहरूले उनलाई श्रीमान् मरेको घोषणा गरी काजक्रिया गर्न र बिधुवाले पाउने पुरा रकम लिन दवाब दिए । अन्त्यमा अफ्ठ्यारो मान्दै माइलीले सबैले भनेझैं गरिन् र बिधुवाले पाउने बराबरको रकम लिइन् । यसमा उनलाई एउटा राजनीतिक पार्टीका सदस्यले सहयोग गरे । हाल उनी सेतो लुगा लगाउने गर्छिन् । श्रीमानको काजक्रिया भएपछि अहिले उनका सासु ससुराहरू उनीसँग मुस्किलले बोल्छन् । परिवारमा अझै पनि तनाव छ । उनले पाएकोमध्ये आधा पैसा ससुरालाई दिएता पनि उनीहरूले माइलीलाई फेरी विहे गर्ने र पैतृक सम्पत्ति लैजाने योजना बनाएकी छे भनेर आरोप लगाउँछन् ।

भाग ३ – अन्तरिम राहत कार्यक्रममा सुधार

माइलीले आफ्नो श्रीमान्को खोजी गरी नै रहिन् । महिलाहरूको एक स्थानीय संस्थाले उनलाई विधुवा, अझ विशेष गरी श्रीमान्हरू बेपत्ता भएका महिलाहरूलाई, सेतो लुगा लगाउन दबाब दिनु हुँदैन भनेर बतायो ।

उनीहरूबाट माइलीले केही सहयोग प्राप्त गरिन् । हाल आएर उनले बेपत्ता पारिएका व्यक्तिहरूका श्रीमतीहरूले पनि बिधुवाहरूले जत्तिकै रकम पाउने कुरा थाह पाएकी छिन् । उनी आफूले श्रीमान्लाई मृत घोषणा गरेकोमा आत्माग्लानी महसुस गर्छिन् र रिसाउँछिन् । उनी अब सेतो लुगा लगाउँदिनन् तथापि फेरि रातो सारी लगाउने कल्पना पनि गर्न सक्दिनन् । उनी आफू धेरैजसो उदास भएको महसुस गर्छिन् ।

भाग ४ – आकाङ्क्षा तथा विकल्पहरू

सरकारले अन्तरिम राहत कार्यक्रम सकेपछि के गर्ने भन्ने सम्बन्धमा द्वन्द्वपीडित तथा मानवअधिकार सङ्गठनहरूलाई राखेर परामर्श छलफल गर्छ । छलफलमा कोही भन्छन् अन्तरिम राहत कार्यक्रमले द्वन्द्वपीडितका आवश्यकताहरू सम्बोधन गरिसकेकोले अब थप केही गर्नु पर्दैन । कोही भन्छन् हैन, यो त केवल अस्थायी राहत मात्र थियो । अर्काथरि सोध्छन् के गरिनुपर्दछ त ? केही भन्छन् द्वन्द्वको क्षति/हानि नोक्सानीलाई औपचारिक तथा सार्वजनिक रूपमा मान्यता प्रदान गर्न जरुरी छ । भने कोही भन्छन् हैन, यसले थप द्वन्द्व सृजना गर्छ । कोही भन्छन् द्वन्द्वपीडितका पनि अधिकारहरू छन् जसलाई पुरा गर्नै पर्छ । माइली यो परामर्श छलफलबाट टाढा आफ्नै गाउँमा छिन् र उनले यस बारेमा केही सुनेकी पनि छैनन् । अहिले पनि जब कोही नौलो मान्छे उनको ढोकामा आउँछ माइलीलाई आफ्नो श्रीमान्को समाचार ल्याएको हो कि भन्ने लाग्दछ ।

अन्तरिम राहत कार्यक्रमबाट लाभान्वित पुरुषहरूका लागि तयार पारिएको कथा

भाग १ – द्वन्द्वसँग सम्बन्धित हानि

साइँला एउटा गरीब र दुर्गम गाँउका ५० वर्षीय व्यक्ति हुन् । आजभोलि उनी आफ्नी बिरामी श्रीमतीसँग बस्दछन् । कुरा २०६० सालको हो । उनीहरूको एकमात्र सन्तानको रूपमा एउटा छोरा थियो । त्यसबेला ती छोराको विहे पनि भएको थिएन । तर उनी एउटा प्राथमिक विद्यालयका शिक्षक थिए । त्यसैबेला एक दिन साइँलाका ती छोरा स्कुलबाट पढाएर घर फर्केनन् । साइँला र उनकी श्रीमतीले निरन्तर छोराको खोजी गरे तर केही पत्तो लागेन । उनकी श्रीमती बिरामी र हताश भइन् र अहिले धेरै कम मात्र घर-कोठाबाट हलचल गर्ने गर्छिन् । उनी छोरा बेपत्ता भएकोमा कुनै न कुनै प्रकारले आफूलाई नै दोष दिन्छिन् । छिमेकीहरूले त्यस दिन माओवादी र नेपाली सेना दुवै त्यो क्षेत्रमा भएको कुरा सुनाएका थिए । साइँला अहिले पनि निरन्तर रूपमा प्रहरी, सेना, र स्थानीय शान्ति समिति धाउँछन् । तर कसैले पनि केही बताउन सक्दैनन् । यसरी छोरा हराएको र श्रीमती पनि रोगी भएकोमा उनका छिमेकीहरूले साइँलालाई फेरी विहे गर्ने सल्लाह दिन्छन् । तर साइँलाले आश मारेका छैनन् । बरु आफूले अब श्रीमतीको पनि हेरचाह गर्नुपर्नेमा उनी जोड दिन्छन् । त्यसको केही समय पछि उनले श्रीमतीको उपचारमा खर्च गर्नका लागि गाईवस्तु बेच्नु परेको छ ।

भाग २ – अन्तरिम राहत कार्यक्रम

नेपाल सरकारले २०६५ सालमा द्वन्द्वपीडितहरूका लागि राहत प्रदान गर्ने योजनाको घोषणा गऱ्यो । साइँलाले पनि सहयोग पाउन सक्ने भनेर सुरुमा उनी खुसी भए तर पछि उनले बेपत्ता पारिएका व्यक्तिहरूका परिवारकाहरूले त मृत्यु भएका परिवारको भन्दा पनि निकै कम पैसा पाउने थाहा पाए । सिडिओ र छिमेकीहरूले उनलाई छोरा मरेको घोषणा गरी आवश्यक काजक्रिया पुरा गर्न र पुरै रकम लिन दवाब दिए । अन्तमा अप्ठ्यारो मान्दै उनले सबैले भनेझैं काजक्रिया गरे र बढी रकम प्राप्त गरे । त्यसो गर्न उनलाई एउटा राजनीतिक पार्टीका सदस्यले सहयोग गरे । लामो समयको पर्खाइ पछि उनले राहत सहयोगको त्यो पैसा पाए । तर उनको क्षतिको कुनै पहिचान भएन । उनले एउटा चेक मात्र पाए । उनले राजनीतिक सम्बन्धका कारणले केही नक्कली पीडितहरूले राहत रकम प्राप्त गरेको पनि सुने । साइँलालाई दिक्दार लाग्यो र सम्पूर्ण प्रक्रिया देखेर उनी दुःखी भए । उनले श्रीमतीको उपचारका लागि त्यो पैसा घरमै लगे ।

भाग ३ – अन्तरिम राहत कार्यक्रममा सुधार

साइँला आफ्नो छोरालाई खोजी नै रहन्छन् । एक दिन उनलाई जिल्ला सदरमुकाममा स्थानीय शान्ति समितिका एकजना सदस्यले बेपत्ता पारिएका परिवारले पनि द्वन्द्वमा मारिएका व्यक्तिका परिवारले प्राप्त गर्ने जति नै रकम पाउने कुरा सुनाउँछन् । उनी आफूले छोरालाई मृत घोषणा गरेकोमा दोषी महसुस गर्छन र रिसाउछन् । उनलाई अलि पर्खेको भए उत्तिनै रकम प्राप्त गर्न सकिने रहेछ भन्ने भयो । तर उनलाई फेरी आफैंलाई त्यस बारेमा थाहा

हुदैंनथ्यो भन्ने लाग्छ । यदि सक्ने भए उनी आफ्नो निर्णय परिवर्तन गर्न चाहन्छन् । उनी स्थानीय शान्ति समितिका सदस्यसँग द्वन्द्वपीडितहरूको संझनामा कार्यक्रम आयोजना गर्नु र रकम संकलन गरेर स्मारिका बनाउनु पर्ने भन्छन् । तर स्थानीय शान्ति समितिका सदस्यले अहिलेको परिप्रेक्षमा यो कठिन छ भन्छन् । साइँला आफ्नो श्रीमतीको हेरचाह गर्न घर फर्किन्छन् ।

भाग ४ – आकाङ्क्षा तथा विकल्पहरू

सरकारले अन्तरिम राहत कार्यक्रम सकेपछि के गर्ने भन्ने सम्बन्धमा द्वन्द्वपीडित तथा मानवअधिकारवादी सङ्घसंस्थाहरूलाई राखेर परामर्श छलफल गर्छ । छलफलमा कोही भन्छन् - अन्तरिम राहत कार्यक्रमले द्वन्द्वपीडितका आवश्यकताहरू संबोधन गरिसकेकोले अब थप केही गर्नु पर्दैन । कोही भन्छन् - हैन, यो त केवल अस्थायी राहत मात्र हो । अर्काथरी सोध्छन् - थप के गरिनुपर्दछ त ? केही भन्छन् - द्वन्द्वको क्षतिलाई औपचारिक तथा सार्वजनिक रूपमा मान्यता प्रदान गर्न जरुरी छ । भने कोही भन्छन् - हैन, यसले थप द्वन्द्व सृजना गर्छ । कोही भन्छन् - द्वन्द्वपीडितहरूका पनि अधिकारहरू हुन्छन् जसलाई पूर्ति गर्नैपर्छ । साइँला यो परामर्श छलफलबाट टाढा आफ्नै गाउँमा छन्, उनले यस बारेमा केही सुनेका छैनन् । अहिले पनि जब कोही नौलो मान्छे उनको ढोकामा आउँछ साइँलालाई आफ्नो छोराको समाचार ल्याएको हो कि भन्ने लाग्दछ ।

पुरुष यातनापीडितहरूका लागि तयार गरिएको कथा

भाग १

काइँला आफ्नी श्रीमती र तीनजना बच्चाहरूसँगै एउटा गरीब दुर्गम गाउँमा विगत १५ बर्षदेखि बसेका छन् । २०६० सालमा सादा पोशाक लगाएका हतियारधारी मानिसहरूको एक समूहले काइँलालाई उनले पढाउने प्राथमिक विद्यालयबाट लिएर गए । उनलाई कहाँ लगिएको थियो भन्ने उनलाई नै थाहा छैन । उनलाई करिब १० दिनसम्म कुटपिट गर्ने, अपमान गर्ने, फाँसी लगाउने धम्की दिने तथा द्वन्द्वको विषयमा उनलाई थाहा नभएका प्रश्नहरू सोध्ने गरीयो । एक दिन उनी बेहोश भए र पछि सडकको छेउमा एक्लो अवस्थामा होशमा आए । उनले भारतमा केही उपचार त पाए तर अझैपनि उनी राम्ररी हिडडुल गर्न सक्दैनन् र नराम्रो सपना देख्ने गर्छन् । कुनै-कुनै रात उनी "मलाई नमार !" भन्दै ब्युँझिन्छन् । कहिलेकाँही उनी पागलझै व्यवहार गर्छन् भने कुनै बेला रून कराउन थाल्छन् । अन्तत : उनले आफ्नो विद्यालय शिक्षकको जागिर पनि छोड्नु पर्‍यो । उनकी श्रीमतीलाई काइँलालाई कसरी सम्हाल्ने भनेर जान्न मुस्किल भएको छ र उनकी श्रीमती प्रायजसो आफ्नो श्रम/उनीहरूका बच्चाको हेरचाह गर्नमा नै खर्चिन्छिन् । बैंकबाट लिएको ऋण तिर्न नसकेकोले उनीहरू आफ्नो जग्गा गुमाउनु पर्ने जोखिममा छन् । काइँलालाई के गर्ने भनेर थाहा छैन । थप उपचार गर्नका लागि उनीहरूसँग पैसा पनि छैन । त्यस समुदायका सदस्यहरूले पनि उनलाई अपहेलना गर्छन् । उनी आफू निराश र बेकार भएको महसुस गर्छन् ।

भाग २

काइँलाकी श्रीमती हतास हुन्छिन् । बैंकले उनीहरूको जग्गा कब्जा गर्न सक्ने खतरा छ । उनकी श्रीमतीले एक जना साथीसँग जिल्ला सदरमुकाम सम्म जान थप पैसा सापट लिन्छिन् । उनकी ती साथीले उनलाई स्थानीय शान्ति समितिका एक जना सदस्यसँग कुरा गर्न मद्दत गर्छिन् । उनी काइँलाले भोगेका यातना र त्यसले स्वास्थ्यमा पारेको असरहरूको बारेमा ती सदस्यलाई विस्तृत रूपमा बताउँछिन् । ती स्थानीय शान्ति समितिका सदस्यले काइँलाकी श्रीमतीलाई काइँलाको स्वास्थ्य उपचार खर्चको भरपाई लिन सल्लाह दिन्छन्, तर काइँला र उनकी श्रीमतीले डरले गर्दा धेरै रसिद नष्ट गरीसकेका थिए र अन्य रसिदहरू द्वन्द्वसँग सम्बन्धित स्वास्थ्य उपचारको हो भनेर प्रमाणित गर्ने खालका थिएनन् । समितिका सदस्यले सरकारको राहत कार्यक्रममा प्रत्यक्ष रूपमा यातनापीडितहरूको लागि क्षतिपूर्तिको व्यवस्था नभएको तर यसका लागि उनले अदालतमा मुद्दा हाल्न सक्छिन् भनेर पनि जानकारी दिन्छन् । त्यस पछि उनी एउटा गैरसरकारी संस्थामा जान्छिन् र अदालतमा कसरी मुद्दा जाहेर गर्ने भन्ने बारेमा सोध्छिन् । ती गैरसरकारी संस्थाका व्यक्तिले उनलाई अदालतमा मुद्दा दायर गर्दा लामो समय र धेरै पैसा लाग्ने र पछि कुनै क्षतिपूर्ति पाउन पनि कठिन हुन सक्ने भनी सम्झाउँछन् । उनले काइँलाको मुद्दा प्रमाणित गर्न गाह्रो हुने पनि बताउँछन् । काइँलाकी श्रीमती झनै निराश हुन्छिन् ।

भाग ३ – आकाङ्क्षाहरू तथा विकल्पहरू

सरकारले अन्तरिम राहत कार्यक्रम सकेपछि के गर्ने भन्ने सम्बन्धमा द्वन्द्वपीडितहरू तथा सङ्घसंस्थाहरूलाई राखेर परामर्श छलफल गर्छ । छलफलमा कोही भन्छन् अन्तरिम राहत कार्यक्रमले द्वन्द्वपीडितहरूका आवश्यकताहरू सम्बोधन गरीसकेकोले अब थप केही गर्नु पर्दैन । कोही भन्छन् हैन, यो त केवल अस्थायी राहत मात्र थियो । अर्का थरि सोध्छन् थप के गरीनुपर्छ त ? केही भन्छन् द्वन्द्वको हानि नोक्सानीलाई औपचारिक तथा सार्वजनिक रूपमा मान्यता प्रदान गर्न जरुरी छ । अनि कोही भन्छन् हैन, यसले थप द्वन्द्व सृजना गर्छ । कोही भन्छन् द्वन्द्वपीडितहरूको पनि अधिकारहरू छन जसलाई पूर्ति गर्नैपर्छ । एकजना अधिकारीले सरकारलाई यातनापीडितहरू बहिस्कृत भएका र अदालत पनि सहज पहुँचमा नभएको कुरा सम्झाउँछन् । काइँला र उनको परिवार यो परामर्श छलफलबाट निकै टाढा आफ्नै गाउँमा छन् । उनीहरूले यस बारेमा केही पनि सुनेका छैनन् ।

अनुसन्धान कार्यान्वयन र अनुवर्ती कार्यहरू

क्षेत्रगत अध्ययन कार्य २०७० साल असार २६ गतेदेखि श्रावण २९ सम्म कृपाका तीनवटा अध्ययन टोलीले गरेको थियो । सबै अनुसन्धानकर्ताहरू उपस्थित काभ्रे जिल्ला बाहेक प्रत्येक टोलीलाई तीन तीन वटा जिल्लाहरू दिइएको थियो । हरेक जिल्लामा अनुसन्धान पुरा गर्नका लागि ७-८ दिन लागेको थियो । द्वन्द्वपीडित सहजकर्ताहरूलाई कुन मितिमा कुन वर्गका पीडितहरूलाई भेला गर्नु पर्ने हो भन्ने खुलाई विस्तृत तालिका दिइएको थियो । तर द्वन्द्वपीडित सहजकर्ताहरूको सल्लाहबमोजिम यो तालिकामा आवश्यक हेरफेरहरू पनि गरिएको थियो ।

बर्दिया, जुम्ला र काभ्रे बाहेकका हरेक जिल्लामा कम्तिमा पनि एक जना यातनापीडित महिलासँग विस्तृत अन्तर्वार्ता गरिएको थियो । अन्तरिम राहत कार्यक्रमबाट फाइदा लिएका वा पुरुष यातनापीडितहरूको औसत ८ देखि १० सहभागीहरू भएको ४० समूह (१५ वटा महिलाको समूह र २५ वटा पुरुषको समूह) मा सहजीकरण गरिएको थियो । यी ४० समूहहरूले लक्षित नृवंशविज्ञान अध्ययन र कथानक लक्षित समूह छलफलमध्ये कुनै एउटामा भाग लिएका थिए । बाह्य प्रभाव वा अनुभूत गरिएको पक्षपातपूर्ण असर कम गर्नका लागि द्वन्द्वपीडित सहजकर्ताहरूलाई छलफल सत्रहरूमा सहभागी गराइएको थिएन ।

प्रत्येक सत्र सुरु गर्दा सहभागीहरूलाई सुसूचित सहमति फारम पढेर सुनाइएको थियो र उनीहरूलाई अनुसन्धानको कुनै पनि बिन्दुमा सहभागीता फिर्ता लिने अवसर प्रदान गरिएको थियो । यद्यपि कसैले पनि त्यसो गरेका थिएनन् । सबै कथानक लक्षित समूह छलफल र विस्तृत अन्तर्वार्ताहरूलाई डिजिटल श्रव्य रेकर्डरमा रेकर्ड गरिएको थियो । यसका लागि पनि सहभागीहरूसँग मौखिक अनुमति लिइएको थियो । अनुसन्धानकर्ताहरूलाई यदि आवश्यक भएमा सत्र चाँडै नै टुङ्ग्याउन र सहभागीहरूलाई कार्यक्रमको सहभागीता फिर्ता लिन वा उनीहरूलाई बाह्य सहयोगको लागि पठाउन सहजीकरण गर्नका लागि पूर्व तयारी गराइएको थियो ।

अन्तर्वार्ता वा कथानक लक्षित समूह छलफल/लक्षित नृवंशविज्ञान अध्ययन सत्रहरू समापन भएपछि, रेकर्ड गरिएको जानकारीलाई त्यही दिन वा भोलिपल्ट अर्को सत्र सुरु गर्नु अगावै नेपालीमा शब्दशः प्रतिलेखन गरिएको थियो । कृपाको अनुसन्धान टोलीले कथानक लक्षित समूह छलफल र विस्तृत अन्तर्वाताका लिखित प्रतिलिपिहरूलाई हातैले सङ्ग्रह गरेका थिए र लक्षित नृवंशविज्ञान अध्ययनबाट प्राप्त तथ्याङ्कलाई यान्थ्रोप्याक (ANTHROPAC) भन्ने सफ्टवयरको प्रयोगद्वारा अङ्कीकरण (digitalize) गरेका थिए । पुरा गरिएका अर्धसंरचित अन्तर्वार्ता प्रश्नावलीहरूलाई हातैले कोड गरिएको थियो र सिएसप्रो (CSPro) सफ्टवयरको प्रयोग गरी अङ्कीकरण गरिएको थियो । सबै तथ्याङ्कलाई उत्तरदाताहरूको परिचयलाई संरक्षण गर्ने हिसावमा राखिएको छ । श्रव्य रेकर्डहरू र लिखित प्रतिलिपिहरूलाई सुरक्षित स्थलमा राखिएको छ र सबै विद्युतीय फाइलहरूलाई गोपनीयताको सुनिश्चितता गर्न सङ्केतशब्द (password) दिइएको छ । तथ्याङ्कको सुरुवाती विश्लेषण कृपाले गरेको थियो । कृपा र आइसिटिजेका राष्ट्रिय कर्मचारी, विषय विशेषज्ञहरू र अनुसन्धान परामर्शदाताबीच अनुसन्धानको निष्कर्षका बारेमा समीक्षा गर्न र तथ्याङ्कको विश्लेषण र व्यख्यामा शुद्धतालाई सुनिश्चित गर्नका लागि डिसेम्वर २०१३ मा दुई दिने बैठक सम्पन्न गरिएको थियो । फेब्रुअरी २०१४ मा कृपाले बुझाएको अध्ययन प्रतिवेदनले यो प्रतिवेदनको आधारको काम गरेको छ । अनुसन्धानबाट प्राप्त मस्यौदा परिणाम, निष्कर्ष र सिफारिसहरू द्वन्द्वपीडित सहजकर्ताहरू र पीडित नेताहरूलाई मार्च २०१४ मा भएको एक दिने बैठकमा प्रश्तुत गरिएको थियो । यो बैठकका सहभागीहरूबाट प्राप्त भएको प्रतिक्रियाले अनुसन्धानको परिणाम तथा निष्कर्षको व्याख्या गर्नमा थप सहयोग पुग्नुका साथै निष्कर्ष तथा सिफारिसहरूलाई परिष्कृत गर्नमा थप मद्दत गरेको थियो ।

ICTJ Justice Truth Dignity

आइसिटिजे न्यूयोर्क
५ ह्यानओभर स्क्वायर, २४ औं तल्ला
न्यूयोर्क, NY 10004
फोनः +१ ९१७ ६३७ ३८००
फ्याक्सः +१ ९१७ ६३७ ३९००
www.ictj.org

आइसिटिजे नेपाल
सोल्टीमोड, कालिमाटी
पो.ब.नं. ८९७५ इपीसी २१२५
काठमाडौं, नेपाल
फोनः +९७७ १ ४०३०५६१
फ्याक्सः +९७७ १ ४०३०५७२